गीता तिम्रो ज्ञान अमृत

॥ पूर्ण परमात्मने नमः ॥

श्रीमद्भगवत गीता

गीता तिम्रो ज्ञान अमृत

लेखक :

सन्त रामपाल जी महाराज

सतलोक आश्रम, हिसार-टोहाना रोड, बरवाला

हिसार जिल्ला, हरियाणा, भारत

जीव हाम्रा जाति हुन्, हाम्रो मानव (Mankind) धर्म ।

हिन्दू-मुस्लिम-सिख-ईसाई धर्म एकै, पृथक् छैन मर्म ॥

अवश्य हेर्नु होस्

संत रामपाल जी महाराजको मङ्गल प्रवचन

साधना मा साँझ ७:४० देखि ८:४० सम्म

मा बिहान ६:०० देखि ७:०० सम्म

मा बिहान ५:०० देखि ६:०० सम्म

ABC NEWS मा दिउँसो १२:४५ देखि १:४५ सम्म

कुल लागत : भा.रू. ९८।-
धर्मार्थ मूल्य : भा.रू. ३०।-
: ने.रू. ५०।-

प्रकाशक : प्रचार प्रसार समिति तथा सम्पूर्ण भक्तजन
सतलोक आश्रम, हिसार-टोहाना रोड, बरवाला,
जिल्ला-हिसार (हरियाणा) भारत

मुद्रक : कबीर प्रिन्टर्स
C-117, सेक्टर-3, बवाना इन्डष्ट्रियल एरिया, नयाँ दिल्ली

नेपालका लागि सम्पर्क मोबाइल नम्बरहरू
(+977) 9851189380, 9851189381, 9851189382
9851189383, 9851189384, 9841347696
भारतका लागि सम्पर्क मोबाइल नम्बरहरू
Ph. No. (+91) 8222880541, 8222880542, 8222880543,
8222880544, 8222880545

visit us at : www.jagatgururampalji.org
e-mail : jagatgururamapalji@yahoo.com

विषय सूची

क्र. सं.	विवरण	पृष्ठ सङ्ख्या
१.	भूमिका	I-II
२.	दुई शब्द	१
	• मक्का महादेवको मन्दिर हो	८
३.	गीताको सत्य सार	१०
	• श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जीका मातापिता को हुन् ?	१४
४.	शङ्का समाधान	१७
	• गीतामा दुई प्रकारका ज्ञान छन्	४४
	• पाण्डवहद्वारा गरिएको यज्ञ	४५
	• क-कसले भेटे परमात्मा ?	५७
	• गीता अनुसार व्रत गर्नु कस्तो हो ?	६१
	• गीता अनुसार श्राद्ध-पिण्डदान कस्तो हो ?	६२
	• श्राद्ध-पिण्डदानप्रति रूची ऋषिको मत	६२
	• जिन्दा बाबा दोस्रो पटक अन्तर्ध्यान हुनु	६८
	• धर्मदास जीको अन्य सन्तहरूसँगको ज्ञान चर्चा	७०
	• हिरण्यकश्यपको कथा	८०
	• रावण तथा भष्मासुरको कथा	८०
	• हरिद्वारमा साधुहरूको कत्लेआम	८१
	• ऋषि चुणक तथा मानधाताको कथा	८३
	• चौरासी लाख प्रकारका जीवहरूभन्दा मानव देह उत्तम छ	९०
	• भनाइ र गराइमा अन्तर	९६
	• धर्मदास जीलाई सतलोक लैजानु	९९
	• के गुरु फेर्न सकिन्छ ?	१०२
५.	वेदमन्त्रका फोटोकपीहरू (प्रमाण सहित)	१०४
६.	संक्षिप्त सृष्टिरचना	१२०
	• हामी कालको लोकमा कसरी आयौं ?	१२२
	• श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जीको उत्पत्ति	१२६
७.	सम्पूर्ण सृष्टि रचना	१३०
	• आत्माहरू कालको जालमा कसरी फँसे ?	१३३

- श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जीको उत्पत्ति १३७
- तीन गुण के हुन् ? प्रमाण सहित १३९
- ब्रह्म (काल) को अव्यक्त रहने प्रतिज्ञा १४०
- आफ्ना बुबा (काल/ब्रह्म) लाई भेट्ने ब्रह्माको प्रयत्न १४२
- आमा (दुर्गा) ले ब्रह्मालाई श्राप दिनु १४३
- आफ्नो बुबा ब्रह्मलाई खोज्न विष्णु निस्कनु र आमाको आशीर्वाद पाउनु १४४
- परब्रह्मका सात शङ्ख ब्रह्माण्डहरूको स्थापना १५१
- पवित्र अथर्ववेदमा सृष्टि रचनाको प्रमाण १५४
- पवित्र ऋग्वेदमा सृष्टि रचनाको प्रमाण १६०
- पवित्र श्रीमद्देवी महापुराणमा सृष्टि रचनाको प्रमाण १६५
- पवित्र शिव महापुराणमा सृष्टि रचनाको प्रमाण १६७
- पवित्र श्रीमद्भगवत गीता जीमा सृष्टि रचनाको प्रमाण १६८
- पवित्र बाईबल तथा पवित्र कुरान शरीफमा सृष्टि रचनाको प्रमाण १७१
- पूज्य कबीर परमेश्वर (कविर देव) जीका अमृतवाणीमा सृष्टि रचनाको प्रमाण १७२
- आदरणीय गरीबदास साहेब जीका अमृतवाणीमा सृष्टि रचनाको प्रमाण १७५
- आदरणीय नानक साहेब जीका अमृतवाणीमा सृष्टि रचनाको प्रमाण १८२
- अन्य सन्तहरूले बताएका सृष्टि रचनाको दन्त्यकथा १८६

८. शास्त्रहरूमा परमात्मा १८८

- बाईबलमा मासु खानु निषेध १८९
- हजरत मुहम्मद जी मासु खाँदैनथे । १९४
- सन्त जम्भेश्वर महाराज जीका विचार १९५
- परमात्मा साकार एवं नराकार हुनु हुन्छ' भन्ने निष्कर्ष सम्पूर्ण सद्ग्रन्थहरूको तथा परमात्मा प्राप्त सन्तहरूको छ २०१
- विश्नोई धर्मको भक्ति २०२
- सतगुरुबाट नाम दीक्षा लिएर भक्ति गरौं २०२
- हरियाणामा हरि आउने छन् २०३

९. यसै पुस्तक "गीता तिम्रो ज्ञान अमृत" सँग सम्बन्धित श्रीमद्भगवत गीताका श्लोकहरुको फोटोकपीहरु २०४

भूमिका

"गीता" एक पवित्र सत्य ग्रन्थ हो । यो आध्यात्मिक ज्ञानको कोश पनि हो । यसलाई वर्तमानमा हिन्दूहरूको ग्रन्थको नामले चिनिन्छ । वास्तवमा पवित्र गीता विश्वको ग्रन्थ हो । यसको उत्पत्ति आज सन् २०१२ भन्दा लगभग ५५५० -पाँच हजार पाँच सय पचास) वर्ष पूर्व महाभारतको युद्धको समयमा भएको थियो । त्यसबेला कुनै धर्म थिएन । एउटा सनातन पन्थ अर्थात् मानव धर्म थियो । शब्द खण्ड हुदैनथ्यो ।. यो ती पुण्यआत्माहरूको मस्तिष्क रूपी वाट्सएप (Whats App) मा पुग्दछ, जसको नेटवर्क सही हुन्छ । यो महर्षि व्यास जी (श्री कृष्ण द्वैपायन) को मस्तिष्क रूपी Whats App मा लोड भएको थियो । त्यसैबाट श्री वेद व्यास जीले पवित्र "श्रीमद्‌भगवत गीता" कागजमा लेखे वा ताड वृक्षको पातमा कुँदे, जुन पवित्र गीता आज हामीसँग उपलब्ध छ । गीता शास्त्रमा कुल १८ (अठार) अध्याय तथा ७०० (सात सय) श्लोकहरू छन् । मैले यस पवित्र पुस्तकबाट आवश्यक्ता अनुसार विवरण लिई "गीता तिम्रो ज्ञान अमृत" ग्रन्थ रचना गरेको हूँ । जस्तो जङ्गलमा अनेकन जडी-बुटिहरू हुन्छन् । वैद्यले त्यस जङ्गलबाट आवश्यक जडी-बुटिहरू मात्र निकाल्दछ । त्यसबाट जीवनदायिनी औषधि तयार गर्दछ । ज़ङ्गल फेरि पनि विद्यमान नै रहन्छ ।

यसैगरी यस पुस्तक "गीता तिम्रो ज्ञान अमृत" लाई एक औषधि सम्झौं र यसलाई राम्ररी पढी ज्ञानको रस पिएर आफ्नो जरा-मरणको रोगबाट मुक्त होऔं ।

आध्यात्मिक ज्ञानबिना मानव जीवन अधुरो हुन्छ । यदि कसैसंग अरबौं-खरबौंको सम्पत्ति भए पनि उसले आफ्नो जीवनमा कुनै न कुनै कुराको कमी महसुस गरि रहेको हुन्छ । यसको पूर्तिका लागि मानव पर्यटक स्थलहरुमा जान्छ । त्यहाँ केही समय उसलाई रमाइलो लाग्छ तर उसको पूरा जीवन आनन्दित हुन सक्दैन, न त यसबाट आत्मकल्याण नै हुन सक्छ । दुई-तीन दिनपछि फेरि त्यही दिनचर्या प्रारम्भ हुन्छ फेरि पनि केही कमी जस्तो लाग्छ । वास्तवमा त्यो कमी परमात्माको भक्तिको हो । त्यसको पूर्तिका लागि विश्वका धार्मिक मानिसहरू आफ्ना परम्परागत साधना गर्छन् । यदि त्यस साधकको त्यो साधना शास्त्रानुकूल छ भने मात्र लाभ हुन्छ । यदि शास्त्रविधि त्यागेर मनोमानी आचरण अर्थात् मनोमानी साधना गरेको छ भने त्यो गीता अध्याय १६ श्लोक २३-२४ अनुसार व्यर्थ छ । साधकलाई सुख, सिद्धि, परमगति केही पनि प्राप्त हुँदैन अर्थात् यो व्यर्थको साधना हो । केही श्रद्धालुहरू कुनै गुरूबाट दीक्षा लिएर भक्ति गर्छन् तर यदि गुरू पूर्ण भए मात्र लाभ हुन्छ अन्यथा त्यो साधना पनि व्यर्थ छ ।

तपाईंहरूले यस पुस्तक "गीता तिम्रो ज्ञान अमृत" बाट निम्न कुराहरूको जानकरी लिन र बुझ्न पाउनु हुने छ – शास्त्र अनुसार साधना गर्ने प्रमाणिक शास्त्र कुन हो ? शास्त्र विधि अनुसारको साधना कुन हो ? त्यो साधना गर्ने विधि कस्तो छ ? साधना विधि कुन महात्माबाट प्राप्त हुन्छ ? पूर्ण गुरूको पहिचान के हो ? यी सब यसै पुस्तकमा पढ्नु हुने छ ।

यस पुस्तकले विविध धर्ममा विभाजन भएर, आपसमा जुधेर, मारकाट गरेर मरि रहेका विश्वका मानवलाई एउटै धारमा ल्याउने छ । गीता शास्त्र कुनै एउटा धर्म

विशेषको मात्र होइन । यो त मानव कल्याणको लागि त्यति बेला प्रदान गरिएको थियो जतिबेला कुनै धर्म नै थिएन, केवल "मानव धर्म" थियो । मेरो नारा हो:–

जीव हाम्रा जाति हुन्, हाम्रो मानव (Mankind) धर्म ।
हिन्दू-मुस्लिम-सिख-ईसाई धर्म एकै, पृथक छैन मर्म ॥

जस्तो बाबा नानक जीको जन्म पवित्र हिन्दू धर्ममा श्री कालुराम मेहताको घरमा खत्री (अरोडा) कुलमा भयो ? श्री नानक देवजीले गीता जीको ज्ञान श्री वृजलाल पाण्डेबाट प्राप्त गरे र उनैले बताए अनुसारको भक्ति गरि रहेका थिए । श्री विष्णु तथा श्री शिव जीको पूजा गर्थे । हिन्दू धर्ममा अहिले चलि रहेका सबै देवी-देवताहरूको भक्ति पनि गर्थे । श्री नानक जी सुल्तानपुर सहरमा त्यहाँका नबावको मोदीखाना (भण्डार) मा नोकरी गर्थे । शहरबाट लगभग आधा-एक किलोमिटर पर बेई नदी बग्दथ्यो । प्रत्येक दिन त्यस नदीमा स्नान गर्न नानक जी जाने गर्थे । परमात्मा असल आत्मा भएका दृढ भक्तलाई भेट्ने गर्नु हुन्छ । अधिक प्रमाण यसै पुस्तकमा पढ्नु हुने छ । त्यही विधान अनुसार परमात्माले श्री नानक देव साहेब जीलाई भेट्नु भयो ! उनलाई तत्वज्ञान सुनाउनु भयो । शास्त्रानुकूल सत्य साधनाको ज्ञान गराउनु भयो । श्री नानक जीको सन्तुष्टिका लागि उनलाई आफूसँगै माथि आफ्नो शाश्वत स्थान अर्थात् सच्चखण्डमा लैजानु भयो । सम्पूर्ण ब्रह्माण्डहरूको भ्रमण गराउनु भयो । यथार्थ भक्तिविधि बताएर "सनातन भक्ति" पुनः स्थापित गर्न आदेश दिनु भयो । तीनदिनपछि श्री नानक देव जीलाई फर्काएर जमीनमा ल्याई छोडि दिनु भयो । त्यसपछि श्री नानक जीले हिन्दूधर्ममा चलि रहेको मनोमानी आचरण बन्द गरेर गीता (शप्तश्लोकी गीता) शास्त्र अनुसारको साधना प्रचार गरी यथार्थ भक्तिको प्रचार गर्नु भयो ।

परमात्माको सत्य साधना गर्नका लागि सर्वप्रथम "गुरू" हुनु अत्यन्त जरुरी छ । यसैको पालन गर्दै श्री नानक जीले "शिष्य" बनाउन सुरू गरे । उनी स्वयम् गुरूपदमा विराजमान थिए । श्री नानक जीका शिष्यलाई पञ्जाबी भाषामा "सिक्ख" भनिन्छ । जसको कारणले उनको अलग पहिचान बन्यो । अहिले तिनै अनुयायीहरूको समुहले धर्मको रूप लियो । हिन्दू र सिख आपसमा धर्मको नाममा माराकाट गर्छन् । यी सब विवेकको कमीले गर्दा भएको हो ।

विवेचन:– कुनै पनि भक्ति गर्नु होस् तर गुरू बनाउनु आवश्यक छ । गुरू पनि आफ्नो मुख कमलबाट तत्वज्ञान तथा साधना विधि बताउन सक्ने पूर्णगुरू अर्थात् सतगुरू हुनु पर्छ । गुरू शरीरको मात्र नाम होइन । त्यस शरीरमा भएको आत्मा गुरू हो । शरीर पाँच तत्वको होस् वा इलोक्ट्रोनिक्स् (Video) का होस्, त्यसलाई वक्त गुरू (सत गुरू) भनिन्छ । अधिकतम् हिन्दूहरू गुरू बिना नै आफ्नो परम्परागत साधना गर्छन् । त्यही बिग्रिएको परम्परागत स्वरूपलाई श्री नानक जीले परमात्माबाट प्राप्त ज्ञानद्वारा वास्तविक स्वरूपमा ल्याउने काम गरेका थिए । अहिले सिखहरूमा पनि वक्त गुरू (सतगुरू) को अभाव छ । जस्तो सूक्ष्म वेद मा भनिएको छ (सूक्ष्म वेद के हो ? यसै पुस्तकबाट जानकारी प्राप्त गर्नु होस् ।) :–

राम-कृष्ण से कौन बडा, उन्होंने भी गुरू कीन्ह ।
तीन लोकके वे धनी, गुरू आगे आधीन ॥

भावार्थः– गुरूबिना मनोमानी आचरण गर्दै हिड्ने हिन्दू श्रद्धालुलाई मानिएको हो- तपाई श्रीराम तथा श्री कृष्ण भन्दा ठूला कसैलाई मान्नु हुन्न । ती तीनलोकका धनी अर्थात् मालिक भएर पनि गुरू धारण गरेर भक्ति गर्थे । आ-आफ्ना गुरूदेवको चरणमा दण्डवत् प्रणाम गर्थे । {श्री रामचन्द्रका गुरू जी ऋषि वशिष्ठ जी थिए तथा श्री कृष्ण चन्द्र जीका गुरू जी ऋषि दुर्वाषा जी थिए । संदीपनी ऋषि त अक्षर ज्ञान गराउने अध्यापक थिए । ऋषि दुर्वाषा जी श्री कृष्णका आध्यात्मिक गुरू थिए ।} तपाईसँग के बुनियाद (आधार) छ र ? तपाई गुरूबिना भक्ति गरेर कल्याण चाहनु हुन्छ । सूक्ष्मवेदमा फेरि भनिएको छः–

कबीर, गुरू बिन माला फेरते, गुरू बिन देते दान ।
गुरू बिन दोनो निष्फल हैं, भावें पूछो वेद पुराण ॥

यस पुस्तकमा तपाईलाई अरू पनि थुप्रै भक्तिका गुर (दाउपेच) थाहा हुने छ । यथार्थ आध्यात्मिक ज्ञान र साधनाको पनि ज्ञान प्राप्त हुने छ । म यस पुस्तकले मानव कल्याण गर्ने छ भन्ने आशा गर्दछु । म परमेश्वरसँग प्रार्थना गर्दछु– हे परमात्मा ! म दासको यो प्रयत्नलाई सफल पारि दिनु होस् । सम्पूर्ण प्राणी हजुरकै बच्चा हुन्, हजुरकै आत्मा हुन् । यिनीहरूलाई यथार्थ भक्ति मार्ग बोध होस् र सम्पूर्ण मानवले आफ्नो जीवन धन्य बनाऊन् । विश्वमा शान्ति होस् ।

"सत्य साहिब"

दिनाङ्क : ०८ । ०९। २०१२

लेखक
सन्त रामपाल दास महाराज
सतलोक आश्रम, बरवाला, हरियाणा (भारत)

दुई शब्द

जीव हाम्रा जाति हुन्, हाम्रो मानव धर्म ।
हिन्दू-मुस्लिम-सिख-ईसाई धर्म एकै, पृथक् छैन मर्म ॥

श्रीमद्भगवत गीताको ज्ञान भनिएको समय (सन् २०१२ भन्दा लगभग ५५५० वर्ष पहिले) मा अरू कुनै धर्म थिएन । हिन्दू धर्म यानी आदि शङ्कराचार्यद्वारा चलाइएको पाँच देव उपासना भएको परम्परा अपनाउनेहरूलाई हिन्दू भन्न थालियो । (वास्तवमा यो सनातन पन्थ हो, जुन लाखौं वर्षदेखि चल्दै आइ रहेको छ ।) त्यस हिन्दू धर्मको स्थापना आदि (प्रथम) शङ्कराचार्य जीले सन् २०१२ भन्दा २५०० वर्ष पहिले गरेका थिए । आदि शङ्कराचार्य जीको जन्म ईसा मसीह भन्दा ५०८ वर्ष पूर्व भएको थियो । उनलाई ८ वर्षको आयुमा उपनिषद्हरूको ज्ञान भयो । १६ वर्षको आयुमा आदि शङ्कराचार्यले एक विरक्त साधुबाट दीक्षा लिए । ती साधु गुफामा बस्थे । कैयौं दिनसम्म गुफाबाट बाहिर निस्कदैनथे । ती महात्माले आदि शङ्कराचार्य जीलाई "जीव नै ब्रह्म हो" (अयम् आत्मा ब्रह्म) को पाठ पढाए तथा चारै वेदहरूमा यही प्रमाण छ भनेर बताए । मानिसहरूले आदि शङ्कराचार्य जीलाई सोधे– यदि जीव नै ब्रह्म हो भने के पूजा गर्नु आवश्यक छ ? तपाई पनि ब्रह्म, हामी पनि ब्रह्म (ब्रह्मको अर्थ परमात्मा) । यस प्रश्नले आदि शङ्कराचार्य जी अलमलमा परे । त्यसपछि आदि शङ्कराचार्यले आफ्नो विवेकले श्री विष्णु, श्री शङ्कर जीको भक्ति गर भने ।

अनि पाँच देवताहरूको उपासनाको विधान बनाए– १. श्री ब्रह्मा जी, २. श्री विष्णु जी, ३. श्री शिव जी ४. श्री देवी जी ५. श्री गणेश जी । तर मूल रूपमा इष्टदेव तमगुण शङ्कर जीलाई नै माने । यो विधान आदि शङ्कराचार्य जीले आफू २० वर्ष हुँदा बनाएका थिए अर्थात् ईशा पूर्व ४८८ मा हिन्दू धर्मको स्थापना गरेका थिए । त्यसको प्रचारका लागि उनैले भारत वर्षको चारै दिशामा एक-एकवटा शङ्कर मठ स्थापना गरे । १. गिरी साधु बनाए– जो पर्वतमा रहने जनताहरूमा आफ्नो धर्मलाई दृढ तुल्याउँथे । २. पुरी साधु बनाए– जो गाउँ-गाउँमा गएर आफ्नो धर्म भनेर त्यस अनुसारको क्रिया (कार्य) गराउँथे । ३. सन्यासी साधु बनाए– जो आफू विरक्त रही जनतालाई प्रभावित तुल्याएर आफ्नो साथमा लगाउँथे । ४. वानप्रस्थी साधु बनाए-वनमा रहने जनतालाई आफ्नो मत सुनाएर आफूसंग जोड्थे । वेदहरू (ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद), गीता, पुराण तथा उपनिषदहरूलाई सत्यज्ञानयुक्त पुस्तक मान्थे, जुन धार्मिक ग्रन्थहरूलाई आजसम्म पनि हिन्दू धर्मका श्रद्धालुहरू सत्य मान्दछन् । यसरी हिन्दू धर्मको स्थापना ईसा पूर्व ४८८ वर्ष पहिले (सन् २०१२ भन्दा २५०० वर्ष पूर्व) भएको थियो । आदि शङ्कराचार्य जी ३० वर्षको आयुमा असाध्य रोगका कारण शरीर त्यागेर भगवान् शङ्करको लोकमा गए किनकि उनी शङ्कर जीका उपासक थिए । आदि शङ्कराचार्य भगवान शङ्करको लोकबाट यही धर्मको स्थापनाका लागि आएका थिए भन्ने मानिएको छ । त्यस समयमा बौद्ध धर्म तीव्र रूपमा फैलि रहेको

थियो । उनैले भारतमा बौद्ध धर्म फैलनबाट रोकेका थिए । यदि बौद्ध धर्म फैलिएको भए चीन देशको जस्तै भारतबासी पनि नास्तिक हुने थिए ।

२. इसाई धर्मको स्थापनाः– श्री ईसा मसीह जीबाट ईसाई धर्मको स्थापना भयो । ईसा जी ३२ वर्ष हुँदा विरोधी धर्मगुरूहरूले गवर्नरलाई दबाब दिएर क्रुशमा किला ठोकी झुण्ड्याएर मार्न लगाएका थिए ।

ईसा जीलाई गीता तथा वेदहरूको ज्ञान दिने प्रभुले "इंजिल" नामक ग्रन्थ दिएर तल ओरालेका थिए । "इंजिल" पुस्तकमा फरक ज्ञान छैन किनकि आध्यात्मिक ज्ञान त पहिले नै गीता तथा वेदहरूमा भनि सकिएको थियो । गीता तथा वेदहरूको ज्ञान कुनै धर्म विशेषका लागि होइन । यो त केवल मानव मात्रको लागि हो । ईसा जीको लगभग छ सय वर्ष पश्चात् हजरत मुहम्मद जीले ईस्लाम धर्मको स्थापना गरे । मुहम्मद जीलाई पवित्र "कुर्आन शरीफ" ग्रन्थ पनि उनै ब्रह्मले दिएका थिए । यसमा पनि भक्तिविधि सम्पूर्ण रूपमा छैन, साङ्केतिक रूपमा छ किनकि भक्तिको ज्ञान वेद तथा गीतामा पहिले नै भनि सकेका थिए । यसैले कुर्आन शरीफ ग्रन्थमा पुनः बताउनु अनिवार्य थिएन । जस्तो ग़ीता अध्याय ४ श्लोक ३४, यजुर्वेद अध्याय ४० मन्त्र १० मा भनिएको छ– सम्पूर्ण सृष्टिको रचना गर्ने पूर्ण परमात्माको विषयमा कुनै तत्वदर्शी सन्तसँग सोध, उनैले सही-सही ज्ञान तथा भक्तिविधि बताउने छन् । जुन सन्तले ती पूर्ण परमात्माको ज्ञान जान्दछन्, उनैले सत्य साधना पनि जान्दछन् ।

बाईबल ग्रन्थको ज्ञान पनि गीता ज्ञानदाताले नै दिएका हुन् । (बाईबल ग्रन्थ तीन पुस्तकहरूको सङ्ग्रह हो– १ जबूर, २. तौरत ३. इंजिल ।) बाईबल ग्रन्थको उत्पत्ति ग्रन्थमा प्रारम्भमा नै लेखिएको छ– परमेश्वरले मनुष्यहरूलाई आफ्नो अनुहार अर्थात् स्वरूप अनुसार उत्पन्न गरे, नर-नारीको रूपमा उत्पत्ति गरेका हुन् । छः दिनमा सृष्टि रचना गरेर परमेश्वरले सातौं दिन विश्राम गरे ।

कुर्आन् शरीफः कुर्आन् शरीफमा सूरति फुर्कानि नं. २५ आयात नं. ५२ देखि ५९ मा भनिएको छ– अल्लाह कबीरले ६ दिनमा सृष्टि रचना गरे, अनि माथि आकाशमा तख्त (सिंहासन) मा गएर विराजमान भए । ती परमेश्वरको खबर कुनै बाहखबर अर्थात् तत्वदर्शी सन्तसँग सोध । कुर्आन् शरीफको ज्ञानदातालाई पनि ती पूर्ण परमात्मा अर्थात् अल्लाहु अकबर (अल्लाह कबीर) को विषयमा पूर्ण ज्ञान थिएन भन्ने कुरा कुर्आन्को लेखबाट स्पष्ट हुन्छ ।

कुर्आन् शरीफको सूरति ४२ को प्रथम आयातमा उनै तीन मन्त्रहरूको साङ्केतिक ज्ञान छ, जुन गीता अध्याय १७ श्लोक २३ मा छ । यस श्लोकमा ब्रह्मणः अर्थात् सच्चिदानन्द घन ब्रह्मको भक्तिको "ॐ-तत्-सत्" यी तीन नाम स्मरण गर भनिएको छ ।

कुर्आन् शरीफको सूरति ४२ को प्रथम आयातमा यिनै तीन मन्त्रको सङ्केत यसरी दिइएको छ–"ऐन्-सीन्-काफ" ।

"ऐन्" हिन्दीको "अ" अक्षर हो, जसको सङ्केत ओम् तर्फ छ । "ऐन्" भावा "ओम्" हो, "सिन" = स अर्थात् गीता अध्याय १७ श्लोक २३ मा भएको दोस्रो तत् मन्त्र जसको वास्तविक मन्त्रको पहिलो अक्षर "स" हो । यही ओम् + सीन् या तत् मिले दु मन्त्रको सतनाम मन्त्र बन्दछ । कुर्आन् शरीफमा भएको तेस्रो मन्त्र "काफ" = "क" है जुन गीता अध्याय १७ श्लोक २३ मा लेखिएको तीन नाम मध्ये अन्तिम "सत्" मन्त्र हो । (जस्तो गुरू मुखीमा क लाई कका, ख लाई खखा तथा ग लाई गगा, ऊ ला ऊडा, ई लाई इडा भनिन्छ वा लेखिन्छ । यसैगरी कुराणमा अ, स, क लेखिएको छ ।)

"सत्" साङ्केतिक मन्त्र हो तर वास्तविक नाम (मन्त्र) को पहिलो अक्षर "क" है (त्यो "करीम" मन्त्र हो) जसलाई सारनाम भनिन्छ । म (सन्त रामपाल दास) बा तीन वटै मन्त्र उपदेश प्राप्त गरेका भक्तले दुबै साङ्केतिक मन्त्रहरूको वास्तविक ना (मन्त्र) हरू जान्दछन् ।

सम्पूर्ण ग्रन्थहरूमा केही समानता

बाईबल ग्रन्थ उत्पत्ति ग्रन्थमा यसो पनि भनिएको छ– "जब आदम जी तथ उनकी धर्मपत्नी "हब्बा" ले बाटिकाको बीचको वृक्षको फल खाएपछि उनीहरूलाई असल खराबको ज्ञान भयो । साँझ प्रभु वाटिकामा घुम्न आउँदा आदम तथा हब्बाले असल खराबको ज्ञान गराउने वृक्षको फल खाए भन्ने थाहा पाए । तब ती प्रभुले भने- "असल-खराब" को ज्ञान भएकाले आदम तथा उसकी पत्नी हामीमध्ये एक जना समा भएका छन् । कहीं यस्तो न होस् कि उनीहरूले अमर बनाउने वृक्षको फल खाऊन् अमर होऊन् । त्यसैले आदम जी तथा उनकी पत्नीलाई स्वर्गको वाटिकाबाट निकाले पृथ्वीमा छोडि दिए ।" (लेख समाप्त)

विवेचनाः– यसबाट "प्रभु एक भन्दा अधिक छन् भन्ने सिद्ध हुन्छ, किनकि प्रभु माथि यी असल-खराबको ज्ञान भएकाले हामीमध्ये एक जना तुल्य भएका छन् भनेक छन् । फेरि बाईबल ग्रन्थमा भनिएको छ– "अब्राहिम" मामरेको वृक्ष मुनि बसेका थिए उनले तीन प्रभु देखे, उनीहरूलाई खाना खुवाए, दण्डवत् प्रणाम गरेर आशीर्वाद लिए यसबाट बाईबलमा तीन प्रभु छन् भन्ने सिद्ध हुन्छ ।

मुसलमान धर्ममा "चार यारी" मानिएको छ, जो बालक रुपमा रहन्छन् । सूक्ष्म वेद अर्थात् तत्वज्ञानमा भनिएको छः–

वही सनक सनन्दना, वही चार यारी ।
तत्वज्ञान जाने बिना, बिगडी बात सारी ॥

भावार्थः– हिन्दू धर्ममा बालक रूपमा रहने सनक, सनन्दन, सनातन तथ सन्तकुमार ब्रह्मा जीका मानस पुत्र हुन् । मुसलमान धर्ममा उनीहरूलाई नै "चार यारी" अर्थात् चार बालक मित्र भनिन्छ ।

फेरि सूक्ष्म वेदमा भनिएको छः–

वही मोहम्मद वही महादेव, वही आदम वही ब्रह्मा ।
दास गरीब दूसरा कोई नहीं, देख आपने घरमा ॥

भावार्थः– मुसलमान धर्मका प्रवर्तक हजरत मुहम्मद जी भगवान शिवको लोकबाट आए । उनी पुण्यकर्मी आत्मा थिए । उनी एउटा गुफामा बसेर परम्परागत साधना नै गर्ने गर्थे । शिव जीका एघार रूद्रहरूमध्ये एउटा गणले त्यस गुफामा गएर भेटे । उनैको भाषा (अरबी भाषा) मा काल प्रभु अर्थात् ब्रह्मको सन्देश सुनाए । तिनै रूद्रलाई मुसलमानहरू जबरिल फरिस्ता भन्छन्, जसलाई असल फरिस्ता मानिन्छ ।

भावार्थः– हजरत मुहम्मद पनि शिवका बच्चा हुन् । मुसलमान धर्मको पवित्र स्थल "काबा" हो । त्यहाँ भगवान शङ्करको लिङ्गको आकारको ढुङ्गा राखिएको छ, त्यसलाई मुसलमान श्रद्धालुहरू सिजदा अर्थात् प्रणाम गर्दछन् ।

२. आदम बाबाः– पुराणहरू तथा जैन धर्मका ग्रन्थहरूमा प्रसङ्ग आउँछ, जुन यसप्रकार छः– ऋषभदेव जी राजा नाभिराजका पुत्र थिए । नाभिराज अयोध्याका राजा थिए । ऋषभदेव जीका सय पुत्रहरू र एउटी मात्र पुत्री थिई । एक दिन परमेश्वर एक सन्त रूपमा आएर ऋषभदेव जीलाई भेट्नु भयो । उनलाई भक्ति गर्ने प्रेरणा दिनु भयो, ज्ञान सुनाउनु भयो– यदि मानव जीवनमा शास्त्रविधि अनुसार साधना गरिएन भने मानव जीवन व्यर्थमा खेर जान्छ । अहिले मानिसलाई प्राप्त भएको जे जति कुरा छन् ती पूर्व जन्म-जन्मान्तरमा गरिएका पुण्य तथा पापको फल हो । तिमी राजा बनेका छौ, यो पनि पूर्व जन्मको शुभ कार्यको फल हो । यदि अहिले भक्ति गरेनौं भने तिमी भक्ति शक्तिहीन तथा पुण्यहीन भएर नर्कमा झर्ने छौ र फेरि अन्य प्राणीहरूको शरीर प्राप्त गरेर कष्ट उठाउने छौ । जस्तो- वर्तमानमा कसैले इन्भर्टरको ब्याट्रि चार्ज गरि- रहेको छ तर चार्जर निकालिएको छ । फेरि पनि त्यस ब्याट्रिले काम गरि रहेको छ, पङ्खा पनि चलिरहेको छ, बल्ब तथा ट्यूब पनि बलि रहेको छ । यदि पुनः चार्जर जोडिएन भने केही समय उपरान्त इन्भर्टरले सम्पूर्ण कार्य गर्न छोड्ने छ । न पङ्खा चल्ने छ, न त बल्ब र ट्यूब नै बल्ने छ । यसैगरी मानव शरीर एक इन्भर्टर हो । शास्त्रानुकूल भक्ति चार्जर (Charger) हो । परमात्माको शक्तिले मानव पुनः चार्ज हुन्छ अर्थात् भक्तिको शक्तिको धनी तथा पुण्यवान हुन्छ ।

यो ज्ञान ऋषि रूपमा प्रकट परमात्माको मुखकमलबाट सुनेर ऋषभदेव जीले भक्ति गर्ने दृढताका लागि मन बलियो बनाए । ऋषभदेव जीले ऋषि जीको नाम जान्न चाहे । ऋषि जीले आफ्नो नाम "कवि देव" अर्थात् कविर्देव बताउनु भयो साथै भन्नु भयो– म स्वयम् पूर्ण परमात्मा हूँ, मेरो चारै वेदहरूमा "कविर्देव" लेखिएको छ, म त्यही परम अक्षर ब्रह्म हूँ । सूक्ष्म वेदमा लेखिएको छः–

ऋषभ देव के आइया, कबी नामे करतार ।

नौ योगेश्वरको समझाइया, जनक विदेह उद्धार ।।

भावार्थः— परमात्माले ऋषभदेव जीलाई "कबी" नामले भेट्नु भयो र भक्ति गर्ने प्रेरणा दिनु भयो । उनै परमात्माले नौ योगेश्वर तथा राजा जनकलाई सम्झाएर उनीहरूको उद्धारका लागि भक्ति गर्ने प्रेरणा गर्नु भयो । ऋषभदेव जीलाई कविर्देव ऋषि प्रभु हुन् भन्ने कुरामा दृढ विश्वास भएन तर भक्ति गर्ने दृढताका लागि भने मन दह्रो बनाए । एक तपस्वी ऋषिबाट दीक्षा लिएर ओम् (ॐ) नामको जाप तथा हठयोग गरे । ऋषभदेव जीका जेठा पुत्र "भरत" र भरतका पुत्र मारिची थिए । ऋषभदेव जीले पहिले एक वर्षसम्म निराहार रहेर तप गरे । अनि फेरि एक हजार वर्षसम्म घोर तप गरे । तपस्या समाप्त गरी आफ्ना नाति अर्थात् भरतका पुत्र मारिचीलाई प्रथम धर्मदेशना (दीक्षा) दिए । यही मारिची वाला आत्मा २४ औं तीर्थकर महावीर जैन जी भएका थिए । जैन धर्म ऋषभदेव जीले नभएर श्री महावीर जैन जीले चलाएका हुन् । त्यसो त श्री महावीर जैन जीले पनि धर्मको स्थापना गरेक थिएनन्, केवल आफ्ना अनुभवहरू आफ्ना अनुयायीहरूलाई बताएका थिए । त्यो त एक भक्ति गर्नेहरूको भक्त समुदाय हो, भक्ति त्यही हो जुन ऋषिले गर्दथे । ऋषभदेव जी "ओम्" नामको जाप ओंकार उच्चारण गरेर गर्थे । त्यसैलाई अहिले अपभ्रंश गरेर जैनीहरूले "णोकार" भन्छन् । यसैको जाप गर्छन् । यसैलाई ओंकार तथा ॐ पनि भन्छन् ।

हामी आफ्नो प्रसङ्गमा आऔं : जैन धर्मग्रन्थ तथा जैन धर्मका अनुयायीहरूद्वारा लेखिएको पुस्तक "आओ जैन धर्म को जानें" मा ऋषभदेव जी (जैनीहरूले उनैलाई आदिनाथ भन्छन् ।) वाला जीव नै बाबा आदम रूपमा जन्मेका थिए । अब त्यही सूक्ष्म वेदको वाणीको सरल अर्थ भन्छुः—

वही मुहम्मद वही महादेव, वही आदम, वही ब्रह्मा ।
दास गरीब दुसरा कोई नही, देख आपने घरमा ।।

बाबा आदम जी भगवान ब्रह्मा जीको लोकबाट आएका थिए किनकि मानव जन्ममा गरिएको साधना तथा भक्ति अनुसार प्राणी माथि तीनै देवताहरूको लोकमा पालैपालो जान्छ । आफ्नो पुण्य क्षीण भएपछि पुनः पृथ्वीमा संस्कारवश जन्म लिन्छ ।

सन्त गरीबदास जी (छुडानी गाउँ, झज्जर जिल्ला, हरियाणा प्रान्त) लाई पनि ऋषभदेव जीलाई भेट्नु भएको परमात्मा स्वयम्ले भेट्नु भएको थियो । सन्त गरीब दास जीले परमेश्वरसँगै माथि गएर प्रत्यक्ष रूपमा सम्पूर्ण व्यवस्था देखेका थिए । त्यसपछि आदम जी ब्रह्माको लोकबाट आएका ब्रह्माका अवतार र मुहम्मद जी तमोगुणी शिवका अवतार थिए भन्ने कुरा बताए । प्रिय पाठकहरू । अवतार दुई प्रकारका हुन्छन् । १. स्वयम् उनै प्रभुले अवतार लिन्छन् । जस्तो श्रीराम, श्री कृष्ण आदिको रूपमा स्वयम् श्री विष्णु जी अवतार धारण गरेर आएका थिए तर कपिल ऋषि जी तथा परशुराम जीलाई

पनि विष्णु जीको अवतारमा गनिन्छ । यिनी स्वयम् विष्णु जी नभएर विष्णु लोकबाट आएका देवात्मा थिए । उनीसँग विष्णु जीको केही शक्ति थियो किनकि ती विष्णु जीद्वारा पठाइएका थिए । यसैगरी हजरत मुहम्मद जी श्री शिव जीका (लोकबाट आएका देवात्मा) अवतार थिए तथा बाबा आदम जी श्री ब्रह्मा जीका (लोकबाट आएका देवात्मा) अवतार थिए । यस्तै ईसा मसीह श्री विष्णु जीका (लोकबाट आएका देवात्मा) अवतार थिए । ईसाई श्रद्धालुहरू पनि ईशा जीलाई प्रभुका पुत्र मान्छन्, प्रभु होइन ।

सन्त गरीबदास जीले भनेका छन्– यदि मेरो कुरामा विश्वास छैन भने मैले बताएको शास्त्रविधि अनुसार भक्ति साधना गरेर आफ्नो घरमा अर्थात् आफ्नो मानव शरीरमा आफ्नै आँखाले हेर ।

भावार्थः– सम्पूर्ण धर्मका मानिसहरूको शारीरिक रचना एक समान छ । तत्वज्ञान नभएकाले हामी विभिन्न धर्ममा बाँडियौं । सन्त गरीबदास जी भन्छन्– मानव शरीरमा परमेश्वरले भिन्न-भिन्न अङ्ग बनाएका छन् । ढाडको हड्डी अर्थात् **Back bone (spine)** भित्र पट्टी पाँच कमल चक्र बनेका छन् । कृपया यो चित्र हेर्नु होस्:

१. मूल चक्रः– यो चक्र ढाडको हड्डीको अन्त्यभन्दा एक इन्च माथि गुदा नजिक छ । यसका देवता श्री गणेश हुन् । यस कमलको ४ पंखुडी (पुष्प पत्र) छन् ।



शरीर (पिण्ड) में कमलों (चक्रों) का चित्र

२. स्वाद चक्रः– यो चक्र मूल कमल भन्दा दुई इन्च माथि ढाडको हड्डीको भित्र पट्टी टाँसिएको हुन्छ । यसका देवता श्री ब्रह्मा जी तथा उनकी धर्मपत्नी सावित्री जी हुन् । यस कमलको ६ पंखुडियां (पुष्पपत्रहरू) छन् ।

३. नाभि कमल चक्रः– यो चक्र नाभिको सामुन्ने ढाडको हड्डीसँगै टाँसिएको छ । यसका देवता श्री विष्णु जी र उनकी धर्मपत्नी लक्ष्मी जी हुन् । यस कमलको ८ पुंखुडी (पुष्पपत्रहरू) छन् ।

४. हृदय कमल चक्रः– यो कमल छातिमा बनेको दुबै स्तनहरूको बीचमा

ढाडको हड्डीसँग टाँसिएको हुन्छ । यसका देवता श्री शिव जी र उनकी धर्मपत्
पार्वती जी हुन् । यस कमलका १२ पंखुडी (पुष्पपत्रहरू) हुन्छन् ।

५. कण्ठ कमलः– यो कमल छातिका हड्डीभन्दा माथि घाँटी सुरु हुने ठाउँ ढाडको हड्डीसँगै अन्तमा हुन्छ । यस कमलकी प्रधान श्री देवी अर्थात् दुर्गा जी हुन् यस कमलको १६ पंखुडी (पुष्पपत्रहरू) छन् । शेष कमल चक्रहरू माथि छन् ।

६. संगम कमल या छैठौं कमलः– यो कमल सुष्मणाको माथिल्तिर भएको द्वार छ । यसका तीन पंखुडीहरू (पुष्पपत्रहरू) छन् । यहाँ सरस्वती रूपमा देवी दुर्गा निवास गर्छिन् । एउटा पंखुडीमा देवी दुर्गा सरस्वती रूपमा रहन्छिन् । उनैको साथ ७२ करोड उर्वशी (सुन्दर परीहरू) रहन्छन् । यिनीहरू माथि जाने भक्तहरूलाई आफ्न जालमा फँसाउँन् । दोस्रो पंखुडी (पुष्पपत्र) मा सुन्दर युवा नरहरू रहन्छन् । यिनीह ले भक्तमतिहरूलाई आकर्षित गरेर कालको जालमा राख्छन् । काल पनि अन्य रूपम यी युवाहरूको सञ्चालक मुखिया भएर रहन्छ । तेस्रो पंखुडी (पुष्पपत्र) मा स्व परमात्मा अन्य रूपमा रहनु हुन्छ । आफ्नो भक्तलाई तिनीहरूको जालबाट मुक्त गराउ हुन्छ । ज्ञान सुनाएर सतर्क गराउनु हुन्छ ।

७. त्रिकुटी कमल चक्रः– यो चक्र आँखी भौंको बीचमा शिरको पछाडिको भागम अन्य कमलहरूकै पङ्तिमा माथि छ । यसका देवता सतगुरू रूपमा परमेश्वर नै हु हुन्छ । यस कमलको दुई पंखुडी छन् । एउटा श्वेत र अर्को कालो (भंवर = भमरा रङको पंखुडीहरू (पुष्पपत्रहरू) छन् । श्वेत पंखुडी (पुष्पपत्र) मा सतगुरू रूपम सत्यपुरूषको निवास छ । अश्वेत पंखुडी (पुष्पपत्र) मा नक्कली सतगुरू रूपमा काल निरञ्जनको वास छ ।

८. सहंस्र कमल चक्रः– यो कमल शिरको मध्य भागभन्दा दुई अङ्गुल तल अन्य कमलहरूकै पङ्तिमा छ । हिन्दू धर्मका मानिसहरूले टुप्पि राख्थे, कतिले अहिले पनि राख्छन् । यसको तल त्यो सहंस्र कमल दल छ । यसका देवता ब्रह्म हुन् यिनैलाई क्षर पुरुष पनि भनिन्छ । यिनैले गीता तथा वेदहरूको ज्ञान भनेका हुन् । यस कमलको एक हजार पंखुडी (पुष्प पत्रहरू) छन् । काल ब्रह्मले यसलाई प्रकाशले भरे राखेको छ । उनी स्वयम् यसै कमल चक्रमा पर बस्छन् । उनी स्वयम् देखिदैनन् केवल पंखुडीहरू (पुष्पपत्रहरू) चम्कि रहेको देखिन्छ ।

{अष्ट कमल दलः– यस कमलका देवता अक्षर पुरूष हुन्, यिनलाई परब्रह्म पनि भनिन्छ, यिनको पनि ८ पंखुडी (पुष्पपत्र) छन् । यिनको स्थिति बताउँदिन किनकि नक्कली गुरूहरूले पनि यसको बारेमा थाहा पाएर जनतालाई भ्रमित तुल्याउने छन् ।}

९. संख कमल दलः– यस कमलमा पूर्ण ब्रह्म अर्थात् परमअक्षर ब्रह्मको निवास छ । यसका शंख पंखुडी (पुष्पपत्रहरू) छन् । यसको स्थिति पनि बताउँदिन किनकि कारण माथि लेखिएको छ ।

{माथिको चित्रमा छैठौं र नवौं कमल देखाइएको छैन । यसको कारण के हो भने विद्यार्थीहरूलाई विस्तार-विस्तार ज्ञान वृद्धि गराइन्छ । कमलहरूको गहन रहस्य छ । यो कबीर सागरका साराशमा लेखिएको छ ।}

शरीरमा यी कमलहरूले टेलीभिजनका च्यानलहरूले जस्तै काम गर्छन् । ती च्यानलहरूमध्ये जुन च्यानल चलायो, त्यसमा त्यही कार्यक्रम देखिन्छ । यथार्थमा त्यो कार्यक्रम स्टुडियोमा चलेको हुन्छ तर टी. भि. मा देखिन्छ । प्रत्येक कमलहरूको कार्य (function) पनि यसैगरी हुन्छ । यी कमलहरूलाई चलाउने मन्त्रहरू छन्, जुन यस दास (सन्त रामपाल दास) ले जाप गर्नका लागि दिन्छ । पहिलो पटकको दीक्षा यिनै च्यानलहरू खोल्न दिइन्छ । मन्त्रको शक्तिले सम्पूर्ण कमलहरू सञ्चालित हुन्छन् । त्यसपछि साधकले आफ्नो शरीरमा लागेका च्यानलमा त्यस देवको धाम हेर्न सक्छ । त्यहाँका सम्पूर्ण दृश्यहरू हेर्न सक्छ । त्यसैले सन्त गरीबदास जीले भनेका छन्– तपाई आफ्नो शरीरको च्यानल on (चलाएर) गरेर स्वयम्ले हेर्नु होस् । तपाईंले आदम जीलाई ब्रह्माको लोकबाट आएको देख्नु हुने छ किनकि त्यहाँ यी सम्पूर्ण कुराहरूको रेकर्ड उपलब्ध छ । अहिलेको youtube मा जस्तै प्रत्येक देवको लोकमा पहिले भएका वा घटित घटनाहरू हेर्न सकिन्छ ।

यसैगरी हजरत मोहम्मद जी शिव जीको लोकबाट आएको देख्नु हुने छ । ईशा जी पनि श्री विष्णुको लोकबाट आएको देख्नु हुने छ ।

"मक्का महादेवको मन्दिर हो"

भाई बाले वाली जन्म साखीमा प्रमाण छ :

"साखी मदीने की चली" हिन्दीको पृष्ठ २६२ मा श्री नानक जीले चार इमामहरूको प्रश्नको जवाफ दिंदै भनेका छन् :–

आखे नानक शाह सच्च, सुण हो चार इमाम ।
मक्का है महादेव का, ब्राह्मण सन सुल्तान ॥

अब तपाईंलाई आफ्नो उद्देश्यतर्फ लैजान्छु । तपाईंहरूलाई स्पष्ट पार्न चाहन्छु कि जुन यथार्थ आध्यात्मिक ज्ञान सूक्ष्म वेद, गीता तथा चारै वेदहरूमा छन्, ती पुराणहरू, कुर्आन शरीफ, बाइबल, ६ शास्त्र तथा ११ उपनिषद आदि कुनैमा पनि छैनन् । उदाहरणः कक्षा १० सम्मको पाठ्यक्रम गलत होइन तर त्यसमा बी. ए. तथा एम. ए. को ज्ञान छैन । त्यो पाठ्यक्रम गलत होइन, पर्याप्त छैन । बुझ्नलाई यत्ति नै पर्याप्त छ ।

अन्य उदाहरणः– गीता अध्याय २ श्लोक ४६ मा भनिएको छ– अर्जुन । ठूलो जलाशय (तलाउ) प्राप्ति पश्चात् सानो जलाशय (तलाउ) प्रति जत्ति आस्था रहन्छ, त्यस्तै पूर्ण परमात्माको सम्पूर्ण ज्ञान भए पश्चात् अन्य ज्ञान तथा भगवानहरूप्रति त्यस्तै आस्था रहन्छ ।

गीता ज्ञान भनिएको समयमा सम्पूर्ण मानव जलाशयको छेउछाउमा बस्थे । व
हुन्थ्यो । तलाउ भरिन्थ्यो । वर्षभरि त्यही जलाशयबाट मानव स्वयम् पनि पानी पिउँथे
पशुहरूलाई पनि पिलाउँथे । त्यसलाई दुई भागमा बाँडिन्थ्यो । यदि एक वर्ष वर्षा भए
भने सानो जलाशयमा आश्रित व्यक्तिहरूलाई संकट हुन्थ्यो । त्राही-त्राही मच्चिन्थ्यो
ताल गहिरो र ठूलो जलाशय हुन्छ, जसमा रहेको पानी १० वर्षसम्म वर्षा भएन भ
पनि सुक्दैन । यदि कसैले ताल जस्तो ठूलो जलाशय भेट्यो भने तत्काल सा
जलाशय छोडेर त्यस ठूलो जलाशयको किनारमा बस्ति बसाउँथ्यो । त्यसैगरी य
पवित्र पुस्तक "गीता तिम्रो ज्ञान अमृत" मा त्यही ताल जस्तो ठूलो जलाशय प्राप्त छ
अनि चाँडो यसको किनारमा आएर बस्ती बसाल्नु होस् र आफ्नो मानव जीवन सुख
तुल्याउनु होस् । कृपया यो अमृत ज्ञान पिउनु होस् र अमर हुनु होस् ।

हिन्दूहरू मुसलमानहरू सबै विपरीत साधना गर्छन् भन्छन् । हामी उदाउँद
सूर्यलाई प्रणाम गर्छौं, मुसलमानहरू अस्ताउँदो सूर्यलाई प्रणाम गर्छन् ।

विवेचनाः– दुबैको आशय सही छ तर विवेकको कमी छ । हिन्दूहरू उदाउँद
सूर्यलाई घन्यवाद दिंदै भन्छन्– हे प्रकाशका देवता । हामी हजुरलाई धन्यवाद दिन्छौं
हजुरले हामीलाई कालो रात पश्चात् उज्यालो दिनु भयो, जसबाट हामी हाम्रो जीवन
निर्वाहको कार्य गर्न सक्छौं । हामीमाथि यस्तै कृपा राख्नु होला ।

मुसलमानहरूले हाम्रा ठूला दाजु हिन्दूहरूले विहानै हामी सबैको मङ्गल कामन
गर्दै सूर्यदेवलाई धन्यवाद दिए भन्ने जान्दछन् र सूर्यास्त हुँदा सूर्यलाई धन्यवाद दि
भन्छन्– हे प्रकाशमय तुल्याउने सूर्य । हजुरले हामी सारा जीवहरूलाई प्रकाश प्रदान
गरेर हामीमाथि ठूलो उपकार गर्नु भयो । हामी हजुरलाई धन्यवाद दिन्छौं । हजुर भोलि
पनि फेरि यसैगरी हामीमाथि कृपा गर्नु होला । हजुर पनि अल्लाह कबीरको रचना हु
हुन्छ र हामी पनि उहाँकै सन्तान हौं ।

यथार्थमा सूर्यको पूजा न मुसलमानले गर्छन, न त हिन्दूहरूले नै । दुबैले पूर्व
पश्चिमतिर फर्केर विहान हिन्दूले र साँझ मुसलमानले परमात्माको पूजा गर्छन् ।

पूजा केवल पूर्ण परमात्माको मात्र गर्नु पर्छ । अन्य देवताहरू देवदूतहर
आदिलाई आदर गर्नु पर्छ । अधिक ज्ञानका लागि यस पछिको शीर्षक "गीताको सत्य
सार" पढ्नु होस् ।

निवेदन :– यस पुस्तकको अन्तमा पृष्ठ २०४ मा गीता प्रेस गोरखपुरबाट
प्रकाशित तथा श्री जयदयाल गोयन्दका जीद्वारा अनुवादित गीता को सम्बन्धित
अध्यायका श्लोकहरू को फोटोकपी राखिएको छ ताकि तपाईहरूले सत्य तत्काल थाह
पाउन सक्नु होस् र प्रमाण हेर्नका लागि अन्य गीता किन्ने आवश्यक्ता नपरोस् ।

लेखक
सन्त रामपाल दास

गीताको सत्य सार

गीता = श्रीमद्भगवत गीता

प्रश्न नं. १ गीताको ज्ञान कहिले, कसले र कसलाई सुनाएका हुन् तथा कसले लेखेका हुन् ? विस्तारमा बताउनु होस् ।

उत्तरः—श्रीमद्भगवत गीता जीको ज्ञान श्रीकृष्णजीको शरीरमा प्रवेश गरेर काल भगवानले (जसलाई वेदहरू तथा गीतामा "ब्रह्म" नामले पनि चिनिन्छ ।) अर्जुनलाई सुनाए । कौरव तथा पाण्डव आफ्नो सम्पत्ति अर्थात् दिल्लीका राज्यमा आ-आफ्नो हक-अधिकार दावी गरेर युद्ध गर्नका लागि तयार थिए । दुवै पक्षका सेनाहरू कुरु क्षेत्रको मैदानमा एक अर्काका सम्मुख खडा थिए । त्यस समय अर्जुनले सामुन्नेको सेनामा भीष्म पितामह, गुरू द्रोणाचार्य, आफन्त, कौरवका बच्चाहरू, ज्वाइं, बहिनी ज्वाइँ, ससुरा आदि मर्न-मार्न खडा भएका देखे । कौरब र पाण्डव आपसमा काकाहरूका छोराहरू हुन् । अर्जुनमा साधुभाव जागृत भयो र विचार गरे— जुन राज्य प्राप्त गर्नका लागि हामीले आफ्ना काकाका छोराहरू, भतिजाहरू, ज्वाइँहरू, बहिनी ज्वाइंहरू, भीष्म पितामह जी तथा गुरूजनहरूलाई मार्नु पर्छ । हामीलाई यो पनि थाहा छैन कि हामी कति दिन संसारमा रहने छौं ? त्यसले यसरी प्राप्त गरेको राज्यको भोगभन्दा म भिक्षा मागेर जीवन निर्वाह गर्छु, तर युद्ध गर्दिनं । यस्तो विचार गरेपछि अर्जुनले धनुष र बाण छोडे र रथको पछाडिपट्टी गएर बसे । अर्जुनको यस्तो अवस्था देखेर श्रीकृष्ण जीले भने— तिमीले कोको योद्धासँग युद्ध गर्नु छ, सामुन्नेमा हेर । अर्जुनले जवाफ दिए— हे कृष्ण ! म कुनै पनि हालतमा युद्ध गर्दिनँ । आफ्नो उद्देश्य तथा मनमा उठेका विचारहरूसँग पनि अवगत गराए । त्यसै बेला श्री कृष्ण जीमा काल भगवान प्रवेश गरे । कुनै अन्य व्यक्तिको शरीरमा प्रेत प्रवेश गरे जसरी श्री कृष्ण जीको शरीरमा काल प्रवेश गरेर श्रीमद्भगवत गीताको ज्ञान, युद्ध गर्नका लागि प्रेरणा दिन तथा कलियुगमा वेदहरू बुझ्ने व्यक्ति नहुने भएकाले चारै वेदहरूको सङ्क्षिप्त वर्णन तथा सारांश "गीता ज्ञान" रूपमा १८ अध्याय अन्तर्गत ७०० श्लोकमा सुनाए । श्री कृष्णलाई त मैले गीतामा के बोले भन्ने कुरा थाहै थिएन ।

{ब्रह्माकुमारी पन्थीहरू यिनै काल ब्रह्मलाई निराकार शिव बाबा भन्छन् । उनीहरूको पनि गीताका ज्ञान शिव बाबाले कोही वृद्धको शरीरमा प्रवेश गरेर भनेका थिए भन्ने भनाइ छ । यिनै शिव बाबा ब्रह्माकुमारी पन्थका पुज्य प्रभु हुन् ।}

❖ केही वर्ष पश्चात् वेदव्यास ऋषिले यस अमृतज्ञानलाई संस्कृत भाषामा देवनागरी लिपिमा लेखे । पछि अनुवादकहरूले आफ्नो बुद्धिको आधारमा यस पवित्र ग्रन्थको हिन्दी तथा अन्य भाषाहरूमा अनुवाद गरे, जुन अहिले गीता प्रेस गोरखपुर (यू.पी.) बाट प्रकाशित गरिएका छन् । तिनका फोकपीहरू यसै पुस्तकको पृष्ठ २०४-३५७ मा छ ।

प्रश्नः– आज (सन् २०१२) सम्म त गीता जीको ज्ञान श्री कृष्ण जीले भने हुन् भन्ने सुनिएको छ । हजुरले त श्रीकृष्णको शरीरमा प्रवेश गरेर कालले गीता ज्ञा भने र श्री कृष्ण जीलाई त उनले के ज्ञान भने उनैलाई थाहा छैन भन्नु भयो । यी असत्य हुन् झैं लाग्छ, कुनै प्रमाण भए भन्नु होस् ।

उत्तरः– म थुप्रै प्रमाण दिन्छु । जसबाट गीता ज्ञान "काल" ले भनेका हुन् भ कुरा स्वयम् सिद्ध हुन्छ ।

सर्व प्रथम गीताबाट नै प्रमाणित गर्छु ।

❖ प्रमाण नं. नं. १- गीता अध्याय ११ मा गीता ज्ञानदाताले आफ्नो विरा रूप देखाएपछि त्यो देखेर अर्जुन डरले काम्न थाले र भयभित भए । यहाँ यो बताउ पनि अनिवार्य छ कि श्री कृष्ण अर्जुनका जेठान थिए किनकि कृष्णकी बहिनी सुभद्रासँ अर्जुनको विवाह भएको थियो ।

गीता ज्ञानदाताले हजार भुजा भएको आफ्नो भयङ्कर विराट रूप देखाएपछि अर्जुनले सोधे– हे देव ! हजुर को हुनु हुन्छ ? (गीता अध्याय ११ श्लोक ३१) सहस्रवाहु ! (हजार भुजा भएका) हजुर आफ्नो चतुर्भुज रूपमा दर्शन दिनु हो (किनकि अर्जुन उनलाई विष्णुका अवतार कृष्ण मान्दथे तर त्यसबेला श्री कृष्णक शरीरबाट बाहिर निस्केर कालले आफ्नो विराट रूप देखाएका थिए ।) म भयभित भएक छु । हजुरको यो रूप सहन गर्न सकि रहेको छैन । (गीता अध्याय ११ श्लोक ४६)

❖ पाठकजन विचार गर्नु होस्:– के हामी आफ्ना जेठानसँग हे महानुभाव हजुर को हुनु हुन्छ भनेर सोध्छौं । सोध्दैनौं ? एक पटक एउटा व्यक्तिमा प्रवेश गरे प्रेत बोल्न थाल्यो । सँगै बसेको भाइले तपाईको बोल्दै हुनु हुन्छ भनेर सोध्यो जवाफमा त्यस प्रेतले म तिम्रो मामा बोलि रहेको छु, म दुर्घटनामा मरेको थिएं भन्यो के हामी आफ्नो दाजुलाई चिन्दैनौं र ? ठीक यसैगरी श्री कृष्णमा काल बोलि रहे थिए ।

❖ प्रमाण नं. २ गीता अध्याय ११ श्लोक २१ मा अर्जुनले भने– हजुर देवताहरूको समूह समूहलाई गाँस बनाइ रहनु (खाइ रहनु) भएको छ, जसले हा जोडेर भयभित भई हजुरको स्तुति गरि रहेका छन्, महर्षि तथा सिद्धहरूका समुदा हजुरसँग आफ्नो जीवन रक्षार्थ मङ्गल कामना गरि रहेका छन् । गीता अध्याय १ श्लोक ३२ मा गीता ज्ञानदाता भन्छन्– हे अर्जुन ! म बढेको काल हूँ । अहिले प्रव भएको छु अर्थात् श्री कृष्णको शरीरमा अहिले प्रवेश गरेको छु । सम्पूर्ण व्यक्तिहरूला नाश गर्छु । तिमीले युद्ध गरेनौ भने पनि विपक्षी सम्पूर्ण सेनाहरू नष्ट हुने छन् ।

यसबाट सिद्ध हुन्छ– गीता ज्ञान श्री कृष्ण जीको शरीरमा प्रविष्ट भएर काल भनेको हो । श्रीकृष्ण जीले पहिले कहिल्यै म काल हूँ भनेनन् । श्री कृष्ण जीलाई देखे कोही भयभित हुँदैनथे । गोपी-गोपिनीहरू, ग्वालाबाल, पशु-पक्षी सबैं दर्शन गरे

आनन्दित हुन्थे भने के श्री कृष्ण जी काल हुन् त ? होइनन् । यसैले गीता ज्ञानदाता काल हुन्, जसले श्री कृष्ण जीको शरीरमा प्रवेश गरेर गीता शास्त्रको ज्ञान दिए ।

❖ प्रमाण नं. ३ गीता अध्याय ११ श्लोक ४७ मा गीता ज्ञानदाताले भनेका छन्– हे अर्जुन । म प्रसन्न भएर आफ्नो शक्तिले तिम्रो दिव्यदृष्टि खोलेर यो विराट रूप देखाएको हूँ । यो विराट रूप तिमी बाहेक पहिले अरू कसैले देखेका छैनन् ।

❖ विचारणीय विषयः– प्रिय पाठकवर्ग । महाभारत ग्रन्थको एउटा प्रकरण यहाँ सान्दर्भिक छ । यी कृष्ण जीले कौरवको सभामा उपस्थित भएर तिमीहरू दुबै (कौरब र पाण्डव) आपसमा कुराकानी गरेर आफ्नो सम्पत्ति (राज्य) अंशवण्डा गर, युद्ध गर्नु शोभनीय हुँदैन भनेर सम्झाए । पाण्डवहरूले हामीलाई पाँच (५) गाउँ देऊ, हामी त्यसैबाट निर्वाह गर्छौं भने । दुर्योधनले यो माग पनि मानेनन् । बरू दुर्योधनले पाण्डवहरूका लागि सियोको टुप्पो बराबर पनि राज्य छैन, लिने नै हो भने युद्ध गरेर लिन सक्छन् भन्यो । यस कुराले श्री कृष्ण भगवान अति क्षुब्ध भएर दुर्योधनसँग भने– तँ पृथ्वीको नाशको लागि जन्मेको होस्, कुल नाश गरेर छोड्ने छस् । हे भद्र पुरूष । कहाँ आधा राज्य, कहाँ पाँच गाउँ ? केही लाज त मान ।

श्री कृष्ण जीको मुखबाट यत्ति कुरा सुन्नासाथ दुर्योधन आगो भयो र सभामा उपस्थित आफ्ना भाइहरू तथा मन्त्रीहरूलाई यस कृष्ण यादवलाई गिरफतार गर भनी आदेश दियो । त्यसै समय श्री कृष्ण जीले विराट रूप देखाए । सभामा उपस्थित सम्पूर्ण सभासदहरू विराटरूप देखेर भयभित भई कुर्सीमुनि लुके, केही हातले आँखा छोपेर भूइँमा लडे । श्री कृष्ण जी सभा छोडेर हिंडे र आफ्नो विराट रूप समाप्त पारे ।

अब गीता ज्ञानदाताले गीता अध्याय ११ श्लोक ४७ मा भनेको कुरामा विचार गरौं– अर्जुन । यो मेरो विराट रूप तिमी बाहेक पहिले कसैले देखेको थिएन । यदि श्री कृष्णले गीता ज्ञान भनेका भए मेरो विराट रूप तिमी बाहेक कसैले पहिले देखेका छैनन् भन्ने थिएनन् किनकि श्री कृष्ण जीको विराट रूप कौरव तथा सभासदहरूले पहिले नै देखि सकेको थिए ।

यसबाट श्रीमद्भगवत गीताको ज्ञान श्री कृष्णले भनेका होइनन्, उनको शरीरमा प्रेतवत् रूपमा प्रवेश गरेर काल (क्षर पुरूष) ले भेनका थिए भन्ने सिद्ध हुन्छ । यो तेस्रो प्रमाण हो ।

❖ प्रमाण नं. ४ श्री विष्णु पुरण (गीता प्रेस गोरखपुरबाट प्रकाशित) को पृष्ठ १६८ मा (नयाँ प्रकाशन) प्रमाण छ– एक समय देवता र राक्षसहरूबीच युद्ध भयो । देवताहरू पराजित भएर समुन्द्रको किनारमा गई लुकेर भगवानको तपस्या स्तुति गर्न थाले । कालको विधान छ अर्थात् कालले प्रतिज्ञा गरेको छ– म आफ्नो वास्तविक काल रूपमा कहिल्यै कसैलाई दर्शन दिन्न, आफ्नो योगमायाले लुकेर बस्छु । (प्रमाण गीता अध्याय ७ श्लोक २४-२५ मा) त्यसैले यो कालले कसैलाई विष्णु रूपमा दर्शन दिन्छन् त कसैलाई शङ्कर जीको रूपमा तथा कसैलाई ब्रह्मा जीको रूपमा ।

देवताहरूलाई श्री विष्णु जीको रूपमा दर्शन दिएर भने– मैले तिमीहरूको समस्या थाहा पाइ सकेको छु । तिमीहरू पुरंजय राजालाई युद्धका लागि तयार गराऊ । म ती श्रेष्ठ राजाको शरीरमा प्रविष्ट भएर राक्षसहरूको नाश गर्छु । त्यसै गरियो । (अधिक जानकारीका लागि विष्णु पुराण पढ्न सक्नु हुन्छ ।)

❖ प्रमाण नं. ५ श्री विष्णु पुराणको पृष्ट १७३ मा (नयाँ प्रकाशन) प्रमाण छ । एक समय नाग वंशीहरू र गन्धर्वहरूका बीचमा युद्ध भयो । गन्धर्वहरूले नागहरूका बहुमूल्य हीरा, लाल, तथा खजाना लुटे । उनीहरूको राज्य पनि कब्जा गरे । नागहरूले भगवानको स्तुति गरे । तिनै काल भगवान विष्णु रूप धारण गरेर प्रकट भएर भने– तिमीहरूले पुरुकुत्सु राजालाई गन्धर्वहरूसँग युद्ध गर्नका लागि तयार गराऊ । म राजा पुरुकुत्सुको शरीरमा प्रवेश गरेर दुष्ट गन्धर्वहरूको नाश गर्छु । त्यस्तै भयो ।

उपरोक्त विष्णु पुराणको दुबै कथाबाट यी काल भगवान (क्षर पुरूष) यसैगरी अव्यक्त (गुप्त) रहेर कार्य गर्दछन् भन्ने स्पष्ट (प्रमाणित) हुन्छ । त्यसैगरी यसले श्री कृष्ण जीमा प्रवेश गरेर गीताको ज्ञान भनेका हुन् ।

❖ प्रमाण नं. ६ः महाभारत ग्रन्थ (गीता प्रेस गोरखपुरबाट प्रकाशित) को भाग २ पृष्ठ ८००-८०१ मा (नयाँ प्रकाशन) लेखिएको छ– महाभारतको युद्ध पश्चात् राजा युधिष्ठिरलाई राजगद्दीमा बसाएर श्री कृष्ण जीले द्वारिका जाने तयारी गरे । तब अर्जुनले श्री कृष्ण जीसँग भने– हजुर त्यो गीताको ज्ञान फेरि सुनाउनु होस्, मैले त्यो ज्ञान बिर्सिएँ । श्री कृष्ण जीले भने– हे अर्जुन ! तिमी साह्है बुद्धिहीन रहेछौ, बडो श्रद्धाहीन रहेछौ । तिमीले त्यो अनमोल ज्ञान किन बिर्सियौ ? अब म त्यो ज्ञान सुनाउन सक्दिनँ किनकि त्यसबेला म योगयुक्त भएर गीता ज्ञान सुनाएको थिएँ ।

❖ विचार गरौं– युद्धको समयम योगयुक्त हुन सकिन्छ भने शान्त वातावरणमा योगयुक्त हुनमा के समस्या हुन सक्छ ? यथार्थमा यो ज्ञान कालले श्री कृष्णमा प्रवेश गरेर भनेका थिए ।

❖ श्री कृष्ण जी स्वयम्लाई त्यो गीता ज्ञान सम्झना थिएन । यदि उनी वक्ता भएको भए वक्तालाई त सम्पूर्ण ज्ञान याद हुनु पर्ने थियो । श्रोतालाई त पहिलो पटक ४० प्रतिशत ज्ञान याद रहन्छ । यसबाट गीता ज्ञान श्री कृष्ण जीमा प्रवेश भएर काल (क्षर पुरूष) ले नै बोलेका थिए भन्ने सिद्ध हुन्छ । उपरोक्त प्रमाणहरूबाट श्रीमद्भगवत गीताको ज्ञान श्री कृष्णले भनेका होइनन् भन्ने स्पष्ट हुन्छ । उनलाई त आफूले के भनेको थिएँ भन्ने थाहै छैन । श्रीकृष्ण जीको शरीरमा प्रवेश गरेर काल पुरूष (क्षर पुरूष) ले बोलेका थिए ।

प्रश्न नं. २ : काल पुरूष को हुन् ?

उत्तर : यसका लागि पृष्ठ १२० मा लेखिएको सृष्टि रचना पढ्नु होस् ।

प्रश्न नं. ३ः काल भगवान आर्थत् ब्रह्म अविनाशी छन् या जन्म-मृत्यु हुन्छ ।

उत्तरः जन्मन्छन् र मर्छन् ।

प्रश्न नं. ४: यसको प्रमाण कहाँ छ ?

उत्तरः श्रीमद्भगवत गीता अध्याय २ श्लोक १२, गीता अध्याय ४ श्लोक ५, गीता अध्याय १० श्लोक २ मा गीता ज्ञानदाता स्वयम्ले स्वीकार गरेका छन्–मेरो पनि जन्म र मृत्यु हुन्छ, म अविनाशी होइन । फेरि भनेका छन्– हे अर्जुन । तिम्रो र मेरो थुप्रै जन्म भइ सकेको छ, तिमी जान्दैनौ, म जान्दछु । तिमी, म र यी राजा तथा सैनिकहरू पहिले पनि थिए, पछि पनि रहने छन्, हामी केवल अहिले मात्र छौं भन्ने न सम्झ । मेरो जन्मको विषयमा देवता तथा ऋषिजन केही पनि जान्दैनन् किनकि यी सबै मबाट उत्पन्न भएका हुन् ।

यसबाट गीता ज्ञानदाता काल पुरूष अविनाशी होइनन् भन्ने सिद्ध हुन्छ । त्यसैले यिनलाई क्षर पुरूष पनि भनिन्छ ।

प्रश्न नं. ५: के ब्रह्मा, विष्णु तथा शिव अविनाशी हुन् ?

उत्तरः होइनन्, यी नाशवान हुन् । यिनको पनि जन्म-मृत्यु हुन्छ । ब्रह्मा, विष्णु तथा शिवका माता-पिता पनि छन् ।

प्रश्न नं. ६: कुनै प्रमाण तथा माता-पीताको नाम पनि भन्नु होस्?

उत्तरः श्री देवी महापुराण (गीता प्रेस गोरखपुरबाट प्रकाशित) को तेस्रो स्कन्ध पृष्ठ १२३ मा श्री विष्णु जीले आफ्नी माता दुर्गाको स्तुति गर्दै भनेका छन्– हे माता ! हजुर शुद्ध स्वरूपा हुनु हुन्छ, सारा संसार हजुरबाट नै उद्भाषित भइ रहेको छ, हामी हजुरको कृपाले विद्यमान छौं, म, ब्रह्मा र शङ्कर त जन्मन्छौं र मर्छौं, हाम्रो त अविर्भाव (जन्म) तथा तिरोभाव (मृत्यु) भइ रहन्छ, हामी अविनाशी छैनौं । हजुर नै जगत जननी तथा सनातनी देवी हुनु हुन्छ र प्रकृति देवी हुनु हुन्छ । शङ्कर भगवानले भने– हे माता । विष्णुपछि जन्मिएका ब्रह्मा हजुरका पुत्र हुन् भने के म तमोगुणी लिला गर्ने शङ्कर हजुरको सन्तान भइनँ ? अर्थात् मलाई पनि उत्पन्न गर्ने हजुर नै हुनु हुन्छ । यस देवीमहापुराणको उल्लेखबाट ब्रह्मा, विष्णु तथा शङ्कर जीलाई जन्म दिने माता श्री दुर्गादेवी (अष्टाङ्गी) हुन् र यी तीनै नाशवान छन् भन्ने सिद्ध हुन्छ ।

श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जीका पिता को हुन् ?

प्रमाणः श्री शिव महापुराण (गीता प्रेस गोरखपुरबाट प्रकाशित) मा यिनीहरूका पिताको बारेमा ज्ञान छ । श्री शिव महापुराणको रूद्र संहिता खण्डमा पृष्ठ १०० देखि ११० सम्ममा निम्न प्रकरण नेपाली अनुवादमाः

आफ्ना पुत्र नारद जीको प्रश्नको जवाफ दिदै श्री ब्रह्मा जीले भने– हे पुत्र ! तिमीले सृष्टिको उत्पत्ति कर्ताको विषयमा गरेको प्रश्नको उत्तर सुनः

प्रारम्भमा केवल एक 'सद्ब्रह्म' मात्र शेष थिए । सबै ठाउँमा प्रलय भएको थियो । ती निराकार परमात्माले आफ्नो स्वरूप शिवको जस्तो बनाए । उनलाई

"सदाशिव" भनिन्छ । उनले आफ्नो शरीरबाट एउटी स्त्री निकाले । तिनै स्त्री दुर्गा जगदम्बिका, प्रकृति देवी तथा त्रिदेव (ब्रह्मा, विष्णु तथा शिव) की जननी कहलिइन् उनका आठ भुजा छन् । यिनैलाई शिवा पनि भनिएको छ ।

- ❖ श्री विष्णु जीको उत्पत्तिः सदाशिव र शिवा (दुर्गा) ले पति-पत्नी रूपमा रहे एउटा पुत्रको उत्पत्ति गरेर उसको नाम विष्णु राखे ।
- ❖ श्री ब्रह्मा जीको उत्पत्तिः श्री ब्रह्मा जीले बताए– जसरी विष्णु जीको उत्पत्ति शिव तथा शिवाको संयोग (भोगविलास) बाट भयो, त्यसैगरी शिव र शिवाबाट मेरो पनि उत्पत्ति भयो ।

नोटः यहाँ शिवलाई काल ब्रह्म र शिवालाई दुर्गा बुझौं । प्रिय पाठकहरू ! यस रूद्र संहिता खण्डमा शङ्कर जीको उत्पत्तिको प्रकरण छैन । यो अनुवादकको गल्ती हो । त्यसो त देवी पुराणमा शङ्कर जीले स्वयम् मेरो जन्म दुर्गा (प्रकृति) बाट भएको भनी स्वीकारेका छन् ।

❖ श्री शङ्कर जी पनि शिव र शिवाका पुत्र हुन्ः श्री शिव महापुरणको विश्वेश्वर संहिता खण्ड पृष्ठ २४ देखि ३० सम्ममा प्रमाणः एक समय ब्रह्मा जी तथा विष्णु जीको बीचमा आफू कर्ता हूँ भन्ने विषयमा युद्ध भयो । ब्रह्मा जीले भने– म तिम्रो पिता हुँ किनकि यो संसार मबाट उत्पन्न भएको हो, म प्रजापिता हूँ । विष्णु जीले भने– म तिम्रो पिता हूँ, तिमी मेरो नाभी कमलबाट उत्पन्न भएका हौ । दुबै एक अर्कालाई मार्नका लागि तत्पर भए । त्यसै समय सदाशिव अर्थात् काल ब्रह्मले ती दुईको बीचमा एउटा सेतो रङ्को प्रकाशमय स्तम्भ खडा गरि दिए र स्वयम् शङ्करको रूपमा प्रकट भएर दुबैलाई तिमीहरू कोही पनि कर्ता होइनौ भने ।

हे पुत्रहरू । मैले तिमीहरूलाई जगतको उत्पत्ति र स्थितिको कार्य दिएको छु, यसैगरी मैले शङ्कर र रूद्रलाई संहार तथा तिरोगति दुई कार्य दिएको छु । मलाई वेदहरूमा ब्रह्म भनिएको छ । मेरा पाँच मुख छन् । एउटा मुखबाट अकार (अ), दोस्रो मुखबाट उकार (उ), तेस्रो मुखबाट मकार (म), चौथो मुखबाट बिन्दु (.) तथा पाँचौं मुखबाट नाद (शब्द) प्रकट भएका हुन् । यिनै पाँच अवयवहरूबाट एकीभूत भएर एउटा अक्षर ओम् (ॐ) बनेको हो, यो मेरो मूल मन्त्र हो ।

उपरोक्त शिव महापुराणको प्रकरणबाट सिद्ध हुन्छ– श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शङ्कर जीकी माता श्री दुर्गा देवी (अष्टाङ्गी देवी) हुन् तथा पिता सदाशिव अर्थात् "काल ब्रह्म" हुन्, जसले श्रीमद्भगवत गीताको ज्ञान श्री कृष्ण जीमा प्रवेश गरेर बोलेका थिए । यिनैलाई क्षर पुरूष, तथा क्षर ब्रह्म पनि भनिएको छ । यही प्रमाण श्रीमद्भगवत गीता अध्याय १४ श्लोक ३ देखि ५ मा पनि छ– रज् (रजगुण ब्रह्मा), सत् (सतगुण विष्णु) र तम् (तमगुण शङ्कर) तीनै गुणहरू प्रकृति अर्थात

दुर्गाबाट उत्पन्न भएका हुन् । प्रकृति त सारा जीवहरूलाई उत्पन्न गर्ने माता हुन् । म (गीता ज्ञान दाता) सारा जीवका पिता हूँ । म दुर्गा (प्रकृति) को गर्भमा बीज (विर्य) स्थापित गर्दछु, जसबाट सबैको उत्पत्ति हुन्छ ।

प्रश्न नं. ७: रजगुण ब्रह्मा, सतगुण विष्णु तथा तमोगुण शिव हुन् भन्ने प्रमाण कहाँ छ ?

उत्तर: १. श्री मार्कण्डेय पुराण (सचित्र मोटा टाईप गीता प्रेस गोरखपुरबाट प्रकाशित) को पृष्ठ १२३ मा भनिएको छ– रजगुण ब्रह्मा जी, सतगुण विष्णु तथा तमगुण शङ्कर तीनै ब्रह्मको प्रधान शक्तिहरू हुन्, यिनीहरू नै तीन देवता हुन् । यिनीहरू नै तीन गुण हुन् ।

२. श्री देवी महापुराण संस्कृत तथा हिन्दी अनुवाद (श्री वैंकटेश्वर प्रेस बम्बईबाट प्रकाशित) मा तेस्रो स्कन्ध अध्याय ५ श्लोक ८ मा लेखिएको छ–शङ्कर भगवानले भन्नु भयो– हे माता । यदि हजुर हामीमाथि दयालु हुनु हुन्छ भने मलाई तमोगुण, ब्रह्मालाई रजोगुण तथा विष्णुलाई सतोगुण युक्त किन बनाउनु भयो ?

उपरोक्त प्रमाणबाट रजगुण ब्रह्मा जी, सतगुण विष्णु जी तथा तमोगुण शिव जी हुन् भन्ने सिद्ध हुन्छ ।

प्रश्न नं. ८ परमात्मालाई अजन्मा, अजर-अमर भनिन्छ । उपरोक्त प्रकरण तथा प्रमाणहरूबाट श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शङ्कर जी तीनै नाशवान हुन् भन्ने सिद्ध हुन्छ भने अविनाशी परमात्मा को हुन् त ? के ब्रह्मा, विष्णु तथा शङ्कर र काल ब्रह्म परमात्मा होइनन् ? प्रमाण सहित बताउनु होस् ।

उत्तर: पहिले श्री ब्रह्मा, श्री विष्णु, श्री शङ्कर तथा ब्रह्म परमात्मा हुन् कि होइनन् भन्ने स्पष्ट पारौं । यो त तपाईले प्रश्नमा नै परमात्मा त अजन्मा अर्थात् जसको कहिल्यै जन्म नभएका हुन् भनी सिद्ध गरि सक्नु भयो । पूर्वोक्त विवरण तथा प्रमाणहरूबाट ब्रह्मा, विष्णु र शङ्करका माता-पिता छन् भन्ने सिद्ध भइ सकेको छ । ब्रह्म पनि नाशवान हुन्, यिनको पनि जन्म भएको हो, यसबाट ब्रह्म पनि परमात्मा होइनन् भन्ने स्वसिद्ध हुन्छ । अब प्रश्न रह्यो अविनाशी को हुन् त ? यसको उत्तरमा श्रीमद्भगवत गीताबाट नै प्रमाणित गर्दछु– अविनाशी परमात्मा गीता ज्ञान दिने (ब्रह्म) भन्दा भिन्न छन् । श्रीमद्भगवत गीता अध्याय २ श्लोक १२, गीता अध्याय ४ श्लोक ५, गीता अध्याय १० श्लोक २ मा गीता ज्ञान दाताले आफ्नो स्थिति स्पष्ट गरेका छन्– मेरो उत्पत्ति भएको हो, म जन्मन्छु-मर्छु, अर्जुन ! मेरो र तिम्रो थुप्रै जन्म भइ सकेको छ, म पनि नाशवान छु । गीता अध्याय २ श्लोक १७ मा पनि भनेका छन्– अविनाशी त ती परमात्मा हुन् भन्ने जान, जसलाई मार्न कोही सक्षम छैन र उनै परमात्माले सबैको रचना गरेका हुन् । अविनाशी परमात्माको यो प्रथम प्रमाण हो ।

❖ प्रमाण नं. २ः श्रीमद्भगवत गीता अध्याय १५ श्लोक १६-१७ मा ती पुरूष (प्रभु) भनिएको छ । गीता अध्याय १५ श्लोक १६ मा भनिएको छ– यस लोकमा दुई पुरूष प्रसिद्ध छन्, क्षर पुरूष र अक्षर पुरूष । यी दुई प्रभु तथा यिनका अन्तर्गतका सम्पूर्ण प्राणी नाशवान छन्, तर आत्मा त सबैको अमर छ । गीता अध्याय १५ श्लोक १७ मा भनिएको छ– उत्तम पुरूष अर्थात् पुरूषोत्तम त कोही अरू नै छन्, जसलाई परमात्मा भनिएको छ, जो तीनै लोकहरूमा प्रवेश गरेर सबैको धारण-पोषण गर्दछन् उनी वास्तवमा नै अविनाशी हुन् ।

गीता अध्याय ७ श्लोक २९ मा भनिएको छ– जुन साधक केवल जरा (वृद्धावस्था), मरणको (मृत्यु), दुःखबाट छुट्नका लागि प्रयत्न गर्दछन्, तिनले तत् ब्रह्मलाई बुझ्दछन्, सम्पूर्ण कर्महरू तथा सम्पूर्ण अध्यात्मसँग परिचित छन् । गीता अध्याय ८ श्लोक १ मा अर्जुनले सोधे– "तत् ब्रह्म" के हो । गीता ज्ञानदाताले अध्याय ८ श्लोक ३ मा उत्तर दिए– उनी "परम अक्षर ब्रह्म" हुन् अर्थात् परम अक्षर पुरूष हुन् । (पुरूष भनौं या ब्रह्म) गीता अध्याय १५ श्लोक १७ मा भनिएको "उत्तम पुरुषः तु अन्यः परमात्मा इति उदाहृतः" परम अक्षर ब्रह्म हुन्, यिनैलाई पुरूषोत्तम भनिएको हो ।

शङ्का समधान

गीता अध्याय १५ श्लोक १८ मा गीता ज्ञानदाताले भनेका छन्– म मेरा एक्काईस ब्रह्माण्डका सारा प्राणीहरूभन्दा उत्तम अर्थात् शक्तिमान हूँ, त्यसैले लोकवेद अर्थात् दन्तकथाको आधारमा म पुरूषोत्तम रूपमा प्रसिद्ध छु । वास्तवमा पुरूषोत्तम त गीता अध्याय १५ श्लोक १७ मा स्पष्ट गरिएको छ । उत्तम पुरूष अर्थात् पुरूषोत्तम त क्षर पुरूष (गीता ज्ञानदाता) तथा अक्षर पुरूष (जो ७ शङ्ख ब्रह्माण्डहरूका स्वामी हुन् ।) भन्दा अन्य नै छन्, उनैलाई परमात्मा भनिन्छ । उनले सबैको धारण-पोषण गर्दछन्, उनी नै वास्तवमा अविनाशी हुन् । उनी "परम अक्षर ब्रह्म", असङ्ख्य ब्रह्माण्डहरूका मालिक, सम्पूर्णका सृजनहार, कुलका मालिक अर्थात् परमात्मा हुन् ।

प्रश्न ९ः अक्षरको अर्थ अविनाशी हुन्छ । हजुरले गीता अध्याय १५ श्लोक १६ मा पनि अक्षर पुरूषलाई पनि नाशवान भन्नु भएको छ, कृपया स्पष्ट पार्नु होस् ।

उत्तरः "अक्षर" को अर्थ अविनाशी हुन्छ यो सत्य हो तर प्रकरणवश अर्थ अरू पनि हुन्छ । गीता अध्याय १५ श्लोक १६ मा भनिएको छ– क्षर र अक्षर यी पुरूष (प्रभु) यस लोकमा छन् । यी दुई तथा यिनका अन्तर्गतमा रहेका सम्पूर्ण जीवहरू नाशवान छन्, तर आत्मा कसैको पनि मर्दैन । फेरि गीता अध्याय १५ श्लोक १७ मा स्पष्ट पारेका छन्– पुरूषोत्तम त उपरोक्त दुबै प्रभुहरूभन्दा भिन्न छन्, उनी नै अविनाशी हुन्, उनी नै सबैको धारण-पोषण गर्ने वास्तवमा अविनाशी हुन् । गीता

अध्याय ८ श्लोक ३ मा तत् ब्रह्मलाई परम अक्षर ब्रह्म भनिएको छ । अक्षरको अर्थ अविनाशी हो तर यहाँ परम अक्षर ब्रह्म भनिएको छ । यसबाट पनि अक्षरभन्दा अगाडि परम अक्षर ब्रह्म छन् र उनी नै वास्तवमा अविनाशी हुन् भन्ने सिद्ध हुन्छ ।

प्रमाणः– जस्तो ब्रह्मा जीको आयु १०० वर्ष भनिएको छ, देवताहरूको वर्ष कति समयको हुन्छ ? सुन ! चार युग (सत्ययुग, त्रेतायुग, द्वापरयुग र कलियुग) को एक चतुर्युग हुन्छ, जसमा मानिसहरूको ४३,२०,००० (त्रिचालीस लाख बीस हजार) वर्ष हुन्छन् । १००८ चतुर्युगको ब्रह्मा जीको दिन र त्यति नै रात हुन्छ । यस्तै ३० दिन-रातको एक महिना तथा १२ महिनाको ब्रह्मा जीको एक वर्ष हुन्छ । यस्तो १०० (सय) वर्षको ब्रह्मा जीको आयु छ ।

श्री विष्णु जीको आयु श्री ब्रह्मा जीको भन्दा ७ गुणा बढी छ । ७०० वर्ष ।

श्री शङ्कर जीको आयु श्री विष्णु जीको भन्दा ७ गुणा बढी = ४९०० वर्ष ।

ब्रह्म (क्षर पुरुष) को आयु = ७० हजार शङ्करको मृत्यु पश्चात् एक ब्रह्मको मृत्यु हुन्छ अर्थात् क्षर पुरुषको मृत्यु हुन्छ । यत्ति समय अक्षर पुरुषको एक युग हुन्छ ।

अक्षर पुरुषको आयुः– गीता अध्याय ८ श्लोक १७ मा भनिएको छः

सहंस्र युग पर्यन्तम् अहः यत् ब्रह्मणः विदुः ।
रात्रिम युग सहंस्रान्तम् ते अहोरात्रा विदः जनाः ॥ (१७)

अनुवादः आज सम्मका सम्पूर्ण अनुवादकहरूले उचित अनुवाद गरेका छैनन् । सबैले ब्रह्माको एकहजार चतुर्युग लेखेका छन्, यो गलत छ । (यसै पुस्तकको पृष्ठ २०४ देखि ३५७ मा गीता प्रेश गोरखपुरबाट प्रकाशित श्रीमद्भगवत गीताको अध्याय ८ श्लोक १७ को अनुवादको फोटोकपी हेर्नु होस् ।)

मूल पाठमा "सहंस्र युग" लेखिएको छ, "चतुर सहंस्र युग" होइन । त्यसैले गीता अध्याय ८ श्लोक १७ को अनुवाद यस्तो हुन्छ– (ब्रह्मणः) अक्षर पुरुषको (यत) जत्ति (अहः) दिन छ त्यो (सहंस्रयुग प्रयन्तम्) एक हजार युगको अवधि भएको र (रात्रिम्) रात्रि पनि (युग संहस्रान्तम्) एक हजार युगको अवधि भएको कुरा जुन पुरुषले (विदुः) जान्दछ (ते) ती (जनाः) व्यक्ति (अहोरात्र) दिन रातलाई (विदः) जान्ने वाला हो ।

भावार्थः– यस श्लोकमा "ब्रह्मा" शब्द मूल पाठमा छैन र न "चतुर युग" नै मूल पाठमा छ । यसमा त "ब्रह्मण" शब्द छ जसको अर्थ सच्चिदानन्द घन ब्रह्म अर्थात् परम अक्षर ब्रह्म हुन्छ ।

प्रमाणः– गीता अध्याय १७ श्लोक २३ मा ब्रह्मणः को अर्थ सच्चिदानन्द घन ब्रह्म लेखेका छन्, अनुवादकहरूले यो अर्थ सही लेखेका हुन् । यसै गीताको अध्याय ८ श्लोक १७ मा आयु सम्बन्धी प्रकरण छ । त्यसैले यहाँ "ब्रह्मण" को अर्थ "अक्षर ब्रह्म" हुन्छ । यहाँ अक्षर पुरुषको आयुको जानकारी दिइएको छ । अक्षर पुरुषको एक दिन

उपरोक्त एक हजार युगको हुन्छ । {७० हजार शङ्करको मृत्यु पश्चात् एक क्ष पुरूषको मृत्यु हुन्छ, त्यो समय अक्षर पुरूषको एक युग हुन्छ ।}' यसरी बनेका ए हजार युगको अक्षर पुरूषको एक दिन र यत्ति नै रात हुन्छ । यस्तै ३० दिन-रातक एक महिना र १२ महिनाको अक्षर पुरूषको एकवर्ष हुन्छ । अक्षर पुरूषको आयु १० वर्षको छ । यसपछि यिनको मृत्यु हुन्छ । त्यसैले गीता अध्याय १५ श्लोक १६ मा क्ष पुरूष तथा अक्षर पुरूष दुबैलाई नाशवान भनिएको छ । गीता अध्याय १५ श्लोक १ मा जसलाई वास्तवमा अविनाशी परमात्मा भनिएको छ, ती परमात्मा सम्पूर्ण प्राणीह नष्ट भएपनि नाश हुँदैनन् ।

प्रमाणः— गीता अध्याय ८ श्लोक २०-२२ मा स्पष्ट छ— ती परम अक्षर ब्रह्म सारा प्राणीहरू नष्ट भएपछि पनि कहिल्यै नष्ट हुँदैनन् ।

उदाहरणः— १. सेतो माटोबाट बनेको कप-प्लेट जस्तै उसको ज्ञान छ किनकि हातबाट छुटेर भुँइमा झर्‍यो भने फुट्छ अर्थात् नाशवान "क्षर" छ । यही स्थिति क्ष पुरूषको जानौं ।

२. अर्को कप-प्लेट स्टील (स्पात) को बनेको होस् । त्यो धेरै समय पश्चात खिया लागेर नष्ट हुन्छ । चाँडै फुट्ने वा नष्ट हुने हुँदैन । माटोबाट बनेको कपको तुलनामा स्टीलको कप-प्लेट चीर स्थायी हुन्छ । अविनाशी प्रतीत हुन्छ तर नाशवान छ । यस्तै खालको अवस्था वा रूपमा "अक्षर पुरूष" लाई जानौं ।

३. तेस्रो कप-प्लेट सुनको बनेको होस् । यो कहिल्यै नष्ट हुँदैन । त्यसमा खिय लाग्दैन । यही अवस्थामा "परम अक्षर ब्रह्म" लाई जानौं । यी वास्तवमा अविनाशी हुन् । यसैले प्रकरणवश "अक्षर" को अर्थ नाशवान पनि हुन्छ । वास्तवमा अक्षरको अर्थ अविनाशी परमात्मा हुन्छ ।

उदाहरणको लागिः— गीता अध्याय ८ श्लोक ११ को मूल पाठ

> यत् अक्षरम् वेद विदः वदन्ति विशन्ति यत् यतयः बीतरागाः
> यत् इच्छन्तः ब्रह्म चर्यम चरन्ति तत् ते पदम् संग्रहेण प्रवक्ष्ये (११)

अनुवादः— यस श्लोकमा "अक्षर" को अर्थ अविनाशी परमात्माका लागि हो (वेदविदः) तत्वदर्शी सन्त अर्थात् वेदको तात्पर्य जान्ने महात्मा (यत्) जसलाई (अक्षरम्) अविनाशी (वदन्ति) भनिन्छ । (यतयः) साधनारत (बीतरागा) आशक्तिरहित साधक (यत्) जुन लोकमा (विशन्ति) प्रवेश गर्छन् र (यत्) जुन परमात्मालाई (इच्छन्तः) चाहने साधक (ब्रह्म चर्यम) ब्रह्मचर्य अर्थात् शिष्य परम्पराको (चरन्ति) आचरण गर्छन्, (तत्) त्यो (पदम्) पद (ते) तिम्रा लागि म (संग्रहेण) संक्षेपमा (प्रवक्ष्ये) भन्छु । यस श्लोकमा "अक्षर" को अर्थ अविनाशी परमात्मा ठीक छ । कबीर जीले सूक्ष्म वेदमा भन्नु भएको छः—

गुरू बिन काहु न पाया ज्ञाना, ज्यों थोथा भूष छिडे मुढ किसाना ।
गुरू बिन वेद पढे जो प्राणी, समझे ना सार रहे अज्ञानी ॥

प्रश्न १०: हजुर पूर्ण मोक्ष केलाई मान्नु हुन्छ ?

उत्तरः गीता अध्याय १५ श्लोक ४ मा वर्णन छ– तत्त्वदर्शी सन्तको प्राप्ति पश्चात् तत्वज्ञान रूपी शस्त्रद्वारा अज्ञानलाई काटेर अर्थात् राम्ररी ज्ञान बुझेर त्यसपछि परमेश्वरको परम पद (सत्य लोक) को खोजी गर्नु पर्छ । जहाँ गएपछि साधक पुनः फर्केर संसारमा कहिल्यै आउँदैन अर्थात् उसको जन्म कहिल्यै हुँदैन । सर्व रचना गर्ने परमात्माको मात्र भक्ति पूजा गर । पूर्ण मोक्ष त्यसैलाई भनिन्छ, जसको प्राप्ति पश्चात् पुनः जन्म नहोस्, जन्म-मरणको चक्र सदाका लागि समाप्त होस् ।

प्रश्न ११: के गीता ज्ञानदाता ब्रह्मको भक्तिबाट पूर्ण मोक्ष सम्भव छ ?

उत्तरः छैन ।

प्रश्न १२: गीता अध्याय ८ श्लोक १६ मा प्रमाण छः गीता ज्ञानदाताले भनेका छन्– हे अर्जुन ! मलाई प्राप्त गरि सकेपछि पुनर्जन्म हुँदैन । तर हजुर कसरी ब्रह्म भक्तिबाट पूर्णमोक्ष सम्भव छैन भन्नु हुन्छ ?

उत्तरः श्री देवी महापुराण (सचित्र मोटा टाइप केवल हिन्दी गीता प्रेस गोरखपुरबाट प्रकाशित) को सातौं स्कन्ध पृष्ठ ५६२-५६३ मा प्रमाण छ । नेपाली अनुवादः श्री देवी जीले राजा हिमालयलाई उपदेश दिदै भनिन्- हे राजन ! अन्य सबै कुरालाई छोडेर, मेरो भक्ति पनि छोडेर केवल एक ओम् (ॐ) नामको जप गर, "ब्रह्म" प्राप्तिको यही एक मन्त्र हो । यसबाट संसारभन्दा पारि रहेका ब्रह्मलाई पाउने छौ, तिम्रो कल्याण होस् । उनी ब्रह्मलोक रूपी दिव्याकाशमा रहन्छन् ।

भावार्थः–ब्रह्म साधनाको केवल एक ओम् (ॐ) नामको जाप छ । यसबाट ब्रह्मको प्राप्ति हुन्छ र त्यो साधक ब्रह्मलोक जान्छ । यसै गीता अध्याय ८ श्लोक १६ मा भनिएको छ– ब्रह्मलोक सहित सम्पूर्ण लोक पुनरावृत्तिमा छ अर्थात् ब्रह्मलोमा गएका साधकको पनि पुनर्जन्म हुन्छ । ब्रह्मको भक्तिले पूर्ण मोक्ष हुँदैन । यस गीता अध्याय ८ श्लोक १६ को अनुवाद (गीता प्रेस गोरखपुरबाट प्रकाशित गीतामा तथा अन्य प्रकाशनका गीतामा) गलत लेखिएको छ, गीता अध्याय ८ श्लोक १६ः

आ ब्रह्म भुवनात् लोकाः पुनरावर्तिनः अर्जुन ।
माम् उपेत्य तु कौन्तेय पुनर्जन्म न विधते ॥ (१६)

यसको गलत अनुवाद यस्तो छः

हे अर्जुन ! ब्रह्मलोक पर्यन्त सबै लोक पुनरावृत्तिमा छन् अर्थात् जहाँ गए पश्चात् पुनः संसारमा आउनु पर्छ । तर मलाई प्राप्त गरेपछि पुनः जन्म हुँदैन । (यो अनुवाद गलत छ) यसै पुस्तकको पृष्ठ २०४-३५७ मा गीता प्रेश गोरखपुरबाट प्रकाशित श्रीमद्भगवत गीताको अध्याय ८ श्लोक १६ को अनुवादको फोटोकपी हेर्नु होस् ।)

यसको वास्तविक अनुवाद यस प्रकार छः– ब्रह्मलोक सम्मका सम्पूर्ण लो पुनरावृत्तिमा छन् आर्थत् ब्रह्म लोकमा गएका व्यक्तिहरूको पनि पुनर्जन्म हुन्छ, जस यो बुझ्दैन । हे अर्जुन । मलाई प्राप्त गरे पनि तिनीहरूको पुनर्जन्म छ । यस श्लोक "विद्यते" शब्दको अर्थ "जान्नु" हुन्छ । गीता अध्याय ६ श्लोक २३ मा "विद्यात्" शब्द अर्थ जान्नु गरिएको छ । यहाँ यस श्लोकमा पनि "विद्यते" को अर्थ "जान्नु" हुन्छ अझ स्पष्ट गर्नका लागि गीता अध्याय ८ श्लोक १५ पर्याप्त छ ।

मूल पाठः– माम उपेत्य पुनर्जन्म दुःखालयम् अशाश्वतम् ।

न आप्नुवन्ति महात्मनः संसिद्धिम परमाम् गताः ॥ (८/१५)

अनुवादः– (माम) मलाई प्राप्त गरेपछि पनि (पुनर्जन्म) पुनर्जन्म हुन्छ जु (अशाश्वतम्) नाशवान जीवन (दुःखालयम्) दुःखको घर हो । (परमाम्) परम (संसिद्धि गता) सिद्धि प्राप्त गरेका (महात्मयः) महात्माजनले (न आप्नुवन्ति) पुनर्जन्म प्राप गर्दैनन् । (गीता अध्याय ८ श्लो १५)

भावार्थः– गीता ज्ञानदाताले भनेका छन्– मलाई प्राप्त गरेर त दुःखहरूको घ प्राप्त हुन्छ । यो क्षणभङ्गुर जीवन जन्म-मरणमा हुन्छ । जुन महात्माले परम गति प्राप गर्छ, उनको पुनर्जन्म हुँदैन ।

विचार गरौँः– यदि गीता अध्याय ८ श्लोक १ देखि १० सम्मको साराः निकालौँ, जुन यस प्रकार छः– अर्जुनले सोधे (गीता अध्याय ८ श्लोक १)– तत् ब्रह के हो ? गीता ज्ञानदाताले गीता अध्याय ८ श्लोक ३ मा उत्तर दिएका छन्, त्यो "पर अक्षर ब्रह्म" हो ।

फेरि गीता ज्ञानदाताले अध्याय ८ श्लोक ५ तथा ७ मा आफ्नो भक्ति गर्न भनेक छन् र गीता अध्याय ८ श्लोक ८, ९ र १० मा "परम अक्षर ब्रह्म" को भक्ति गर्न भन आफ्नो भक्तिको मन्त्र गीता अध्याय ८ श्लोक १३ मा भनेका छन्– म ब्रह्मको केवल एक ओम् (ॐ) अक्षर हो । उच्चारण गरेर स्मरण गर्दै जसले शरीर त्याग्दछ, उसल परमगति प्राप्त गर्दछ । पहिले नै श्री देवी पुराणद्वारा ॐ जाप गरेर ब्रह्म लोक प्राप्त हुन्छ भन्ने सिद्ध गरिएको छ । गीता अध्याय ८ श्लोक १६ मा स्पष्ट छ–ब्रह्म लोकम गएका साधकको पनि पुनर्जन्म हुन्छ । त्यसैले गीता अध्याय ८ श्लोक १३ मा ॐ नामको जापले हुने परमगतिको वर्णन छ, तर गीता अध्याय ८ श्लोक ८, ९ र १० म जुन सच्चिदानन्द घन ब्रह्म अर्थात् परम दिव्य पुरूषको भक्ति गर्न भनिएको छ, उनको मन्त्र गीता अध्याय १७ श्लोक २३ मा लेखिएको छ ।

ॐ, तत्, सत्, इति, निर्देशः, ब्रह्मणः, त्रिविधः, स्मृतः ।
ब्राह्मणाः तेन, वेदाः च, यज्ञाः, च, विहताः परा ॥

अनुवादः– सच्चिदानन्द घन ब्रह्मको भक्तिको मन्त्र "ॐ" ततः सत् हो । "ॐ" मन्त्र ब्रह्म अर्थात् क्षर पुरूषको हो । तत् मन्त्र साङ्केतिक छ, यो अक्षर पुरूषको मन्त्र हो । सत् मन्त्र पनि साङ्केतिक छ, जुन परम अक्षर ब्रह्मको मन्त्र हो । यी तीनै मन्त्रका जापद्वारा त्यो परम गति प्राप्त हुने छ, जुन गीता अध्याय १५ श्लोक ४ मा भनिएको छ– जहाँ गए पश्चात् साधक पुनः फर्केर संसारमा कहिल्यै आउँदैनन् ।

यदि गीता अध्याय ८ श्लोक १६ को मलाई प्राप्त गर्नेको पुनर्जन्म हुँदैन भन्ने अर्थ सही मान्ने हो भने गीता अध्याय २ श्लोक १२, गीता अध्याय ४ श्लोक ५ तथा गीता अध्याय १० श्लोक २ गलत सिद्ध हुन्छ, जसमा गीता ज्ञानदाताले भनेका छन्– अर्जुन । तिम्रो र मेरो थुप्रै जन्म भइ सकेको छ, तिमी जान्दैनौ, म जान्दछु । मेरो उत्पत्तिको बारेमा देवता, महर्षिगण तथा सिद्ध कसैले जान्दैनन् । यहाँ विचारणीय कुरा के छ भने जब साध्य इष्टको नै जन्म-मृत्यु हुन्छ भने साधकलाई पुनर्जन्म नहुने मोक्ष कसरी प्राप्त हुन सक्छ ।

यसैले गीता अध्याय ८ श्लोक १६ को मैले माथि गरेको अनुवाद नै सही हो । गीता ज्ञानदाता भन्छन्–ब्रह्म लोकसम्मका सम्पूर्ण लोक पुनरावृत्तिमा छन् अर्थात् ब्रह्मलोकमा गएका प्राणीहरू पनि पुनः फर्केर संसारमा जन्म लिन्छन् । जसले यो जान्दैन, तिनले मेरो भक्ति गरेर पनि पुनर्जन्म प्राप्त गर्छन् । त्यसैले गीता ज्ञानदाताले अध्याय १८ श्लोक ६२ मा भनेका छन्– हे अर्जुन । तिमी सर्व भावले ती परमेश्वरको शरणमा जाऊ, उनै परमेश्वरको कृपाले नै तिमीले परम शान्ति तथा सनातन परमधाम अर्थात् सत्यलोक प्राप्त गर्ने छौ । यही प्रमाण गीता अध्याय १५ श्लोक ४ मा छ– तत्त्वदर्शी सन्तबाट तत्त्वज्ञान प्राप्त गरेर त्यस तत्त्वज्ञान रूपी शास्त्रले अज्ञानलाई काटेर त्यसपछि परमेश्वरको त्यो परम पदको खोजी गर्नु पर्छ, जहाँ गए पश्चात् साधक फेरि फर्केर संसारमा कहिल्यै आउँदैन ।

जुन परमेश्वरबाट संसार रूपी वृक्षको प्रवृत्ति विस्तार प्राप्त भयो अर्थात् जुन परमेश्वरले संसारको रचना गरेका हुन्, उनै परमेश्वरको विषयमा गीता ज्ञानदाता भन्छन्– केवल उनैको भक्ति गर, उनैबाट सबैको कल्याण सम्भव छ ।

ब्रह्मको भक्तिले पूर्ण मोक्ष सम्भव छैन, केवल पूर्ण परमात्मा (परम अक्षर ब्रह्म) को भक्तिले नै पूर्ण मोक्ष सम्भव छ भन्ने प्रमाणित भयो ।

प्रश्न न. १३ः– ओम् (ॐ) यो मन्त्र त ब्रह्मको जाप भयो, फेरि किन ब्रह्मका भक्तिले पूर्ण मोक्ष हुँदैन भन्नु हुन्छ । तपाईले गीता अध्याय १७ श्लोक २३ मा "ॐ तत् सत्" यस मन्त्रको जापले पूर्ण मोक्ष हुन्छ भन्नु भयो । यस मन्त्रमा पनि त ओम् (ॐ) मन्त्र छ ।

उत्तरः– जस्तो इन्जिनियर या डाक्टर बन्नका लागि शिक्षाको अवश्यकता हुन्छ । पहिले कक्षा एक पढ्नु पर्छ, अनि कक्षा दुई, यसैगरी कक्षा १० पास हुनु पर्छ ।

त्यसपछि उच्च शिक्षा ग्रहण गर्नु पर्छ । त्यसपछि तालिम गरेर डाक्टर वा इन्जिनियर बनिन्छ । ठीक यसैगरी श्री ब्रह्मा, विष्णु, शिव, गणेश तथा देवीको साधना गर्नु पर्छ म स्वयम् पनि गर्छु र आफ्ना अनुयायीहरूबाट पनि गराउँछु । यो कक्षा पाँच सम्मको पढाइ अर्थात् साधना हो भन्ने बुझ, ब्रह्मको साधना कक्षा १० सम्मको पढाइ हो भन्ने बुझ अर्थात् ब्रह्मलोक सम्मको साधना भनेको ओम् (ॐ) को जाप गर्नु हो र अक्षर पुरूषको साधनालाई १४ औं कक्षाको पढाइ अर्थात् साधना हो । यसमा तत् मन्त्रको जाप हुन्छ । तत् मन्त्र साङ्केतिक छ । वास्तविक मन्त्र त यस भन्दा भिन्न छ, जुन उपदेशीलाई मात्र बताइन्छ ।

परम अक्षर पुरूषको साधना इन्जिनियर वा डाक्टरको पढाइ अर्थात् साधना हो भन्ने बुझ जुन "सत्" शब्दद्वारा गर्नु पर्छ । यो "सत्" शब्दद्वारा गर्नु पर्छ । यो "सत्" मन्त्र पनि साङ्केतिक छ । वास्तविक मन्त्र त भिन्न छ, जुन उपदेशीलाई मात्र बताइन्छ । यसलाई सारनाम पनि भनिन्छ ।

त्यसैले मात्र "ब्रह्म" को नाम ओम् (ॐ) द्वारा पूर्ण मोक्ष प्राप्त हुन सक्दैन । "ॐ" नामको जाप ब्रह्मको हो । यस साधनाले ब्रह्मलोक प्राप्त हुन्छ, जसको विषयमा गीता अध्याय ८ श्लोक १६ मा भनिएको छ– ब्रह्मलोकमा गएको साधकले पनि पुनर्जन्म प्राप्त गर्छ । पुनर्जन्म छ भने पूर्ण मोक्ष भएन, जुन गीता अध्याय १५ श्लोक ४ मा भनिएको छ– परमात्माको त्यो परमपदको खोज गर्नु पर्छ, जहाँ गए पश्चात् साधक कहिल्यै फर्केर पुनर्जन्ममा आउँदैनन् । त्यो पूर्ण मोक्ष पूर्ण गुरूबाट शास्त्रानुकूल भक्ति प्राप्त गरेर मत्र सम्भव छ । वर्तमान विश्वमा शास्त्रानुकूल भक्ति म (सन्त रामपाल दास) बाहेक अरू कसैसँग छैन ।

प्रश्न नं. १४:– पसमात्मा एक छन् कि अनेक ?

उत्तर:– कुलका मालिक एक छन् ।

प्रश्न नं. १५:– ती कुलका मालिक परमात्मा को हुन् ? प्रमाण कहाँ छ ?

उत्तर:– कुलका मालिक परमात्मा "परम अक्षर ब्रह्म" हुन् ।

प्रमाणः श्रीमद्भगवत गीता अध्याय १५ श्लोक १ देखि ४ तथा १६-१७ मा प्रमाण छ । गीता अध्याय १५ श्लोक १ देखि ४ को सारांश तथा भावार्थः उल्टो झुण्डिएको वृक्ष समान संसारलाई जान । जस्तो वृक्षको जराहरू त मास्तिर छन् र तल्तिरका हाँगाहरूलाई तीन गुणरूपी जान । गीता अध्याय १५ श्लोक १ मा तत्त्वदर्शी सन्तको पहिचान के हो भन्ने पनि स्पष्ट गरिएको छ । तत्त्वदर्शी सन्त ती हुन्, जसले संसार रूपी वृक्षको सर्वाङ्ग (सबै भागहरू) भिन्न-भिन्न रूपमा बताउँछन् ।

विषेशः– यस भन्दा पछाडि राखिएका वेद मन्त्रका फोटोकपीहरू, आर्यसमाजका आचार्यहरू तथा महर्षि दयानन्दद्वारा अनुवादित हुन् । साथै सार्वदेशिक आर्य प्रतिनिधि सभा दिल्लीद्वारा प्रकाशित भएका हुन् । जसमा परमेश्वर स्वयम् पृथ्वीमा स-शरीर प्रकट भएर कविहरूको जस्तो आचरण गर्दै सत्य आध्यात्मिक ज्ञान सुनाउँछन् भन्ने वर्णन छ । (प्रमाण ऋग्वेद मण्डल नं. ९ सूक्त ८६ मन्त्र २६-२७, ऋग्वेद मण्डल ९ सूक्त ८२ मन्त्र १-२, ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र १६ देखि २०, ऋग्वेद मण्डल ९ सूक्त ९४ मन्त्र १, ऋग्वेद मण्डल ९ सूक्त ९५ मन्त्र २, ऋग्वेद मण्डल ९ सूक्त २० मन्त्र १, ऋग्वेद मण्डल ९ सूक्त ५४ मन्त्र ३ मा) यी मन्त्रहरूमा भनिएका छन्– परमात्मा सम्पूर्ण भवनहरू अर्थात् लोकहरूभन्दा माथिको लोकमा विराजमान छन् । जब-जब पृथ्वीमा अज्ञानको वृद्धि हुनाले अधर्म बढ्छ, तब परमात्मा स्वयम् स-शरीर हिंडेर पृथ्वीमा प्रकट भई यथार्थ अध्यात्म ज्ञानको प्रचार लोकोक्तिहरू, शब्दहरू, चौपाइहरू, साखीहरू र कविताको माध्यमबाट कविको जस्तो आचारण गर्दै घुमफिर गर्छन् । जसले गर्दा एक प्रसिद्ध कविको उपाधि पनि प्राप्त गर्छन् । कृपया उपरोक्त मन्त्रको फोटोकपी यसै पुस्तकको पृष्ठ १०४ देखि ११९ मा हेर्नु होस् ।

परमात्माले आफ्नै मुख कमलबाट बोलेरै ज्ञान सुनाउनु भयो । त्यसलाई सूक्ष्म वेद भनिन्छ । त्यसैलाई तत्त्वज्ञान पनि भनिन्छ । तत्त्वज्ञान प्रचार गरेकाले परमात्मा "तत्त्वदर्शी सन्त" पनि कहलिनु हुन्छ । त्यस तत्त्वदर्शी सन्त रूपमा प्रकट परमात्माले संसार रूपी वृक्षको सर्वाङ्गको वर्णन यसरी बताउनु भएको छः–

कबीर, अक्षर पुरूष एक वृक्ष है, क्षर पुरूष वाकि डार ।
तिनों देवा शाखा हैं, पात रूप संसार ॥

भावार्थः– पृथ्वीभन्दा बाहिर देखिने वृक्षको भागलाई फेद भनिन्छ । संसार रूपी वृक्षको फेद त अक्षर पुरूष हो । फेदबाट मोटो हाँगा निस्केको हुन्छ त्यसलाई क्षर पुरूष जानौं, मोटो हाँगाबाट मानौं तीनवटा शाखा निस्केको हुन्छ, तिनै देवता (रजगुण ब्रह्मा, सतगुण विष्णु र तमोगुण शिव जी) हुन् तथा यी शाखाहरूबाट निस्केका स-साना हाँगा बिंगा एवं पातहरू संसार हुन् भन्ने जानौं । यस संसार रूपी वृक्षको भाग पृथ्वीभन्दा बाहिर देखिन्छ । मूल (जरा) जमीन भित्र छ, जसबाट वृक्षका सम्पूर्ण भागहरूको पोषण हुन्छ । गीता अध्याय १५ श्लोक १६-१७ मा तीन पुरूष भनिएको छ । श्लोक १६ मा दुई पुरूष भनिएको छ "क्षर पुरूष तथा अक्षर पुरूष" दुबैको स्थिति माथि बताइएको छ । गीता अध्याय १५ श्लोक १६ मा पनि भनिएको छ– क्षर पुरूष तथा अक्षर पुरूष दुबै नाशवान छन् । यिनका अन्तर्गतमा जति पनि प्राणी छन् ती पनि नाशवान छन् । तर आत्मा त कसैको पनि मर्दैन । गीता अध्याय १५ श्लोक १७ मा भनेका छन्– उत्तम पुरूष अर्थात् पुरूषोत्तम त क्षर पुरूष र अक्षर पुरूष भन्दा भिन्न छन्, जसलाई परमात्मा भनिएको छ । यसै प्रभुको जानकारी गीता अध्याय ८ श्लोक ३ मा छ जसलाई "परम अक्षर ब्रह्म" भनिएको छ । गीता अध्याय १५ श्लोक १७ मा

यिनैको वर्णन छ । यिनै प्रभु तीनै लोकमा प्रवेश गरेर सबैको धारण-पोषण गर्छन् यिनी वास्तवमा अविनाशी परमेश्वर हुन् । जसबाट वृक्षको पोषण हुन्छ, यसैले सबैक धारण पोषण गर्ने परम अक्षर ब्रह्म हुन् । जस्तो अगाडि गीता अध्याय १५ श्लोक १-४ मा बताइएको छ— माथिल्तिर जरा भएको, तल्तिर शाखा भएका संसार रूपी वृक्ष छ जसबाट नै वृक्षको धारण-पोषण हुन्छ । यसैले संसार रूपी वृक्षको जरा (मूल) पर अक्षर ब्रह्म नै सर्ब पुरूषहरू (प्रभुहरू) का पालनहार तथा यिनका विस्तार (रचन गर्ने = सृजनहार) हुन् । यिनै कुलका मालिक हुन् ।

प्रश्न नं. १६: के रजगुण ब्रह्मा, सतगुण विष्णु तथा तमगुण शङ्कर (शिव) को पूजा (भक्ति) गर्नु पर्छ ?

उत्तरः—पर्दैन ।

प्रश्न नं. १७: रजगुण ब्रह्मा, सतगुण विष्णु तथा तमगुण शङ्कर (शिव) को पूजा (भक्ति) गर्नु हुँदैन भन्ने प्रमाण कहाँ छ ?

उत्तरः—श्रीमद्भगवत गीता अध्याय ७ श्लोक १२ देखि १५, २० देखि २३, गीता अध्याय ९ श्लोक २३-२४, गीता अध्याय ७ श्लोक १२ देखि १५ मा प्रमाणहरू छन् । रजगुण ब्रह्मा, सतगुण विष्णु र तमगुण शिवको भक्ति गर्ने व्यक्ति राक्षस स्वभाव धारण गरेका मनुष्यहरूमा नीच, दूषित कर्म गर्ने मूर्खले मलाई पनि भज्दैन । (यही प्रमाण गीता अध्याय ७ श्लोक १२ देखि १५ मा छ।) फेरि गीता अध्याय ७ को नै श्लोक २० देखि २३ तथा गीता अध्याय ९ श्लोक २३-२४ मा यही भनिएको छ र क्षर पुरूष, अक्षर पुरूष तथा परम अक्षर पुरूष (गीता अध्याय १५ श्लोक १६-१७ मा वर्णन छ) लाई बाहेक श्री ब्रह्मा, श्री विष्णु तथा श्री शिव जी अन्य देवताहरूमा गनिन्छन् । यी दुई अध्यायहरू (अध्याय ७ र अध्याय ९) मा माथि लेखिएका श्लोकहरूमा गीता ज्ञानदाताले भनेका छन्— साधकले जुनसुकै उद्देश्य लिएर अन्य देवताहरूलाई भजे पनि भगवान सम्झेर भज्दछन् । ती देवताहरूलाई मैले केही शक्ति प्रदान गरेको छु । देवताहरूलाई भज्नेहरूले मैले बनाएको विधानबाट केही लाभ प्राप्त गर्छन् । तर ती अल्प बुद्धि भएकाहरूको त्यो फल नाशवान हुन्छ । देवताहरूलाई पुज्नेहरू देवताहरूको लोकमा जान्छन् । मेरो पुजारीले मलाई प्राप्त गर्दछ ।

गीता अध्याय १६ श्लोक २३-२४ मा भनिएको छ— जुन साधकले शास्त्रविधि त्योगर मनोमानी आचरण गर्छन् अर्थात् जुन देवता, पितृ, यक्ष, भैरव तथा भूतहरूको भक्ति गर्छन् र मनोकल्पित मन्त्रको जाप गर्छन् । उनीहरूलाई न कुनै सुख प्राप्त हुन्छ, न कुनै सिद्धि तथा न उसको गति अर्थात् मोक्ष हुन्छ । त्यसले तिम्रा लागि हे अर्जुन ! कर्तव्य (जुन भक्ति गर्नु पर्ने हो) र अकर्तव्य (जुन भक्ति गर्नु हुँदैन) व्यवस्थामा शास्त्र नै प्रमाण हो । गीता अध्याय १७ श्लोक १ मा अर्जुनले सोधे— हे कृष्ण ! (किनकि अर्जुन

श्री कृष्णले नै ज्ञान सुनाइ रहेछन् भन्ने ठानी रहेका थिए, तर ती कृष्णको शरीरमा प्रेत जसरी प्रवेश गरेर कालले (ब्रह्म) ज्ञान भनि रहेका थिए, जुन अगाडि नै प्रमाणित भइ सकेको छ ।) जुन व्यक्तिले शास्त्रविधि त्यागेर अन्य देवताहरू आदिका पूजा गर्दछन्, तिनीहरू कस्ता स्वभावका हुन्छन् ? गीता ज्ञानदाताले भने– सात्विक व्यक्तिले देवताहरूको पूजा गर्छन् । राजसी व्यक्तिले यक्षहरू एवं राक्षसहरूको पूजा तथा तामसी व्यक्तिले प्रेत आदिको पूजा गर्छन् । यी सबै शास्त्रविधि रहित कर्म हुन् । फेरि गीता अध्याय १७ श्लोक ५-६ मा भनिएको छ– जुन मनुष्यले शास्त्रविधि रहित केवल मनोकल्पित घोर तप ताप्छन्, ती दम्भी (अभिमानी) हुन् र शरीरका कमलहरूमा विराजमान शक्तिहरू तथा मलाई पनि उल्लंघन गर्ने राक्षस स्वभावको अज्ञानी जान ।

सूक्ष्म वेदमा पनि परमेश्वर जीले भन्नु भएको छः–

कबीर, माई मसानी सेढ शीतला भैरव भूत हनुमंत ।
परमात्मा से न्यारा रहै, जो इनको पूजंत ।।
राम भ जै तो राम मिलै, देव भजै सो देव ।
भूत भजे सो भूत भवै, सुनो सकल सुर भेव ।।

यसबाट स्पष्ट हुन्छ– श्री ब्रह्मा जी (रजगुण), श्री विष्णु जी (सतगुण) श्री शिव जी (तमगुण) को पूजा (भक्ति) साथ-साथै भूत-पितृको पूजा (श्राद्ध, तेह्राँको काम, पिण्ड दिनु आदि सबै प्रेत पूजा हुन्), भैरव तथा हनुमानको पूजा पनि गर्नु हुदैन ।

प्रश्न नं. १८ः क्षर पुरुष (ब्रह्म) को पूजा (भक्ति) गर्नु पर्छ कि पर्दैन ?

उत्तरः– गीता अध्याय १५ श्लोक ४ मा बताइएको छ– यदि पूर्ण मोक्ष चाहन्छौ भने तत्त्वज्ञान प्राप्ति पश्चात् परमेश्वरको त्यो परमपदको खोज गर्नु पर्छ, जहाँ गए पश्चात् साधक फर्केर फेरि यस संसारमा कहिल्यै जन्म लिदैन । त्यसैले "संसार रूपी वृक्षको हाँगो" क्षर पुरूषको पूजा (भक्ति) गर्नु हुंदैन ।

प्रश्न नं. १९ः पहिलेका जति पनि ऋषि-महर्षि थिए, ती सबै ब्रह्मको पूजा गर्थे र गराउंथे । "ओम्" (ॐ) नामलाई सबैभन्दा ठूलो तथा उत्तम भन्थे र यही मन्त्र जाप गर्न भन्थे, के ती अज्ञानी थिए ? यदि ब्रह्मको भक्ति उत्तम होइन भने गीतामा कुनै प्रमाण बताउनु होस् ।

उत्तरः– अगाडि नै बताइ सकिएको छ यथार्थ अध्यात्म ज्ञान परमेश्वर स्वयम् (परम अक्षर ब्रह्म) धरतीमा सशरीर प्रकट भएर सही-सही रूपमा बताउनु हुन्छ । यसको प्रमाण स्वरूप पेज नं. १०४ मा वेदमन्त्रहरू हेर्नु होस् । परमेश्वरद्वारा बताइएको ज्ञानलाई सूक्ष्म वेद (तत्त्वज्ञान) भनिन्छ । तत्त्वज्ञानमा परमात्माले बताउनु भएको छः–

गुरू विन काहु न पाया ज्ञाना, ज्यों थोथा भुष छडे मूढ किसाना ।
गुरू विन वेद पढै जो प्राणी, समझे न सार रहे अज्ञानी ।।

सतगुरू प्राप्त नभएका ऋषि तथा महर्षिहरूले वेद त पढे तर वेदहरूका सार बुझ्न सकेनन् । तिनीहरूको यस्तो अवस्था थियो । उदाहरणको लागि श्री देवी पुराण (सचित्र मोटा टाईप, गीता प्रेस गोरखपुरबाट प्रकाशित) को पृष्ठ ४१४ मा (चौथो स्कन्धमा) लेखिएको छ– सत्ययुगका ब्राह्मण (महर्षि) वेदका पूर्ण विद्वान हुन्थे र यी देवी (दुर्गा) को पूजा गर्थे ।

विचार गरौं:–श्रीमद्भगवत गीता चारै वेदको सारांश हो । तपाई गीता जी त जान्नु हुन्छ, पढ्नु पनि हुन्छ होला । के गीतामा कहीं कतै "श्री देवी" को पूजा गर भनेर लेखिएको छ ? चारै वेदमा पनि श्री देवी (दुर्गा) को पूजा गर भनेर कतै लेखिएको छैन, अनि के ती महर्षिहरूले वेदहरू बुझेका रहेछन् त ? के को विद्वान थिए सत्ययुगका महर्षिहरू ? ओम् (ॐ) नाम सबैभन्दा ठूलो र उत्तम हो तथा ब्रह्म पूजा (भक्ति) सर्वश्रेष्ठ हो भन्थे । यो ती महर्षिहरूको मनोमानी विधान हो । प्रिय पाठकहरू ! ब्रह्मलाई इष्टदेव मानेर पूजा गर्ने ती अज्ञानी थिए । तिनको ब्रह्म साधना अनुत्तम गति दिने खालको छ ।

गीतामा प्रमाण:–श्रीमद्भगवत अध्याय ७ श्लोक १२ देखि १५ मा बताइएको छ– तीनै गुणहरू (रजगुण ब्रह्मा, सतगुण विष्णु तथा तमगुण शङ्कर) को पूजा गर्नेहरू राक्षस स्वभाव धारण गरेका मनुष्यहरूमा नीच दुषित कर्म गर्ने मूर्खहरू मलाई पनि भज्दैनन् । यो गीता ज्ञानदाताले भनेका हुन् । फेरि गीता अध्याय ७ को श्लोक १६ देखि १८ मा गीता ज्ञानदाता (ब्रह्म) भन्छन्– मेरो भक्ति चार प्रकारले गर्छन् । अर्थार्थी, आर्थ, जिज्ञासु तथा ज्ञानी । फेरि भने, ज्ञानी मलाई मन पर्छ र ज्ञानीले मलाई मन पराउंछन् । (गीता अध्याय ७ श्लोक १८) यस श्लोकमा गीता ज्ञानदाता भन्छन्– ज्ञानी आत्माहरू उदार (राम्रा) त छन्, तर यी सब मेरा अनुत्तम गति अर्थात् घटिया गतिमा आश्रित छन् । यस श्लोक (गीता अध्याय ७ श्लोक १८) मा गीता ज्ञानदाता (ब्रह्म) स्वयम् स्वीकार गरि रहेका छन्– मेरो भक्तिबाट हुने गति अनुत्तम (अश्रेष्ठ = घटिया) हो । गीता अध्याय ७ श्लोक १९ मा भनेका छन्:–

बहुनाम, जन्मानाम, अन्ते, ज्ञानवान्, माम् प्रपद्यते,
वासुदेवा:, सर्वम् इति स: महात्मा सुदुर्लभ: ॥

अनुवाद:– गीता ज्ञानदाता भन्छन्– मेरो भक्ति थुप्रै-थुप्रै जन्महरूको अन्तमा कुनै ज्ञानी आत्माले मात्र गर्दछ अन्यथा अन्य देवी देवताहरू एवं भूत-पितृहरूको भक्तिमा जीवन नाश गरि रहन्छन् । गीता ज्ञानदाताले गीता अध्याय ७ श्लोक १८ मा आफ्नो भक्तिबाट हुने लाभ अर्थात् गतिलाई पनि अनुत्तम (घटिया) भनेका छन्, त्यसैले गीता अध्याय ७ श्लोक १९ मा भन्छन्–

"बासुदेव" नै सबै थोक हुन् । यिनी नै सबैका सृजनहार हुन् । यिनै पापनाशक, पूर्ण मोक्षदायक तथा पूजाका लागि योग्य हुन् । यिनै बासुदेव नै कुलका मालिक परम

अक्षर ब्रह्म हुन् । केवल यिनैको भक्ति गर, अरूको होइन । यी कुरा बताउने महात्मा मुश्किलले पाइन्छ ।

गीता ज्ञानदाता स्वयम्ले पनि भनेका छन्– हे अर्जुन ! तिमी सर्व भावले ती परमेश्वरको शरणमा जाऊ । उनै परमेश्वरको कृपाले नै तिमीले परम शान्ति तथा सनातन परमधाम (सत्यलोक) प्राप्त गर्ने छौ । (यो प्रमाण गीता अध्याय १८ श्लोक ६२ मा छ) फेरि गीता अध्याय १८ श्लोक ४६ मा गीता ज्ञानदाता भन्छन्– जुन परमेश्वरबाट सम्पूर्ण प्राणीहरूको उत्पत्ति भएको छ, जसबाट यो समस्त जगत व्याप्त छ, ती परमेश्वरलाई आफ्नो स्वभाविक कर्म गर्दै पूजा गरेर मनुष्यले परम सिद्धि प्राप्त गर्दछ । फेरि गीता अध्याय १५ श्लोक ४ मा भनेका छन्– तत्त्वज्ञान बुझे पश्चात् परमेश्वरको त्यो परमपदको खोजी गर्नु पर्छ । जहाँ गए पश्चात् साधक फर्केर फेरि संसारमा आउँदैन । जुन परमेश्वरबाट संसार रूपी वृक्षको प्रवृत्ति विस्तार भएको छ अर्थात् जुन परमेश्वरले सारा रचना गरेका छन्, उनैको पूजा गर । यसबाट ती ऋषिहरूलाई वेदका गूढ रहस्य ज्ञान भएन र अज्ञानी नै रहे भन्ने सिद्ध हुन्छ ।

प्रश्न नं. २०: गीता ज्ञानदाताले आफ्नो गतिलाई अनुत्तम किन भने ?

उत्तरः– गीता ज्ञानदाताले अध्याय २ श्लोक १२, गीता अध्याय ४ श्लोक ५ र गीता अध्याय १० श्लोक २ मा भनेका छन्– अर्जुन ! तिम्रो र मेरो थुप्रै जन्म भइसकेको छ । तिमी जान्दैनौ, म जान्दछु । मेरो उत्पत्तिको बारेमा ऋषि-महर्षि तथा देवताहरू जान्दैनन् । तिमी र म तथा यी राजा एवं सैनिकहरू पहिले पनि धेरै पटक जन्मेका थियौं, पछि पनि जन्मने छौं । पाठकगण विचार गरौंः– जब ब्रह्म स्वयमले मेरो पनि जंन्म-मरण हुन्छ भनेका छन् भने ब्रह्मका पूजारीलाई गीता अध्याय १५ श्लोक ४ मा भएको गति (मोक्ष) प्राप्त हुन सक्दैन, जसमा जन्म-मरण सदाका लागि समाप्त हुन्छ । जबसम्म जन्म-मरण छ, तबसम्म परम शान्ति हुन सक्दैन । त्यसका लागि गीता ज्ञानदाताले असमर्थता व्यक्त गरेका छन् । गीता अध्याय १८ श्लोक ६२ मा भनेका छन्, परम शान्ति प्राप्त गर्नका लागि उनै परमेश्वर (परम अक्षर ब्रह्म) का शरणमा जाऊ, उनैको कृपाले तिमीलाई परमशान्ति तथा सनातन परमधाम प्राप्त हुने छ । गीता अध्याय ८ श्लोक ५ तथा ७ मा गीता ज्ञानदाताले भनेका छन्– मेरो भक्ति गर्छौ भने युद्ध पनि गर्नु पर्नेछ । जहाँ युद्ध हुन्छ, त्यहाँ शान्ति हुँदैन, परमशान्तिको घर टाढा छ । त्यसैले गीता ज्ञानदाताले आफ्नो गति (ॐ नामको जापद्वारा प्राप्त हुने लाभ) लाई अनुत्तम (घटिया) भनेका छन् ।

प्रश्न नं. २१: तपाईंले प्रश्न नं. १३ को उत्तरमा पूर्ण मोक्ष प्राप्तिको लागि ब्रह्मा, विष्णु, शिव, गणेश, देवी, क्षर ब्रह्म तथा अक्षर ब्रह्मको साधना गर्नु पर्छ भन्नु भयो । अनि फेरि भन्नु हुन्छ– ब्रह्मा, विष्णु, शिव, अन्य देवताहरू तथा क्षर ब्रह्म पनि पूजा (भक्ति) योग्य छैनन् । के केवल परम अक्षर ब्रह्मको मात्र पूजा (भक्ति) गर्नु पर्छ ?

उत्तरः– यो मैले भनेको होइन, हाम्रा सदग्रन्थहरूले भनेका छन् । पहिले त यो स्पष्ट गरौं कि पूजा तथा साधनामा के अन्तर छ ?

प्राप्य वस्तुको चाहलाई पूजा भनिन्छ तथा त्यसलाई प्राप्त गर्नका लागि गरिने प्रयत्नलाई साधना भनिन्छ ।

उदाहरणः जस्तो हामीलाई पानी चाहिएको छ । यो प्राप्य छ । हामीलाई पानीको चाह छ । पानी प्राप्त गर्न ह्याण्डपम्प गाड्नु पर्छ । ह्याण्डपम्प लगाउन प्रयोग गरिने साधन (उपकरण) बोकी लगाउनु आदि प्रयत्न हो । यसैगरी परमेश्वरको त्यो परमपद प्राप्त गर्नु हाम्रो चाह हो, जहाँ गए पश्चात् साधक फर्केर संसारमा आउँदैन । हाम्रो प्राप्य परमेश्वर तथा उनको सनातन परम धाम हो । त्यो प्राप्त गर्न गरिएको नाम-जाप, हवन-यज्ञ आदि साधना हुन् । त्यस साधनाले पूज्य वस्तु परमात्मा प्राप्त हुने छन् । जस्तो प्रश्न १३ को उत्तरमा स्पष्ट गरिएको छ । त्यही सटिक उदाहरण हो । त्यो पूर्ण मोक्षका लागि तीन पटकमा दीक्षा क्रम पूरा गर्नु पर्छ ।

१. प्रथम नाम दीक्षाः–ब्रह्मा, विष्णु, शिव, गणेश, देवीका मन्त्रहरूको साधना दिइन्छ ।

२. दोस्रो पटकमा क्षर ब्रह्म तथा अक्षर ब्रह्मको दुई अक्षरको मन्त्र जाप दिइन्छ, जसलाई सन्तहरूले "सतनाम" भनेका छन् । गीता अध्याय १७ श्लोक २३ मा तीन नाम छन्–ओम्-तत्-सत् । यस सतनाममा दुई अक्षर हुन्छ– एउटा "ओम्" (ॐ) अर्को "तत्" हो । (यो साङ्केतिक अर्थात् गुप्त नाम हो, जुन उपदेश दिने बेलामा उपदेशीलाई बताइन्छ ।)

३. तेस्रो पटकमा सारनामको दीक्षा दिइन्छ । जुन मन्त्रलाई गीता अध्याय १७ श्लोक २३ मा "सत्" भनिएको छ, यो पनि साङ्केतिक छ । दीक्षा दिने बेलामा उपदेश लिनेलाई मात्र बताइन्छ । यसरी पूर्ण मोक्ष प्राप्त हुन्छ ।

प्रश्न २२ः के पहिले गरि रहेको साधना त्याग्नु पर्छ ?

उत्तरः– यदि शास्त्रविधि रहित छ भने त्याग्नु पर्छ । अनाधिकारीबाट लिएको दीक्षा बाट कुनै लाभ हुँदैन । साधनाका लागि पूर्ण गुरूबाट दीक्षा लिनु पर्छ ।

प्रश्न नं. २३ः गीता अध्याय १८ श्लोक ४७ मा तथा गीता अध्याय ३ श्लोक ३५ मा भनिएको छः

श्रेयान् स्वधर्मः विगुणः परमधर्मात् स्वनुष्ठितात् ।
स्वधर्मे निधनम् श्रेयः परधर्मः भयावहः ॥ (गीता अध्याय ३ श्लोक ३५)

राम्रोसँग आचरणमा ल्याइएका अर्काको धर्मभन्दा गुणरहित भएपनि आफ्नो धर्म नै उत्तम हुन्छ । आफ्नो धर्ममा त मर्नु पनि कल्याणकारक हुन्छ र अर्काको धर्म भय दिने खालको हुन्छ ।

उत्तरः– यो अनुवाद गलत छ । यदि गुण रहित भए पनि आफ्नो धर्म त्याग्नु हुँदैन भन्ने कुरा सही हो भने फेरि श्रीमद्भगवत गीताको ज्ञान १८ अध्यायहरूका ७०० श्लोकहरूमा लेख्नु पर्ने के आवश्यक्ता थियो ? आफ्नो साधना गुण रहित वा जस्तो सुकै भए पनि त्यसलाई गरि राख भन्ने एक श्लोक नै पर्याप्त छ । फेरि गीता अध्याय ७ श्लोक १२ देखि १५ मा रजगुण ब्रह्मा, सतगुण विष्णु तथा तमगुण शिवको पूजा राक्षस स्वभाव धारण गरेका मनुष्यहरूमा नीच, दूषित कर्म गर्ने मूर्ख मानिस मलाई भज्दैनन् किन भने ? गीता ज्ञानदाताले ती साधकहरूसँग तिनीहरूको धर्म अर्थात् धार्मिक साधना त्याग्न भनेका छन् तथा गीता अध्याय ७ को नै श्लोक २० देखि २३ मा भनेका छन्– मेरो पूजा नगरी अन्य देवताहरूको पूजा गर्नेहरू अज्ञानी हुन् । उनीहरूको साधनाबाट शीघ्र समाप्त हुने सुख (स्वर्ग समय) प्राप्त हुन्छ । फेरि आफ्नो धार्मिक पूजा अर्थात् धर्मपनि त्याग्न भनेका छन् । पूर्ण लाभका लागि परम अक्षर ब्रह्मको धर्म अर्थात् धार्मिक साधना ग्रहण गर्न भनिएको छ ।

गीता अध्याय ३ श्लोक ३५ को यथार्थ अनुवाद यस प्रकार छः

अनुवादः– (विगुणः परधर्मात्स्वनुष्ठितात्) अर्काको गुणरहित अर्थात् लाभ रहित राम्रो खालको तडक-भडक भएको धर्म अर्थात् धार्मिक कर्मभन्दा (स्वधर्मः) आफ्नो शास्त्रविधि अनुसारको धार्मिक कर्म (श्रेयान्) अति उत्तम छ । (स्वधर्मे) आफ्नो शास्त्रविधि अनुसारको धर्म-कर्मको सङ्घर्षमा (निधनम्) मर्नु पनि (श्रेयः) कल्याण कारक हुन्छ । (परधर्म) अर्काको धार्मिक कर्म (भयावहः) भय दिने खालको हुन्छ ।

भावार्थः जस्तो जागरण आदि हुँदा त्यहाँ बडो सुरिलो तानमा सुरिलो गीता गाइन्छ । तडक-भडक पनि हुन्छ । आफ्नो शास्त्रविधि अनुसार धर्म-कर्ममा केवल नाम जाप वा सामान्य तरिकाले आरती गरिन्छ । कुनैपनि वेद या गीतामा श्रीदेवी जीको पूजा तथा जागरण गर्ने आज्ञा छैन । जसले गर्दा शास्त्रविधि त्यागेर मनोमानी आचरण भयो, त्यसैले यो व्यर्थ छ । अर्काको शास्त्रविधि रहित धार्मिक कर्म हेर्दा राम्रो लाग्छ । त्यसमा देखावटी अधिक हुन्छ, त्यसैले सत्य साधना गर्नेहरूलाई अर्काको धार्मिक कर्म देखेपछि कहीं मेरो भक्ति खराब त होइन भन्ने डर पैदा हुन्छ । तर तत्त्वज्ञान बुझेपछि यो भय समाप्त हुन्छ ।

तत्त्वज्ञानमा बताइएको छः–

दुर्गा ध्यान पडे जिस बगडम, ता संगति डूबै सब नगरम् ।
दम्भ करें डूंगर चढै, अन्तर झीनी झूल ।
जग जाने बन्दगी करें, बोवें सूल बबूल ।

यसैले निर्गुण अर्थात् लाभरहित धार्मिक साधनालाई त्यागेर सत्य साधना शास्त्रविधि अनुसार गर्नाले नै कल्याण हुने छ ।

प्रश्न नं. २४: मैले पारखी सन्त श्री अभिलाष दासको विचार सुनेको थिएँ । उन भन्दै थिए– संसारको रचना गर्ने कुनै भगवान आदि छैनन् । यो नर-मादाको संयोगले बन्दछ । अनि फेरि समाप्त भएर जान्छ । कुनै भगवान छैनन् । जीव नै ब्रह्म हो, जीव नै कर्ता हो, अभिलाष दासका यी विचार उचित हो या अनुचित ?

उत्तरः– यसको उत्तर श्रीमद्भगवत गीता अध्याय १६ श्लोक ६ देखि १० मा विस्तार पूर्वक दिइएको छ । यसमा भनिएको छ– आसुरी प्रकृतिका मानिसहरू भन्ने गर्छन्– संसार ईश्वर विनाको छ, स्त्री-पुरूषबाट उत्पन्न अर्थात् नर र मादाबाट उत्पन्न भएको हुन्छ, यसको कुनै कर्ता छैन । यस्ता व्यक्तिहरू संसारलाई नाश अर्थात बिगार्नका लागि जन्म लिन्छन् । सच्चाइ त यो हो परमात्मा सम्पूर्ण संसारको सृजनहार हुन् । जीव ब्रह्म होइन । ब्रह्मको अर्थ प्रभु (स्वामी) हुन्छ । जस्तो १. ब्रह्म– (जसलाई क्षर पुरूष पनि भनिन्छ ।) २१ ब्रह्माण्डहरूका स्वामी हुन् । २. अक्षर ब्रह्म–७ शङ्ख ब्रह्माण्डहरूका स्वामी हुन् । (जसलाई गीता अध्याय १५ श्लोक १६) मा जसलाई अक्षर पुरूष पनि भनिएको छ । ३. पूर्ण ब्रह्म– असङ्ख्यौं ब्रह्माण्डहरूका स्वामी हुन् । यिनै कुलका मालिक हुन् । (जसलाई गीता अध्याय ८ श्लोक ३ मा परम अक्षर ब्रह्म भनिएको छ ।) त्यसैले कुनै भगवान छैनन्, संसार केवल स्त्री-पुरूष या नर-मादा (नारी) बाट उत्पन्न हुन्छ र समाप्त हुन्छ । जीव नै कर्ता हो अर्थात् जीव नै ब्रह्म हो भन्नु पूर्णतया अनुचित हो ।

प्रश्न नं. २५: श्रीमद्भगवत गीतामा गीता ज्ञानदाताले अध्याय ८ श्लोक ५ तथा ७ मा भनेका छन्– जुन पुरूषले अन्तकालमा पनि मेरो स्मरण गर्दै शरीर त्याग्दछ, उसले मलाई नै प्राप्त गर्दछ । यसैले अर्जुन । हरपल मेरो स्मरण गर, युद्ध पनि गर, तिमीले मलाई नै प्राप्त गर्ने छौ । त्यसैले गीता अध्याय १८ श्लोक ६२ मा भनेका छन्– उनै परमात्माको शरणमा जाऊ । गीता ज्ञानदाताले घुमाइ-फिराइ भनेका छन्, मेरो नै साधना तथा स्मरण गर । तर तपाई अन्य परमात्माको विषयमा भनि रहनु भएको छ, त्यो विश्वसनीय छैन । के गीतामा गीता ज्ञानदाताले अन्य परमात्माको भक्ति साधना गर्नका लागि कहीं अरू पनि भनिएको छ ?

उत्तरः– गीता अध्याय ७ श्लोक २९ मा गीता ज्ञानदाताले भनेका छन्– केवल जरा (वृद्ध अवस्था) तथा मरण (मृत्यु) बाट छुटकरा पाउनका लागि प्रयत्नशील साधक "तत् ब्रह्म" संग परिचित छन् । अर्जुनले गीता अध्याय ८ श्लोक १ मा तत् ब्रह्म केहो भनेर सोधे । अध्याय ८ श्लोक ३ मा गीता ज्ञानदाताले तत् ब्रह्म भनेको "परम अक्षर ब्रह्म" हो भनेर बताएका छन् । गीता अध्याय ८ श्लोक ५ तथा ७ मा त गीता ज्ञानदाताले आफ्नो साधना अर्थात् स्मरण गर्न भनेका छन् । (गीता ज्ञानदाताले गीता अध्याय २ श्लोक १२, अध्याय ४ श्लोक ५ तथा अध्याय १० श्लोक २ मा आफ्नो जन्म-मरण पनि भनेका छन् । मेरो भक्तिले परम शान्ति हुन सक्दैन, युद्ध पनि गर्नु पर्छ

भनेका छन् । गीता ज्ञानदाताले जन्म-मरण सदा रहि रहन्छ पनि भनेका छन ।) फेरि तुरुन्तै गीता अध्याय ८ श्लोक ८, ९ र १० यी तीन श्लोकहरूमा गीता ज्ञानदाताले आफू भन्दा अर्को "परम अक्षर ब्रह्म" को भक्ति गर्न भनेका छन्– हे पार्थ । परमेश्वरको साधनाको अभ्यास योगबाट युक्त अन्य कुनै देव या प्रभुमा आफ्नो आस्था नराखेर एक परमेश्वरको अनन्य चित्तले स्मरण गर्दै मनुष्य (परमम् दिव्यम् पुरुषम् याति) ले ती परम अलौकिक परमेश्वर अर्थात् परम अक्षर ब्रह्मलाई नै प्राप्त गर्दछ । (गीता अध्याय ८ श्लोक ८) जुन साधकले परम अक्षर ब्रह्म, अनादि, सबैका सञ्चालक, कन्ट्रोलर, सूक्ष्मभन्दा सूक्ष्म, सबैको धारण-पोषण गर्ने, अचिन्त स्वरूप सूर्य समान प्रकाशमान, अविद्याभन्दा अति परको शुद्ध चिदानन्द परमेश्वरको स्मरण गर्दछ । (गीता अध्याय ८ श्लोक ९) त्यो भक्ति साधनायुक्त साधकले अन्तकालमा पनि भक्तिको शक्तिले भृकुटीको मध्यमा प्राण अर्थात् स्वासलाई राम्रोसँग स्थापित गरेर अनि निश्चल मनले स्मरण गर्दै ती (दिव्य परम पुरुष) अलौकिक परम पुरुष अर्थात् परम अक्षर ब्रह्म (जो गीता ज्ञानदाताभन्दा अन्य छन् ।) लाई नै प्राप्त गर्दछ । यो प्रमाण गीताको यसै अध्याय ८ श्लोक ११ देखि २२ मा पनि छ । गीता अध्याय ८ श्लोक ११ मा भनिएको छ तत्त्वदर्शी अर्थात् वेदलाई राम्रोसंग जान्ने, जसलाई अविनाशी भनिन्छ, त्यो परम पद तिम्रो लागि भन्छु । गीता अध्याय ८ श्लोक १२ मा वर्णन छ उनलाई प्राप्त गर्ने साधना स्वासद्वारा नाम स्मरण गर्नाले हुन्छ ।

गीता अध्याय ८ श्लोक १३ मा गीता ज्ञानदाताले भनेका छन्– म ब्रह्मको केवल एक ॐ (ओम्) अक्षर हो, यसको स्मरण मृत्यु पर्यन्त गर्नु पर्छ । उसले यस मन्त्रबाट हुने परम गति अर्थात् ब्रह्मलोक प्राप्त गर्दछ ।

गीता अध्याय ८ श्लोक १६ मा भनिएको छ– ब्रह्मलोकमा गएका साधक पनि पुनः फर्केर संसारमा जन्मिन्छन्, मर्छन् । यो पूर्ण मोक्ष होइन । गीता अध्याय ८ श्लोक १४ मा जसले मेरो साधना स्मरण गर्दछ, उसका लागि म सुलभ छु भनेका छन् ।

गीता अध्याय ८ श्लोक १५ मा गीता ज्ञानदाताले भनेका छन्– मलाई प्राप्त गरेर त सदा पुनर्जन्म हुन्छ, जुन दुःखको घर तथा क्षणभङ्गुर जीवन हो र जुन साधकले परम अक्षर ब्रह्मको साधना भक्ति गर्दछन्, ती परम सिद्धि प्राप्त गरेर अमर हुन्छन्, तिनलाई पुनः जन्म-मरण प्राप्त हुँदैन ।

गीता अध्याय ८ श्लोक १६ मा गीता ज्ञानदाताले भनेका छन्– ब्रह्मलोक सम्मका सबै लोक पुनरावृत्तिमा छ अर्थात् ब्रह्मलोकसम्मका सबै लोकहरूमा गएका साधक सदा जन्म-मृत्युको चक्रमा रहि रहन्छन् । हे अर्जुन ! जसले यी सब जान्दैन, ऊ मलाई प्राप्त गरेर पनि जन्म-मृत्युको चक्रमा सदा रहि रहन्छ किनकि गीता ज्ञानदाताले गीता अध्याय २ श्लोक १२, अध्याय ४ श्लोक ५, अध्याय १० श्लोक २ मा स्वयम्ले भनेका छन्– हे अर्जुन ! तिम्रो र मेरो थुप्रै जन्म भइ सकेको छ, पछि पनि

भइ रहने छ । तिमी जान्दैनौ, म जान्दछु । मेरो उत्पत्ति (जन्म) को विषयमा देवता महर्षिजन र सिद्ध कसैले जान्दैनन् ।

गीता अध्याय ८ श्लोक १७ मा अक्षर पुरूष (पर ब्रह्म) को दिन-रातको वर्णन छ । यस श्लोकमा भनिएको छ– (ब्रह्मण) परब्रह्मको एक दिन एक हजार युगको हुन्छ, यत्ति नै रात हुन्छ । परब्रह्म अर्थात् अक्षर पुरूषको वर्णन गीता अध्याय १ श्लोक १६ मा छ । त्यसैको प्रकरण गीता अध्याय ८ श्लोक १७, १८ र १९ मा छ ।

नोटः अधिक जानकारीका लागि कृपया प्रश्न नं. ९ पढ्नु होस्, जसमा गीता अध्याय ८ श्लोक १७-१९ मा अक्षर पुरूषको जानकारी छ, यिनलाई पनि अव्यक्त भनिएको छ । यिनको दिन समाप्त भए पश्चात् क्षर पुरुषको २१ ब्रह्माण्डहरूमा रहेका सम्पूर्ण प्राणीहरू नाश हुन्छन्, प्रलय अर्थात् नाश हुन्छन् । रात पूरा भए पश्चात् पुनः दिनमा संसारमा जीव उत्पन्न हुन्छन् ।

गीता अध्याय ८ श्लोक २० मा भनेका छन्– यी अक्षर पुरुषलाई पनि अव्यक्त भनिएको छ । तर यी अव्यक्तभन्दा अर्का विलक्षण सनातन अव्यक्त भाव भएका ती परम दिव्य पुरूष अर्थात् परम अक्षर ब्रह्म त सम्पूर्ण प्राणीहरू (क्षर पुरुष, अक्षर पुरुष तथा यिनी अन्तर्गतका सम्पूर्ण जीवहरू) नष्ट भएपछि पनि नष्ट हुँदैनन् अर्थात् उनी नै वास्तवमा अविनाशी हुन् ।

गीता अध्याय ८ श्लोक २१ मा भनेका छन्– अव्यक्त (अक्षर) अविनाशी नाम भनिएका ती परम पुरुषको प्राप्तिलाई परम गति भनिन्छ । जुन सनातन अव्यक्त परम पुरुषलाई प्राप्त गरेर पुनः फर्केर जन्म-मरणमा आउँदैनन् । त्यो मेरो धाम भन्दा श्रेष्ठ धाम हो । पहिले म पनि त्यही रहन्थें । त्यसैले त्यो मेरो पनि परम धाम हो भनेका छन् किनकि गीता ज्ञानदाता पनि त्यो परम सनातन धाम अर्थात् सत्यलोकबाट निष्कासित भएका हुन् । (यसको पूर्ण जनकारीका लागि कृपया यसै पुस्तकमा भएको सृष्टि रचना पृष्ठ १२० देखि १८७ सम्म पढ्नु होस् ।)

गीता अध्याय ८ श्लोक २२ मा स्पष्ट छ । गीता ज्ञानदाता भन्छन्– हे अर्जुन ! जुन परमात्माको अन्तर्गत सम्पूर्ण भूत अर्थात् प्राणी छन्, (क्षर पुरुष तथा यिनका एक्काईस ब्रह्माण्डहरूमा प्राणी, अक्षर पुरुष तथा सात शङ्ख ब्रह्माण्डहरूमा यिनका मातहतका प्राणी तथा परम अक्षर पुरुषका असङ्ख्य ब्रह्माण्डहरूमा रहेका प्राणी सबै परम अक्षर ब्रह्मका अन्तर्गत छन्) जुन परम अक्षर पुरुषबाट यो सम्पूर्ण जगत परिपूर्ण अर्थात् जसले सारालाई उत्पन्न गरेका छन्, जसको सत्ता सबैभन्दा माथि छ, ती सनातन अव्यक्त परम पुरुष अनन्य भक्तिद्वारा प्राप्त गर्न योग्य छन् ।

भावार्थः– परम अक्षर ब्रह्मलाई प्राप्त गर्नका लागि केवल यिनैको भक्ति (पूजा) गर्नु पर्छ । अन्य कुनै प्रभुमा आस्था राख्नु हुन्न । यसैलाई अनन्य भक्ति अर्थात् पूजा भनिन्छ ।

केवल परम अक्षर ब्रह्मको पूजा गर्नुलाई अनन्य भक्ति भनिन्छ । तर गीता अध्याय ८ श्लोक २२ को सही अनुवाद गर्ने हो भने मात्र स्पष्ट हुन्छ कि:

पुरूषः सः, परः पार्थ, भक्तया, लभ्यः तु, अनन्या,
यस्य, अन्तःस्थानि, भूतानि, येन, सर्वम्, इदम्, ततम् ।

अनुवादः– (सः) ती (परः) अर्का (पुरूषः) परमात्मा त अनन्य भक्तिद्वारा प्राप्त गर्न योग्य छन्, जसका अन्तर्गत सम्पूर्ण प्राणी छन् र जसले सारा जगत उत्पन्न गरेका हुन्, जो साराका पालन कर्ता हुन् । सरलार्थ समाप्त (गीता अध्याय ८ श्लोक २२) यसको मूलपाठ अर्थात् संस्कृतमा लेखिएको छ = सः परः पुरुषः = परः को अर्थ गीता अध्याय ८ श्लोक २० मा अर्को यानी अन्य गरिएको छ । यहाँ (गीता अध्याय ८ श्लोक २२ मा) पनि अन्य लिने हो भने गीता ज्ञानदाताभन्दा अन्य कुनै समर्थ प्रभु छन् भन्ने स्पष्ट हुन्छ । जसको शरणमा जानका लागि गीता अध्याय १८ श्लोक ६२ मा गीता ज्ञानदाताले भनेका छन् ।

उपरोक्त विवरणबाट निम्न कुरा स्पष्ट हुन्छ– गीता ज्ञानदाताले श्रीमद्भगवत गीतामा अनेकौं स्थानमा आफूभन्दा अन्य परमेश्वर (परम अक्षर ब्रह्म) को भक्ति गर्न भनेका छन् । उनैबाट पूर्ण मोक्ष सम्भव छ । जन्म-मरणको चक्र सदाका लागि समाप्त हुन्छ ।

प्रमाणः– गीता अध्याय ७ श्लोक १९ र २९, गीता अध्याय १८ श्लोक ४६, ६१, ६२ र ६६, गीता अध्याय ३ श्लोक ९, गीता अध्याय ८ श्लोक ३, ८, ९, १० र २० देखि २२, गीता अध्याय ४ श्लोक ३१ र ३२, गीता अध्याय १५ श्लोक १, ४ र १७, गीता अध्याय २ श्लोक १७ र ५९ गीता अध्याय ३ श्लोक १४, १५ र १९ तथा गीता अध्याय ५ श्लोक १४, १५, १६, १९, २०, २४, २५ र २६ मा पनि यो प्रमाण छ ।

प्रश्न नं. २६: हामीले सारा सन्तहरू तथा हाम्रा हिन्दू धर्मका धर्मगुरूहरूबाट गीताको ज्ञान श्री कृष्ण जीले अर्जुनलाई सुनाएका हुन् भन्ने सुनेका हौं । हामीलाई श्री कृष्ण जी पूर्ण परमात्मा हुन्, श्री विष्णु जीले नै स्वयम् अवतार धारण गरेर देवकी जीको गर्भबाट जन्मेका थिए, यिनका अतिरिक्त अरू कोही परमात्मा छैनन् भन्ने जस्ता कुरा बताइएको छ । तर तपाईंको सत्सङ्गमा तपाईंले परमात्मा गीता ज्ञानदाताभन्दा भिन्न छन् भन्ने खालका उट्पट्याङ कुरा भन्नु भएको छ । त्यसको प्रमाण शास्त्रमा देखाउनु होस् । अनि मात्र विश्वास हुन सक्छ ।

उत्तरः– उपरोक्त प्रश्नहरूको उत्तरमा थुप्रै यिनै प्रमाणहरू देखाएँ । तर तपाईंमा अहिले पनि शङ्का छ । त्यसको कारण पहिलो कुरा त यी हिन्दू धर्मगुरूहरूलाई आफ्नै शास्त्रहरूको ज्ञान छैन । यदि ज्ञान भएको भए तपाईंलाई उपरोक्त शास्त्रविरूद्ध व्याख्या सुनाउने थिएनन् । दोस्रो कुरा धार्मिक गुरू एक अध्यापक समान हुन्छन् । जुन अध्यापकलाई आफ्नो पाठ्यक्रम (सिलेबस) को नै ज्ञान छैन भने त्यो शिक्षक अज्ञानी मानिन्छ तथा उसले विद्यार्थीहरूको जीवनसँग खेलवाड गरि रहेको छ किनकि उसले

विद्यार्थीहरूलाई पाठ्यक्रम विपरीत ज्ञान रटाइ रहेको छ अर्थात् पढाइ रहेको छ । यस्त
शिक्षकबाट जोगिनु पर्छ । त्यस्ता शिक्षकलाई त्याग्नु नै विद्यार्थीहरूको हितमा हुन्छ ।

तपाईलाई श्रीमद्भगवत गीताबाट पूर्ण परमात्मा गीता ज्ञानदाताभन्दा अलग हु
हुन्छ, उहाँ नै उपासना योग्य हुनु हुन्छ, उहाँकै भक्तिबाट पूर्ण मोक्ष प्राप्त हुन्छ भन
सारा प्रमाण बताउँछु । यहाँ गीताका केही श्लोकहरू लेख्छु, तपाई स्वयम् यी श्लोकह
गीता शास्त्रमा हेर्न सक्नु हुन्छ । यथार्थ रूपमा जान्नका लागि मैले अनुवाद गरेव
"गहरी नजर गीता में" नामक श्रीमद्भगवत गीता प्राप्त गरी हेर्नु होस् । यो हाम्रो We
site : www. jagatgururam palji. org बाट डाउनलोड गर्न सक्नु हुन्छ

गीता अध्याय १८ श्लोक ४६, ६१, ६२ र ६६ अध्याय ७ श्लोक १९ र २
अध्याय ८ श्लोक ३, ८, ९, १०, २०, २१ र २२, अध्याय ४ श्लोक ३१ र ३२ अध्या
१५ श्लोक १, ४, १६ र १७ अध्याय २ श्लोक १७ र ५९ अध्याय ३ श्लोक १४, १५
१९ ; अध्याय ५ श्लोक १४, १५, १६, १९, २०, २४, २५, र २६ ; अध्याय ६ श्लोक
अध्याय ११ श्लोक ५५ तथा अध्याय १२ श्लोक १ देखि ५ ।

उपरोक्त गीता श्लोकहरूमा निम्न प्रमाणहरू छन्– गीता ज्ञानदाताभन्दा अन
कोही पूर्ण परमात्मा छन् । उनको विषयमा तथा उनको शक्तिको लागि भक्ति साधनासँ
गीता ज्ञानदाता पनि अनभिज्ञ (अपरिचित) छन् । प्रमाण गीता अध्याय ४ श्लोक ३
तथा ३४ मा छ । गीता ज्ञानदाताले (४/३२) भनेका छन्– यज्ञहरू अर्थात् धार्मिव
अनुष्ठानहरूको विस्तृत ज्ञान (ब्रह्मणः मुखे) सच्चिदानन्द घन ब्रह्मका मुखं कमलबा
उच्चारित वाणीमा छ, जुन परमात्मा स्वयम् पृथ्वीमा प्रकट भएर आफ्नो मुखारविन्दबा
बोल्दछन्, त्यसलाई तत्त्वज्ञान भनिन्छ, त्यसैलाई सूक्ष्मवेद पनि भनिन्छ । त्यो ज्ञान पनि
तत्त्वदर्शी सन्तले जान्दछन् । त्यस ज्ञानमा पूर्ण परमात्माको प्राप्ति तथा स्थितिको सम्पू
ज्ञान हुन्छ ।

नोटः– गीताको अनुवादकहरूले गीता अध्याय ४ श्लोक ३२ को अनुवादमा केह
त्रुटि गरेका छन्– जस्तो, "ब्रह्मणः" शब्दको अर्थ "वेद" गरेका अर्थात् लेखेका छन्, जु
अनुचित छ । "ब्रह्मण" शब्दको यथार्थ अर्थ गीता अध्याय १७ श्लोक २३ मा पनि
लेखेका अर्थात् गरेका छन्– "ब्रह्मणः" = सच्चिदानन्द घन ब्रह्म अर्थात् पूर्ण परमात्मा

{पाठकहरूसँग विशेष निवेदनः– तपाईहरू गीता प्रेस गोरखपुरबाट प्रकाशि
गीतासँग प्रमाण मिलाएर हेर्नु होस्, विशेष गरेर "पदच्छेद, अन्वय, साधारण भाषा टीक
सहित" अनुवादक श्री जयदयाल गोयन्दका तथा श्री रामसुख दास जीद्वारा अनुवादि
गीतामा हेर्नु होस् । "गीता तिम्रो ज्ञान अमृत" पुस्तकमा प्रमाणका लागि भएका जत्ति पनि
श्लोकहरूका फोटोकपीहरू यसै पुस्तकको पृष्ठ २०४ देखि ३५७ मा राखिएका छन्
यी फोटोकपीहरू हिन्दू सन्त विद्वान श्री जयदयाल गोयन्दकाद्वारा अनुवादित तथा गीत
प्रेश गोरखपुरबाट प्रकाशित गरिएका हुन् ।}

गीता अध्याय ४ श्लोक ३४ मा गीता ज्ञानदाताले भनेका छन्– जुन ज्ञान परमात्मा स्वयम् आफ्नो मुखकमलबाट बोल्दछन्, त्यो तत्त्वज्ञान हो । त्यसमा यज्ञ अर्थात् धार्मिक अनुष्ठानहरूको विस्तृत जानकारी भनिएको छ । त्यो ज्ञान तिमी तत्त्वदर्शी सन्तका समीपमा गएर जान । उनलाई दण्डवत प्रणाम तथा विनम्रतापूर्वक प्रश्न गर्नाले ती तत्त्वज्ञान जान्ने महात्माले तिमीलाई तत्त्वज्ञान बताउने छन् ।

यसबाट सिद्ध हुन्छ– गीता ज्ञानदातालाई तत्त्वज्ञानको जानकारी छैन । तत्त्वज्ञान श्रीमद्भगवत गीतामा छैन । यदि गीता ज्ञानदातालाई तत्त्वज्ञान भएको भए अझ एक अध्याय भन्ने थिए ।

माथि लेखिएका श्रीमद्भगवत जीका श्लोकहरूमा स्पष्ट छ– गीता ज्ञानदाताभन्दा अन्य कुनै समर्थ अविनाशी, पूर्ण मोक्षदाता, वास्तवमा "परमात्मा", सबको धारण-पोषण गर्ने, जसको शरणमा गएपछि सनातन परमधाम (शाश्वतम् स्थानम्) प्राप्त हुन्छ तथा परम शान्ति प्राप्त हुन्छ । त्यस परम पदमा गए पश्चात् साधक कहिल्यै फर्केर संसारमा आउँदैनन् अर्थात् जन्म-मृत्यु सदाका लागि समाप्त हुन्छ । अब उपरोक्त गीताका श्लोकहरूबाट केहीका अनुवाद गरेर स्पष्ट गर्छु ।

गीता अध्याय १८ श्लोक ६२ मा भनेका छन्– हे भारत ! तिमी सर्व भावले उनै परमेश्वरको शरणमा जाऊ, उनको कृपाले नै तिमीलाई परमशान्ति तथा सनातन परमधाम प्राप्त हुने छ । हिन्दू धर्मका सन्त, महामण्डलेश्वर तथा धर्मगुरूहरूले भने श्रीकृष्ण जीले आफ्नो शरणमा जान भनि रहेका छन् भन्छन् । ती धर्मगुरुहरूले यसो भन्नु सर्वथा अनुचित छ किनकि गीता अध्याय २ श्लोक ७ मा भनेका छन्– हे श्रीकृष्ण ! म (अर्जुन) हजुरको शरणमा छु, हजुरको शिष्य हूँ । जुन हाम्रो हितमा छ, त्यही सल्लाह मलाई दिनु होस् । गीता अध्याय ४ श्लोक ३ मा भनेका छन्– हे अर्जुन ! तिमी मेरा भक्त हौ । गीताको यस उल्लेखबाट अर्जुन त पहिले देखि नै श्रीकृष्ण जीको शरणमा थिए भन्ने स्पष्ट हुन्छ । त्यसैले गीता अध्याय १८ श्लोक ६२ को भावार्थः– गीता ज्ञानदाताले आफूभन्दा अर्का परमेश्वरको शरणमा जान भनि रहेका छन् । यसबाट गीता ज्ञानदाताभन्दा कुनै भिन्न "परमेश्वर" छन् भन्ने कुरा सिद्ध भयो।

अन्य प्रमाणः– गीता अध्याय ८ श्लोक १ को प्रश्नको उत्तर गीता ज्ञानदाताले श्लोक नं. ३ मा दिइएको छ– उनी "परम अक्षर ब्रह्म" हुन् । फेरि अध्याय ८ को नै श्लोक ५ तथा श्लोक ७ मा भने आफ्नो भक्ति गर्न भनेका छन् । फेरि श्लोक ८, ९ र १० म परम अक्षर ब्रह्मको भक्ति गर्न राय दिएका छन् । गीता अध्याय ४ श्लोक ५, अध्याय २ श्लोक १२ तथा अध्याय १० श्लोक २ मा गीता ज्ञानदाताले आफ्नो स्थिति स्पष्ट पार्दै भनेका छन्– यदि मेरो भक्ति गर्छौ भने तिम्रो र मेरो जन्म-मृत्यु सदा रहि नै रहने छ । गीता अध्याय १५ श्लोक १ मा तत्त्वदर्शी सन्तको पहिचान बताएका छन्– संसार रूपी वृक्षको मूल सहित सम्पूर्ण भाग तत्त्वद्वारा जान्ने व्यक्ति (सः वेदवित्) वेदको तात्पर्य जान्ने हुन् अर्थात् उनी तत्त्वदर्शी सन्त हुन् । फेरि अध्याय १५ श्लोक ४ मा भनेका छन्– तत्त्वदर्शी सन्त प्राप्त भए पश्चात् परमेश्वरको त्यो परमपद खोज्नु पर्छ,

जहाँ गए पश्चात् साधक फेरि फर्केर संसारमा कहिल्यै जन्म-मृत्युको चक्रमा आउँदैनन् गीता अध्याय १८ श्लोक ६२ मा त्यसको वर्णन गरिएको छ– अर्जुन । तिमी सर्व भाव उनै परमेश्वरको शरणमा जाऊ । उनै परमेश्वरको कृपाले नै तिमीलाई परम शा तथा सनातन परमधाम प्राप्त हुने छ । यो नै परम शान्ति हो किनकि साधकले पु जन्म लिनु पर्दैन । सदाका लागि अमरलोक (सनातन परम धाम) मा निवास गर्ने छन् त्यहाँ नैष्कर्म्य मोक्ष प्राप्त हुन्छ, जसको भावार्थः– सत्यलोक (सनातन परम धाम) काम नगरिकन नै सबै सुविधाहरू तथा पदार्थ प्राप्त हुन्छन् र आफ्नो पुण्य कहि समाप्त हुँदैन । त्यसो त श्री ब्रह्मा, विष्णु, शिव, गणेश, दुर्गा, ब्रह्म तथा परब्रह्मक भक्तिबाट पनि नैष्कर्म्य मोक्ष प्राप्त हुन्छ, तर त्यो केही समयसम्म मात्र रहन्छ, जु प्रत्येक देवताको लोकमा बनेको स्वर्ग (होटल) मा प्राप्त हुन्छ तर त्यहाँ प्राणीहरूला आफ्नो पुण्यको प्रतिफल मात्र प्राप्त हुन्छ । पुण्य समाप्त भएपछि पुनर्जन्म तथा मृत्युक चक्र पुनः प्रारम्भ हुन्छ । ("नैष्कर्म्य" मुक्तिको वर्णन गीता अध्याय ३ श्लोक ४ तथ अध्याय १८ श्लोक ४९ मा छ ।)

जुन सनातन परमधाम तथा शान्ति प्राप्तिको लागि तथा ती परमेश्वरको शरणम जानका लागि गीता अध्याय १८ श्लोक ६२ तथा अध्याय १५ श्लोक ४ मा भनिएक छ– उनी गीता ज्ञानदाताभन्दा अन्य पूर्ण परमात्मा हुन् । गीता अध्याय ८ श्लोक तथा ७ मा गीता ज्ञानदाताले आफ्नो भक्ति गर्न भनेका छन् । त्यसबाट त जन्म-मृत् दुबै रहि रहन्छन् । त्यसैले फेरि गीता अध्याय ८ श्लोक ८, ९ र १० मा उ परमेश्वरको भक्ति गर्न भनेका छन्, जसको वर्णन गीता अध्याय १८ श्लोक ६२ तथ अध्याय १५ श्लोक ४ मा छ । फेरि गीता अध्याय ८ को नै श्लोक १८ मा भनेक छन् । गीता अध्याय १५ श्लोक १६-१७ मा तीन पुरुष भनेका छन्:–

१. क्षर पुरुषः– यी स्वयम् गीता ज्ञानदाता हुन् । यिनलाई क्षर ब्रह्म प भनिन्छ । यी केवल २१ ब्रह्माण्डका प्रभु हुन् ।

२. अक्षर पुरूषः– यिनलाई परब्रह्म पनि भनिन्छ । यिनी केवल ७ शङ्ख ब्रह्माण्डका प्रभु हुन् ।

३. परम अक्षर पुरूषः– जसलाई परम अक्षर ब्रह्म, परमेश्वर, सत्य पुरुष अविनाशी परमात्मा पनि भनिन्छ । उनी असङ्ख्य ब्रह्माण्डका स्वामी हुन् । यहाँ अर्थात गीता अध्याय ८ श्लोक ८, ९, १०, २० तथा २२ मा परम अक्षर पुरूषको विषयमा वर्णन तथा अध्याय ८ श्लोक १८ मा अक्षर पुरूषको विषयमा वर्णन छ ।

जुन समयमा अक्षर पुरूषको एक दिन समाप्त हुन्छ, त्यो एक हजार युगको हुन्छ । ध्यान रहोस् अध्याय ८ श्लोक १७ को मूल पाठमा केवल सहंस्र युग लेखिएको छ, सहंस्रचतुर्युग होइन । त्यसैले अक्षर पुरूषको एक दिन समाप्त भएपछि सम्पूर्ण प्राणी क्षर पुरूष तथा अक्षर पुरूषको केही क्षेत्र नष्ट हुन्छ, क्षर पुरुष तथा यिनका एक्काईस ब्रह्माण्डका सबै प्राणीहरू नष्ट हुन्छन् । दिन प्रारम्भ भएपछि पुनः सम्पूर्ण जीवहरू

आफ्नो कर्म अनुसार उत्पन्न हुन्छन् र मर्छन् । फेरि गीता अध्याय ८ श्लोक २० मा भनिएको छ– तर यस अव्यक्त अर्थात् अक्षर पुरूषभन्दा (परः) भिन्न जो अन्य सनातन अव्यक्त भाव अर्थात् परम अक्षर ब्रह्म परमेश्वर त सारा प्राणीहरू नष्ट भएपछि पनि नष्ट हुँदैनन् । फेरि गीता अध्याय ८ श्लोक २१ मा भनेका छन्– उनलाई अविनाशी अव्यक्त भनिएको छ, उनैलाई परमेश्वर भनिएको छ । त्यही धामको प्राप्तिबाट परम गति अर्थात् परमशान्ति प्राप्त हुन्छ, जसलाई प्राप्त गरेपछि साधक फेरि फर्केर आउँदैन जसको विषयमा गीता अध्याय १८ श्लोक ६२ तथा अध्याय १५ श्लोक ४ मा भनिएको छ । गीता ज्ञानदाताले भनेका छन्– त्यो धाम मेरो धामभन्दा परम अर्थात् श्रेष्ठ छ, यसैले त्यसलाई सनातन परम धाम भनिन्छ । (नोटः यस गीता अध्याय ८ श्लोक २१ को अनुवादमा गल्ती गरिएको छ । गीता ज्ञानदाताले भनेका छन्– त्यो मेरो परमधाम हो । वास्तवमा मूल पाठमा यस्तो लेखिएको छ– "तत् धाम परमम् मम" । यसमा "मम" शब्दमा हलन्त (मम्) छैन । प्रमाणका लागि तिनै गीता अनुवादकहरूले गीता अध्याय ३ श्लोक २३ मा "मम" को अर्थ लेख्दा मम् = "मेरो नै" अर्थ लेखेका छन् । यसैगरी यस अध्याय ८ श्लोक २१ मा "मम" को अर्थ मेरोभन्दा पनि परम धाम छ, यो सही हो । फेरि गीता अध्याय ८ श्लोक २२ मा स्पष्ट गरिएको छ– पुरूषः सः परः = (सः) ती (परः) अर्का (पुरूषः) परमेश्वर त अनन्य भक्तिद्वारा प्राप्त हुन योग्य छन्, जसका अन्तर्गतमा सारा प्राणी छन् । जसले सारा संसारको रचना (उत्पत्ति) गरेका हुन् । गीता अध्याय ८ श्लोक २०-२२ मा गीता ज्ञानदाताभन्दा अन्य परम पुरुषको वर्णन छ, त्यसैले गीता ज्ञानदाताले त्यस धामलाई आफ्नो भन्न सक्दैनन् । उनले आफ्नो धाम अर्थात् लोकभन्दा परम अर्थात् श्रेष्ठ धाम उनै परमेश्वरको धामलाई भनेका छन् । यही सही अर्थ हो ।

विचार गरौं– गीता अध्याय ८ श्लोक २० मा "परः" शब्दको अर्थ "भिन्न" गरेका छन् अर्थात् अव्यक्त भन्दा (परः) = भिन्न अर्थात् अर्का सनातन अव्यक्त भाव भएका परमेश्वर हुन् । यसैगरी गीता अध्याय ८ श्लोक २२ मा भनेका छन् (सः) उनी (परः) जो भिन्न अर्थात् अर्का (पुरूषः) परमेश्वर छन्, उनको प्राप्ति अनन्य भक्तिले मात्र सम्भव् छ ।

यसैको अन्य प्रमाणः– गीता अध्याय ७ श्लोक १२ देखि १५ मा तीन गुणहरू (रजगुण ब्रह्मा जी, सतगुण विष्णु जी तथा तमगुण शङ्कर जी) को भक्ति गर्नेहरूलाई राक्षस, मनुष्यहरूमा निच, दूषित कर्म गर्ने मूर्ख भनिएको छ तथा गीता ज्ञानदाताले यिनीहरूले मलाई पनि भज्दैनन् भनेका छन् । आफ्नो भक्तिको विषयमा गीता अध्याय ७ श्लोक १६-१८ मा मेरो भक्तिले हुने गति अनुत्तम (घटिया) छ भनेका छन् । गीता अध्याय ७ श्लोक १९ मा भनेका छन्– थुप्रै-थुप्रै जन्महरूको अन्तको कुनै जन्ममा मेरो भक्ति गर्दछन् अन्यथा अन्य देवताहरू र भैरव-भूतहरूको पूजा गरि रहन्छन् । तर यो कुरा बताउने सन्त अति दुर्लभ छन् । वासुदेव अर्थात् सबैको भन्दा माथि वास अर्थात् सत्ता भएका पूर्ण परमात्मा नै पूजा योग्य छन् अर्थात् उनी नै (सर्वम्) सबै थोक हुन्,

उनैको भक्तिबाट पूर्ण मोक्ष प्राप्त हुन्छ । उनी नै सारा सृष्टिको रचयिता हुन् । स
धारण-पोषण गर्ने हुन् । फेरि गीता अध्याय ७ श्लोक २९ मा गीता ज्ञानदाताले भ
छन्– जुन साधकले मेरो ज्ञानको आधार बनाएर तत्त्वदर्शी सन्तबाट ज्ञान प्राप्त
केवल जरा (वृद्धावस्थाको दुःख) तथा मरण (मृत्युको दुःख) बाट छुटकारा पाउ
लागि भक्ति गरेर प्रयत्न गर्दछन्, तिनीहरू संसारका सम्पूर्ण वस्तुहरूलाई नाशवान म
यसको प्राप्तिको इच्छा राख्दैनन्, केवल मोक्षको उद्देश्यले मात्र भक्ति गर्दछन
यिनीहरूले (तत् ब्रह्म) ती ब्रह्मलाई (विदु) जान्दछन्, सारा कर्महरूसँग परिचित
सम्पूर्ण अध्यात्म ज्ञानसँग परिचित छन् । (गीता अध्याय ७ श्लोक २९)

गीता अध्याय ८ श्लोक १ मा अर्जुनले प्रश्न गरे- हे भगवान । (किम् तत् ब्र
त्यो ब्रह्म के हो ? जसको जानकारी भइ सकेपछि साधक केवल मोक्ष मात्र चाहन
यसको उत्तर गीता अध्याय ८ श्लोक ३ मा गीता ज्ञानदाताले दिँदै भनेका छन्–
परम अक्षर ब्रह्म हुन् ।" गीता ज्ञानदाताले यी परम अक्षर ब्रह्मको जानकारी ग
अध्याय ८ मा नै श्लोक ८, ९, १०, २०, २१ र २२ मा पनि दिएका छन्, जुन ग
ज्ञानदाताभन्दा भिन्न छन् । गीता अध्याय २ श्लोक १७ मा भनेका छन्–
परमेश्वरले सम्पूर्ण जगतको रचना गरेका छन् तथा जसबाट यो जगत व्याप्त छ
अर्थात् जसको शक्तिले सम्पूर्ण ब्रह्माण्ड टिकेको छ, अडिएको छ ।) उनी नै वास्त
अविनाशी परमात्मा हुन्, जसको नाश गर्न कोही समर्थ छैनन् । गीता अध्याय
श्लोक १७ मा पनि भनेका छन्– पुरूषोत्तम त अरू नै छन् (गीता अध्याय १५ श्ल
१६ मा दुई पुरूष भनिएका छन्– क्षर पुरूष र अक्षर पुरूष । उत्तम पुरूष यी भ
भिन्न छन् अर्थात् श्रेष्ठ परमेश्वर) जो तिनै लोकमा प्रवेश गरेर सबैको धारण-पो
गर्दछन् । उनैलाई परमात्मा भनिन्छ । उनै वास्तवमा अविनाशी परमात्मा हुन् । (ग
अध्याय १५ श्लोक १७) फेरि गीता अध्याय २ को नै श्लोक ५९ मा पनि ग
ज्ञानदाताले आफूभन्दा अर्का परमात्माको विषयमा भनेका छन् । प्रसङ्ग गीता अध्याय
श्लोक ५३ बाट चलेको छ । जसमा भनिएको छ– हे अर्जुन ! जत्तिखेर नाना-भाँति
भ्रमित तुल्याउने वचनहरूद्वारा विचलित भएको तिम्रो बुद्धि जब परमात्मामा अटल त
स्थिर हुने छ, तब तिमीले योग (सिद्धि) प्राप्त गर्ने छौ । (गीता अध्याय २ श्लोक ५
फेरि गीता अध्याय २ श्लोक ५९ मा भनेका छन्– केही व्यक्तिहरू निराहार रहेर (भो
त्यागेर) केवल फलाहार वा दूधाहार मात्र गर्छन् । उनीहरूको विषय विकार के
समयका लागि निवृत्त त हुन्छ, तर संसारका पदार्थहरूबाट आसक्ति निवृत्त हुँदैन
शास्त्रानुसार साधना गर्नाले ती भिन्न (अर्का) परमात्माको साक्षात्कार हुन्छ, जसब
विषय-विकार तथा आसक्ति पनि निवृत्त हुन्छ । गीता अध्याय २ श्लोक ५९ को म
पाठमा "परम्" शब्द छ, जसको अर्थ "पर" अर्थात् अर्को हुन्छ । उदाहरणका लागि गी
अध्याय ७ श्लोक १३ को मूल पाठमा यही "परम" शब्द छ । यसमा गीता ज्ञानदात

भनेका छन्– तीनै गुणहरू (रजगुण श्री ब्रह्मा जी, सतगुण श्री विष्णु जी तथा तमगुण श्री शङ्कर जी) को भावबाट सारा संसार मोहित भइ रहेका छन्, यिनीहरूभन्दा भिन्न (अर्को) मलाई जान्दैनन् । (गीता अध्याय ७ श्लोक १३) यसमा परम् = पर = भिन्न अर्थात् अर्को अर्थ हुन्छ । यसैगरी गीता अध्याय २ श्लोक ५९ मा "परम्" को अर्थ पर = भिन्न अर्थात् अर्को भन्ने जानौं किनकि गीता अध्याय ११ श्लोक ५५ तथा गीता अध्याय १२ श्लोक १ देखि ६ मा प्रमाण छ । गीता अध्याय ११ श्लोक ५५ मा सङ्केत गरेका छन्– मत् कर्मकृत् = शास्त्रानुकूल भक्तिकर्म मेरो लागि (मत् परम्) म भन्दा श्रेष्ठ परमात्माका लागि गर्दै (मत् भक्त) मेरो भक्तले मलाईनै प्राप्त गर्दछ किनकि जबसम्म तत्त्वदर्शी सन्त प्राप्त हुँदैनन्, तबसम्म वेदहरूका ज्ञानको अनुसार "ॐ" लाई पूर्ण परमात्माको नाम ठानेर जाप गर्छन् । जसकारणले ब्रह्मलोकमा जान्छन् । त्यसैले मेरो भक्तले म भन्दा अलग पूर्ण परमात्माको भक्ति गरेर मलाई नै प्राप्त गर्छ भनेका छन् । (गीता अध्याय ११ श्लोक ५५)

फेरि गीता अध्याय १२ श्लोक १ मा स्पष्ट छः– अर्जुनले प्रश्न गरे पूर्वोक्त प्रकारले भक्ति गर्ने भक्त (गीता अध्याय ११ श्लोक ५५ मा सङ्केत छ), (त्वम्) तपाईं तथा (अवयक्तम् अक्षरम्) अविनाशी अव्यक्त (जसको वर्णन गीता अध्याय ८ श्लोक २० - २२ मा छ ।) लाई भज्नेहरू मध्ये उत्तम भक्ति भएको भक्त कुन हो ? (गीता अध्याय १२ श्लोक १) फेरि गीता अध्याय १२ श्लोक २ मा गीता ज्ञानदाताले भनेका छन्– केवल मेरो ध्यानमा निमग्न भक्त (युक्ततमाः मताः) मेरो विचारमा त्यही सही साधक हो । (गीता अध्याय १२ श्लोक २)

गीता अध्याय १२ श्लोक ३ र ४ मा गीता ज्ञानदाताले भनेका छन्– जसले त्री सर्वव्यापक जसको विषयमा म पनि जान्दिन्, जो सदा एक रस रहने स्थायी, अचल, अव्यक्त अर्थात् परोक्ष अविनाशी परम अक्षर ब्रह्मको निरन्तर उपासना गर्दछन्, सबै प्राणीका हितका लागि कामना गर्ने तथा सबैमा समान भाव राख्ने, साधकले मलाई नै प्राप्त गर्दछन् ।

भावार्थः– जुन सच्चिदानन्द घन ब्रह्म अर्थात् परम अक्षर ब्रह्मको ज्ञान गीता ज्ञानदातालाई पनि छैन, त्यो ज्ञान तत्त्वदर्शी सन्तलाई थाहा हुन्छ । तत्त्वदर्शी सन्त प्राप्त नहुनाले ब्रह्मको ओम् (ॐ) नामलाई परम अक्षर ब्रह्मको नाम जाप ठानेर साधना गर्छन् । जसकारणले कालको जालमा रहन्छन् । त्यसैले भनिएको छ– त्यस साधकले मलाई नै प्राप्त गर्दछ । परमेश्वर कबीर जीले "सोहं" मन्त्र आविष्कार गरेर साधकहरूलाई बताउनु भएको छ । तर फेरि पनि सारनाम गोप्य रूपमा राख्नु भएको छ । सूक्ष्म वेदमा लेख्नु भएको छः–

सोहं शब्द हम जगमे लाए । सार शब्द हम गुप्त छिपाए ।
सोहं उपर और सतसुकृत एक नाम ।

सब हंसोका बास है, नहीं बस्ती नही ठाम ॥
सतगुरू सोहं नाम दे, गुझ बीरज विस्तार ।
बिन सोहं सीझै नहीं, मूल मन्त्र निज सार ॥

साधकले जप्ने "सोहं" नामको जाप नै परब्रह्म (अक्षर पुरुषको प्रमाण अध्याय १५ श्लोक १६ मा छ ।) को जाप हो । सारनाम प्राप्त नभएसम्म "सोहं" "ॐ" पूर्ण मोक्षदायक छैन । ॐ को जाप ब्रह्म (गीता ज्ञानदाता) को हो ।ब्रह्मलो महाइन्द्रको लोक प्राप्त हुन्छ, जुन ब्रह्मलोकमा नै बनेको छ तथा "सोहं" नामको जा भक्ति कमाइबाट ब्रह्मलोकमा नै बनेको नक्कली सत्यलोक प्राप्त हुन्छ । साधना का साधकले "सबै प्राणीहरूको भलो होस्" पनि भनि रहन्छ ।

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु, मा कश्चित् दुःखभाग भवेत् ॥

भावार्थः– सबै सुखी होऊन्, सबै आरोग्य अर्थात् स्वस्थ होऊन्, सबैको होस्, कसैलाई कुनै दुःख नहोओस् ।

यो मङ्गल कामनालाई मन्त्र बनाएर आशीर्वाद दिन्छन्, प्रार्थना गर्छन् । यसब साधकको पुण्यको कमाइ अर्थात् भक्तिरूपी धन कसैलाई आशीर्वाद दिनाले तथा के कुराको प्राप्तिको लागि गरिएको प्रार्थनाको माध्यमले समाप्त हुन्छ । तत्त्वदर्शी सन्त अनुयायीले यो गल्ती कदापि गर्दैनन् । त्यसैले भनेका छन्– ती परम अक्षर ब्रह्म साधकले पनि मलाई नै प्राप्त गर्दछ किनकि आशीर्वाद तथा सबैको मङ्गलकामना ग आफ्नो भक्ति समाप्त गर्छ, केहीले महास्वर्ग (ब्रह्मलोक) मा खाइपिइ गरी खर्च गर्छ अनि फेरि जन्म-मरण तथा ८४ लाख प्राणीहरूको चक्रमा खस्दछन् ।

राजा जनकको जीवनबाट सिद्ध गर्दछुः–

जनक जी त्रेतायुगका एक धार्मिक राजा थिए । यिनकी पुत्री सीता जी त्रिलो नाथ श्री विष्णु उर्फ श्री दशरथ जीका पुत्र श्री रामचन्द्र जीकी पत्नी थिइन् सत्ययुगमा राजा जनक जीको जीव राजा अम्बरीष थिए । उनी श्री विष्णु जी परमभक्त थिए । साथ-साथै वेदका अनुसार "ॐ" नाम जाप गर्थे । यो ब्रह्म साध हो । जसको परिणाम स्वरूप लाखौं वर्षसम्म श्री विष्णु जीको लोकमा बनेको स्वर्ग आफ्नो भक्तिको सुख भोग गरे । फेरि लाखौं वर्षसम्म ब्रह्मलोकमा ब्रह्म साधनाको सु भोग गरे । अनि त्रेतायुगमा जनकको रूपमा पुनर्जन्म भयो । उनी एक धार्मिक रा थिए । आफ्नो जीवन कालमा अनेकौं यज्ञ (धार्मिक अनुष्ठान) गरे । श्री विष्णु जी भक्ति गरे र ब्रह्म साधना पनि गरे । संसार छोडेर जाने समयमा स्वर्गबाट एउ विमान आयो । राजा जनक जीलाई लिएर उड्यो । बाटोमा नर्क थियो, जसमा

करोड जीव आफ्नो कर्मको दण्ड भोगि रहेका थिए, हाहाकार मच्चिएको थियो । जनक जीले देवदूतहरूसँग यो कुन दुःखीहरूको आर्तनाद हो भनेर सोधे । विमान रोक्न लगाए । देवदूतहरूले भने– राजन् । यो नर्क हो । यहाँ प्राणीहरू आफ्ना पापकर्महरूको दण्ड भोगि रहेका छन् । जनक जीले म यिनीहरूको अवस्था हेर्न सकि रहेको छैन, यिनीहरूलाई यस नर्कबाट निकाल भने । देवदूतहरूले भने– जनक जी यो तपाईंको राज्य होइन । यहाँ धर्मराज जीको आदेश चल्छ । जनक जीले भने– या त यिनीहरूलाई छोडि देऊ या मलाई पनि यसै नर्कमा राख । देवदूतहरूले यसको समाधान धर्मराजले नै गर्न सक्छन् भने । राजा जनक जीले धर्मराजसँग मेरो कुरा गराऊ भने । धर्मराज त्यही उपस्थित भए र सम्पूर्ण अवस्था बुझेपछि भने– म तपाईंलाई यस नर्कमा राख्न सक्दिन तथा न त म यी १२ करोड जीवहरूलाई नर्कबाट निकाल्न नै सक्छु । तर एउटा उपाय छ । तपाई (जनक जी) ले आफ्नो केही भक्तिधन (पुण्य तथा मन्त्र जापको भक्ति धन) यी १२ करोड जीवहरूलाई प्रदान गर्नु भयो भने यिनीहरूलाई तपाईंसँगै स्वर्गमा पठाइ दिन्छु । जनक जीले दयावश भएर आफ्नो आधा भक्ति कमाइ ती १२ करोड जीवहरूलाई दिए । ती १२ करोड आत्माहरू राजा जनकद्वारा प्रदान गरिएको पुण्यको आधारले स्वर्गमा गए र राजा जनकले पनि स्वर्गमा (विष्णुलोकको स्वर्गमा अनि ब्रह्मलोकमा भएको महास्वर्गमा) निवास गरेर आफ्नो पुण्यको भोग गरे । जसकारण भक्तिधन समाप्त भयो ।

कथा सारः– राजा जनक जीले दान गरेका आफ्नो आधा पुण्य १२ करोड जीवहरूलाई बराबर बाँडि दिए । त्यो पुण्यको फलस्वरूप ती आत्माहरू स्वर्गमा रहे । फेरि त्यो पुण्य समाप्त भएपछि पुनः तिनीहरूलाई त्यही नर्कमा हालियो । बाँकी रहेको पापकर्म फेरि भोग्नु पर्‍यो । राजा जनकसँग धेरै ठूलो धोका भयो । उनको आधा पुण्यकर्म दान गरेर समाप्त भयो र आधा माथि स्वर्गमा भोग गरेर समाप्त भयो । उनी पुनः जन्म-मरणको चक्रमा परे । त्यही जनक जीको जीव कलियुगमा सिख गुरू श्री नानक देव साहेबजी भए । पूर्ण परमात्माले श्री जनक जीसँग सुल्तानपुर सहरमा बेई नदीको घाटमा साधुको भेषमा भेट गर्नु भयो । उनलाई सनातन परमधाम (सत्यलोक = सच्चखण्ड) मा लैजानु भयो । अनि तेस्रो दिन त्यही बेई नदीको घाटमा ल्याएर छोड्नु भयो । सम्पूर्ण तत्त्वज्ञानसँग परिचित गराउनु भयो । उनको पहिलेका अनेकौं राम्रा जीवनहरूको जन्म देखाउनु भयो । उनलाई सत्यनाम (यो दुई अक्षरको मन्त्र हो– एउटा ओम्कार (ॐ) तथा अर्को गुप्त छ, जुन उपदेशीलाई मात्र बताइन्छ ।) को दीक्षा प्रदान गर्नु भयो, तब मात्र श्री नानक देव जीको पूर्ण मोक्ष भयो । यदि परमात्मा तत्त्वदर्शी सन्तका रूपमा प्रकट भएर तत्त्वज्ञान नबताउनु भएको भए श्री नानक देव जी वाला जीवको जन्म-मरणको चक्र कहिल्यै समाप्त हुने थिएन । त्यो सत्य साधना म (सन्त रामपाल जी) सँग छ । यहाँ प्रसङ्ग चलि रहेको छ– भावनामा बगेर आशीर्वादद्वारा आफ्नो भक्तिरूपी धन कहिल्यै नष्ट गर्नु हुन्न । तपाईंले कुनै धनवान

बुद्धिमान व्यक्तिले आफूसँग भएको नोटहरू अरू कसैलाई बाडेको देख्नु भएको होला । यदि कसैलाई सहयोग गर्न चाहनु हुन्छ भने उसलाई कमाउने तरिका बता होस्, जसबाट ऊ आफ्नै गोडामा उभिएर धनी बन्न सकोस् । यसैगरी भक्तजनहरू कसैलाई सहायता गर्न चाहन्छन् भने उसलाई पूर्णगुरूबाट दीक्षा दिलाएर भक्ति कमाउने प्रेरणा दिनु पर्छ ।

गीता अध्याय १२ श्लोक ५ मा भनिएको छ– जसको आस्था सच्चिदानन्द ब्रह्म अर्थात् परम अक्षर ब्रह्ममा छ र जो उनैलाई (चेतसा) जान्ने वाला छ, उनल अधिकतर (क्लेशः) शङ्काको कारणले ज्ञानको झगडा भइ रहन्छ ? यसकारण मानव शरीर धारीहरूका लागि दुःख पूर्वक प्राप्त गरिने खालको गति हुन्छ ।

भावार्थः– तत्त्वदर्शी सन्त प्राप्त नहुनाले कबीर पन्थी (धिसादास पन्थी, गरीबदा पन्थी, दादू पन्थी, नेकीराम पन्थी सबै कबीर पन्थी भनिन्थे ।) पनि कठीन तपस गर्छन् । व्रत, मौनव्रत अन्य कठीन साधना पनि गर्दछन् । त्यसैले भनिएको छ– ती पू परमात्माको साधना क्लेशयुक्त तथा दुःखपूर्वक प्राप्त हुने खालको छ तर वास्तव शास्त्रानुकूल सम्पूर्ण साधना अत्यन्त सरल छ ।

प्रमाणः– यजुर्वेद अध्याय ४० मन्त्र १५ मा ब्रह्म साधनाका लागि भनिएको छः

वायुः अनिलम् अमृतम् अथ इदम् भस्मान्तम् शरीरम् ।
ओम् कृतम् स्मर, किलबे स्मर कृतुः स्मर ॥

भावार्थः–ब्रह्म साधनाका लागि (ॐ) ओम् नाम छ । यसबाट प्राप्त हुने अमृत अर्थात् मोक्ष प्राप्तिका लागि "ॐ" नामको जाप (वायुः अनिलम्) स्वास-उस्वासद्वारा पू लगनका साथ शरीर नष्ट नभएसम्म अर्थात् जीवन पर्यन्त (कृतम्) काम गर्दा ग (स्मर) स्मरण गर, (किलबे स्मर) पूर्ण कसक अर्थात् आलाप-विलाप जस्तो गति स्मरण गर, (कृतुःस्मर) मनुष्य जीवनको मूलकार्य जानेर स्मरण गर । (यजुर्वेद अध्या ४० मन्त्र १५)

फेरि यजुर्वेद अध्याय ४० मन्त्र १७ मा वेद ज्ञानदाता (गीता ज्ञानदाता पनि यि हुन् ।) ले भनेका छन्– ती परमात्मा त माथिको लोकमा परोक्ष अर्थात् अव्यक्तरूप छन् । (अहम खम् ब्रह्म ओम्) म ब्रह्म हुँ, दिव्य आकाश रूपी ब्रह्म लोकमा बस् मेरो नाम ॐ हो । यजुर्वेद अध्याय ४० मन्त्र १० मा वेद ज्ञानदाताले भनेका छन् कसैले त परमात्मालाई (सम्भवात्) उत्पन्न हुने अवतारको रूपमा साकार मान्दछ कसैले (असम्भवात्) उत्पन्न नहुने अर्थात् निराकार मान्दछन् । ती परमात्मा उत्प हुन्छन् वा हुँदैन या जे जस्ता छन्, त्यसको ज्ञान (धीराणाम्) तत्त्वदर्शी सन्तजन बताउँछन्, उनैबाट (श्रृणुः) सुन । (यजुर्वेद अध्याय ४० मन्त्र १०) यही प्रमाण गी

अध्याय ४ शलोक ३४ मा छ– परमात्माको विषयमा सम्पूर्ण ज्ञान तत्त्वदर्शी सन्तले बताउने छन् । उनको खोजी गर, उनीसंग निष्कपट भावले तथा दण्डवत प्रमाण गरेर विनम्रता पूर्वक प्रश्न गर्नाले ती तत्त्वदर्शी सन्तले तिमीलाई तत्त्वज्ञानको उपदेश दिने छन् । सूक्ष्म वेदमा पनि भनिएको छः–

नाम उठत नाम बैठत, नाम सोवत जाग रे ।
नाम खाते नाम पिते, नाम सेती लाग रे ॥

भावार्थ : परमात्माको साधना केवल नामको जापले मात्र हुन्छ, त्यस नामको जाप कार्य गर्दा गर्दै गर, सुत्नु भन्दा पहिले, विहान उठनासाथ, खाना खाँदा, पेय पदार्थ पिउँदै गर्दा अर्थात् सम्पूर्ण कार्य सँग सँगै नामको स्मरण गर । भावार्थ : हठयोग नगरी कर्मयोगमा साधना गर ।

"गीतामा दुई प्रकारका ज्ञान छन्"

सच्चिदानन्द घन ब्रह्म अर्थात् सत्य पुरूषले वेदहरू (ऋगवेद, यजुर्वेद, सामवेद तथा अथर्व वेद) तथा सूक्ष्म वेदमा आफ्नो मुख कमलबाट भनेका तत्त्वज्ञानसँग गीताको ज्ञान मेल खादैन भने त्यो गलत ज्ञान हो । त्यो गीता ज्ञानदाताको आफ्नो मत हो, त्यो स्वीकार्य छैन । गीता ज्ञानदाताले कैयौं शलोकहरू– गीता अध्याय १३ श्लोक २, अध्याय ७ शलोक १८, अध्याय ६ शलोक ३६, अध्याय ३ शलोक ३१ तथा अध्याय १८ शलोक ७०) मा यस्तो मेरो मत छ, यस्तो मेरो विचार छ भनेका छन् । श्रीमद्भगवत गीतामा ९५ प्रतिशत वेदको ज्ञान छ तथा ५ प्रतिशत गीता ज्ञानदाताको आफ्नो मत छ । यदि त्यो वेदसंग मेल खान्छ भने सही हो, अन्यथा व्यर्थ छ । उदाहरणका लागि गीता अध्याय २ शलोक ३७, ३८ पर्याप्त छ । गीता अध्याय २ शलोक ३७ मा लाभ-हानी बारे बताइएको छ–या त तिमी युद्धमा मारिएर स्वर्ग प्राप्त गर्ने छौ वा युद्ध जितेर पृथ्वीको राज्य भोग गर्ने छौ । त्यसैले हे अर्जुन ! युद्धका लागि खडा होऊ । (गीता अध्याय २ शलोक ३७) फेरि गीता अध्याय २ शलोक ३८ मा तत्काल यसका विपरीत भनेका छन्– जय-पराजय अर्थात् हार-जित, सुख-दुःखलाई समान ठानेर युद्धका लागि तयार होऊ । यसरी युद्ध गर्नाले तिमीलाई पाप लाग्ने छैन । (गीता अध्याय २ श्लोक ३८)

गीता अध्याय ११ शलोक ३३ मा पनि स्पष्ट पारेका छन्– तिमी उठ, यश प्राप्त गर । शत्रुहरूलाई जितेर धन-धान्यले सम्पन्न भएर राज्य भोग गर । मैले तिम्रा सामुन्नेमा भएका योद्धालाई पहिले नै मारि सकेको छु, तिमी केवल निमित्त पात्र बन ।

"पाण्डवहरूद्वारा गरिएको यज्ञ"

महाभारत ग्रन्थमा एउटा प्रकरण आउँछ– कुरूक्षेत्रको मैदानमा युद्ध भयो, क सैनिकहरू मारिए, करोडौं दिदी बहिनीहरू विधवा भए, करोडौं बच्चाहरू अनाथ भ पाण्डवले युद्ध जिते, कौरवको सर्वनाश भयो । दिल्ली (इन्द्रप्रस्थ) को गद्दीमा युधिष्ठिरलाई बसाएर श्री कृष्ण जी द्वारिका गए । राजा युधिष्ठिरलाई भयङ्कर स आउन थाल्यो । सपनामा शिर काटिएका व्यक्तिहरू, उनको महलमा प्रवेश गर्दै ग देख्न थाले । करोडौं बच्चाहरूले पिता जी ! पिता जी ! भन्दै चिच्याउँदै गरेका करोडौं सैनिकहरूका विधवाहरू, हाय कन्त ! हाय कन्त ! भन्दै अलाप-विलाप आफ्नै शिरका कपाल लुछ्न थालेको देखिन थाल्यो । तिनीहरूको त्यो अलाप-विलाप लाग्थ्यो मानौं भनि रहेका थिए– हे महलको सुख भोग गर्न हाम्रो सौभाग्य उजाड्ने हो ! यी बच्चाहरूसँगै हामीलाई पनि मार, तिम्रा ऐश्वर्य पूर्ण हुने छन् । यस सिंहासनमा कतिन्जेल रहन्छौ ? एक दिन विहान सबेरै राजा युधिरिष्ठर स्नान गंगातट गए । त्यहाँ हजारौंको सङ्ख्यामा महिलाहरू विधवा हुँदा फुटाइने सुहाग चुराहरू जलप्रवाह गर्न त्यही घाटमा गएका थिए । कोही रोइ रहेका थिए, कोही सुं सुंक्क गरि रहेका थिए भने केही बेहोस भएर लडि रहेका थिए । तिनका छोरा-छोरीह विधवा आमाको शरीर अङ्गाल्दै रोइ रहेका थिए । केही दुई-दुई वृद्ध महिलाहरू हातको सहारा लिएर हिंडि रहेका थिए । सबै रोइ रहेका थिए । यो विकराल दृ देखेर राजा युधिष्ठिर स्नान नगरिकन नै फर्के । सारा दिन त्यही दृश्य आँखा अगा घुम्न थाल्यो । खान-पिन केही पनि गरेनन् । राती सुत्न लाग्दा त्यही दृश्य आँ आगाडि आउँथ्यो । जसो-तसो सुत्न खोज्दा पहिले दुई-तीन दिनदेखि देखि रहे सपना आउन थाल्थे । राजा युधिष्ठिर सुत्न सकि रहेका थिएनन् न खान सकि रहे थिए, न त रून नै सकि रहेका थिए । केवल नाम मात्रको आहार गर्थे । आँ फुट्ला-फुट्ला जस्तो र अनुहार डराए-डराए जस्तो भइ रहन्थ्यो । द्रोपदीले आफ्ना जे पतिको यो हालत कैयौं दिनदेखि देखि रहेकी थिइन् । कैयौं पटक यसको कारण प सोधिन्, तर केही पनि होइन भन्ने जवाफ दिन्थे । द्रोपदीले सन्तोषजनक जवा नपाएपछि र दिन प्रतिदिन युधिष्ठिरको हालत बिग्रदै गएको देखेपछि अ पाण्डवहरूलाई यस बारे बताउनु नै पऱ्यो । चारै पाण्डवहरू (भीम, अर्जन, नकुल सहदेव) युधिष्ठिर सामु गएर विनम्रतापूर्वक दुःख तथा हैरानीको कारण सोधे । त्यसबे पनि युधिष्ठिरले केही पनि होइन भनि जवाफ दिए । साथै ठूला दाजु जीवित छंदाछ सानाहरूले चिन्ता गर्नु हुंदैन भने । तर अर्जुनले भने– ठूल्दाजु के हामी बच्चा हौं ? हामी आफ्ना दाजुको दुःखको भागिदार बन्न सक्दैनौं ? के हजुर हामीलाई आफ्नो भ मान्नु हुन्न ? यी प्रश्नहरू सुन्नासाथ युधिष्ठिरको आँखामा आसु छचल्किए । च भाइलाई छातिमा टांसे तथा अङ्कमाल गर्दै भाइहरूको मुख थुन्दै भने– यसो नभ

तिमीहरू मेरो भाइ मात्र नभएर जीन्दगी हौ, पिता जीका धरोहर हौ, तर तिमीहरूसँग लुकाउने कुनै त्यस्तो खास कुरा पनि होइन । सहदेवले आँखाभरि आँसु पारेर भने– ठूल्दाजु । लाग्दछ राजा भएर तपाईं बेइमान र धोकेवाज हुनु भएछ । अवश्य पनि हामीसँग कुनै छलकपट-बेइमानी गरि रहनु भएको छ, हामी चारै भाइहरूको कसम सबै कुरा सत्य-सत्य बताउनु होस् अन्यथा हामी पनि खाना-पिना त्यागि दिन्छौं । युधिष्ठिरलाई कान्छो भाइको मायाले भरिएको गुनासोले आफ्नो दुःख व्यक्त गर्न विवश गरायो । त्यसपछि आफूले देखेका सारा सपना तथा गंगा नदीको तटमा आफूले देखेको सम्पूर्ण दृश्यहरू सुनाए । पाण्डवहरूका गुरू श्री कृष्ण जी थिए । (प्रमाण गीता अध्याय २ श्लोक ७ तथा गीता अध्याय ४ श्लोक ३ मा ।)

त्यसैले पाँचै पाण्डवहरू द्वारिका गए । युधिष्ठिर जीको समस्या श्रीकृष्ण जीलाई बताए । यो सङ्कट आउने कारण तथा निदान (समाधान) को उपाय सोधे । श्रीकृष्ण जीले यसो हेरे र विचार गरेर भने– युधिष्ठिरमाथि खराब आत्माहरूको छायाँ छ तथा युद्धमा गरिएको बन्धुहत्याको पाप लागेको हो ।

समाधानः श्री कृष्ण जीले भने एउटा अश्वमेघ यज्ञ गर । सारा पृथ्वीका साधु-सन्त, ऋषि-महर्षि, ब्राह्मण, आफ्ना नातेदार तथा स्वर्ग लोकका सम्पूर्ण देवताहरूलाई त्यस यज्ञमा भण्डारा भोजन गराऊ । एउटा पञ्चायण (पञ्चानन्) अर्थात् पञ्चमुखी शङ्ख ल्याऊ । त्यसलाई एक सु-सज्जित मेचमा राख । जब उपस्थित सम्पूर्ण अतिथिहरूले भोजन गरेपछि यो शङ्ख आफै बज्ने छ । तब तिम्रा यी तीन तापको सङ्कष्ट समाप्त हुने छ । यदि शङ्ख बजेन भने यज्ञ सम्पन्न हुने छैन, सङ्कट रहि नै रहने छ । यो सुनेर अर्जुनलाई सर्पले डसे जस्तै भयो । उनको दिमाग चर्किए जस्तै भयो । मनमनै सोचे– युद्धको तयारी भइ रहेको बेलामा मैले युद्ध गर्दिनँ भन्दा भगवानले पटक-पटक युद्ध गर्न प्रेरित गरि रहेका थिए । त्यसबेला भनेका थिए– तिमीलाई कुनै पाप लाग्दैन, तिमीत निमित्त मात्र हौ, तिम्रो दुबै हातमा लड्डु छ तर अहिले युद्धमा गरिएका नरसंहारको पाप नै तिम्रा सङ्कटका कारण हुन् भनि रहेका छन् । समाधान पनि यस्तो बताए कि त्यस बेलाको करोडौं (अहिलेको अरबौं) रूपियाँ खर्च हुने छ । अर्जुन भित्र भित्रै कुडिएका थिए । श्री कृष्ण जीले गीता ज्ञान दिने बेलामा युद्ध गर, तिमीलाई पाप लाग्दैन भन्नु भएको थियो तर अहिले त्यही युद्धमा गरेको पाप नै सङ्कटको कारण बताइ रहनु भएको छ भनेर प्रश्न सोध्न मन थियो । तर दाजु युधिष्ठिरले मेरो उपचारमा खरबौं रूपियाँ खर्च हुन्छ भनेर श्रीकृष्णसँग वाद-विवाद गरि रहेछ, यसले मेरो उपचार चाहदैन भन्ने आभास मात्र पनि पर्‍यो भने बरू मर्न तयार हुन्छन् तर उपचार गराउने छैनन् जस्ता कुरा विचार गरी विष पिएरै चुपचाप बसे र यज्ञको तिथि र स्थान सोधेर यज्ञको तयारी गरे । त्यस यज्ञमा ३३ (तेतिस) करोड देवता, ८८ हजार ऋषि, १२ करोड ब्राह्मण, ५६ करोड यादव (द्वारिकामा रहेका अर्जुनका ससुरालीका मानिसहरू) ९ नाथ, ८४ सिद्ध महात्मा तथा अनेकौं सामान्य

जनता आए र भोजन गरे । तर शङ्खबाट कुनै आवाज आएन । अनि सन्त सु (सुपच) जीलाई बोलाइयो, तब शङ्ख बज्यो र यज्ञ सम्पूर्ण भयो । त्यसबेला करूण नामबाट प्रकट परमात्मा आउनु भएको थियो । उहाँ तत्त्वदर्शी सन्तको लिला गर्न प्र युगमा आउनु हुन्छ । सुदर्शन उहाँका शिष्य थिए । उनी सत्यनाम (सतनाम, जुन अक्षरको हुन्छ– एक ॐ र अर्को तत्) को भक्ति गर्थे । जसकारणले पाण्डवहरूको सफल भएको थियो तथा पाण्डवहरूका तीन तापबाट आएको सङ्कट समाप्त भ थियो, जुन श्री कृष्ण जीले भोजन गर्दा तथा उपरोक्त महानुभावहरूले भोजन गर्दा समाप्त भएन । श्री सुदर्शन जी ती परम अक्षर ब्रह्म अर्थात् पूर्ण परमात्माको गर्थे । सूक्ष्म वेदमा भन्नु भएको छः–

तुम कौन रामका जपते जापम् ।
तातें कटें ना तुम्हरें तीनों तापम् ॥

भावार्थः– तिमी कुन रामको भक्तिको नाम जप्छौ, जसबाट तिम्रो तीन ताप समाप्त हुँदैन, मोक्ष त परको कुरा हो । त्यसैले म (सन्त रामपाल दास) सँग त्यो साधना छ । त्यो दुई अक्षरको सत्यनाम हो आऊ र दीक्षा लिएर आफ्नो कल्य गराऊ ।

अब त्यही प्रसङ्गमा आऔं– गीतामा दुई खालको ज्ञान छ अर्थात् विरोधाभ ज्ञान छ । एउटा त गीता ज्ञानदाताले युद्ध गराउनका लागि आफ्नो दाउ-पेच लगाए छन् । यो वेद विरूद्ध तथा सत्यमन्दा पर भएकाले स्वीकार्य छैन । त्यो यिनको हो । त्यसैले गीता अध्याय १२ श्लोक ५ मा भनेका छन्– ती सच्चिदानन्द घन ब्रह्म भक्ति क्लेश एवं दुःखपूर्वक प्राप्त हुन्छ । जब कि वेदमा लेखिएको छ– तत्त्वदर्शी स प्राप्त भए पश्चात् ती परमात्मा (पूर्ण ब्रह्म) को भक्ति कार्य गर्दै नाम जाप साधना ग गरिन्छ । यो अति सरल छ । यसबाट निम्न कुरा सिद्ध हुन्छ– यदि गीता ज्ञानदात बताएको मत वेदहरू (चार वेदः १. ऋग्वेद, २. यजुर्वेद, ३. सामवेद, ४. अथर्व वेद त ५. सूक्ष्म वेद) सँग मेल खादैन भने त्यो व्यर्थको ज्ञान हो । त्यो गीता ज्ञानदाता घरको ज्ञान हो, त्यो हामीले ग्रहण गर्नु हुन्न तथा हामीले स्वीकार गर्नु हुन्न ।

अन्य प्रमाणः– गीता अध्याय १२ श्लोक ८ देखि १९ सम्ममा आफ्नो मत भने छन् । गीता अध्याय १२ श्लोक ८ मा गीता ज्ञानदाताले भनेका छन्– ममा मन लगा ममा बुद्धि लगाऊ, मलाई प्राप्त गर्ने छौ । यसैगरी (उर्ध्वम्) माथिका अव्यक्तको भ गर्‍यौ भने उसलाई प्राप्त गर्ने छौ । यसमा कुनै संशय छैन । (गीता अध्याय श्लोक ८)

गीता अध्याय १२ श्लोक ९ मा गीता ज्ञानदाता भन्दछन्– यदि मेरो प्रा चाहन्छौ र यदि तिमी मनलाई ममा लगाउन समर्थ छैनौ भने हे धनन्जय ! अर्जुन

अभ्यास योग अर्थात् नाम-जाप तथा नित्य पाठ गर्नु आदि-आदि अभ्यासलाई साधना भनिन्छ । यही साधना गरेर मलाई प्राप्त गर्ने इच्छा गर । गीता अध्याय १२ श्लोक १० मा गीता ज्ञानदाता भन्छन्– यदि नाम-जाप, नित्य पाठ आदि-आदि अभ्यास गर्न पनि समर्थ भएनौ भने (मत् कर्म परमः) मेरा लागि श्रेष्ठ कर्म गर्ने बन । यसरी मेरो लागि शुभ कर्म गर्दा गर्दै पनि सिद्धि प्राप्त गर्ने छौ ।

गीता अध्याय १२ श्लोक ११ मा गीता ज्ञानदाता भन्छन्– यदि (मद्योगम = मत् योगम्) मद्वारा बताइएको भक्ति साधनामा आश्रित भएर उपरोक्त साधना गर्नमा पनि तिमी समर्थ छैनौ भने (यतात्मवान = यत आत्मवान्) "यति" आत्मा भएकोबन । "यति" को अर्थ आफ्नो पत्नी बाहेक अन्य कुनै पनि स्त्रीप्रति विषय विकारबस भएर मनमा कहिल्यै द्वेष उत्पन्न नहुने पुरूषलाई यति भनिन्छ । जस्तोः श्रीरामचन्द्र जीलाई यति अर्थात् सन्त भाषामा "जति" भनिन्छ । श्री व्यास जीका पुत्र श्री शुखदेव = शुकदेवलाई पनि यति = जति मानिएको छ तथा श्री रामचन्द्रकी पत्नी सीतालाई "सती" मानिएको छ । त्यसैले यतात्मवान् अर्थात् यति पुरूष बनेर सम्पूर्ण कर्महरूको फल त्याग गर भनिएको छ । (गीता अध्याय १२ श्लोक ११)

गीता अध्याय १२ श्लोक १२ मा गीता ज्ञानदाता भन्दछन्– (अभ्यासात्) नाम-जाप, नित्य पाठ आदिको जुन अभ्यास गरिन्छ, त्यसभन्दा श्रेष्ठ ज्ञान हो अर्थात् जिज्ञासु बनेर ज्ञान प्राप्त गर । ज्ञानद्वारा ध्यान अर्थात् हठ साधना गरेर समाधी गर्नु । यहाँ गीता ज्ञानदाताको मत अनुसार ध्यान भनिएको हो । जसको अनुशरण सम्पूर्ण ऋषिहरू गर्ने गर्थे । जसलाई अहिले "मेडिटेशन" भनिन्छ । ध्यानभन्दा श्रेष्ठ सम्पूर्ण कर्महरूको फलको त्याग हो किनकि त्यागले तत्काल शान्ति प्राप्त हुन्छ । (यो गीता ज्ञानदाताको मत हो ।)

गीता अध्याय १२ श्लोक १३-१४ मा गीता ज्ञानदाता भन्छन्– जो व्यक्ति सबै प्राणीहरू प्रति द्वेष भाव रहित छ, राजा जनक जस्तो सबैको मित्र हो र दयालु छ, ममता तथा अहङ्कार रहित सुख-दुःखमा समान रूपमा रहन्छ, क्षमावान छ, जो (योगी) साधक निरन्तर सन्तुष्ट छ, ऊ (यतात्मा) यति पुरूष हो, दृढ निश्चय भएको छ अर्थात् मैले बताएको आफ्नो मत या वेद ज्ञानलाई दृढ निश्चयका साथ पालन गर्दछ, त्यो ममा समर्पित मेरो भक्त मलाई प्रिय छ ।

यसैगरी गीता अध्याय १२ श्लोक १५-१९ मा आफ्नो मत भनेका छन्– जो केवल नास्तिकता तिर लैजाने छ, जस्तो माथि भनिएको उल्लेख (गीता अध्याय १२ श्लोक ८ देखि १२) मा भनिएको छः–

ममा मन लगाऊ, यदि मन लगाउन सक्दैनौ भने नाम जाप तथा नित्य पाठ आदिको अभ्यास गर्ने गर । अभ्यासको अर्थ हो- नित्य प्राप्ति बारम्बार कर्म गर्नु । नाम जाप, नित्य पाठ गरेर मलाई प्राप्त गर्ने इच्छा गर । यदि नाम जाप, नित्य पाठ पनि

गर्न सक्दैनौ भने मेरा लागि अर्थात् परमात्माका लागि कर्म गर्ने बन । उदाहर
लागि- जस्तो धार्मिक कार्य गर्छन् । कहीं कम्बल बाँड्नु, कतै भोजन भण्डारा गरा
कहीं मन्दिर बनाउनु, कहीं धारा बनाउनु, पक्षीहरूलाई दाना दिनु आदि भग
प्राप्तिका लागि गरिएको कार्य भनिन्छ । यसो गर्नाले केही सिद्धि प्राप्त हुन्छ ।
पाठकहरू ! ध्यानपूर्वक विचार गरौं: यी श्लोकहरूमा यी कर्महरूबाट प्राप्त हुने
पनि बताइएको छ– सिद्धि प्राप्ति हुन्छ । अनि साधक स्वयम् झार-फुक, तन्त्र-म
तथा आशीर्वाद वा श्राप दिन योग्य हुन्छ र महर्षि रूपमा प्रसिद्ध हुन्छ । (गीता अध
१२ श्लोक १०)

यदि भगवानका लागि कर्मपनि गर्न सक्दैनौ भने यति (जति) पुरुष
कर्मफल त्याग गर ।

विचार गरौं– जब भगवानका लागि धार्मिक कर्म नै गर्दैन भने फल त्याग
कुन कर्म बाँकी रहन्छ ? यसलाई वाहियात अर्थात् छेऊ नटुप्पोको ज्ञान भनिन्छ
(गीता अध्याय १२ श्लोक ११) फेरि गीता अध्याय १२ श्लोक १२ मा त अ
तुल्याउँदै भनेका छन्– अभ्यास अर्थात् नाम-जाप, नित्य पाठरूपी अभ्यास भन्दा इ
श्रेष्ठ हो । गीता ज्ञानदाताले यो मत मेरो हो भनि रहेका छन् । यहाँ यसैको ज्ञान च
छ । ज्ञानभन्दा ध्यान (Meditation) अर्थात् हठपूर्वक एकान्त स्थानमा आसन (गी
अध्याय ६ श्लोक १०-१५ मा बताइएको विधि गीता ज्ञानदाताको मत हो ।) मा ब
ध्यान गर्नु श्रेष्ठ हो । ध्यानद्वारा सम्पूर्ण धार्मिक कर्महरूको फल त्याग्नाले तत्काल शा
प्राप्त हुन्छ । गीता अध्याय १२ श्लोक ११ मा सम्पूर्ण धार्मिकता भएको कर्म पनि त्य
आदेश छ । यसरी यो ज्ञानले साधकहरूलाई नास्तिकता तर्फ धकेलि रहेको छ । गी
ज्ञानदाताको यो ज्ञान शास्त्रविरुद्ध छ, जसले गर्दा साधकहरू शास्त्रविधि त्या
मनोमानी आचरण गर्न थाले र आफ्नो अनमोल मानव जीवन व्यर्थ तुल्याइ रहेका छन्
यदि यी उल्लेखित ज्ञान: "भगवानमा मन लागेन भने अभ्यास (नाम जाप, नित्य पा
गर, अभ्यास गर्न सकेनौ भने भगवानका लागि काम गर, भगवानका लागि कर्म
सकेनौ भने सम्पूर्ण कर्महरूको फल त्याग देऊ" उचित भएको भए चारै वेदहरू त
श्रीमद्भगवत गीताका अन्य ६५० श्लोकहरू (किनकि लगभग ५० श्लोकहरूमा गी
ज्ञानदाताको मत भएको ज्ञान छ ।) को के आवश्यकता थियो । यिनै ४-५ श्लो
पर्याप्त थिए । यसरी गीता ज्ञानदाताले बताएको आफ्नो मत वेदको विरुद्ध छ, ज
स्वीकार योग्य छैनन् । गीता अध्याय १२ श्लोक २० मा आफ्नो अज्ञान लुकाउन
लागि फेरि भनेका छन्– तर जुन (श्रद्धानाः) साधकले श्रद्धा पूर्वक (मत्परमाः = म
परमाः) म भन्दा श्रेष्ठ परमेश्वरलाई (पर्युवासते) पुज्दछन्, ती मलाई अधिक प्रिय छन्
जस्तो प्रारम्भमा नै वर्णन छ– गीता अध्याय ५ श्लोक १४, १५, १६, २०, २४, २५
२६ मा पनि गीता ज्ञानदाताले आफू भन्दा भिन्न अर्को प्रभुको विषयमा बताएका छ

भन्ने कुराको प्रमाण छ । गीता अध्याय ५ श्लोक १४ मा गीता ज्ञानदाताले भनेका छन्– परमात्मा (प्रभु) ले कुनै मनुष्यको न कर्तापन, न कर्मक तथा न कर्मफल संयोगको उत्पत्ति गर्दछन् तर सम्पूर्ण प्राणीहरू आफ्ना स्वभाववश कर्म गर्दछन् ।

गीता अध्याय ५ श्लोक १५ः (विभुः) सर्वव्यापी अर्थात् वासुदेव जसको गीता अध्याय ३ श्लोक १४-१५ मा वर्णन छ । जसमा भनिएको छ–सम्पूर्ण प्राणीहरूको उत्पत्ति अन्नबाट हुन्छ, अन्न वर्षाबाट उत्पन्न हुन्छ, वर्षा धार्मिक अनुष्ठानहरू अर्थात्, यज्ञहरूबाट हुन्छ, यज्ञ शास्त्रानुकूल धार्मिक कर्महरूबाट उत्पन्न हुन्छ, धार्मिक कर्म ब्रह्म अर्थात् क्षर पुरुषबाट उत्पन्न हुन्छ । ब्रह्म अर्थात् क्षर पुरुष (अक्षरः सम् उद्‌भवम्) अविनाशी परमात्मा अर्थात् परम अक्षर ब्रह्मबाट उत्पन्न भएको जान । यसबाट सिद्ध हुन्छ– (सर्व गतम् ब्रह्म) अर्थात् "विभु" सर्वव्यापी परमेश्वरले न कसैको पाप र न कसैको शुभ कर्म नै ग्रहण गर्नु हुन्छ । उनैबाट सम्पूर्ण (जन्तवः) जीव-जन्तु तथा मनुष्य मोहित भइ रहेका छन् ।

गीता अध्याय ५ श्लोक १६-१७ पढेपछि गीता ज्ञानदाताले आफूभन्दा भिन्न अर्को परमेश्वरको विषयमा बताएका छन् भन्ने स्पष्ट हुन्छ । यसैगरी गीता अध्याय ५ श्लोक २०, २४, २५ र २६ पनि अन्य अनुवादकहरूले गरेका सरलार्थबाट बुझ्न सकिन्छ ।

यसैगरी गीता अध्याय ६ श्लोक ७ मा स्पष्ट रूपमा "परमात्मा" शब्द मूल पाठमा लेखिएको छ, जुन गीता ज्ञानदाता भन्दा भिन्न अर्को "परमात्मा" को प्रमाण हो किनकि गीता अध्याय १५ श्लोक १७मा भनेका छन्– श्लोक १६ मा वर्णित दुई पुरुष क्षर पुरुष तथा अक्षर पुरुष भन्दा अर्को कुनै उत्तम पुरुष अर्थात् पुरुषोत्तम छन्, जसलाई (परमात्मा इति उदाहृत) परमात्मा भनिएको छ । उनी नै तीनै लोकहरूमा प्रवेश गरेर सबैको धारण-पोषण गर्दछन्, उनी नै अविनाशी परमात्मा हुन् । यसमा गीता अध्याय १५ श्लोक १७ मा) पनि "परमात्मा" शब्द छ । गीताको अमृत ज्ञानलाई यही रूपमा बुझ्नु पर्छ, केवल गीता जी पढेर मात्र कल्याण हुँदैन, यसको अमृत ज्ञान बुझेर यसै अनुसार आफ्ना धार्मिक क्रियाहरू (कर्महरू) गर्नाले गीता अध्याय १६ श्लोक २३ मा सुख प्राप्ति, सिद्धि शक्ति प्राप्ति तथा परम गति अर्थात् पूर्ण मोक्ष प्राप्तिका लागि बताइएको तीनै लाभ प्राप्त हुन्छ ।

अब पुनः त्यही प्रसङ्गमा फर्कौं, जुन प्रश्नकर्ताले जान्नु छ– गीता ज्ञानदाताभन्दा भिन्न अर्को पूर्ण परमात्मा को हुन्, तथा उनले आफूभन्दा अर्को कुन परमेश्वरको शरणमा जान भनेका छन् ?

प्रसङ्ग जवाफको चलि रहेको छ । गीता ज्ञानदाताभन्दा अन्य "परम अक्षर ब्रह्म छन् भन्ने स्पष्ट भइ सकेको छ । गीता अध्याय १८ श्लोक ६२ मा ती परमेश्वर (परम अक्षर पुरुष) को शरणमा जानका लागि भनिएको छ । गीता अध्याय १८ श्लोक ६६, गीता अध्याय ८ श्लोक २८ तथा गीता अध्याय १२ श्लोक ६-७ मा पूर्ण परमात्मालाई

प्राप्त गर्नका लागि मेरो भक्ति पनि गर्नु पर्छ भनेका छन्, जस्तो गीता अध्या
श्लोक २३ मा "ओम् (ॐ) तत्, सत्" नामको जाप परम अक्षर ब्रह्मको प्राप्तिका
हो । गीता अध्याय ८ श्लोक १३ मा गीता ज्ञानदाताले आफ्नो साधना गर्ने केवल
"ओम्" (ॐ) नाम भनेका छन् । पूर्ण परमात्माको प्राप्तिका लागि "ॐ" नामको जाप
साधकले गर्दछ । यसैले गीता अध्याय ८ श्लोक २८ मा भनेका छन्– योगी
भक्तले तत्त्वज्ञानद्वारा यस रहस्यलाई बुझेर वेदको ज्ञान अनुसार भक्ति गर्नाले,
अनुसार यज्ञ अर्थात् धार्मिक अनुष्ठान गर्नाले, तप अर्थात् आफ्नो धर्ममा दृढता
लागि रहनाले जुन शारीरिक तथा मानसिक कठिनाइ झेल्नु पर्छ । त्यस तप तथा
गर्नाले जुन पुण्य फल प्राप्त हुन्छ अर्थात् धार्मिक कर्मले भक्तिफल प्राप्त हुन्छ, त्य
(अत्येति) उल्लङ्घन गर्दछ अर्थात् त्याग्दछ, त्यसले (आद्य) सनातन (परम) अन्
अर्को (स्थानम्) धाम प्राप्त हुन्छ ।

गीता अध्याय १२ श्लोक ७-८ मा भनेका छन्– जुन साधक (मत्परा =
परा:) ले मभन्दा अर्का परमात्माको भक्ति गर्ने सम्पूर्ण भक्तजन मेरो भक्तिको स
भक्ति कर्म मलाई नै अर्पण गरेर ममै त्याग्दछ । जुन अनन्य भक्ति ती म भन्दा
अर्थात् अर्काको भज्दछन् । गीता अध्याय १२ श्लोक ७ मा वर्णन छ– हे अर्जुन !
चित्त लगाउने, मलाई जान्ने, जसले (आवेशित) आवेश पूर्वक (चेतासाम्) मलाई ज
सकेको छ । ती भक्तहरूलाई म शीघ्र नै संसाररूपी समुद्रबाट (सम् उद्धर्ता
समुद्धती) त्यसैगरी उद्धार गर्दछु । गीता अध्याय १८ श्लोक ६६ मा भनेका छन्:

सर्वधर्मान् परित्यज्य माम, एकम् शरणम् व्रज ।
अहम् त्वा सर्व पापेभ्य: मोक्षयिष्यामि मा शुच: ॥

अन्य अनुवादकहरूले यस गीता अध्याय १८ श्लोक ६६ को गलत अनु
गरेका छन्, जुन यस प्रकार छ– सम्पूर्ण धर्महरू अर्थात् सम्पूर्ण कर्महरू ममा त्य
तिमी केवल एक म सर्व शक्तिमान सर्वाधार परमेश्वरको शरणमा (व्रज) आऊ ।
तिमीलाई सम्पूर्ण पापहरूबाट मुक्त गरि दिन्छु, शोक नगर ।

विवेचना:– सम्पूर्ण धर्महरू अर्थात् कर्तव्य कर्महरू ममा त्यागेर केवल तिमी
म सर्व शक्तिमान सर्वाधार परमेश्वरको शरणमा आऊ । यो अनुवाद गलत छ ।

विचार गरौं– गीता अध्याय १८ श्लोक ४६, ६२ अध्याय १५ श्लोक १-४ त
१७ मा सर्व शक्तिमान सर्वाधार परमात्मा त कोही अरू नै छ भनिएको छ, जसल
गीता अध्याय ८ श्लोक ३ मा परम अक्षर ब्रह्म भनिएको छ । यहाँ गीता अध्याय
श्लोक ६६ मा अनुवादकले आफ्नै तर्फबाट महिमा जोडेका छन्, जुन व्यर्थ छ । प
भनिएको छ– सम्पूर्ण कर्महरू ममा त्यागेर मेरो शरणमा आऊ । यो पनि न्याय सङ्
कुरा होइन । यदि कसैले सर्व कर्म ममा नै त्यागेर मेरो शरणमा आऊ भन्छ

यसबाट पनि सम्पूर्ण धार्मिक कर्महरूको भक्ति कमाइ ममा छोडेर अरूको शरणमा जाऊ भन्ने स्पष्ट हुन्छ । त्यसो त "व्रज" को अर्थ जानु हुन्छ, आउनु लेख्न वा भन्न मिल्दैन । जस्तोः अंग्रेजीको शब्द "Go" को अर्थ जानु हुन्छ, आउनु लेख्न वा भन्न मिल्दैन । फेरि अन्य प्रमाणः गीता अध्याय २ श्लोक ७ मा अर्जुनले भनेका छन्– म हजुरको शिष्य हूँ, हजुरको शरणमा छु, मलाई उचित शिक्षा दिनु होस् । फेरि गीता अध्याय ४ श्लोक ३ मा भनेका छन्– तिमी मेरो भक्त तथा सखा हौ । यहाँ गीता अध्याय १८ श्लोक ६६ मा मेरो शरणमा आऊ भन्ने अनुवाद गर्नु बिल्कुल अनुचित छ किनकि अर्जुन त पहिले नै श्री कृष्ण जीको शरणमा थिए । यो कुरा सिद्ध भइ सकेको छ । तत्त्वज्ञानको अभावले अनुवादकहरूले अर्थलाई अनर्थ तुल्याएका छन् ।

गीता ज्ञानदाताले गीता अध्याय १८ श्लोक ६२ मा भनेका छन्– ती परमेश्वरको शरणमा जाऊ, तिनै परमेश्वरको कृपाले नै तिमीलाई परम शान्ति तथा सनातन परमधाम प्राप्त हुने छ । गीता अध्याय १४ श्लोक ४६ मा भनेका छन्– जुन परमेश्वरबाट सम्पूर्ण प्राणीहरूको उत्पत्ति भएको छ, जसबाट यो समस्त जगत व्याप्त छ, उनै परमेश्वरको आफ्नो स्वभाविक कर्म गर्दै पूजा गरेर मनुष्यलाई परम सिद्धि प्राप्त हुन्छ । गीता अध्याय १५ श्लोक १७ मा स्पष्ट गरेका छन्– श्लोक १६ मा भनिएका दुई पुरूषहरू (क्षर पुरूष र अक्षर पुरूष) भन्दा उत्तम पुरूष त कोही अन्य छन्, जसलाई परमात्मा भनिन्छ । उनी नै तीनै लोकमा प्रवेश गरेर सबैको धारण-पोषण गर्दछन् । उनै वास्तवमा अविनाशी परमेश्वर हुन् । गीता अध्याय १५ श्लोक ४ मा भनेका छन्– तत्त्वदर्शी सन्तको प्राप्ति पश्चात् परमेश्वरको त्यो परमपदको खोज गर्नु पर्छ, जहाँ गए पश्चात् साधक फर्केर संसारमा आउँदैन । जुन परमेश्वरबाट संसार रूपी वृक्षको प्रवृत्ति विस्तार प्राप्त भएको छ, उनैको भक्ति गर ।

गीता ज्ञानदाताले आफ्नो स्थिति गीता अध्याय २ श्लोक १२, अध्याय ४ श्लोक ५ तथा अध्याय १० श्लोक २ मा सपष्ट पारेका छन्– अर्जुन ! तिम्रो र मेरो थुप्रै जन्म भइ सकेको छ र पछि पनि हुदै रहने छ, तिमी जान्दैनौ, म जान्दछु । जुन प्रभु स्वयम्को जन्म-मृत्यु हुन्छ भने त्यो पनि अविनाशी भएन, उसको उपासक पनि जन्मि रहन्छ र मरि रहन्छ, ब्रह्मको साधकले त्यो मोक्ष प्राप्त गर्न सक्दैन । गीता अध्याय १५ श्लोक ४ मा भनेका छन्– जहाँ गए पश्चात् पुनः जन्म हुँदैन । गीता अध्याय १८ श्लोक ६६ वास्तविक अनुवाद यस्तो हुन्छः–

अनुवादः– (सर्व धर्मान्) मेरो उपासनाको सम्पूर्ण धार्मिक कर्मको भक्ति कमाइ (माम्) मलाई (परित्यज्य) त्यागेर तिमी (एकम्) एक उनी, जो समान अरू कोही छैनन्, अद्वितीय सर्व शक्तिमान परमेश्वर अर्थात् परम अक्षर ब्रह्मको (शरणम्) शरणमा (व्रज) जाऊ । (अह्म त्वा) म तिमीलाई (सर्व पापेभ्यः) सम्पूर्ण पापहरूबाट (मोक्षयिष्यामि) मुक्त गरि दिन्छु, (मा शुचः) शोक नगर । गीता अध्याय १८ श्लोक ६६ मा गीता ज्ञानदाताले

भनेका छन्– मेरो उपासनाका मन्त्रहरूको भक्तिको कमाइ ममा त्यागेर तिमी केव
उनै अर्थात् जो समान अन्य कुनै शक्ति छैन, अद्वितीय सर्व शक्तिमान परमेश्वर
परम अक्षर ब्रह्मको शरणमा जाऊ, म तिमीलाई सम्पूर्ण पापहरूबाट मुक्त गरि
शोक नगर । (गीता अध्याय १८ श्लोक ६६)

विश्लेषणः– गीता अध्याय १७ श्लोक २३ मा गीता ज्ञानदाताले सङ्केत छन् ती (ब्राह्मणः) सच्चिदानन्द घनब्रह्म अर्थात् परम अक्षर ब्रह्मको भक्तिको "ओ सत्" यी तीन मन्त्र हुन् । यसैको जाप गर्ने निर्देश छ । फेरि गीता अध्याय ८ १३ मा आफ्नो उपासनाको मन्त्र भनेका छन्– म ब्रह्मको भक्तिको केवल एक (ॐ) अक्षर छ, जसले यसको उच्चारण गर्दै शरीर त्याग्दछ, त्यसलाई मेरो परम (मोक्ष) प्राप्त हुन्छ । ॐ को जाप ब्रह्मको जाप हो, यसबाट ब्रह्मलोक प्राप्त हुन्छ, परम गति हो, जसलाई गीता अध्याय ७ श्लोक १८ मा अनुत्तम अर्थात् अश्रेष्ठ छन् । गीता अध्याय ८ श्लोक १६ मा भनेका छन् ब्रह्मलोक सम्म भएका लोकहरूमा गएका साधक पुनरावृत्तिमा छन् अर्थात् ब्रह्मलोकसम्म गएका साधक जन्म-मृत्युमा रहि रहन्छन् । त्यसैले उपरोक्त (गीता अध्याय १८ श्लोक ४६, ६२ र अध्याय १५ श्लोक ४ र १७) मा कुनै समर्थ परमेश्वरको शरणमा जान भनिएको "ॐ तत् सत्" नामका जाप (गीता अध्याय १७ श्लोक २३ मा ओम् तत् सत् तीन छन् ।) मा भएको "ॐ" नाम ब्रह्मको जाप हो । यिनैलाई गीता अध्याय १५ श्लोक मा क्षर पुरुष भनेका छन् तथा अर्को अक्षर पुरुष हुन् । उनको जाप "तत्" मन्त्रको यो साङ्केतिक छ तथा गीता अध्याय १५ श्लोक १७ मा भनेका छन्– "उत्तम पुरुष अन्यः" पुरूषोत्तम अर्थात् सर्वश्रेष्ठ सर्व शक्तिमान पुरूष त क्षर पुरुष तथा अक्षर भन्दा भिन्न छन् । उनको जापको मन्त्र "सत्" हो, जुन साङ्केतिक छ । सन्त भा सत्य पुरूष भनिने परमेश्वर अर्थात् परम अक्षर ब्रह्म को सन्त भाषामा "सत्यल भनिने त्यो परमपद अर्थात् सनातन परमधाम जानका लागि अर्थात् पूर्ण मोक्ष गर्नका लागि गीता अध्याय १७ श्लोक २३ मा भएको "ॐ तत् सत्" मन्त्रको जाप पर्छ । अरू कुनै नाम जापले पूर्ण मोक्ष हुँदैन । "तत् र सत्" यी दुई भिन्न मन्त्र जुन उपदेश लिनेहरूलाई उपदेश दिने बेलामा सार्वजनिक गरिन्छ । "ॐ नामको ब्रह्म = क्षर पुरूषको अर्थात् गीता ज्ञानदाताको हो । यिनको उपासना "ॐ" ना जापद्वारा गरिन्छ । "ॐ" नामको जापको कमाइ अर्थात् धार्मिक कर्म ब्रह्मलाई त्य पर्छ । पहिले हामी तत्त्वज्ञान नभएकोले "ॐ" नामको जापको कमाइ ब्रह्मलोकमा समाप्त गर्थ्यौं र पाप शेष नै रहन्थ्यो । त्यसलाई नर्क तथा ८४ लाख प्रका प्राणीहरूको शरीरमा कष्टपूर्वक भोग्थ्यौं । अब हामी "ॐ" नाम जापको भक्ति ब्रह्मलाई छोडि दिन्छौं र यसको फल ब्रह्मलोकमा भोग्दैनौं, जसको प्रतिफलमा ब्रह्म अर्थात् क्षर पुरुषले हाम्रा सम्पूर्ण पापहरू समाप्त गरि दिन्छन् । गीता अध्याय

श्लोक ६६ को भावार्थ यही हो । फेरि "तत्" मन्त्रको जापको कमाइ अक्षर पुरुष अर्थात् परब्रह्म (गीता ज्ञानदाता भन्दा अर्का ब्रह्म) लाई त्याग्दछौं । उनको ७ शङ्ख ब्रह्माण्डका क्षेत्र पार गरेर सनातन परम धाम (सत्यलोक) मा जाने भाडा दिनु पर्छ । त्यो "तत्" मन्त्रको जापको कमाइले पूरा हुन्छ । फेरि "सत्" मन्त्र सत्य पुरुष (परम अक्षर ब्रह्म) को जाप हो । यसको कमाइ लिएर हामी परमेश्वरको त्यस परमपद अर्थात् सनातन परम धाम (सत्यलोक) प्राप्त गर्ने छौं, जहाँ गए पश्चात् साधक फेरि फर्केर संसारमा कहिल्यै आउँदैन, परमशान्ति अर्थात् पूर्ण मोक्ष प्राप्त हुन्छ । यी सम्पूर्ण भक्ति साधना म (सन्त रामपाल दास) सँग छ, आऊ र आफ्नो कल्याण गराऊ ।

यो हो गीता अध्याय १८ श्लोक ६६ को यथार्थ अनुवाद । त्यसैले "गीता तिम्रो ज्ञान अमृत" भनिएको हो । उपरोक्त प्रमाणहरूबाट निम्न कुरा सिद्ध हुन्छ– गीता ज्ञानदाता भन्दा बेग्लै अर्का पूर्ण परमात्मा छन् । उनैको शरणमा जानका लागि गीता ज्ञानदाताले गीता अध्याय १८ श्लोक ६२ र ६६ मा भनेका छन् । यस अनमोल गीताको ज्ञान नबुझेर अज्ञानी व्यक्तिहरूले गीता ज्ञानदाताले आफ्नै शरणमा आउन भनेका हुन् भनेर उल्टो अर्थ लगाएका छन् ।

जस्तो कुनै व्यक्तिको काम मुख्यमन्त्रीको अधिकार अन्तर्गत छ र ऊ मन्त्रीका सामु खडा छ । यो कार्य गरि दिनु होस् भनेर मन्त्रीलाई अनुरोध गरि रहेको छ । मन्त्री बुद्धिमान भएकाले त्यस व्यक्तिलाई भ्रमित तुल्याउँदैन र भन्छ– यदि तपाईंलाई यो काम गराउनु छ भने मुख्य मन्त्रीकहाँ जानु होस्, उनैको कृपाले मात्र तपाईको यो काम हुन सक्छ । त्यस मन्त्रीले तपाई ती मुख्यमन्त्री कहाँ जानु होस् भनी एउटा पत्र लेखेर दियो । जसमा लेखिएको थियो– तपाई त्यस मुख्यमन्त्री कहाँ जानु होस्, उनैको कृपाले तपाईंको यो कार्य सम्भव छ । यदि कसैले यस भनाइको अर्थ मन्त्री जीले आफूकहाँ आउनु भनेका हुन् भन्ने अर्थ लगाउँछ भने त्यो गलत हो किनकि ती व्यक्ति भर्खरै मन्त्री कहाँबाट त आएका हुन् । यसैगरी गीताको अमृतरूपी ज्ञान नबुझेर "अडंगा अर्थात् बेतुकको" अनुवाद गरेर अज्ञानी सन्तहरूले पाठकहरूलाई भ्रमित तुल्याएका छन् र जन्म-मरणको चक्रमा स्वयम् पनि परि रहेका छन् तथा आफ्ना सोझासाझा अनुयायीहरूलाई पनि जन्म मरणको चक्रमा होमि रहेका छन् । ती अज्ञानी सोझासाझा अनुयायीहरू भने तिनलाई पूर्ण विद्वान तथा गीता मनीषि मानि रहेका छन् । गीताको ज्ञान कसले भनेका हुन् भन्ने कुरा पहिलेका प्रश्न-उत्तरमा स्पष्ट भइ सकेको छ । कृपया प्रश्न १ को उत्तर पढ्नु होस् ।

प्रश्न नं. २७: परमात्मा साकार छन् वा निराकार ? अव्यक्तको अर्थ निराकार हुन्छ ?

उत्तरः– परमात्मा साकार छन्, नर स्वरूपमा छन् अर्थात् मनुष्यको जस्तो आकार हुन्छ । अव्यक्तको अर्थ निराकार हुदैन, साकार हुन्छ । उदाहरणका लागिः

जस्तो सूर्यलाई बादलले ढाकेको समयमा सूर्य अव्यक्त हुन्छ । भलै हामीले देख्दैनौं त सूर्य अव्यंक्त हुन्छ तर साकार हुन्छ । जुन प्रभु हाम्रो सामान्य साधनाद्वारा देखिदैनन् तिनलाई अव्यक्त भनिन्छ ।

जस्तो गीता अध्याय ७ श्लोक २४-२५ मा गीता ज्ञानदाताले आफूलाई अव्यक्त भनेका छन् किनकि उनी श्री कृष्णमा प्रवेश गरेर बोलि रहेका थिए । व्यक्त भएपछि विराट रूप देखाएका थिए । यी पहिला अव्यक्त प्रभु हुन्, जसलाई क्षर पुरूष भनिन्छ यिनलाई काल पनि भनिन्छ । गीता अध्याय ८ श्लोक १७-१९ मा अर्का अव्यक्त अक्षर पुरूष छन् । गीता अध्याय ८ श्लोक २० भनेका छन्– यस अव्यक्त अर्थात् अक्षर पुरूषभन्दा अर्का सनातन अव्यक्त परमेश्वर अर्थात् परम अक्षर पुरुष छन् । यसरी ती तीनै साकार (नराकार) प्रभु हुन् । अव्यक्तको अर्थ निराकार हुँदैन । क्षर पुरूष (ब्रह्म) ले आफ्नो वास्तविक रूपमा कसैलाई कहिल्यै पनि दर्शन नदिने प्रतिज्ञा गरेका छन् ।

प्रमाणः– गीता अध्याय ११ श्लोक ४७-४८ मा भनेका छन्– हे अर्जुन ! यो मेरो विराट रूप जुन तिमीले देख्यौ, यो तिमी बाहेक पहिले कसैले देखेको छैन, मैले तिमीप्रति अनुग्रह गरेर देखाएको हुँ । गीता अध्याय ११ श्लोक ४८ मा भनेका छन्– यो मेरो स्वरूप वेदमा वर्णित विधि, तप; यज्ञ आदिद्वारा देख्न सकिँदैन । यसबाट क्षर पुरूष (गीता ज्ञानदाता) लाई कुनै पनि ऋषि, महर्षि तथा साधकले देखेका छैनन्, त्यसैले निराकार मानेका हुन् भन्ने सिद्ध हुन्छ । सूक्ष्म वेद (तत्त्वज्ञान) मा भनिएको छ–

खोजत-खोजत थाकिया, अन्तमें कहा बेचून । (निराकार)

न गुरू पूरा न साधना, सत्य हो रहे जूनमं-जून (जन्म-मरण) ॥

गीता अध्याय ७ श्लोक २४-२५ मा गीता ज्ञानदाताले त स्पष्ट नै गरि दिएका छन्– म आफ्नो योगमायाद्वारा लुकेर बस्छु । कसैका सामु आउँदिन, म अव्यक्त छु । यदि लुकेका छन् भनेत साकार छन् । अक्षर पुरुष पनि अव्यक्त छन, यो माथि प्रमाणित भइ सकेको छ । यी प्रभुको यहाँ कुनै भूमिका छैन । यिनी त आफ्ना सात शंख ब्रह्माण्डहरूसम्म मात्र सीमित छन् । त्यसैले यिनलाई कसैले देख्न सक्दैन ।

परम अक्षर पुरुषः– यी प्रभुको सम्पूर्ण ब्रह्माण्डमा भूमिका छ । यिनी पृथ्वीभन्दा १६ शङ्ख कोस (एक कोश लगमग ३ कि. मी. हुन्छ ।) पर सत्यलोकमा रहन्छन् । यिनको प्राप्तिको साधना वेद (चारैवेद) मा वर्णित छैन । जसले गर्दा यी प्रभुलाई कसैले देख्न सकेनन् । यी प्रभु (परम अक्षर ब्रह्म) सशरीर पृथ्वीमा प्रकट हुँदा कसैले यिनलाई चिन्न सक्दैन । परमात्मा भन्नु पनि हुन्छः

हम ही अलख अल्लाह हैं, कुतुब-गोस और पीर ।
गरीब दास खालिक धनी, हमरा नाम कबीर ॥

म पूर्ण परमात्मा हूँ, म नै पीर अर्थात् सत्यज्ञान दिने सतगुरू हूँ । सम्पूर्ण सृष्टिको मालिक पनि म नै हूँ, मेरो नाम कबीर हो । तर सम्पूर्ण साधक, ऋषि-महर्षिहरूले परमात्मा त निराकार हुन्छन्, उनलाई देख्न सकिदैन भन्ने दृढ निश्चय गरेका हुन्छन् । त्यसैले यो पृथ्वीमा विचरण गर्ने जुलाहा (धाणक) कबीर एक कवि कसरी परम अक्षर ब्रह्म हुन सक्छन् भनी सोच्दछन् ।

यसको समाधान यस प्रकार छन्ः–

विश्वका कुनैपनि परमात्मा चाहने बुद्धिमान व्यक्तिले चारै वेदहरू (ऋग्वेद,यजुर्वेद, सामवेद तथा अथर्व वेद) लाई गलत ठान्दैन । वर्तमानमा आर्यसमाजका प्रवर्तक महर्षि दयानन्दलाई वेदहरूका पूर्ण विद्वान मानिन्छ । यिनले पनि परमात्मा निराकार छन् भनेका छन् । आर्य समाज तथा महर्षि दयानन्द 'वेदहरूका ज्ञानलाई सत्य मान्छन् । यिनी स्वयम्ले वेदहरू हिन्दीमा अनुवाद गरेका छन् । जसमा स्पष्ट रूपमा लेखिएको छ– परमात्मा माथिका लोकमा रहन्छन् । त्यहाँबाट गतिमान भएर (सशरीर हिंडेर) पृथ्वीमा आउँछन् । असल आत्माहरूलाई भेट्छन् र तिनलाई यथार्थ भक्तिको ज्ञान सुनाउँछन् । परमात्मा तत्त्वज्ञान आफ्नै मुख कमलबाट उच्चारण गरेर लोकोक्ति, साखी, शब्द, दोहा तथा चौपाइहरूका रूपमा पदहरूद्वारा बोल्दछन् । जसकारणले प्रसिद्ध कविको उपाधि पनि प्राप्त गर्छन् । कविहरूका जसरी आचरण गर्दै पृथ्वीमा विचरण गरि रहन्छन् । भक्तिको गुप्त मन्त्रहरू आविष्कार गरेर साधकहरूलाई बताउँछन् । भक्ति गर्नका लागि प्रेरणा प्रदान गर्छन् ।

प्रमाणः– वेदहरूका निम्न मन्त्रहरूका फोटोकपीहरू यसै पुस्तकको पृष्ठ १०४ मा हेरौं ।

ऋग्वेद मण्डल ९ सूक्त ८६ मन्त्र २६-२७,ऋग्वेद मण्डल ९ सूक्त ८२ मन्त्र १-२, ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र १६-२०, ऋग्वेद मण्डल ९ सूक्त ९४ मन्त्र १, ऋग्वेद मण्डल ९ सूक्त ९५ मन्त्र २, ऋग्वेद मण्डल ९ सूक्त ५४ मन्त्र ३, ऋग्वेद मण्डल ९, सूक्त २० मन्त्र १ र अरू पनि अनेकौं वेद मन्त्रहरूमा उपरोक्त परमात्मा मनुष्य जस्तै नराकार छन् भन्ने प्रमाण छ । श्रीमद्भगवत गीता अध्याय ४ श्लोक ३२ तथा ३४ मा पनि प्रमाण छ । गीता ज्ञानदाताले भनेका छन्– हे अर्जुन ! परम अक्षर ब्रह्मले आफ्नो मुख कमलबाट तत्त्वज्ञान बोलेर बताउँछन्, ती सच्चिदानन्द घन ब्रह्मको वाणीमा यज्ञहरू अर्थात् धार्मिक अनुष्ठानहरूको जानकारी विस्तारपूर्वक भनिएको छ । त्यो बुझेपछि सम्पूर्ण पापहरूबाट मुक्त भइन्छ । फेरि गीता अध्याय ४ श्लोक ३४ मा भनेका छन्– त्यो ज्ञान तिमी तत्त्वदर्शी सन्तकहाँ गई बुझ । उनलाई दण्डवत प्रमाण गरेर विनयपूर्वक प्रश्न गर्नाले ती तत्त्वदर्शी सन्तले तिमीलाई तत्त्वज्ञानको उपदेश दिने छन् ।

यो प्रमाण तपाईंलाई बताएँ । विशेष कुरा त के हो भने गीता चारै वेदहरूको सारांश हो । यसमा अत्यधिक साङ्केतिक ज्ञान छ । यसबाट गीता ज्ञानभन्दा पनि

भिन्न तत्त्वज्ञान छ भन्ने स्पष्ट हुन्छ । यो केवल परम अक्षर ब्रह्मले स्वयम् अ
धरतिमा भेटेका तत्त्वदर्शी सन्तले मात्र जान्दछन् ।

प्रश्न नं. २८: कों-को पुण्यात्मा महात्माहरूले परमात्मा प्राप्त गरे ?

उत्तरः– परमात्मा चारै युगहरूमा प्रकट भएर ज्ञान सुनाउँछन् । १. सत्य यु "सत्यसुकृत" २. त्रेता युगमा "मुनिन्द्र" ३. द्वापर युगमा "करूणामय" र ४. कलियु "कबिर" नामबाट परमेश्वर प्रकट भए । सूक्ष्म वेदमा भनिएको छः–

सतयुग में सतसुकृत कह टेरा, त्रेता नाम मुनिन्द्र मेरा ॥
द्वापर में करूणामय कहाया, कलयुग नाम कबीर धराया ॥

"क-कसले भेटे परमात्मा"

कलियुगमा परमेश्वरले भेट्नु भएका महान आत्माहरूलाई तत्त्वज्ञान बता भयो । त्यसको वर्णन सङ्क्षिप्तमा भन्दछुः

"सन्त धर्मदास जीसँग परमेश्वर कबीर जीको पहिलो पटक साक्षात्कार"

१. बाँधवगढ (मध्य प्रदेश) का बनियाँ जातिका श्री धर्मदास जी प्रसस्त ध व्यक्ति थिए । सानैदेखि उनमा भक्तिका लागि प्रेरणा जागृत थियो । जसकारण रूपदास नामक एक वैष्णव सन्तलाई गुरू-धारण गरेका थिए । हिन्दू धर्ममा ज भएकाले सन्त रूपदास जी श्री धर्मदास जीलाई राम, कृष्ण, विष्णु तथा शङ्कर जी भक्ति गर्न भन्दथे । एकादशीको व्रत, तीर्थ भ्रमण, श्राद्धकर्म, पिण्डदान क्रिया आदि ग सुझाव दिएका थिए । गुरू रूपदास जीद्वारा बताइएको सम्पूर्ण साधना श्री धर्मदास ज पूर्ण आस्थाका साथ गर्ने गर्थे । गुरू रूपदास जीबाट आज्ञा लिएर श्री धर्मदास ज मथुरा नगरीको तीर्थ-दर्शन, स्नान तथा गिरीराज (गोबर्धन) पर्वतको परिक्रमा गर्न गए थिए । परम अक्षर ब्रह्म स्वयम् मथुरामा प्रकट हुनु भयो । एक जीवित (जिन्द महात्माको भेषमा धर्मदास जीलाई भेट्नु भयो । श्री धर्मदास जीले बाल्यकालमा श्रीकृ जीले स्नान गर्ने गरेको तलाउमा स्नान गर्थे । त्यसै तलाउको जल लोटामा भरेर ल्या । भगवान श्रीकृष्ण जीको पित्तलको मूर्ति (शालिग्राम) को चरणमा खन्याएर अर्को भाँडो हाली चरणामृत बनाएर पिए । फेरि शालिग्रामलाई स्नान गराएर आफ्नो कर्मकाण्ड पू गरे । अनि भुइँमा लिपेर अर्थात् गारा तथा गाईको गोबर मिसाएर केही स्थान पोते त्यसमाथि स्वच्छ कपडा ओछ्याए र श्रीमद्भगवतको पाठ गर्न बसे । धर्मदास जीका य सबै क्रियाकलाप नजिकै बसेर जिन्दा भेषमा परमात्माले हेरि रहनु भएको थियो धर्मदास जीले पनि एक मुसलमान सन्तले मेरा क्रियाकलाप बडो ध्यानपूर्वक हेरि रहेक

छन् भन्ने देखे र हुन सक्छ यिनलाई हामी हिन्दूहरूको साधना मन पर्‍यो भन्ने सोचे । त्यसैले श्रीमद्भगवत गीताको पाठ केही ठूलो स्वरमा गर्न थाले र हिन्दी अनुवाद पनि पढ्न थाले । परमात्मा उठेर धर्मदास जीका समीपमा आएर बस्नु भयो । धर्मदास जीले जिन्दा भेषधारी बाबालाई हाम्रो भक्ति मार्ग साँच्चै राम्रो लागेको छ भन्ने अनुमान गरे । त्यसैले त्यस दिन गीताका कैयौं अध्याय पढेर त्यसको अर्थ पनि सुनाए । धर्मदास जीले आफ्नो दैनिक भक्तिकार्य गरि सकेपछि परमात्माले भन्नु भयो– हे महात्मा जी ! तपाईंको शुभ नाम के हो ? जाति कुन हो ? तपाई कहाँको बासी हुनु हुन्छ ? तपाईंको धर्म-पन्थ कुन हो ? कृपया बताउनु होस् । मलाई तपाईंको ज्ञान राम्रो लाग्यो । मलाई पनि केही भक्ति ज्ञान सुनाउनु होस् । तपाईको अति कृपा हुने छ ।

धर्मदास जीले उत्तर दिएः– मेरो नाम धर्मदास हो । म बाँधवगढ गाउँमा बस्छु । मेरो कुल वैश्य हो । म वैष्णव पन्थबाट दीक्षित हूँ । हिन्दू धर्ममा मेरो जन्म भएको हो । मैले पूर्ण निश्चयका साथ तथा राम्रोसँग ज्ञान बुझेर वैष्णव पन्थबाट दीक्षा लिएको हूँ । मेरा गुरूदेव श्री रूपदास जी हुनु हुन्छ । म अध्यात्म ज्ञानले परिपूर्ण छु । अरू कसैको कुरामा म लाग्दिनँ । श्री विष्णु जीका अवतार राम-कृष्ण तथा भगवान शङ्कर जीको पूजा गर्छु । एकादशीको व्रत गर्छु । तीर्थ जान्छु । त्यहाँ दान गर्छु । शालिग्रामको पूजा नित्य गर्छु । यस पवित्र पुस्तक श्रीमद्भगवत गीताको नित्य पाठ गर्छु । म स्वर्गवासी आफ्ना पूर्वजहरूको श्राद्ध पनि गर्छु । पिण्डदान पनि गर्छु । म कुनै जीव हिंसा गर्दिनँ मासु, मदिरा, सूर्ति आदि सेवन गर्दिनँ ।

परमेश्वर कबीर जीले सोध्नु भयो– तपाईले पढि रहनु भएको पुस्तकको नाम के हो ?

जवाफमा धर्मदास जीले भने– श्रीमद्भगवत गीता । हामी शुद्ध रहन्छौं, शुद्रलाई त नजिकमा पनि पर्न दिदैनौ ।

प्रश्न नं. २९: (जिन्दा रूपमा कबीर जी) तपाई कुन नाम-जाप गर्नु हुन्छ ?

उत्तरः– (धर्मदास जीको) म हरे कृष्ण,कृष्ण-कृष्ण हरे हरे, ओम् नमः शिवायः, ओम् नमो भगवते वासुदेवाय नमः, राधे-राधे श्याम मिलादे, गायत्री मन्त्र प्रत्येक दिन १०८ पटक जाप गर्दछु । विष्णु सहस्रनामको जाप पनि गर्दछु ।

प्रश्न नं. ३०: (जिन्दा बाबा) हे महात्मा धर्मदास ! गीताको ज्ञान कसले दिएका हुन् ?

उत्तरः– (धर्मदास) कुलका मालिक सर्व शक्तिमान् भगवान श्रीकृष्ण जीले भनेका हुन् । यिनी नै श्री विष्णु जी हुन् ।

प्रश्न नं. ३१: (जिन्दा बाबा रूपमा परमात्मा) तपाईको पूज्य देव श्री कृष्ण अर्थात् श्री विष्णु जी हुन् । उनले बताएका भक्ति ज्ञान गीता शास्त्र हो ।

हे धर्मदास ! एउटा किसानको घरमा वृद्ध अवस्थामा पुत्रको जन्म भयो । कृषिकार्य गर्न योग्य हुने समयसम्म मेरो मृत्यु भइ सक्छ भन्ने विचार गरी किस कृषि कार्य गर्ने तरिकाको आफ्नो अनुभव एउटा कापीमा लेख्यो र तिमी युवा भ यो कापीमा लेखिएको मेरो अनुभव पटक-पटक पढ्नु तथा यसै अनुसार बाली ल भनी छोरालाई भन्यो । केही समय पश्चात् पिताको मृत्यु भयो र पुत्र प्रत्येक आफ्ना पिताको अनुभव पाठ गर्न थाल्यो । तर अन्न बाली रोप्ने तथा सिंचाइ कापीमा लेखिएको अनुभव विपरीत गर्दथ्यो । के त्यस पुत्रले आफ्नो कृषि क सफलता प्रापत गर्छ त ?

उत्तरः– (धर्मदास) यसरी त छोरा निर्धन हुन्छ । उसले त पिताले ले अनुभव अनुसार प्रत्येक कार्य गर्नु पर्छ । त्यो त मूर्ख छोरो हो ।

प्रश्न नं. ३२ः (बाबा जिन्दा रूपमा भगवान जी) हे धर्मदास जी ! गीता शास तपाईका परमपिता भगवान कृष्ण उर्फ विष्णु जीको यस गीता शास्त्रमा लेखिएका अनुभवहरू पढेर त्यसै अनुरूप भक्ति गऱ्यौ भने मात्र मोक्ष प्राप्त गर्ने छौ भन्ने अ तथा आदेश छ । के तपाई गीतामा लेखिएका श्री कृष्ण जीको आदेश अनुसार गरि रहनु भएको छ ? के तपाईका गुरू जीले तपाईलाई जाप गर्न दिनु भ मन्त्रहरू जाप गर्न गीता जीमा लेखिएको छ ? हरे राम,हरे राम, राम राम हरे ह हरे कृष्ण, हरे कृष्ण, कृष्ण कृष्ण हरे हरे ! ओम् नम शिवायः, ओम् भगवते वासुदे नमः, राधे-राधे, श्याम मिलादे, गायत्री मन्त्र, विष्णु संहस्रनाम, एकादशीको व्रत, श्र पिण्डदान आदि गर्न के गीता जीमा आदेश छ ?

उत्तरः– (धर्मदास जी) छैन ।

प्रश्न नं. ३३ः (परमेश्वर जी) उसो भए तपाई त्यस किसानको छोराको ज क्रियाकलाप गरि रहनु भएको छ, जसले पिताको आदेशको अवहेलना गऱ्यो, ज पिताको आदेशको अवहेलना गरेर मनोमानी विधि अनुसार गलत बाली गलत सम रोपेर मूर्खताको प्रमाण दियो । त्यसलाई तपाईले मूर्ख भन्नु भयो । के तपाई ती किसानको छोरो भन्दा कम हुनु हुन्छ ? धर्मदास जीले भने– हे जिन्दा ! त मुसलमान फकिर हुनु हुन्छ । त्यसैले हाम्रो हिन्दू धर्मको भक्ति क्रिया तथा मन्त्रहरू गलत भन्दै हुनु हुन्छ ।

जिन्दा रूपमा कबीर जीको जवाफः– हे स्वामी धर्मदास जी ! मैले केही भने होइन, यो त तपाईको धर्मग्रन्थले भनि रहेको छ । तपाईका धर्मगुरूले तपाई शास्त्रविधि त्यागेर मनोमानी आचरण गराइ रहेका छन्, जुन कुरा तपाईको गीत अध्याय १६ श्लोक २३-२४ मा पनि भनिएको छ– हे अर्जुन ! जुन साधकले श शास्त्रविधि त्यागेर मनोमानी आचरण गरि रहेछ अर्थात् मनोमनी मन्त्र जाप गरि रहे

छ, श्राद्ध कर्म, पिण्डदान तथा व्रत आदि गरि रहेको छ, त्यसलाई कुनै सिद्धि, सुख, गति अर्थात् मुक्ति केही पनि प्राप्त हुँदैन, त्यसैले व्यर्थ छ । गीता अध्याय १६ श्लोक २४ मा भनिएको छ– त्यसैले तिम्रा लागि कर्तव्य (गर्नु पर्ने भक्ति कर्म) तथा अकर्तव्य (गर्न नहुने भक्ति कर्म) को व्यवस्थाको लागि शास्त्र नै प्रमाण हो । ती शास्त्रमा बताइएको भक्ति कर्म गर्नाले मात्र लाभ हुन्छ ।

धर्मदास जीः– हे जिन्दा ! तपाई चुप लाग्नु होस्, म तपाईंका अरू कुरा सुन्न सक्दिन । जिन्दा रूपमा प्रकट परमेश्वरले भन्नु भयो– हे वैष्णव महात्मा धर्मदास जी ! सत्य नीमको पात झै तीतो हुन्छ, तर रोगीले नचाहेर पनि तीतो औषधि सेवन गर्नु पर्छ । त्यसैमा उसको भलाइ छ । यदि तपाईं रिसाउनु हुन्छ भने म जान्छु । यति भनेर परमात्मा (जिन्दा रूपधारी) अन्तर्ध्यान हुनु भयो । धर्मदास जी आश्चर्य चकित भए । यी कोही सामान्य सन्त होइनन्, पूर्ण विद्वान सिद्धपुरूषजस्ता छन्, मुसलमान भएर पनि हिन्दू शास्त्रहरूको पूर्ण ज्ञान छ, यी कुनै देव हुन सक्छन् भन्ने लाग्यो । धर्मदास जीलाई भित्र भित्रै आफूले गीता शास्त्र विरूद्ध साधना गरि रहेको महसुस भइ रहेको थियो तर अभिमानवश यसैलाई सही मानि रहेका थिए । परमात्मा अन्तर्ध्यान भएपछि पूर्ण रूपले दुःखी भए । उनलाई आफ्नो भक्ति गीता विरूद्ध छ, मैले भगवान्को आज्ञाको अवहेलना गरि रहेको छु, मेरा गुरू श्री रूपदास जीलाई पनि वास्तविक भक्ति विधिको ज्ञान छैन, त्यसैले अब यो भक्ति गर्नु-नगर्नु बराबर अर्थात् व्यर्थ छ भन्ने लाग्यो । अत्यन्त दुःखी मन लिएर यता-उता हेर्न थाले र भित्री हृदयबाट पुकार गर्न थाले– म कस्तो अबुझ हूँ, सम्पूर्ण सत्य देख्दा देख्दै पनि एक परमात्मा तुल्य महात्मालाई आफ्नो अबुझ तथा हठका कारण गुमाएँ । हे परमात्मा ! एक पटक फेरि ती सन्तसँग भेट गराइ दिनु होस्, भेट भयो भने आफ्ना सारा हठ त्यागेर नम्र भावले सम्पूर्ण ज्ञान ग्रहण गर्छु । दिनभर हृदयबाटै कैयौं पटक पुकार गरेर राती सुते । सारा रात कोल्टो फेर्दै सोचे– हे परमात्मा ! यो के अनर्थ भयो ? सम्पूर्ण साधना शास्त्र विरूद्ध गरि रहेको छु । ती फरिस्ता (देवदूत) ले मेरो आँखा खोलि दिए । मेरो आयु ६० वर्ष भइ सकेको छ । के थाहा अब ती देव (जिन्दा रूपी) पुनः भेट हुन्छन् कि हुँदैनन् ? धर्मदास जी बिहान समयमा नै उठे । पहिले खाना बनाउन थाले । त्यस दिन कुनै भक्ति कर्म गरेनन् । अघिल्लो दिन जङ्गलबाट भाँचेर ल्याएका दाउरा बालेर खाना बनाउन थाले । एउटा दाउरा मोटो थियो । बीचमा धोद्रो थियो, त्यसमा अनेकौं कमिला थिए । दाउरा बल्दा-बल्दै छोटो टुक्रा बाँकी रह्यो । त्यस दाउराको पछिल्लो भागमा धर्मदास जीको नजर पर्‍यो । दाउराको पछाडिको भागमा केही पानी जस्तो तरल पदार्थ उम्लि रहेको थियो । कमिलाहरू निस्कन खोजि रहेका थिए तर निस्कन सकि रहेका थिएनन् । ती त्यही तरल पदार्थमा झरेर मरि रहेका थिए भने केही अगाडि पट्टिबाट जल्दै आइ रहेको आगोमा परेर जलि रहेका थिए । धर्मदास जीले दाउरा धेरै डढि सकेको छ र यसमा

थुप्रै कमिलाहरू जलेर भष्म भए भन्ने विचार गरी आगो निभाए । उनले यी पा
भोजन आफूले नखाई व्रत बस्ने र खाना कुनै साधु सन्तलाई खुवाउने विचार
खाना थालमा राखेर साधुको खोजमा हिंडे । परमेश्वर कबीर जी हिन्दू सन्तको
भेष बनाएर एउटा वृक्ष मुनि बस्नु भयो । धर्मदास जीले साधुलाई देखे ।
सामुन्नेमा खाना राखेर भने– हे महात्मा जी ! भोजन ग्रहण गर्नु होस् । साधु
परमेश्वर जीले ल्याऊ धर्मदास ! धेरै भोक लागेको छ भन्नु भयो । आफ्नो
सम्बोधन गरेको सुनेर आश्चर्य चकित भए तर खासै ध्यान दिएनन् । साधु
विराजमान परमात्माले आफ्नो लोटाबाट केही जल हातमा लिई केही वाणीहरू उ
गर्दै खानामा जल छर्कनु भयो । सम्पूर्ण भोजन कमिला बन्यो । थाल कमिलाले
कालै भयो । कमिलाहरू आफ्ना मुखमा अण्डा च्यापेर थालबाट बाहिर निस्कन को
गरि रहेका थिए । परमात्मा पनि उनै जिन्दा महात्मा रूपमा परिवर्तन हुनु भयो र
भयो– हे धर्मदास वैष्णव सन्त ! तपाई त म कुनै जीव हिंसा गर्दिनँ भनि रहनु
थियो, तपाईंभन्दा त बरू कसाइ कम हिंस्रक होला । तपाईंले त करोडौं जीवको
गर्नु भयो । धर्मदास जी तत्काल साधुको चरणमा शरणागत भए । पहिलो दिनमा
गल्तिको लागि माफी मागे र प्रार्थना गरे– हे प्रभु ! म अज्ञानीलाई क्षमा गर्नु होस्
कतैको पनि रहिनँ किनकि मेरो पहिलेको साधना पूर्ण रूपमा शास्त्र विरूद्ध छ ।
साधना गुर्नमा कुनै लाभ छैन भन्ने कुरा हजुरले नै गीताबाट नै प्रमाणित गरि
भयो । शास्त्र अनुकूल साधना कसबाट प्राप्त हुन्छ, भन्ने कुरा पनि हजुरले नै बत
सक्नु हुन्छ । म हजुरबाट पूर्ण आध्यात्मिक ज्ञान सुन्न इच्छुक छु । कृपया म कि
(तुच्छ) माथि दया गरी त्यो ज्ञान सुनाउनु होस्, जसबाट मेरो मोक्ष हुन सकोस् ।

"गीता अनुसार व्रत गर्नु कस्तो हो ?"

परमेश्वरले (जिन्दा साधु रूपमा) भन्नु भयो– हे धर्मदास तिमी एकादशीको
गर्छौ । श्री मद्भगवत गीता अध्याय ६ श्लोक १६ मा निषेध गर्दै भनिएको छ–
अर्जुन ! यो योग (भक्ति) न धेरै खानेहरूको, न त खाँदै नखानेहरूको अर्थात् यो
न व्रत गर्नेहरूको, न अति सुत्नेहरूको तथा न अति जाग्राम रहनेहरूको सफल हु
यस श्लोकमा व्रत राख्नु पूर्ण रूपमा निषेध छ । आफ्नो गीता खोलेर हेर । धर्म
जीलाई गीताका श्लोकहरू कण्ठस्थ पनि थिए किनकि उनी प्रत्येक दिन गीता
गर्थे । तर पनि जिन्दा महात्मा रिसाउलान् कि भन्ने डरले गीता खोलेर अध्याय
श्लोक १६ पढे र सत्य स्वीकार गरेर भने– हजुरले मेरो आँखा खोलि दिनु भयो, ह
त स्वयम् परमात्मा हुनु हुन्छ जस्तो छ ।

"गीता अनुसार श्राद्ध-पिण्डदान कस्तो हो ?"

तिमी श्राद्ध तथा पिण्डदान पनि गर्छौ । गीता अध्याय ९ श्लोक २५ मा स्पष्टसँग लेखिएको छ– भूत पूज्नेहरूले भूतलाई नै प्राप्त गर्ने छन् । श्राद्ध, पिण्डदान आदि गर्नु भूत पूजा हो । यी सब व्यर्थका साधना हुन् ।

"श्राद्ध-पिण्डदानप्रति रूची ऋषिको वेदमत"

मार्कण्डेय पुराणमा–"रौच्य ऋषिको जन्म"को कथा आउँछ । एकजना रूची ऋषि थिए । उनी ब्रह्मचर्य पालन गरी वेद अनुसार साधना गर्थे । विवाह गरेका थिएनन् । रूची ऋषिका पिता, हजुरबुवा, जिजु बुवा तथा जिजुबाजे सबै पितृ (भूत) योनीमा भोकै-प्यासै भट्कि रहेका थिए । एक दिन ती चारै जनाले रूची ऋषिलाई दर्शन दिए र भने– पुत्र ! तिमीले किन विवाह नगरेको ? विवाह गरेर हाम्रो श्राद्ध गर । रूची ऋषिले भने– हे पितामहहरू । वेदमा यस श्राद्ध आदि कर्महरूलाई अविद्या तथा मूर्खहरूको कार्य भनिएको छ । फेरि पनि हजुरहरू किन मलाई यो कर्म गर भन्नु हुन्छ ?

पितृहरूले भने– श्राद्ध आदि कर्महरूलाई वेदहरूमा अविद्या अर्थात् मूर्खहरूको कर्म नै भनिएको छ भन्ने कुरा सत्य हो । फेरि पनि ती पितृहरूले रुचि ऋषिलाई वेदविरूद्धको ज्ञान सुनाएर भ्रमित तुल्याए किनकि मोह पनि अज्ञानको जड हो । यसबाट वेदहरू तथा वेदहरूको संक्षिप्त रूप गीतामा श्राद्ध, पिण्डदान आदि भूत पूजाका कार्यलाई निषेध गरिएको छ भन्ने सिद्ध हुन्छ । त्यसैले यस्ता कार्यहरू गर्नु हुन्न । ती मूर्ख ऋषिहरूले आफ्ना पुत्रलाई पनि श्राद्ध गर्न विवश तुल्याए । उनले विवाह गरे, रौच्य ऋषिको जन्म भयो । छोरालाई पनि पापको भागी बनाए ।

जस्तो हामी गायत्री मन्त्र जाप गर्छौ । त्यो यजुर्वेदको अध्याय ३६ को मन्त्र ३ हो । जसको अघिल्तिर "ओम्" अक्षर छैन । यदि "ओम्" अक्षर यस वेदमन्त्रमा जोडिन्छ भने त्यो परमात्माको अपमान हो किनकि ओम् (ॐ) अक्षर त ब्रह्मको जाप हो । यजुर्वेद अध्याय ३६ मन्त्र ३ मा परम अक्षर ब्रह्मको महिमा छ । यदि कुनै अज्ञानी व्यक्तिले प्रधानमन्त्रीलाई पत्र लेखेको छ तर सम्बोधनमा मुख्यमन्त्री गर्दछ भने त्यो प्रधानमन्त्रीको अपमान हो । फेरि रह्यो कुरा यस मन्त्र यजुर्वेदको अध्याय ३६ मन्त्र ३ को बारम्बार जाप गर्ने, यो कार्य पनि मोक्षदायक छैन । मन्त्रको मूल पाठ यस्तो छः–

भूर्भवः स्वः तत् सवितु वरेणीयम् भर्गो देवस्य धीमहि धीयो योनः प्रचोदयात् ॥

अनुवादः– (भूः) स्वयम्भू परमात्मा पृथ्वीलोक (भवः) गोलोक आदि भवनहरू वचनद्वारा प्रकट तुल्याउने हुन् । (स्वः) स्वर्गलोक आदि सुखधाम हुन् । (तत्) उनी (सवितुः) साराका जनक परमात्मा हुन् । (वरेणीयम्) सम्पूर्ण साधकहरूले वरण गर्न योग्य अर्थात् असल आत्माहरूले भक्ति गर्न योग्य छन् । (भर्गो) तेजोमय अर्थात् प्रकाशमान (देवस्य) परमात्माको (धीमहि) उच्च विचार राखेर अर्थात् बडो समझ पूर्वक (धीयो यो नः

प्रचोदयात्) जसले वृद्धिमानहरू तुल्य विवेचन गर्दछ, त्यो विवेकशील व्यक्ति म
अधिकारी बन्दछ ।

भावार्थः– परमात्मा स्वयम्भू छन् । उनी भूमि, गोलोक, आदिलोक तथा स्व
साराका सृजनहार हुन् । ती उज्जवल परमेश्वरको भक्ति श्रेष्ठ भक्तहरूले
पुरूषोत्तम (सर्व श्रेष्ठ परमात्मा) हुन्, सम्पूर्ण प्रभुहरूभन्दा श्रेष्ठ हुन्, उनैको भक्ति
जो सुखधाम अर्थात् सम्पूर्ण सुखका दाता हुन्" भन्ने विचार राखेर गर्नु पर्छ ।

उपरोक्त मन्त्रको यो नेपाली अनुवाद तथा भावार्थ हो । यसको संस्कृ
नेपाली अनुवाद पढि रहनाले मात्र मोक्ष हुँदैन किनकि यो त परमात्माको महिमाको
अंश हो अर्थात् वेदका हजारौं मन्त्रहरू मध्ये यजुर्वेद अध्याय ३६ को मन्त्र सङ्ख
केवल एक मन्त्र हो । यदि कसैले चारै वेदहरूको पाठ गरि रह्यो भने पनि मोक्ष
। मोक्ष त वेदहरूमा वर्णित ज्ञान अनुसार भक्तिकार्य गर्नाले मात्र हुन्छ । उदाह
बिजुलीले अँध्यारोलाई उज्यालोमा बदल्छ, बिजुलीले मोटर चलाएर अन्न-बालीको सि
गर्छ, बिजुलीले मिल चलाई पिठो पिस्छ आदि-आदि थुप्रै बिजुलीका गुणहरू लेखि
छन् । यो विद्युत्को महिमा हो । यदि कुनै व्यक्तिले बिजुलीको यो महिमा प्रत्येक
पाठ गर्दछ भने उसले बिजुलीको कुनै लाभ प्राप्त गर्दैन । लाभ त बिजुली कने
गर्नाले मात्र प्राप्त हुन्छ । बिजुली कनेक्शन कसरी प्राप्त हुन सक्छ भन्ने विधि पा
मात्र बिजुलीको गुणको लाभ प्राप्त हुन सक्छ, केवल बिजुलीको महिमा गाउनाले
केही हुदैन ।

यसैगरी वेदमन्त्रहरूमा अर्थात् श्रीमद्भगवत गीता (चारै वेदका सार) मा भनि
मोक्ष प्राप्तिको ज्ञान अनुसार आचरण गर्नाले मोक्ष लाभ अर्थात् परमेश्वर प्राप्ति हुन्छ

प्रश्न नं. ३४: (धर्मदास जीको) हे जिन्दा ! मलाई त गीतामा मोक्ष प्राप्तिको
कुन हो भन्ने पनि ज्ञान छैन । मैले गीता पढेको छु, तर बुझेको छैन । हाम्रा गुरु
बताएको भक्ति श्रद्धापूर्वक गर्दै आइ रहेको छु । बर्षौं देखि चल्दै आएको शास्त्र वि
भक्तिको प्रचलन सारा भक्तहरूलाई सत्य लागेको छ । के गीतामा लेखिएको भक्ति
पर्याप्त छ ?

उत्तरः– (जिन्दा बाबाको) गीतामा केवल ब्रह्म स्तरको भक्तिविधि लेखिएको
पूर्ण मोक्षका लागि परम अक्षर ब्रह्मको भक्ति गर्नु पर्छ । गीतामा पूर्ण विधि छैन, के
सङ्केत छ । जस्तो गीता अध्याय १७ श्लोक २३ मा भनेका छन्– सच्चिदानन्द
ब्रह्म अर्थात् परम अक्षर ब्रह्मको प्राप्तिका लागि "ॐ, तत् सत्" मन्त्रहरूको निर्देश
यी मन्त्रहरू स्मरण गर्ने विधि तीन खालका छन् । यस मन्त्रमा ॐ क्षर पुरूष अ
ब्रह्मको मन्त्र त स्पष्ट छ तर "पर ब्रह्म" (अक्षर पुरूष) को मन्त्र "तत् साङ्केतिक
जुन उपदेशीलाई तत्त्वदर्शी सन्तले बताउने छन् । पूर्ण ब्रह्म (परम अक्षर ब्रह्म)
मन्त्र "सत्" पनि साङ्केतिक छ, यो पनि तत्त्वदर्शी सन्तले उपदेशीलाई बताउने छ

तत्त्वदर्शी सन्तसँग पूर्ण मोक्षको मार्ग हुन्छ । जुन वेद, गीता, पुराण तथा अन्य उपनिषद आदि कुनै ग्रन्थहरूमा पनि छैन । तत्त्वज्ञानको सत्यता प्रमाणित गर्नका लागि गीता तथा वेदहरू सहयोगी हुन् । वेद-गीतामा भएका भक्तिविधि नै तत्त्वज्ञानमा पनि छन् । सूक्ष्मवेद अर्थात् तत्त्वज्ञानमा वेदहरू तथा गीताका भक्तिविधि पनि छन्, साथै यसभन्दा भिन्न पूर्ण मोक्षको साधना पनि छ । उदाहरणका लागि दशौं कक्षाको पाठ्यक्रम गलत होइन, तर अधुरो हो । **B. A. , M. A.** को पाठ्यक्रममा कक्षा दशको ज्ञान पनि हुन्छ, त्यसभन्दा अगाडिका पनि हुन्छन् । यही अवस्था वेद-गीता तथा सूक्ष्म वेदको ज्ञानमा अन्तर छ भन्ने बुझ्नु पर्छ ।

प्रश्न नं. ३५: (धर्मदास जीको) पूर्ण मोक्षको मार्ग तत्त्वदर्शीसँग मात्र हुन्छ, वेद तथा गीतामा छैन भन्ने कुराको प्रमाण गीता तथा वेदहरूमा कहाँ छ ? हे प्रभु जिन्दा ! मेरो शङ्का समाधान गर्नु होस्, हजुरको ज्ञानले हृदयलाई स्पर्श गर्दछ, सत्य पनि छ तर विश्वास त प्रत्यक्ष रूपमा प्रमाण देखेपछि मात्र हुन्छ नि ।

उत्तरः– (जिन्दा परमेश्वरको) गीता अध्याय ४ श्लोक २५-३० मा गीता ज्ञानदाताले भनेका छन्– हे अर्जुन ! सम्पूर्ण साधकहरूले आफ्नो साधना तथा भक्तिलाई पापनाशक अर्थात् मोक्षदायक ठानेर नै गर्दछन् । यदि उनीहरूलाई आफूले गरि रहेको भक्ति शास्त्रानुकूल छैन भन्ने निश्चय भएको भए साधना नै छोडि दिने थिए । जस्तो कैयौं साधकहरू देवताहरूको पूजा रूपी यज्ञ अर्थात् धार्मिक अनुष्ठान गर्नुलाई पूजा मान्दछन् । केही ब्रह्मसम्मको मात्र पूजा गर्छन् । केही केवल आगोमा घिउ आदि हालेर अनुष्ठान गर्छन्, जसलाई हवन भनिन्छ । (गीता अध्याय ४ श्लोक २५)

- ❖ अन्य योगीजन अर्थात् भक्तजन आँखा, कान, मुख आदि बन्द गरेर क्रियाहरू गर्छन् । त्यसैमा आफ्नो मानव जीवन हवन अर्थात् समाप्त गर्छन् । (गीता अध्याय ४ श्लोक २६)
- ❖ अन्य योगीजन अर्थात् भक्तजन स्वासको आउने-जाने प्रक्रियालाई ध्यान पूर्वक हेरेर भक्ति साधना गर्छन्, जसबाट ती आत्मसंयम साधनारूपी अग्निमा आफ्नो जीवन हवन अर्थात् मानव जीवन व्यतीत गर्दछन् । यसलाई ज्ञानदीप मान्दछन् अर्थात् आफ्नो साधनालाई श्रेष्ठ मान्दछन् । (गीता अध्याय ४ श्लोक २७)
- ❖ केही अन्य साधकहरू द्रव्य अर्थात् धन द्वारा गरिने यज्ञ अर्थात् धार्मिक अनुष्ठान गर्छन् । जस्तो- भोजन-भण्डारा गराउनु, कपडा-कम्बल बाँड्नु, धर्मशाला धारा पाटी आदि बनाउनु । यस्तो यज्ञ गर्छन् । केही तपस्या गर्छन्, केही योगासन गर्छन् । यसैलाई परमात्मा प्राप्तिको साधन मान्छन् । कत्ति साधक अहिंसा आदि तीक्ष्ण व्रत गर्छन् । जस्तोः– मुखमा पट्टी बाँधेर खाली खुट्टा हिँड्नु, कैयौं दिनसम्म व्रत राख्नु आदि । अन्य योगीजन अर्थात् साधक स्वाध्याय अर्थात् प्रतिदिन वेद जस्ता कुनै

ग्रन्थबाट केही मन्त्रहरू (श्लोकहरू) पाठ (यसलाई ज्ञान यज्ञ भनिन्छ ।
रहन्छन् । यिनै क्रियाहरूलाई मोक्षदायक मान्दछन् । (गीता अध्याय ४ श्लोक

❖ अर्का योगीजन अर्थात् भक्तजन प्राण वायु (स्वास) अपान वायुमा पुऱ्याउने गर्दछन् । केही योगीजन यसका विपरीत अपान वायुलाई प्राण वायुमा पु क्रिया गर्दछन् । कत्ति साधकहरू अल्पहारी हुन्छन् । केही यौगिक क्रिया गर जस्तो प्राणायाममा लीन साधकले पान-अपानको गतिलाई रोकेर स्वास लिन्छन् । यसैमा आफ्नो मानव जीवनको हवन अर्थात् समर्पित गरि दिन्छन् सबै (उपरोक्त अध्याय ४ श्लोक २५-३०) साधकहरू आ-आफ्ना यज्ञहरू धार्मिक अनुष्ठानहरू गरेर हामी पाप नाश गर्ने साधना भक्ति गरि रहेका छौं ठान्दछन् । (गीता अध्याय ४ श्लोक ३०)

❖ यदि साधकको साधना शास्त्रानुकूल छ भने हे कुरूश्रेष्ठ अर्जुन । यस य बचेको अमृत भोग खाने साधक सनातन ब्रह्म अर्थात् परम अक्षर ब्रह्मलाई गर्दछन् तथा यज्ञ अर्थात् शास्त्रानुकूल साधना नगर्ने पुरूषका लागि पृथ्वीलोक पनि सुखदायक हुँदैन, अनि परलोक कसरी सुखदायक हुन सक अर्थात् त्यस शास्त्रानुकूल साधना नगर्ने साधकलाई कुनै लाभ हुँदैन । यही गीता अध्याय १६ श्लोक २३-२४ मा पनि छ । (गीता अध्याय ४ श्लोक ३१)

❖ गीता ज्ञानदाताले माथिका २५-३० सम्मका श्लोकहरूमा स्पष्ट गरेका छन्– साधकले जस्तो साधना गरि रहेको हुन्छ, त्यसलाई मोक्षदायक तथा सत्य गरि रहेको हुन्छ । तर गीता अध्याय ४ श्लोक ३२ मा भनेका छन्– य अर्थात् धार्मिक अनुष्ठानहरूको यथार्थ ज्ञान (ब्रह्मणः मुखे) परम अक्षर ब्र आफ्नो मुख कमलबाट बोलेर ज्ञान दिन्छन् । (त्यसलाई सच्चिदानन्द घन अर्थात् परम अक्षर ब्रह्मको वाणी भनिएको छ । त्यसलाई तत्त्वज्ञान पनि भनि त्यसैलाई पाँचौ वेद (सूक्ष्मवेद) पनि भनिन्छ ।) त्यस तत्त्वज्ञानमा भक्तिविधि वि पूर्वक बताइएको छ । त्यसलाई बुझेपछि साधक सम्पूर्ण पापहरूबाट मुक्त अर्थात् पूर्ण मोक्ष प्राप्त गर्दछ ।

नोटः– गीता अध्याय ४ श्लोक ३२ को अनुवादमा सबै अनुवादकहरूले खालका गल्ती गरेका छन् । "ब्रह्मणः" शब्दको अर्थ वेद लेखेका छन् । "ब्रह्मणः" को अर्थ "वेदको वाणीमा" लेखेका छन्, जुन गलत हो । तिनै अनुवादकहरूले अध्याय १७ श्लोक २३ मा "ब्रहमणः" को अर्थ सच्चिदानन्द घन ब्रह्म लेखेका छन्, उचित हो । त्यसैले गीता अध्याय ४ श्लोक ३२ मा पनि "ब्रह्मण" को अर्थ सच्चिदा घन ब्रह्म अर्थात् परम अक्षर ब्रह्म लेख्नु उचित हुन्छ । **प्रमाणका लागि उपर गीताका श्लोकहरूका फोटोकपीहरू यसै पुस्तकको पृष्ठ २०४ देखि ३५७ मा हेर्नु होस**

गीता अध्याय ४ श्लोक ३४ मा गीता ज्ञानदाता भन्छन्– त्यो ज्ञान (जुन परमात्माले आफ्नो मुख कमलबाट बोलेर सुनाउंछन्, जुन तत्त्वज्ञान हो ।) तिमी तत्त्वदर्शी सन्तसामु गएर बुझ । उनलाई दण्डवत प्रणाम गर्नाले तथा कपट छोडेर नम्रतापूर्वक प्रश्न गरेपछि तत्त्वदर्शी सन्तले तिमीलाई तत्वज्ञानको उपदेश दिने छन् ।

यसबाट गीता ज्ञान पूर्ण छैन भन्ने सिद्ध हुन्छ तर गलत पनि छैन । गीता ज्ञानदातालाई पनि पूर्ण मोक्षमार्गको ज्ञान छैन किनकि तत्त्वज्ञानको जानकारी गीता ज्ञानदातालाई छैन, जुन परमात्मा (परम अक्षर ब्रह्म) ले आफ्नै मुखबाट बोलेका हुन्छन् । त्यसैलाई तत्त्वदर्शी सन्तबाट जान्नु भनिएको छ ।

यही प्रमाण यजुर्वेद अध्याय ४ मन्त्र १० मा पनि छ । परम अक्षर ब्रह्मलाई कसैले त "सम्भवात्" अर्थात् राम-कृष्ण जसरी उत्पन्न हुने वाला साकार भन्दछन् । कोही "असम्भवात्" अर्थात् परमात्मा उत्पन्न हुंदैनन्, उनी निराकार छन् भन्दछन् । परमात्मा उत्पन्न हुन्छन् या उत्पन्न हुंदैनन्, वास्तवमा कस्ता छन् ? यो ज्ञान "धीराणाम्" तत्त्वदर्शी सन्तले बताउंछन् उनैबाट सुन ।

प्रश्न नं. ३६ः (धर्मदास जीको) हे प्रभु ! हे जिन्दा ! तत्त्वदर्शी सन्तको पहिचान के हो ? प्रमाणिक सदग्रन्थहरूमा कहाँ प्रमाण छ ? हजुरको ज्ञान आत्माको वार-पार भइ रहेको छ । हजुरको मुख कमलबाट गीताका शब्द-शब्दको यथार्थ भावार्थ सुनेर युगौं देखिको प्यासी आत्मा केही तृप्त भइ रहेको छ र गद्‌गद पनि भइ रहेको छ ।

उत्तरः– (जिन्दा परमेश्वर जीको) परमेश्वरले भन्नु भयो– पहिले तत्त्वदर्शी सन्त अर्थात् पूर्ण ज्ञानी सत्गुरुको लक्षण सुनः

गुरू के लक्षण चार बखाना, प्रथम वेद शास्त्रको ज्ञाना (ज्ञाता) ।
दूजे हरि भक्ति मन कर्म बानी, तीसरे समदृष्टि कर जानी ।
चौथे वेद विधि सब कर्मा, यह चार गुरू गुण जानो मर्मा ।

कबीर सागरको अध्याय "जीव धर्मबोध" को पृष्ठ १९६० मा यी अमृतवाणीहरू अङ्‌कित छन् ।

भावार्थः– तत्त्वदर्शी (पूर्ण सतगुरू) मा मुख्य चार गुणहरू हुन्छन्ः

(१) उनी वेद तथा अन्य सबै ग्रन्थहरूका पूर्ण ज्ञानी हुन्छन् ।
(२) उनले परमात्माको भक्ति मन-वचन-कर्मले स्वयम् आफूले पनि गर्छन् केवल बोल्ने वक्ता मात्र होइन, करणी र कथनी अर्थात् काम र कुरोमा अन्तर हुंदैन ।
(३) उनले सम्पूर्ण अनुयायीहरूलाई समान दृष्टिले हेर्दछन् । ऊँच-नीचको भेदभाव गर्दैनन् ।

(४) उनी सम्पूर्ण भक्तिकर्म वेदहरू अनुसार गर्छन् र गराउँछन् अर्थात् शास्त्रा
भक्ति साधना गर्छन् र गराउँछन् । यी माथिका प्रमाणहरू सूक्ष्मवेदमा छन्
परमेश्वरको आफ्नो मुखकमलबाट बोलिएका हुन् । अब म तिमीलाई श्रीमद्
गीतामा बताइएको तत्त्वदर्शी सन्तको पहिचानको प्रमाण देखाउँछु:

श्री मद्भगवत गीता अध्याय १५ श्लोक १ मा स्पष्ट छः

ऊर्ध्व मूलम् अधः शाखम् अश्वत्थम् प्राहुः अव्ययम् ।
छन्दासि यस्य प्रणानि, यः तम् वेद सः वेदवित् ।।

अनुवादः– माथिल्तिर मूल (जरा) भएको, तल्तिर तीन गुण रूपी शाखा
उल्टो भुण्डिएको संसार रूपी पिपलको वृक्ष जान । यसलाई अविनाशी भनिन्छ वि
उत्पत्ति-प्रलय चक्र सदा चलि रहने भएकाले यसलाई अविनाशी भनिएको हो ।
संसार रूपी वृक्षका पातहरू आदि छन्द अर्थात् भागहरू (parts) हुन् । (य तम्
जसले यस संसार रूपी वृक्षका सम्पूर्ण भागहरू तत्त्वपूर्वक जान्दछ, (सः) ती (वेद
वेदको तात्पर्य जान्ने अर्थात् तत्त्वर्शी सन्त हुन् । जस्तो कि गीता अध्याय ४ श्लोक
मा भनिएको छ– परम अक्षर ब्रह्म स्वयम् पृथ्वीमा प्रकट भएर आफ्नो मुख कमल
तत्त्वज्ञान विस्तार पूर्वक भन्दछन् । परमेश्वरले आफ्नो वाणी अर्थात् तत्त्वज्ञानमा
भएको छः–

कबीर, अक्षर पुरूष एक पेड है, क्षर पुरूष वाकि डार ।
तीनों देवा शाखा हैं, पात रूप संसार ।।

भावार्थः– जमिनभन्दा बाहिरको भागलाई फेद भनिन्छ । फेदलाई अक्षर
जानौं, फेदबाट कैयौं मोटा हाँगा निस्किएका हुन्छन् । त्यस मध्ये एउटा मोटो हाँग
क्षर पुरूष जानौं । यस हाँगाबाट तीनवटा शाखा निस्कन्छन्, तिनलाई तीनै देवत
(रजगुण, ब्रह्मा जी, सतगुण विष्णु जी तथा तमगुण शिव जी) जानौं र यी शाखाह
लागेका पातहरू संसार जानौं ।

गीता अध्याय १५ श्लोक १ देखि ४ मा साङ्केतिक विवरण छ । तत्वज्ञा
विस्तारपूर्वक भनिएको छ । पहिले गीता ज्ञानको आधारमा जानौं ।

गीता अध्याय १५ श्लोक २ मा भनेका छन्– संसार रूपी वृक्षका तीन गुण (रज
ब्रह्मा जी, सतगुण विष्णु जी तथा तमगुण शङ्कर जी) रूपी शाखाहरू छन् ।
माथि (स्वर्गलोक) तथा तल (पाताल लोक) सम्म फैलिएका छन् ।

नोटः– रजगुण ब्रह्मा, सतगुण विष्णु तथा तमगुण शङ्कर हुन् । प्रमाणका
प्रश्न नं. ७ हेर्नु होस् । तीनै शाखाहरू तल-माथि फैलिएका छन् भन्नुको तात्
गीताको ज्ञान पृथ्वी लोकमा भनिएको थियो । तीनै देवताहरूको सत्ता तीनै लोकमा
१. पृथ्वीलोक, २. स्वर्ग लोक तथा ३. पाताल लोक । यी तीन मन्त्रीहरू हुन् । एक

विभागका मन्त्री । रजगुण विभागको मन्त्री श्री ब्रह्मा जी, सतगुण विभागका मन्त्री श्री विष्णु जी तथा तमगुण विभागका मन्त्री श्री शिव जी ।

गीता अध्याय १५ श्लोक ३ मा भनेका छन्– हे अर्जुन ! यस संसार रूपी वृक्षको स्वरूप यहाँ (विचार कालमा) अर्थात् तिम्रो र मेरो गीताको ज्ञानको चर्चामा पाइदैन अर्थात् म भन्न सक्दिनँ किनकि यसको आदि र अन्त्यको मलाई राम्रो ज्ञान छैन । त्यसैले यस अति दृढ मूल भएको अर्थात् संसार रूपी वृक्षको मूल ती परमात्मा पनि अविनाशी छन् तथा उनको स्थान सत्यलोक, अलख लोक, अगम लोक तथा अकह लोक यी चार माथिका लोक पनि अविनाशी छन् । यी चारैलोकमा एकै परमात्मा भिन्न-भिन्न रूप बनाएर सिंहासनमा विराजमान छन् । त्यसैले यिनलाई "सुदृढ मूलम्" अतिदृढ मूल भएको भनिएको हो, यसलाई तत्त्वज्ञान रूपी शास्त्रले काटेर अर्थात् तत्त्वदर्शी सन्तबाट तत्त्वज्ञान बुझेर । फेरि गीता अध्याय १५ श्लोक ४ मा भनेका छन्– त्यसपछि परमेश्वरको त्यस परमपद अर्थात् सत्यलोकको खोजी गर्नु पर्छ, जहाँ गए पश्चात् साधक फेरि फर्केर संसारमा कहिल्यै आउँदैन । जो परमेश्वरबाट संसार रूपी वृक्षको प्रवृत्ति विस्तार प्राप्त भएको हो अर्थात् जुन परमेश्वरले सम्पूर्ण संसारको रचना गरेका हुन् । तिनै परमेश्वरको भक्तिको विषयमा पहिले तत्त्वदर्शी सन्तबाट बुझ ! गीता ज्ञानदाताले आफ्नो भक्तिलाई पनि निषेध गरेका छन् । गीता अध्याय १५ श्लोक १६-१७ मा तीन प्रभु बताइएका छन् । श्लोक १६ मा दुई पुरूष भनिएको छ- क्षर पुरूष, अक्षर पुरूष । यी दुबै नाशवान छन् । श्लोक १७ मा तेस्रो परम अक्षर पुरूष छन्, जो संसार रूपी वृक्षको मूल (जरा) हुन् । उनी नै वास्तवमा अविनाशी हुन् । जरा (मूल) बाट मै वृक्षका सम्पूर्ण भागहरू (फेद, हाँगा, शाखाहरू तथा पातहरू) लाई आहारा प्राप्त हुन्छ । उनै परम अक्षर पुरूष नै तीनै लोकमा प्रवेश गरेर सबैको धारण-पोषण गर्छन् । उनै (मूल) मालिकको पूजा गर्नु पर्छ । यस विवरणमा तत्त्वदर्शी सन्तको पहिचान तथा गीता ज्ञानदाताको अल्पज्ञता अर्थात् तत्त्व ज्ञानहीनता स्पष्ट हुन्छ ।

"जिन्दा बाबा दोस्रो पटक अन्तर्ध्यान हुनु"

धर्मदास जीले भने– हे जिन्दा ! यो तपाईं के भन्दै हुनु हुन्छ ? श्री विष्णु जी तीनै लोकमा केवल एक विभागका मन्त्री हुन् ? तपाई गलत भन्दै हुनु हुन्छ । श्री विष्णु जी त अखिल ब्रह्माण्डका स्वामी हुन् । यिनै श्री ब्रह्मा जीको स्वरूपमा उत्पत्ति गर्छन्, विष्णु रूपमा संसारको पालन गर्छन् तथा शिव रूपमा संहार गर्छन् । यी त कूलका मालिक हुन्, फेरि पनि तपाईले श्री विष्णु जीलाई अपमान गर्नु भयो भने राम्रो हुन्न ।

परमेश्वर कबीर जीले भन्नु भयोः–

मूर्ख के समझावतें, ज्ञान गाँठि का जाय ।
कोयला होत न उजला, भावें सौ मन साबुन लाय ।।

यति भनेर जिन्दा रूपधारी परमेश्वर अन्तर्ध्यान हुनु भयो । दोस्रो प
परमेश्वरलाई गुमाएपछि धर्मदास अत्यन्त उदास भए । भगवान विष्णुमा यत्ति धेरै आ
आस्था थियो कि प्रत्यक्ष रूपमा प्रमाण देखेर पनि झूठलाई त्याग्न तयार भएनन् ।

कबीर जान बूझ साची तजै, करे झूठ से नहे ।
ताकि संगति हे प्रभु, स्वपन में भी ना देह ॥

केही समय पश्चात् धर्मदासको बुद्धिबाट कालको साया (छाँया) हट्यो र आ
गल्तिप्रति विचार गरे– सम्पूर्ण प्रमाण प्रत्यक्ष रूपमा गीताबाट नै देखाउनु भए
थियो । जिन्दा बाबाले त आफ्नो तर्फबाट केही भन्नु भएको थिएन । म कस्तो अ
रहेछु मैले आफ्नो हठी व्यवहारले गर्दा देव स्वरूप तत्त्वदर्शी सन्त गुमाएँ । अब पु
वहाँसँग भेट हुने छैन । मेरो जीवन व्यर्थमा समाप्त हुने छ । यो विचार गरेर धर्मद
सिरिङ्ग भए अर्थात् भयले काम्न थाले । खाना पनि थोरै खान थाले, उदास र
थाले तथा मनमनै प्रार्थना गर्न थाले– हे देव । हे जिन्दा बाबा । एक पटक दर्शन दि
होस् । भविष्यमा यस्तो गल्ति कहिल्यै गर्ने छैन । म हजुरसँग करबद्ध भएर प्रार्थ
गर्दछु । मैले भनेका राम्रा-नराम्रा कुरामा ध्यान नदिनु होस् । हे गोसाइँ । मलाई फे
भेट दिनु होस् । हजुरको ज्ञान सत्य, हजुर सत्य, हजुरका एक-एक वचन अमृत हुन
कृपया मलाई दर्शन दिनु होस्, अन्यथा मेरो जीवन धेरै दिनसम्म रहने छैन ।

तेस्रो दिन परमेश्वर कबीर जी एउटा नदीको किनारमा वृक्षमुनि बस्नु भए
थियो । छेउछाउमा केही आवारा गाईहरू पनि त्यही रूखमुनि बसेर पाउर लिइ रहे
अर्थात् उग्राइ रहेका थिए । केही नदी किनारमा घाँस चरि रहेका थिए । धर्मद
जीको दृष्टि पिताम्बर ओढेर नदी किनारमा बसी रहेका सन्तमा पऱ्यो । उन
छेउछाउमा गाईहरू पनि चरि हरेका देखे । उनलाई यस्तो लाग्यो मानौं साक्षात् भगव
कृष्ण आफ्नो लोकबाट आएर बसेका होऊन् । उत्सुकता पूर्वक धर्मदास सन्तका स
गए । उनलाई यी त कुनै सामान्य सन्त हुन् जस्तो लाग्यो । फेरि पनि चरण स्प
गरेर अगाडि बढ्ने सोच आयो । धर्मदास जीलाई चरण स्पर्श तथा चरणमा शि
राख्दा कपास छोए जस्तै महशुस भयो । अनि चरण हातले थिचि-थिची अनुभव ग
चरणमा कहीं कतै हाड थिएन । माथि मुहारमा हेर्दा त उनै बाबा जिन्दा पहिले
भेषभुषामा बस्नु भएको थियो । जिन्दा रूपी परमेश्वर फेरि जानु त हुन्न भन्ने विच
गरेर धर्मदास जीले चरण दृढतापूर्वक समाते र आफ्नो गल्तिका लागि क्षमायाचना ग
भने– हे जिन्दा । हजुर त तत्त्वदर्शी सन्त हुनु हुन्छ । म एक भ्रमित जिज्ञासु हूँ । मे
शङ्काहरूको समाधान नभएसम्म कसरी मेरो अज्ञान नाश हुन्छ ? हजुर त महा कृप
हुनु हुन्छ । म किंकरप्रति दया गर्नु होस्, मेरो अज्ञान हटाउनु होस् प्रभु ।

प्रश्न नं. ३७: (धर्मदास जीको) हे जिन्दा । यदि श्री विष्णु जी पूर्ण परमात्
होइनन् भने पूर्ण परमात्मा को हुन् ? कृपया गीताबाट प्रमाण दिनु होस् ।

उत्तरः– प्रश्न नं. १५ को उत्तर जिन्दा रूपधारी परमेश्वरले धर्मदासलाई पुनः ुनाउनु भयो ।

प्रश्न नं. ३८: धर्मदास जीले सोधे– श्री विष्णु जी तथा शङ्कर जीको पूजा गर्नु र्छ कि पर्दैन ?

उत्तरः– (जिन्दा बाबाको):– गर्नु पर्दैन ।

प्रश्न नं. ३९: (धर्मदास जीको) कृपया गीताबाट प्रमाण दिनु होस् ।

उत्तरः– कृपया प्रश्न १७ को उत्तर पढ्नु होस् । परमात्माले धर्मदासलाई पढेर ुनाउनु भयो । गीता शास्त्रबाट प्रत्यक्ष देखेपछि धर्मदास हेरेको हेरै भए । मानौ कसैलाई सदमा (झट्का) लागेको होस् । झुठो भन्न पनि नसक्ने, स्वीकार गर्नका लागि केही समय लाग्छ ।

जिन्दा रूपधारी परमेश्वरले सम्बोधित गर्दै भन्नु भयो– हे वैष्णव महात्मा ! कुन ुनियामा गयौ ? यता हेर । धर्मदास निद्राबाट बिउँझिए झैं सावधान भए र भने– केही ोइन केही होइन । कृपया अझ ज्ञान सुनाउनु होस् ताकि मेरो भ्रम हटेर जाओस् । रमेश्वर कबीर जीले धर्मदास जीलाई सृष्टि रचना सुनाउनु भयो । कृपया यसै ुस्तकको पृष्ठ १२० सम्म पढ्नु होस् ।

सृष्टि रचना सुनेपछि धर्मदास जीलाई बहुलाउँछु कि जस्तो लाग्यो किनकि ाजसम्म हिन्दू धर्म गुरूहरू, ऋषिहरू, महर्षि तथा सन्तहरूबाट सुनेको ज्ञान निराधार था अप्रमाणिक जस्तै लागि रहेको थियो । जिन्दा बाबाले हिन्दू सद्‌ग्रन्थबाट नै माणित गरि रहनु भएको थियो । शङ्काको कुनै गुन्जाइस नै थिएन । मनमनै म ागल त हुने होइन भन्ने सोचि रहेका थिए ।

प्रश्न नं. ४०: (धर्मदास जीको) हे जिन्दा । के हिन्दू धर्मका गुरूहरू तथा ऋषिहरूलाई शास्त्रहरूको ज्ञान छैन ?

उत्तरः– (जिन्दा महात्माको) के यो कुरा बताउन अझ पनि आवश्यक्ता छ र?

"धर्मदास जीको अन्य सन्तहरूसँगको ज्ञान चर्चा"

प्रश्न नं. ४१: (धर्मदास जीको) हिन्दू धर्मको कुनै सन्त, गुरू, महर्षिलाई सत्य अध्यात्म ज्ञान छैन भन्ने कसरी हुन सक्छ ? यति सोचेपछि धर्मदास जीको मनमा कुनै महामण्डलेश्वरबाट पनि ज्ञान पत्ता लगाउनु पर्छ, एउटा घुमन्ते जोगी-फकिरसँग के पो ाइन्छ र भन्ने विचार आयो । यो कुरा मनमा सोचि नै रहेका थिए कि परमेश्वर जीन्दा जीले धर्मदास जीको मनमा दोष भएको बुझेर भन्नु भयो– तिमी आफ्ना महामण्डलेश्वरबाट ज्ञान प्राप्त गर । यसो भनेर परमात्मा तेस्रो पटक अन्तर्ध्यान हुनु भयो । धर्मदासजी ठगिए जस्तै भए र जिन्दा महात्माको मुखकमलबाट आफ्नो मनको

दोष सुनेर अत्यन्त लज्जित भए । प्रभु अन्तर्ध्यान भएपछि अति व्याकुल भए धर्मदास जीलाई हाम्रा महामण्डलेश्वर बाट तत्त्वज्ञान अवश्य प्राप्त हुन्छ भन्ने आशा थियो । जिन्दा बाबा -मुसलमान) को ज्ञानलाई तत्त्वज्ञान मानेर साधना गर्नु त धर्म परिवर्तन गर्नु जस्तै लागेको थियो । यो समाजमा निन्दाको कारण त्यसैले आफ्ना हिन्दू महात्माहरूबाट तत्त्वज्ञान प्राप्त गरेर श्रेष्ठ शास्त्रानुकूल भ उचित हुन्छ । यस पटक जिन्दा बाबा अचानक जानु धर्मदास जीलाई खासै महसुश भएन किनकि उनलाई यति ठूलो तथा पुरातन हिन्दू धर्ममा के कुनै सन्त छैनन् र ? भन्ने कुराको भ्रम थियो । धर्मदास जी एक वैष्णव महामण्डले ज्ञानानन्द जी वैष्णवको आश्रममा गए । त्यस समय श्री ज्ञानानन्द जीको थियो । उनी काशीका श्री रामानन्द जीका शिष्य थिए । तर त्यसबेला स्वामी जी त परमेश्वर कबीर जीका शिष्य/गुरु बनि सकेका थिए । उनले आफ्नो अज्ञान मानि सकेका थिए । स्वामी रामानन्द जीले आफ्ना सम्पूर्ण ऋषिहरूलाई बताएको ज्ञान व्यर्थ तथा यो साधना शास्त्रविरूद्ध छ र तिमीहरू सबैले परमेश्वर जीबाट दीक्षा लेऊ भनेका थिए । तर जातीय अभिमान, शिष्यहरूमा प्रतिष्ठा ज्ञानको स्थानमा अज्ञानको भण्डारले गर्दा जीवलाई सत्य स्वीकार गर्न दिदैन ।

कबीर, राज तजना सहज है, सहज त्रियाका नेह ।
मान बडाई ईर्ष्या, दुर्लभ तजना येह ॥

धर्मदास जीले श्री ज्ञानानन्द जीसँग प्रश्न गरे– स्वामी जी के भगवान विष्णु माथि पनि कोही प्रभु छन् ? श्री ज्ञानानन्द जीले उत्तर दिए श्री विष्णु स्वयम् ब्रह्म परमात्मा हुन् । यी भन्दा माथि को हुन सक्छन् ? श्री कृष्ण जी पनि श्री जी स्वयम् नै थिए । उनले श्रीमद्भगवत गीताको ज्ञान दिए । तिमीलाई कसले तुल्याए ? धर्मदास जीले सोधे– गीता अध्याय ८ श्लोक १ मा अर्जुनले तत् ब्रह्म भनेर सोधेका छन् । गीता अध्याय ८ श्लोक ३ मा भगवानले उनी "परम अक्षर हुन् भने । यिनी त भगवान कृष्णभन्दा भिन्न प्रभु हुन् । स्वामी ज्ञानानन्दले भने– तिमीलाई त्यस काशीको जुलाहाको जादू चढेको छ, ल ल जाऊ आफ्नो काम भगवान कृष्ण भन्दा अन्य कुनै प्रभु छैनन् । धर्मदास जीलाई जिन्दा बाबाले प्रमा सहित बताएको ज्ञान यिनीसँग छैन भन्ने थाहा पाए । धर्मदास जी निराश त्यहाँबाट हिंडे । धर्मदास जीलाई काशीका जुलाहा नै बाबा जिन्दा हुन् भन्ने कुरा थिएन । धर्मदास जीले एउटा मोहनगिरी नामका महामण्डलेश्वर छन् भन्ने थाहा प उनीकहाँ गएर भगवानको चर्चा शुरू गरे । पहिले एक रुपियाँ दक्षिणा च जसकारणले उनलाई मोहनगिरीले नजिकै बसाए र भने– भगवान शिव सम्पूर्ण सृ रचना कर्ता हुन् । यी भन्दा माथि संसारमा कोही प्रभु छैनन् । "ओम् नमः शि मन्त्रको जाप गर । धर्मदास जी प्रणाम गरेर हिंडे । मनमनै यिनको कस्तो नाम छ ज्ञान एक पैसाको पनि छैन भन्ने सोचे । कसैले धर्मदास जीलाई एक जना धेरै

पस्वी छन्, जो कैयौं वर्षदेखि खडा भएर तप गरि रहेका छन् भनेर सुनाए । धर्मदास ी त्यहाँ गए । उनी नाथ पन्थसँग आबद्ध थिए । भगवान शिवलाई समर्थ परमात्मा ताउँथे । तप गरेर हठयोगद्वारा परमात्माको प्राप्ति हुन्छ भन्ने विश्वास गर्थे । धर्मदास ीले यति कठोर तपस्याबाट परमात्मा प्राप्त हुन्छ भने योमेरो सामर्थ्य मन्दा बाहिर छ न्ने सोचे र त्यहाँबाट पनि हिंडे । उनले फेरि एउटा धेरै ठूला विद्वान महात्मा काशी वेद्यापीठबाट पढेर आएका छन् र उनलाई वेदहरूको पूर्ण विद्वान भनिन्छ भन्ने थाहा ाए । धर्मदास जीले ती महात्मासँग परमात्मा कस्ता छन् भनेर सोधे । भगवान निराकार छन् भन्ने उत्तर पाए । ती निराकार परमात्माको कुनै नाम छ ? धर्मदास ीले सोधे । विद्वानको उत्तरः उनको नाम ब्रह्म हो । धर्मदास जीले सोधे–के रमात्मालाई देख्न सकिन्छ ? उत्तरः– परमात्मा निराकार छन्, उनलाई कसरी देख्न सकिन्छ ? परमात्माको त केवल प्रकाश देख्न सकिन्छ । धर्मदास जीले सोधे– के श्री कृष्ण या विष्णु परमात्मा हुन् ? उत्तरः यी त सर्गुण देवता हुन्, परमात्मा निर्गुण छन् ।

धर्मदास जीले प्रश्न गरे– गीता र वेदको ज्ञानमा के अन्तर छ ? ब्राह्मणको उत्तरः– गीता चारै वेदहरूको सारांश हो । धर्मदास जीले भक्ति मन्त्र कुन हो भनेर सोधे । जवाफमा ब्राह्मणले गायत्री मन्त्र जाप गर भने = ओम् भूर्मवस्वः तत् सवितुः वरेणियम् भर्गोदेवस्य धीमहि धीयो यो नः प्रचोदयात् । धर्मदास जीलाई जिन्दा बाबाले यस मन्त्रबाट मोक्ष सम्भव छैन भन्नु भएको थियो । धर्मदास जीले फेरि अगाडि बढे एक सन्त गुफामा रहन्छन् भन्ने थाहा पाए । ती सन्त कैयौं दिनसम्म गुफाबाट बाहिर निस्कदैनथे उनका सामु गएर धर्मदास जीले भगवान कसरी प्राप्त हुन्छ भनेर सोधे । सन्तले भने– इन्द्रियहरू माथि संयम् राख, यसबाट परमात्मा प्राप्त हुन्छ । नाम जापले केही हुँदैन । चिनी भन्दैमा मुख मीठो हुँदैन । यस जवाफबाट धर्मदास जीलाई सन्तोष मिलेन । सबै सन्तहरूसँग ज्ञान चर्चा गरेपछि धर्मदास जीलाई आफूले जिन्दा बाबालाई विश्वास न गरेकामा साह्रै पश्चाताप् भयो । जिन्दा बाबाले भन्नु भएको थियो– कुनै पनि महामण्डलेश्वर सन्तसँग यथार्थ अध्यात्म ज्ञान छैन । कुनै पनि सन्त तथा महात्माको ज्ञान प्रमाणिक छैन तथा कुनै शास्त्रको आधार छैन । धर्मदास रून थाले । उनलाई आफ्नो अज्ञानताप्रति पश्चाताप् भयो र सोच्न थाले– म कस्तो अभागी रहेछु, मैले ती परमात्मा स्वरूप जिन्दा महात्मालाई विश्वास गरिनँ । अब मैले ती अन्तर्यामीले मलाई भेट्नु हुने छैन किनकि मैले कत्ति पटक उहाँको अपमान गरें । अब के गरूँ, बाँच्न मन छैन तर आत्महत्या पाप हो । नराम्ररी रून थाले । पछारिएर अचेत भए ।

उत्तरः– परमात्मा जिन्दा महात्माको रूपमा एउटा वृक्ष तल बस्नु भयो । धर्मदास जी सचेत भएपछि हृदय देखि नै पुकार गरे– हे जिन्दा महात्मा ! एक पटक दर्शन दिनु होस् । म थाकि सकें । कसैसँग पनि ज्ञान छैन । हजुरका सम्पूर्ण कुराहरू सत्य छन् । हे परमात्मा ! एक पटक म अज्ञानी महामूर्खलाई क्षमा गर्नु होस् । हजुर जिन्दा होइन परमात्मा हुनु हुन्छ । हजुर महाविद्वान हुनु हुन्छ । हजुरको ज्ञानको सामना गर्न कोही समर्थ छैनन् । म अब जीन्दगीभरि नै हजुरप्रति अविश्वास गर्ने छैन । यस्ता कुराहरू विचार गर्दै अगाडि बढे । केही पर पुगेपछि एउटा रूखमुनि एउटा साधु बसेको

देखे, जसका सामु केही मानिसहरू पनि थिए । धर्मदास जीले सोचे– म त ती महामण्डलेश्वरसँग भेटेर आएको हूँ, जसको दर्शनार्थ थुप्रै भक्तहरू बसि रहेका हुन्थे भने यी सामान्य साधुसँग के भेट गर्नु ? तर एकाएक उनको मनमा केहीबेर थकाइ मार्नु छ, यही बस्छु भन्ने विचार आयो । फेरि प्रश्न पनि सोधि हालूँ न त भनेर सोधि हाले– हे महात्मा जी ! परमात्मा कस्ता छन् ? साधुले म नै परमात्मा हूँ भनेर जवाफ दिए । यिनी त मजाक गर्न थाले, यी सन्त पनि होइनन् होला भन्ने सोची धर्मदास चुप लागे । विस्तार सबै मानिस गए । जब धर्मदास जी पनि हिड्न लागे, तब परमात्मा बोल्नु भयो– हे महात्मा ! के तिम्रा महामण्डलेश्वरहरूले परमात्मा कस्ता छन् भनेर बताएनन्? धर्मदास जीले आश्चर्य पूर्वक हेरे र यस साधुलाई म कहाँ-कहाँ भट्के भन्ने कसरी थाहा भयो भनी सोचे । त्यही बेला परमात्माले त्यही जिन्दा बाबाको रूप बनाउनु भयो । धर्मदास जी चरणमा शरणागत भएर विलाप गर्दै रून थाले र भने– हे भगवान । कसैसँग ज्ञान छैन । म पापी अवगुणी -गुण रहित) लाई क्षमा गर्नु होस् महाराज ! मैले धरै ठूलो भूल गरें । हजुरले भन्नु भएको सृष्टि रचना ज्ञानका अगाडि सबै सन्तहरूको ज्ञान सूर्यको अगाडि बत्ति जस्तो छ, सब फजुलका कुरा गर्छन् । परमेश्वरले धर्मदास जीसँग सोध्नु भयो– तिमीले वेदका विद्वानसँग परमात्मा कस्ता छन् भनेर सोध्यौ ? जवाफ परमात्मा निराकार छन् भन्ने मिल्यो । परमात्मालाई देख्न सकिन्छ भनेर तिमीले सोधेको प्रश्नका जवाफमा ती अज्ञानीहरूले परमात्मा निराकार भएकाले देख्ने त सवाल नै हुदैन, परमात्माको त प्रकाश मात्र देख्न सकिन्छ भने ।

विचार गर धर्मदास ! यो विचार कुनै नेत्रहीनको जस्तो छ, जसलाई सूर्य कस्तो छ भनेर सोध्यो भने उसको जवाफ सूर्य निराकार छ भन्ने हुन्छ । फेरि उसलाई के सूर्यलाई देख्न सकिन्छ भनेर सोध्दा सूर्यलाई देख्न त सकिंदैन तर सूर्यका प्रकाशलाई देख्न सकिन्छ भनेर जवाफ दिन्छ । त्यस नेत्रहीनलाई कसैले सोध– सूर्य नभए प्रकाश चाहिँ कसको देखिन्छ ? यसैगरी अध्यात्म ज्ञानका नेत्रहीनहरू अर्थात् पूर्ण अज्ञानी सन्तहरू परमात्मा त निराकार छन् भन्ने व्याख्या गर्ने गर्छन् । परमात्मा निराकार भए उनको प्रकाश कसरी देख्न सकिन्छ ? प्रकाश त परमात्मा कै हुन्छ । धर्मदास जीले भने– हे महात्मा जी ! यो विचार त मेरो दिमाग मै आएन । हजुरको दिव्य तर्कले मेरो आँखा खुल्यो । मैले भेटेका सारा महामण्डलेश्वरहरू महाअज्ञानी रहेछन् । हे जिन्दा महात्मा जी ! यदि मैले हजुरको ज्ञान सुनेपछि पनि यी मुर्खहरूसँग न भेटेको भए हजुरले जतिसुकै प्रमाण देखाए तथा बताए पनि मेरो भ्रम निवारण हुने थिएन ।

प्रश्न नं. ४२ः -धर्मदास) हे जिन्दा ! हजुर रिसानी नहोस् । मेरो मनमा अझै एउटा शङ्का छ । के भगवान विष्णुको भक्ति राम्रो होइन ?

उत्तरः– (जिन्दा महात्मा जीको) हे धर्मदास ! श्रीमद्भगवत गीता अध्याय २ श्लोक ४६ मा प्रमाण छ । गीता ज्ञानदाताले भनेका छन्– हे अर्जुन । धेरै ठूलो जलाशय (तलाउ) को प्राप्ति पश्चात् सानो जलाशयमा व्यक्तिको कति प्रयोजन बाँकी

रहन्छ ? यसैगरी पूर्ण ज्ञान र पूर्ण परमात्माको भक्ति विद्या तथा त्यसबाट प्राप्त हुने लाभको ज्ञान भइ सकेपछि अन्य ज्ञानहरू तथा साना भगवानहरूप्रति त्यत्ति आस्था बाँकी रहन्छ, जत्ति ठूलो जलाशय प्राप्ति पश्चात् सानो जलाशय प्रति रहन्छ । सानो जलाशयको पानी राम्रो हुन्छ, तर पर्याप्त हुदैन । यदि एक वर्षसम्म वर्षा भएन भने सानो जलाशयको पानी सुक्छ तथा त्यस जलाशयमा आश्रित मानिसहरूले पनि अभावका कारण कष्टप्रद जीवन जिउँछन्, त्राहि-त्राही मच्चिन्छ । तर ठूलो जलाशय (तलाउ) को पानी १० वर्षसम्म वर्षा भएन भने पनि सुक्दैन । ठूलो जलाशय भेटेपछि मानिसहरू तत्काल सानो जलाशय (पोखरी) लाई छोडेर ठूलो जलाशयको किनारमा गएर बस्छन् । गीता ज्ञान भनिएको समयमा सम्पूर्ण मानिसहरू सानो जलाशय (पोखरी) को पानीमा आश्रित थिए । त्यसैले यो उदाहरण दिइएको थियो । यसैगरी सतगुणी श्री विष्णु जीको भक्ति भलै राम्रो भएपनि पूर्ण मोक्षदायक छैन । श्री विष्णु जी पनि नाशवान छन् । यिनको पनि जन्म-मृत्यु हुन्छ । अनि साधक कसरी अमर हुन सक्छ ? त्यसैले पूर्ण मोक्ष अर्थात् अमर हुनका लागि अमर परमात्माको नै भक्ति गर्नु पर्छ ।

प्रश्न न. ४३: हे जिन्दा महात्मा जी ! मैल हजुर माथि अविश्वास गरें । म पापी हूँ, मलाई क्षमा गर्नु होस् ।

उत्तरः– (जिन्दा बाबा जीको) हे धर्मदास ! मैले नै तिम्रो मनमा यो प्रेरणा गरि दिएको थिएँ । यदि तिमीले आफ्ना धर्मगुरुको खोजी नगरेको भए तिमीले मेरो कुरामा कहिल्यै विश्वास गर्ने थिएनौ । समय-सयममा तिम्रो मनमा हिन्दू धर्मका कुनै महर्षि महामण्डलेश्वर तथा सन्त-महन्थलाई तत्त्वज्ञान छैन भन्ने हुनै सक्दैन भन्ने कुराले आक्रान्त पारि रहने थियो । अब तिमी मेरो कुरामा विश्वास गर । विचार गर धर्मदास जी ! जब गीता ज्ञानदाता गीता अध्याय ४ श्लोक ३२ तथा ३४ मा भन्छन्– परम अक्षर ब्रह्म (परमेश्वर) ले आफ्नै मुखले सुनाउने ज्ञान तत्त्वज्ञान हो । (गीता अध्याय ४ श्लोक ३२) त्यो ज्ञान तिमी तत्त्वदर्शी सन्तको समीपमा गएर जान र बुझ । (गीता अध्याय ४ श्लोक ३४) यसबाट गीता ज्ञान दिने परमात्मालाई नै तत्त्वज्ञान थाहा छैन भने गीताका पाठकहरू तथा यी प्रभु उपासकहरूसंग कसरी हुन्छ भन्ने स्पष्ट हुन्छ ।

गीता अध्याय २ श्लोक ५३ मा भनेका छन्– हे अर्जुन ! भिन्न-भिन्न प्रकारले भ्रमित तुल्याउने वचनहरूबाट हटेर तिम्रो बुँध्दि एक तत्त्वज्ञानमा स्थिर हुने छ, तब तिमीलाई योग (भक्ति) प्राप्त हुने छ ।

भावार्थः– तब तिमी भक्त बन्ने छौ । त्यसैले धर्मदास तिमीलाई मैले ती सन्त-महामण्डलेश्वरहरू कहाँ जान प्रेरित गरेको थिएँ । अब तिमीलाई योग प्राप्त हुने छ । भक्त बन्न सक्ने छौ ।

प्रश्न ४४: (धर्मदास जीको) के पूर्ण मोक्षका लागि भगवान विष्णु जी तथा भगवान शङ्कर जीको पूजा छोड्नु पर्छ ?

उत्तरः– (जिन्दा बाबा) यी प्रभुहरूलाई होइन, यिनको पूजा छोड्नु पर्छ ।

प्रश्न ४५: (धर्मदास जीको) हे जिन्दा ! यी विष्णु र शङ्कर प्रभुहरूलाई होइन, यिनीहरूको पूजा छोड्नु पर्छ, भन्ने कुरा मैले बुझिनँ । मेरो सङ्कीर्ण बुद्धि छ । म महाअज्ञानी प्राणी हूँ । कृपया विस्तारपूर्वक बताउने (सम्झाउने) कृपा गर्नु होस् ।

उत्तरः– (जिन्दा महात्मा जीको) हे धर्मदास जी । तिमीले यिनको साधना शास्त्रविधि त्यागेर मनोमानी आचरण गरि रहेका छौ । जसले गर्दा तिमीलाई कुनै लाभ प्राप्त भइ रहेको छैन । यी देवताहरूबाट लाभ लिने साधना मसँग छ । जस्तो भैंसीलाई भैंसी-भैंसी भनेर बोलायौ भने त्यसलें तिमी तिर हेर्दैन । त्यसलाई बोलाउन एक विशेष मन्त्र छ । यदि भैंसीलाई आइँ-आइँ भनेर बोलायो भने तत्काल प्रभावित भएर बोलाउने व्यक्ति तिर आउँछ । त्यसैगरी यी सम्पूर्ण आदरणीय देवताहरूको निज मन्त्र छ । जसबाट तिनीहरूले पूर्ण र तत्काल लाभ दिन्छन् । प्रिय पाठकगण ! त्यही मन्त्र म (सन्त रामपाल दास) सँग छ, जुन गुरु जीको माध्यमबाट परमेश्वरले मलाई दिनु भएको हो । आउनु होस् र प्राप्त गर्नु होस् ।

जस्तो प्रश्न नं. ३६ को उत्तरको वर्णनमा बताएको थिएँ– यो संसार एक वृक्ष भनेर बुझ । परम अक्षर पुरूष यसको जरा बुझ, अक्षर पुरूष फेद, क्षर पुरूष मोटो हाँगा, तीनै देवताहरू (रजगुण ब्रह्मा, सतगुण विष्णु तथा तमगुण शिव जी) यस संसार रूपी वृक्षका शाखाहरू र पात रूपी संसार भन्ने जान ।

यदि तिमीले आँपको विरूवा ल्याएका छौ भने त्यसलाई खाल्टो खनेर त्यसमा जरालाई राम्ररी राखी माटोले पुर्नु पर्छ र जरामा पानी हाल्नु पर्छ । तब मात्र त्यो विरूवा रूख बन्छ र त्यसका शाखाहरूमा फल लाग्छ । त्यसैले वृक्षका शाखाहरूलाई भाँच्नु हुदैन । ठीक यसैगरी संसार रूपी वृक्षको जरा अर्थात् परम अक्षर ब्रह्मलाई ईष्ट रूपमा प्रतिष्ठित गरेर पूजा गर्नाले शास्त्रानुकूल साधना हुन्छ, जुन परम लाभ दिने खालको हुन्छ । यसरी गरिएको भक्ति कर्महरूका फल यिनै तीन देवताहरू (संसार रूपी वृक्षका शाखाहरू) ले नै कर्म अनुसार प्रदान गर्दछन् । त्यसैले यिनीहरूको पूजा छोड्नु (त्याग्नु) पर्छ, तर यिनीहरूलाई छोड्न (भाँच्न) हुंदैन । यही प्रमाण श्रीमद्भगवत गीता अध्याय ३ श्लोक ८ देखि १५ सम्ममा पनि छ । यसमा भनेका छन्ः–

- ❖ हे अर्जुन ! तिमी शास्त्रविदित कर्म गर अर्थात् शास्त्रमा जस्तो भक्ति गर्न भनिएको छ, त्यस्तै भक्ति कार्य गर । यदि घर त्यागेर जङ्गलमा गयौ अर्थात् तिमी कर्म सन्यासी भयौं वा एकै ठाउँमा बसेर हठपूर्वक साधना गर्न थाल्यौ भने तिम्रो शरीरको पोषणको निर्वाह हुंदैन । त्यसैले कर्म नगुर्न भन्दा कर्म गर्दै भक्ति कर्म गर्नु श्रेष्ठ हो । (गीता अध्याय ३ श्लोक ८)
- ❖ जुन साधकले शास्त्रविधि त्यागेर मनोमानी आचरण गर्दछन् अर्थात् शास्त्रानुकूल भक्ति कर्म बाहेक अर्को कर्ममा लागेका मानिस समुदाय कर्महरूको बन्धनमा बाँधिएर सदा जन्म-मरणको चक्रमा रहि रहन्छन् । त्यसैले हे कुन्तीपुत्र अर्जुन !

जुन शास्त्ररहित भक्ति कर्म गरि रहेका छौ, त्यसबाट आसक्ति रहित भएर शास्त्रानुकूल भक्ति कर्म गर । (गीता अध्याय ३ श्लोक ९)

❖ संसारको रचना गरेपछि प्रजापति (कूलका मालिक) ले सर्वप्रथम मुनष्यको रचना गरेर साथ-साथै यज्ञहरू अर्थात् धार्मिक अनुष्ठानहरू सम्बन्धी ज्ञान दिंदै भन्नु भएको थियो- यसरी बताइएको शास्त्रानुकूल कामहरूद्वारा तिमीहरूको वृद्धि हुने छ, यसरी शास्त्रानुकूल रूपमा गरिएको भक्ति तिमीहरूलाई इच्छित भोग दिने खालको छ । (गीता अध्याय ३ श्लोक १०)

❖ यसरी शास्त्रानुकूल भक्तिद्वारा अर्थात् संसार रूपी वृक्षको जरा-मूल अर्थात् परम अक्षर ब्रह्मको सिंचाइ अर्थात् पूजा गरी देवताहरू अर्थात् संसार रूपी वृक्षका तीनै गुणरूपी शाखा (रजगुण ब्रह्मा, सतगुण विष्णु र तमगुण शिव) लाई उन्नत बनाऊ । ती देवताहरू (संसार रूपी वृक्षका शाखाहरू तीनै देवताहरू) ले तिमीलाई कर्म अनुसार फल दिएर उन्नत गरून् । यसरी एक अर्काद्वारा उन्नत भएर परम कल्याण अर्थात् पूर्ण मोक्ष प्राप्त गर्ने छौ । (गीता अध्याय ३ श्लोक ११)

❖ शास्त्रविधि अनुसार गरिएको भक्ति कर्महरू अर्थात् यज्ञहरूद्वारा बढेका देवता अर्थात् संसाररूपी वृक्षको जरा अर्थात् मूल मालिक (परम अक्षर ब्रह्म) लाई ईष्ट रूपमा प्रतिष्ठित गरेर भक्तिकर्मद्वारा बढेका शाखाहरू (तिनै देवताहरू) ले तिमीलाई नमागीकन नै कर्म अनुसार ईच्छित भोग निश्चय रूपमा दिइ नै रहने छन् । जस्तो आँपको जरामा सिंचाइ गरेपछि रूख भएर शाखाहरू उन्नत हुन्छन् । अनि ती शाखाहरूमा आफै फल लाग्छ र झर्छ । व्यक्तिहरूलाई कर्म अनुसार प्राप्त भएको धन उपरोक्त विधिद्वारा नै प्राप्त भएको हुन्छ । यदि कुनै व्यक्तिले ती देवताहरू (शाखाहरू) द्वारा प्राप्त धनमध्येबाट पुनः दान-पुण्य गर्दैन अर्थात् जसले पुनः शास्त्रानुकूल साधना गर्दैन, केवल आफ्नो मात्र पेट भर्दछ, स्वयंले नै भोग गर्दछ भने त्यो परमात्माको चोर नै हो । (गीता अध्याय ३ श्लोक १२)

❖ शास्त्रानुकूल भक्तिको विधिमा सर्व प्रथम परमात्मालाई भोग लगाइन्छ । भण्डारा गर्नु पर्छ । पहिले परम अक्षर ब्रह्मलाई ईष्ट रूपमा पुजेर भोग लगाई शेष भोजन भक्तहरूमाझ बाँडिन्छ । त्यसबाट बचेको अन्न सत्सङ्गमा उपस्थित भएका असल आत्माहरूले नै खान्छन् किनकि पुण्य आत्माहरू नै परमात्माका लागि समय निकालेर धार्मिक अनुष्ठानमा सहभागी हुन्छन् । त्यसैले भनिएको छ– त्यस यज्ञबाट बाँकी रहेको अन्न खाने सन्तजन सम्पूर्ण पापहरूबाट मुक्त हुन्छन् । तत्त्वदर्शी सन्तको सत्सङ्गमा नजाने पापीहरूलाई ज्ञान हुँदैन । ती पापात्मा आफ्नो शरीर पोषण गर्नका लागि मात्र भोजन पकाउँछन् । तिनीहरू पाप नै खान्छन् किनकि भोजन खानु पूर्व हामी भक्तसन्तहरू सबै परम अक्षर ब्रह्मलाई भोग लगाउँछौ, जसले गर्दा सारा भोजन पवित्र प्रसाद बन्छ । जसले यसो गर्दैन, त्यो परमात्माको चोर हो । भगवानलाई भोग नलगाइएको भोजन पापको भोजन हो । त्यसैले भनिएको छ– जसले शास्त्रानुकूल धर्मकर्म गर्दैनन् ती पापका भागी हुन्छन् । (गीता अध्याय ३ श्लोक १३)

- ❖ सम्पूर्ण प्राणी अन्नबाट उत्पन्न हुन्छन् । अन्न वर्षाबाट हुन्छ । वर्षा यज्ञ अर्थात् शास्त्रानुकूल धार्मिक अनुष्ठानबाट हुन्छ । यज्ञ अर्थात् धार्मिक अनुष्ठान शास्त्रानुकूल कर्महरूबाट हुन्छ । (गीता अध्याय ३ श्लोक १४)
- ❖ कर्म त ब्रह्म अर्थात् क्षर पुरूषबाट उत्पन्न भएको हो किनकि सम्पूर्ण प्राणीहरूलाई सनातन परम धाममा रहँदा काम नगरिकन सम्पूर्ण सुख तथा पदार्थ उपलब्ध थिए । यहाँ रहेका सम्पूर्ण प्राणीहरू आफ्नो गल्तिले क्षर पुरूषसँग आएका हुन् । अहिले सबैले कर्मको फल नै प्राप्त गर्छन् । कर्म गरे मात्र जीवन निर्वाह हुन्छ । त्यसैले भनिएको हो- कर्म ब्रह्म (क्षर पुरूष) बाट उत्पन्न भएको बुझ र ब्रह्मलाई अविनाशी परमात्माबाट उत्पन्न भएको जान । (अधिक जानकारकि लागि यसै पुस्तकको पृष्ठ १२० मा सृष्टि रचना पढ्नु होस्।)

(नोटः यस श्लोक मा "अक्षर" शब्दको अर्थ अविनाशी परमात्मा सही छ । तर जहाँ क्षर पुरूष, अक्षर पुरूष तथा परम अक्षर पुरूषको वर्णन छ, त्यहीं अक्षर पुरूष तथा क्षर पुरूष दुवैलाई नाशवान भनिएको छ । त्यहाँ अक्षरको अर्थ त्यही सही छ । गीता अध्याय १५ श्लोक १६-१७ मा वर्णन छ । यहाँ "अक्षर" को अर्थ अविनाशी परमात्मा हो किनकि सृष्टि रचनाबाट ब्रह्मको उत्पत्ति सत्यपुरूष (अविनाशी परमात्मा) ले गरेका थिए भन्ने स्पष्ट हुन्छ ।) यसबाट सिद्ध हुन्छ— (सर्वगतम् ब्रह्म) अर्थात् सम्पूर्ण ब्रह्माण्डहरूमा पहुँच भएका सबका मालिक (परमात्मा) सदा नै यज्ञहरू अर्थात् धार्मिक अनुष्ठानहरूमा प्रतिष्ठित रहन्छन् ।

भावार्थः— परम अक्षर ब्रह्मलाई ईष्टदेवको रूपमा प्रतिष्ठित गरेर धार्मिक अनुष्ठान अर्थात् यज्ञ एवं शास्त्रविधि अनुसार कर्म गर्नाले साधकलाई भक्तिको लाभ प्राप्त भई मोक्ष प्राप्त हुन्छ । संसार रूपी विरूवाको चित्र यसै पुस्तकको पृष्ठ ७९ हेर्नु होस् ।

पृष्ठ ७८ को चित्र हेर्नु होस् । यस चित्रमा विरूवाको शाखाहरूलाई खाल्टोमा गाडेर देखाइएको छ । जसले तीनै देवहरू (रजगुण ब्रह्मा, सतगुण विष्णु र तमगुण शिव) मध्ये कसैको पनि पूजा गर्दछ भने त्यसले शास्त्रविधि त्यागी मनोमानी आचरण गरेको हुन्छ, जुन गीता अध्याय १६ श्लोक २३-२४ मा अनुचित र व्यर्थ भनिएको छ । साधकले सर्वगतम् ब्रह्म अर्थात् परम अक्षर ब्रह्मको पूजा नगरेको तथा ईष्ट रूपमा नपुजेकोले उसको साधना व्यर्थ छ । शाखाहरूमा पानी हाल्नाले विरूवा नष्ट हुन्छ । अन्य देवताहरूको पूजा गर्न गीता अध्याय ७ श्लोक १२-१५, २०-२३ तथा गीता अध्याय ९ श्लोक २३-२४ मा निषेध गरिएको छ । (प्रश्न नं. १७ को उत्तर पढ्नु होस् ।)

यसै पुस्तकको पृष्ठ नं. ७९ को चित्र हेर्नु होस् । यहाँ विरूवा सिधा अर्थात् सही तरिकाले रोपिएको छ । यो शास्त्रानुसार साधना हो, यो नै मोक्षदायक छ । यही प्रमाण गीता ग्रन्थमा छ । त्यसैले हे धर्मदास ! श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जी लाई छोड्नु हुँदैन । इष्ट रूपमा गरिने यिनको पूजा छोड्नु पर्छ । तब मात्र भक्तको पूर्ण मोक्ष सम्भव छ ।


गीता अध्याय नं. १५
श्लोक नं. १ देखि ४ तथा
शलोक नं. १६ र १७ को आशय
पूर्ण ब्रह्म कबीर साहेब
मूल जरा
कबीर– अक्षर पुरुष एक पेड है,
निरंजन वाकी डार।
तीनो देवा शाखा हैं, पात रूप
संसार॥
फेद
(अक्षर पुरुष परब्रह्म)
हाँगा
(क्षर पुरुष)
विष्णु (शाखा)
शिव
ब्रह्मा
शास्त्रविरुद्ध साधना अर्थात् उल्टो रोपिएको भक्ति रूपी बिरुवा


ब्रह्मा
शिव
गीता अध्याय नं. १५
विष्णु
श्लोक नं. १ देखि ४ तथा
शलोक नं. १६ र १७ को आशय
हाँगा ब्रह्म
(क्षर पुरुष)
कबीर- अक्षर पुरुष एक पेड है,
निरंजन वाकी डार।
तीनो देवा शाखा हैं, पात रूप
संसार ॥
फेद
(अक्षर पुरुष ब्रह्म)
मूल जरा
(कबीर साहेब)
शस्त्रानुकूल साधना अर्थात् सिधा रोपिएको भक्ति रुपी बिरुवा

प्रश्न नं. ४६ः (धर्मदास जीको) हे जिन्दा ! हजुरले तीनै देवहरू (रजगुण ब्रह्मा, सतगुण विष्णु तथा तमगुण शिव) को भक्ति गर्नेहरूको दशा त श्रीमद्भगवत गीता अध्याय ७ श्लोक १२ देखि १५, २० देखि २३ तथा अध्याय ९ श्लोक २३- २४ मा प्रत्यक्ष प्रमाणित गरि दिनु भयो । जसमा भनिएको छ– तीनै गुणहरू (रजगुण ब्रह्मा, सतगुण विष्णु तथा तमगुण शिव) को भक्ति गर्नेहरू राक्षस स्वभाव धारण गरेका मनुष्यहरूमा नीच, दूषित कर्म गर्ने मूर्ख म (गीता ज्ञानदाता ब्रह्म) लाई पनि भज्दैनन् । अन्य देवताहरूको भक्ति पूजा गर्नेहरूको सुखको समय (स्वर्ग समय) क्षणिक हुन्छ । स्वर्गको प्राप्ति गरेर शीघ्र नै पृथ्वीमां जन्म धारण गर्छन् । हे महात्मा जी ! कृपया संसारमा भएको घटनाको यस्तो प्रकरण सुनाउनु होस् जसबाट हजुरले बताउनु भएको कुराको सत्यताको प्रमाण प्राप्त होस् । तीनै देवताका पुजारीहरू यस्तो व्यवहार गर्छन् ।

"हिरण्यकश्यपको कथा"

उत्तरः– (जीन्दा जगदीशको)

१. रजगुण ब्रह्माका उपासकहरूको चरित्रः– एक हिरण्यकश्यप ब्राह्मण राजा थिए । कुनै कारण वश उसलाई भगवान विष्णु (सतगुण) प्रति ईर्ष्या भयो । ती राजाले रजगुण ब्रह्मा जी देवतालाई भक्ति गरेर खुशी पारे । ब्रह्मा जीले हे पुजारी ! के माग्न चाहन्छौ माग भने । हिरण्यकश्यपले विहान मरूँ न सांझ, बाहिर मरूँ न भित्र, दिनमा मरूँ, न रातमा, आकाशमा मरूँ न धरतीमा र न त बाह्र मासमा नै मरूँ, न मानवबाट मरूँ, न पशु पक्षीबाट मरूँ भनेर वर मागे । ब्रह्मा जीले तथास्तु भने । यसपछि हिरण्यकश्यपले आफूलाई अमर ठानेर सबैलाई आफ्नो नाम जाप गर्न भन्न थाले । विष्णुको नाम जप्नेलाई मारि दिन्थे । उसको पुत्र प्रह्लाद विष्णु जीको भक्ति गर्थे । उनलाई कत्ति सताएका थिए । हे धर्मदास ! कथासँग त तिमी परिचित छौ । भावार्थः– रजगुण ब्रह्माका भक्त हिरण्यकश्यप राक्षस कहलिए, कुकुरको जस्तो मृत्यु भयो ।

"रावण तथा भस्मासुरको कथा"

२. तमगुण शिव जीका उपासकहरूको चरित्रः– लङ्काका राजाले तमगुण शिवको भक्ति गरेका थिए । उनले आफ्नो शक्तिले ३३ करोड देवताहरूलाई कैद गरेर राखेका थिए । अनि देवी सीताको अपरहण गरे । यिनको कस्तो गति भयो, तिमी सबै जान्दछौ । तमगुण शिवका उपासक राक्षस कहलिए, सर्वनाश भयो, निन्दाका पात्र बने ।

❖ अन्य उदाहरणः– तिमीलाई भष्मासुरको कथा त अवगत छ नै । भष्मागिरी भगवान शिव (तमोगुण) को भक्ति गर्दथे । उनले बाह्र वर्षसम्म शिव जीको द्वारका सामुन्ने खुट्टामाथि र शिर तल (शीर्षासन) पारी भक्ति तपस्या गरे । एक दिन पार्वतीले भनिन्- हे महादेव ! हजुर त समर्थ हुनु हुन्छ । हजुरको भक्तले के मागि रहेको छ, प्रदान गर्नु होस् प्रभु । भगवान शिवले भष्मागिरीलाई म तिमीसंग अति प्रसन्न छु, के

मान्छौ माग भने । भष्मागिरीले पहिले वचनबद्ध हुनु होस्, तब माग्छु भने । भगवान शिव वचनबद्ध भए । तब भष्मागिरीले हजुरसँग भएको भष्मकण्डा (भष्मकडा) मलाई दिनु होस् भनेर मागे । शिव प्रभुले त्यो भष्मकडा भष्मागिरीलाई दिए । कडा हात पर्नासाथ भष्मागिरीले भने–शिव जी होशियार ! अब म तँलाई भष्म गर्छु र पार्वतीलाई श्रीमती बनाउँछु । यसो भनेर अभद्र तरिकाले हाँस्यो र शिव जीलाई मार्न दगुऱ्यो । भगवान शिव जी त्यस दुष्टको उद्देश्य थाहा पाएपछि भाग्न थाले । पछि–पछि पुजारी, अघि-अघि ईष्टदेव शिव जी (तमगुण) भागि रहेका थिए ।

विचार गरः धर्मदास ! यदि तिम्रा देव शिव जी अविनाशी भएका भए मृत्युको भयले डराउने थिएनन् । तिमी यिनलाई अविनाशी भन्थ्यौ । अन्तर्यामी पनि भन्थ्यौ । यदि भगवान शिव अन्तर्यामी भएका भए पहिले नै भष्मागिरीको मनमा भएको फोहोर विचार थाहा पाउने थिए । यसबाट यिनी अन्तर्यामी पनि होइनन् भन्ने सिद्ध हुन्छ ।

भगवान शिव जी अघि-अघि र भष्मागिरी पछि–पछि दौडि रहेको समयमा आफ्नो रक्षार्थ भगवान शिवले परमेश्वरलाई पुकारे । तत्काल "परम अक्षर ब्रह्म" जी पार्वतीको रूप बनाएर भष्मागिरी दुष्टका सामु खडा भए र भष्मागिरीलाई आफ्नो छेऊमा आएर बस्न भने । भष्मागिरीलाई शिव जी नजिकै रोकिने छैनन् भन्ने थाहा थियो । भष्मागिरीले पार्वतीका लागि नै त उपद्रव मच्चाएको थियो । हे धर्मदास तिमीलाई सारा कथा थाहै छ । पार्वती रूपमा परमात्माले भष्मागिरीलाई गण्डहथ नाच नचाएर भष्म पारे । तमोगुणी शिवका पूजारी भष्मागिरी आफ्ना खराब कर्मका कारण भष्मासुर अर्थात् भस्मा राक्षस कहलिए ।

त्यसैले यी तीनै देवहरूका पुजारीहरूलाई राक्षस स्वभाव धारण गरेका मनुष्यहरूमा नीच दुषित कर्म गर्ने मूर्ख भनिएको हो ।

"हरिद्वारमा साधुहरूको कत्लेआम"

३. अब सतगुण श्री विष्णु जीका पूजारीहरूको कथा सुनाउँछु ।

एक समय हरिद्वारमा हरकीपैडीमा कुम्भ मेला लाग्यो । त्यस अवसरमा तीनै गुणहरूका उपासक आ–आफ्नो समुदायसहित एकत्रित भए । गिरी, पुरी, नागा र नाथ यी तमोगुण शिवका उपासक हुन् एवं वैष्णव सतगुण भगवान विष्णु जीका उपासक हुन् । हरकी पैडीमा प्रथम स्नान गर्नका लागि नागा तथा वैष्णव दुबै समुदायबीच झगडा भयो । लगभग २५ हजार त्रिगुणी (रजगुण ब्रह्मा, सतगुण विष्णु तथा तमगुण शिव) का पूजारी जुधेर मरे, कत्लेआम गरिए । तरबार, छुरा, कटारीले एक अर्काको ज्यान लिए । सूक्ष्मवेदमा भनिएको छः–

तीर तुपक तलवार कटारी, जमधड जोर बधावैं हैं ।
हर पैडी हर हेत नहीं जाना, वहाँ जा तेग चलावैं है ॥

काटैं शीश नही दिल करूणा जग में साध कहावैं है ।
जो जन इनके दर्शन कूँ जावैं उनको भी नरक पठावैं है ।।

हे धर्मदास ! उपरोक्त सत्य घटनाहरूबाट सिद्ध हुन्छ रजगुण ब्रह्मा, सतगुण विष्णु तथा तमोगुण शिव जीको पूजा गर्नेहरूलाई गीता अध्याय ७ श्लोक १२ देखि १५ मा राक्षस स्वभाव धारण गरेका मनुष्यहरूमा नीच दूषित कर्म गर्ने मूर्ख भनिएको छ ।

परमेश्वर जिन्दा जीको मुख कमलबाट उपरोक्त कथा सुनेर धर्मदास जीको टाउको फूट्ला जस्तो भयो । चक्कर लाग्यो । हिम्मत गरेर धर्मदास जीले भने– हे प्रभु ! हजुरले म ज्ञानको अन्धालाई आँखा प्रदान गर्नु भयो । उपरोक्त सम्पूर्ण कथाहरू हामी सुन्ने तथा पढ्ने गर्थ्यौं तर हामी गलत बाटोमा छौं भन्ने कहिल्यै ख्यालै भएन । हजुलाई सयौं पटक धन्यवाद । हजुरले म पापीलाई नर्कबाट निकालि दिनु भयो प्रभु ।

प्रश्न नं. ४७: (धर्मदास जीको) हे जिन्दा महात्मा ! हजुरले भन्नु भयो र गीता अध्याय ७ श्लोक १८ मा मैले पनि आफ्नै आँखाले देखें, जसमा गीता ज्ञानदाता ब्रह्मले आफ्नो साधनाले हुने गतिलाई अनुत्तम अर्थात् घटिया भनेका छन् । यसलाई पनि त्यसैगरी स्पष्ट गर्ने कृपा गर्नु होस् । कुनै कथाको प्रसङ्ग सुनाउनु होस् ।

उत्तरः– (जिन्दा बाबा भेषधारी परमेश्वरको)

गीता अध्याय २ श्लोक १२, गीता अध्याय ४ श्लोक ५ तथा ९, गीता अध्याय १० श्लोक २ मा गीता ज्ञानदाता (ब्रह्म) ले भनेका छन्– हे अर्जुन ! मेरो र तिम्रो थुप्रै जन्म भइ सकेको छ, तिमी जान्दैनौ, म जान्दछु । श्रीमद्भगवत गीता अध्याय १५ श्लोक ४ मा भनिएको छ– तत्त्वदर्शी सन्तबाट तत्त्वज्ञान प्राप्त गरेर परमेश्वरको त्यो परमपदको खोजी गर्नु पर्छ, जहाँ गए पश्चात् साधक फर्केर फेरि संसारमा कहिल्यै आउँदैनन् । जुन परमेश्वरबाट संसाररूपी वृक्षको प्रवृत्ति विस्तार पूर्वक प्राप्त भएको छ अर्थात् जो परमेश्वरले सम्पूर्ण संसारको उत्पत्ति गरेका छन्, उनै परमेश्वरको भक्ति गर । फेरि गीता अध्याय १८ श्लोक ६२ मा गीता ज्ञानदाताले भनेका छन्– हे अर्जुन ! तिमी सर्व भावले ती परमेश्वरको शरणमा जाऊ, उनै परमेश्वरको कृपाले नै तिमीले परमशान्ति तथा सनातन परमधाम प्राप्त गर्ने छौ । हे धर्मदास ! जबसम्म जन्म-मरण रहन्छ, तबसम्म परमशान्ति हुन सक्दैन, न सनातन परमधाम नै प्राप्त हुन सक्छ । वास्तवमा परमगति त्यसलाई भनिन्छ, जसमा जन्म-मरण सदाका लागि समाप्त हुन्छ, जुन ब्रह्म साधनाबाट कहिल्यै सम्भव हुन सक्दैन । त्यसैले गीता अध्याय ७ श्लोक १८ मा गीता ज्ञानदाताले भनेका छन्– मेरो विचारमा सब ज्ञानी आत्मा असल छन् तर ती सब मेरो अनुत्तम (घटिया) गतिमा नै लीन छन् किनकि तिनीहरू मेरो (ब्रह्मको) भक्ति गरि रहेका छन् । ब्रह्मको साधनाको मन्त्र "ॐ" हो । यसबाट ब्रह्मलोक प्राप्त हुन्छ । गीता अध्याय ८ श्लोक १६ मा स्पष्ट छ–ब्रह्मलोकमा गएका साधकहरू पनि पुनः

फर्केर संसारमा आउँछन् । त्यसैले ब्रह्मका साधकलाई परमशान्ति हुन सक्दैन, सनातन परमधाम प्राप्त हुन सक्दैन । वेदहरूमा वर्णित साधनाहरूबाट परमात्मा प्राप्ति हुदैन । केही सिद्धी प्राप्त हुन्छ र जसबाट ऋषिहरूले चमत्कार गरेर कसैलाई हानी पुर्‍याउँछन् र प्रसिद्ध हुन्छन् । अन्तमा पापको भागी बनेर चौरासी लाख प्रकारका प्राणीहरूको शरीरमा कष्ट झेलि रहन्छन् । त्यसैले ब्रह्म साधनाबाट हुने गति अर्थात् उपलब्धि अनुत्तम (घटिया) भनिएको हो ।

"ऋषि चुणक तथा मानधाताको कथा"

कथा प्रसङ्गः गीता ज्ञानदाता (ब्रह्म) ले गीता अध्याय ७ श्लोक १६-१७ मा भनेका छन्– मेरो भक्ति चार प्रकारका भक्तले गर्दछन्:– १. आर्त (सङ्कष्ट निवारणका लागि) २. अर्थार्थी (धन लाभका लागि) ३. जिज्ञासु (जो ज्ञान प्राप्त गरेर वक्ता बन्छन् ।) ४. ज्ञानी (केवल मोक्षका लागि भक्ति गर्ने) यी चारमध्ये चौथोलाई गीता ज्ञानदाताले आफ्नो पक्का भक्त भनेका छन् ।

ज्ञानीको विशेषता:– जसले मनुष्य जीवन केवल मोक्ष प्राप्तिका लागि मात्र प्राप्त भएको हो भन्ने बुझेको छ । उसलाई पूर्ण मोक्षका लागि केवल एक परमात्माको मात्र भक्ति गर्नु पर्छ, अन्य देवताहरू (रजगुण ब्रह्मा, सतगुण विष्णु तथा तमोगुण शिव) को भक्तिले पूर्ण मोक्ष हुँदैन भन्ने पनि थाहा हुन्छ । यस्ता व्यक्तिलाई ज्ञानी भनिन्छ । ती ज्ञानी आत्माहरूले गीता अध्याय ४ श्लोक ३४ तथा यजुर्वेद अध्याय ४० मन्त्र १० मा वर्णित तत्त्वदर्शी सन्त नभेटेकाले "ब्रह्म" समर्थ परमात्मा हुन्, ओम् (ॐ) यिनको भक्तिको मन्त्र हो र यस साधनाबाट ब्रह्मलोक प्राप्त हुन्छ तथा यसैबाट मोक्ष प्राप्ति हुन्छ भन्ने निष्कर्ष स्वयम्ले वेदहरूबाट निकाले ।

ज्ञानी आत्माहरूले परमात्मा प्राप्तिका लागि हठयोग गरे । एकै स्थानमा बसेर घोर तप गरे तथा ओम् (ॐ) नामको जाप गरे । जबकी वेदहरू तथा गीतामा हठ गर्ने तथा घोर तप गर्नेलाई मूर्ख दम्भी (राक्षस) भनिएको छ । (गीता अध्याय ३ श्लोक ४ देखि ९, गीता अध्याय १६ श्लोक १७ देखि २० तथा गीता अध्याय १७ श्लोक १ देखि ६) । यिनीहरूलाई हठयोग गर्ने प्रेरणा कहाँबाट प्राप्त भयो ? श्री देवीपुराण (गीता प्रेस गोरखपुरबाट प्रकाशित सचित्र मोटा टाइप) को तेस्रो स्कन्दमा लेखिएको छ– ब्रह्मा जीले आफ्ना पुत्र नारदलाई सुनाए– जुन समयमा मेरो उत्पत्ति भयो, म कमलको फूलमा बसेको थिएँ । त्यसबेला तप गर-तप गर भन्ने आकाशवाणी भयो । मैले एक हजार वर्षसम्म तप गरें ।

हे धर्मदास जी ! ब्रह्मा जीले त सागर मन्थन पश्चात् मात्र वेदहरू प्राप्त गरेका थिए । उनले वेदहरू पढे । यजुर्वेद अध्याय ४० मन्त्र १५ मा "ओम्" नाम पाए । ओम्

नामको जाप र आकाशवाणीद्वारा सुनेको हठयोग (घोर तप) दुबै ब्रह्मा जी स्वयम्ले गर्न थाले र आफ्ना सन्तानहरू (ऋषिहरू) लाई बताए । -चारै वेदहरू तथा यिनैका निष्कर्ष श्रीमद्भगवत गीतामा हठ गरेर घोर तप गर्नेहरूलाई राक्षस, क्रुरकर्मी, नराधम अर्थात् निच व्यक्ति भनिएको छ प्रमाणः गीता अध्याय १६ श्लोक १७ - २० तथा अध्याय १७ श्लोक १ - ६ मा) त्यही साधना ज्ञानी आत्मा ऋषिहरूले गर्न थाले । ती ज्ञानी आत्माहरूमध्ये एक चुणक ऋषिको प्रसङ्ग सुनाउँछु, जसबाट तिम्रो प्रश्नको सटिक उत्तर प्राप्त हुन्छः चुणक नामका एक जना ऋषि थिए । उनले हजारौं वर्षसम्म घोर तप गरे तथा ओम् (ॐ) नामको जाप गरे । यो ब्रह्मको भक्ति हो । ब्रह्मले कुनै पनि साधनाद्वारा कसैलाई पनि दर्शन नदिने प्रतिज्ञा गरेका छन् अर्थात् जप, तप तथा वेदहरूमा वर्णित यज्ञहरूबाट मेरो स्वरूपको दर्शन हुन सक्दैन भनेका छन् । गीता अध्याय ११ श्लोक ४८ मा भनेका छन्– हे अर्जुन ! तिमीले दर्शन गरेको मेरो रूप अर्थात् मेरो यो काल रूप मेरो स्वरूप हो । यसलाई वेदमा वर्णित विधि, जप, तप, यज्ञ तथा कुनै पनि क्रियाद्वारा देख्न सकिदैन । गीता ज्ञानदाताले गीता अध्याय ७ श्लोक २४-२५ मा स्पष्ट पारेका छन्– म कहिल्यै कसैलाई दर्शन दिन्न, आफ्नो योगमायाद्वारा अदृश्य रहन्छु, यो मेरो अविनाशी विधान हो । यी मूर्ख मानिसहरू मलाई मनुष्य रूप अर्थात् कृष्ण रूपमा मानि रहेका छन् । सामुन्नेमा खडा सेनाहरूलाई सङ्केत गर्दै गीता ज्ञानदाता भनि रहेका थिए । भन्नुको तात्पर्यः– म कहिल्यै कसैलाई दर्शन दिन्न, अहिले तिमीमाथि अनुग्रह गरेर यो मेरो रूप देखाएको हूँ ।

भावार्थः– वेदमा वर्णित विधि तथा अन्य प्रचलित क्रियाहरूद्वारा ब्रह्म प्राप्ति हुंदैन । त्यसैले ती चुणक ऋषिलाई ब्रह्म प्राप्ति भएन तर सिद्धि प्राप्ति भयो । ऋषिहरूले त्यसैलाई भक्तिको अन्तिम प्राप्ति ठाने । अधिक सिद्धि भएको ऋषि अन्य ऋषिहरूमाझ श्रेष्ठ गनिन थाले । यही उपलब्धि चुणक ऋषिलाई प्राप्त भएको थियो ।

एक मानधाता नामका चक्रवर्ती राजा (सारा पृथ्वीमा नै राज्य भएका शक्तिशाली राजा) थिए । उनीसंग ७२ अक्षौणी सेना थिए । राजाले आफ्नो आधीन राजाहरूलाई मेरो पराधीनता स्वीकार छैन भने युद्ध गर भने । एउटा घोडाको गलामा पत्र बाँधि दिए, जसमा लेखिएको थियो– जुन राजालाई राजा मानधाताको आधीनता स्वीकार छैन, उसले यस घोडालाई समात्नू र युद्धका लागि तयार हुनु । सारा पृथ्वीमा कुनै पनि राजाले घोडा समातेनन् । घोडासंग केही सेना पनि थिए । फर्केर आउँदै गर्दा चुणक ऋषिले देखे र कहाँ गएका थियौ सैनिकहरू भनेर सोधे । जवाफमा सैनिकहरूले भने– सारा पृथ्वी धुम्यौं, कसैले घोडा समातेनन् । कसैले पनि राजाको युद्ध स्वीकार गरेनन् । ऋषिले यो युद्ध म स्वीकार गर्छु भने । सैनिकले भने– हे कङ्गाल ! तँसंग खानका लागि एक गेडा दाना पनि छैन अनि युद्ध गर्ने महाराजा मानधातासंग ? यति भन्नासाथ घोडा समातेर ऋषिले एउटा रूखमा बाँधि दिए । यो खबर राजा मानधाताले थाहा पाएपछि युद्धको तयारी भयो । राजाले ७२ अक्षौणी सेनाको चार टुक्डी बनाए ।

ऋषिमाथि हमला गर्नका लागि एक टुक्डी १८ अक्षौणी (१८ करोड) सेना पठाए। अर्कोतर्फ ऋषिले आफ्नो सिद्धिद्वारा चारवटा बम बनाए । एउटा बम पडकाउँदा राजाको १८ अक्षौणी सेना विनाश गरि दिए । राजाले दोस्रो टुकडी सेना पठाए । ऋषिले दोस्रो बम पड्काएर दोस्रो टुकडीको १८ अक्षौणी सेना नाश गरि दिए । यसरी चुणक ऋषिले राजा मानधाताका ७२ अक्षौणी सेनाहरू नष्ट गरि दिए । जसकारणले महर्षि चुणकको महिमा सारा पृथ्वीमा फैलियो । यही अनर्थको कारणले सर्वश्रेष्ठ ऋषि मानिए ।

हे धर्मदास ! (जिन्दा रूपधारी परमात्माले भन्नु भयो ।) चुणक ऋषिले मारेका सेनाहरूको पाप कर्म ऋषिको सञ्चित कर्ममा जम्मा भयो । चुणक ऋषिले जाप गरेको एक अक्षरको मन्त्र ॐ (ओम्) को साटोमा उनी ब्रह्म लोकमा जाने छन् । अनि ब्रह्मलोकको आफ्नो सुखको समय व्यतित गरेर पृथ्वीमा जन्मने छन् । आफूले गरेको हठयोग तथा तपका कारण राजा बन्ने छन् । अनि मृत्यु उपरान्त कुकुरको जन्म हुने छ । त्यसपछि उनले मारेका ७२ अक्षौणी सैनिकहरूले बदला लिने छन् । कुकुरको टाउकोमा घाउ हुने छ र ७२ करोड सेनाहरू किरा बनेर बदला लिने छन् । त्यसैले हे धर्मदास ! गीता ज्ञानदाता (ब्रह्म) ले आफ्नो साधनाबाट हुने गतिलाई अनुत्तम (अश्रेष्ठ) भनेका छन् ।

प्रश्न नं. ४८: (धर्मदास जीको) हे जिन्दा ! गीता अध्याय १८ श्लोक ६२ मा भगवान कृष्णले कुन परमेश्वरको शरणमा जान भनेका हुन् भनेर मैले एकजना महामण्डलेश्वरलाई प्रश्न गरेको थिएँ । ती महामण्डलेश्वरले जवाफ दिएका थिए- भगवान् श्री कृष्णका अतिरिक्त कुनै भगवान नै छैनन् । कृष्ण जी नै स्वयम् पूर्ण परमात्मा हुनु हुन्छ, उहाँले आफ्नो शरणमा आउन भन्नु भएको हो, मात्र भनाइमा फरक भएको हो । हे जिन्दा जी ! कृपया म अज्ञानीको अज्ञानको निवारण गर्नु होस् ।

उत्तरः– (जिन्दा बाबा परमेश्वरको) हे धर्मदास !

ये माला डाल हुए है मुक्ता । षटदल उवा-बाई बकता ।

तिम्रा सम्पूर्ण महामण्डलेश्वर तथा शङ्कराचार्यहरू टाल-टुल गरेर सोझा जनतालाई भ्रमित तुल्याइ रहेका छन् । उनीहरू भन्छन्– गीता ज्ञानदाताले गीता अध्याय १८ श्लोक ६२ मा अर्जुनलाई आफ्नो शरणमा आउन भनेको छन् तर यो कुरा सरासर गलत छ किनकि गीता अध्याय २ श्लोक ७ मा अर्जुनले भनेका छन्– हे कृष्ण ! अब मेरो बुद्धिले ठीक रूपमा काम गरि रहेको छैन । म हजुरको शिष्य हुँ, हजुरको शरणमा छु । मेरो हितमा भएका ज्ञान मलाई दिनु होस् । हे धर्मदास ! अर्जुन त पहिले देखि नै श्री कृष्णको शरणमा थिए । त्यसैले गीता अध्याय १८ श्लोक ६२ मा गीता ज्ञानदाताले आफूभन्दा अर्का "परम अक्षर ब्रह्मको शरण्मा जान भनेका हुन् । गीता

अध्याय ४ श्लोक ३ मा गीता ज्ञानदाताले भनेका छन्– हे अर्जुन । तिमी मेरा भक्त हौ । त्यसैले यो गीता शास्त्र सुनाएको हूँ ।

गीता ज्ञानदाता भन्दा अन्य पूर्ण परमात्माको विषयमा अरू प्रमाण गीता अध्याय १३ श्लोक ११ देखि २८, ३०, ३१ र ३४ मा पनि छ ।

श्री मद्भगवत् गीता अध्याय १३ श्लोक १ मा गीता ज्ञानदाताले भनेका छन्– शरीरलाई क्षेत्र भनिन्छ, जसले यस क्षेत्र अर्थात् शरीरलाई जान्दछ, त्यसलाई "क्षेत्रज्ञ" भनिन्छ । (गीता अध्याय १३ श्लोक १)

गीता अध्याय १३ श्लोक २ मा गीता ज्ञानदाताले भनेका छन्– म क्षेत्रज्ञ हूँ, क्षेत्र तथा क्षेत्रज्ञ दुबै जान्नुलाई नै तत्त्वज्ञान भनिन्छ, यो मेरो मत हो । गीता अध्याय १३ श्लोक १० मा भनेका छन्– मेरो भक्ति अव्यभिचारिणी हुनु पर्छ । जस्तो अन्य देवताहरूको साधनालाई त गीता अध्याय ७ श्लोक १२ देखि १५ तथा २० देखि २३ मा र अध्याय ९ श्लोक २३ - २४ मा व्यर्थ भनिएको छ । केवल ब्रह्मको भक्ति गर । त्यसको विषयमा यहाँ भनिएको छ– अन्य देवताहरूमा आसक्त नहोऊ ।

भावार्थः–ज्ञान भक्ति तथा मुक्तिका लागि हो भन्ने बुझ, वक्ता बन्नका लागि होइन । यसका अतिरिक्त वक्ता बन्नका लागि ज्ञान सुन्नु अज्ञान हो । पतिव्रता स्त्रीको जस्तो केवल ममा आस्था राखेर भक्ति गर र अन्य मानिसहरूसँग बसेर अनेक बहाना बनाउने वा चाप्लुसी गर्ने खालको स्वभाव हुनु हुँदैन । एकान्त स्थानमा बसेर भक्ति गर ।

गीता अध्याय १३ श्लोक ११ मा गीता ज्ञानदाताले भनेका छन्– अध्यात्म ज्ञानमा रूचि राखेर तत्त्वज्ञानका लागि सदग्रन्थहरू हेर्नु तत्त्वज्ञान हो, त्यो ज्ञान हो तर तत्त्वज्ञानको आशामा कथा-कहानीहरू सुन्नु, सुनाउनु शास्त्रविधि विरूद्ध भक्ति गर्नु यी सब अज्ञान हुन् । तत्त्वज्ञानका लागि परमात्मालाई जान्नु नै ज्ञान हो ।

गीता अध्याय १३ श्लोक १२ मा गीता ज्ञानदाताले आफूभन्दा अर्का "परम ब्रह्म" अर्थात् श्रेष्ठ परमात्माको ज्ञान गराएका छन्, जुन परमात्मा (ज्ञेयम्) जान्न योग्य छन्, जसलाई जानेपछि (अमृतम् अश्नुते) अमरत्व प्राप्त हुन्छ अर्थात् पूर्ण मोक्षको अमृत जस्तो आनन्द भोग गर्न पाइन्छ । त्यसलाई राम्ररी भन्छु । (तत्) ती अर्का (ब्रह्म) परमात्मालाई न त सत् भनिन्छ न त असत् अर्थात् गीता ज्ञानदाताले अध्याय ४ श्लोक ३२, ३४ मा भनेका छन्– तत्त्वज्ञानमा परमात्माको पूर्ण ज्ञान छ, त्यो तत्त्वज्ञान परमात्माले स्वयम् आफ्नै मुखकमलबाट उच्चारण गरेर भन्छन् । त्यो तत्त्वज्ञान तत्त्वदर्शी सन्तले जान्दछन्, उनलाई (तत्त्वदशी सन्तलाई) दण्डवत् प्रणाम तथा नम्रता पूर्वक प्रश्न गरेपछि परमात्माको तत्त्व राम्ररी जान्ने ती तत्त्वदर्शी सन्तले तिमीलाई तत्त्वज्ञानको उपदेश दिने छन् । यसबाट गीता ज्ञानदातालाई परमात्माको पूर्ण ज्ञान छैन भन्ने सिद्ध

हुन्छ । त्यसैले भनेका छन्– गीता ज्ञानदाता भन्दा भिन्न अर्को परमात्मा न सत् हुन् न असत् । यहाँ पर + ब्रह्मका अर्थ सात शङ्ख ब्रह्माण्ड भएका परब्रह्म अर्थात् गीता अध्याय १५ श्लोक १६ का अक्षर पुरुष होइनन् किनकि काल लोक (जुन २१ ब्रह्माण्डहरूको क्षेत्र छ) मा परब्रह्म भनिने अक्षर पुरुषको विशेष भूमिका छैन । यहाँ काल लोकमा काल तथा दयालको भूमिका छ । त्यसैले यहाँ (पर भनेको अर्को र ब्रह्म भनेको परमात्मा) ब्रह्म भन्दा अर्को परमात्मा पूर्ण ब्रह्मको वर्णन छ ।

भावार्थः– गीता अध्याय १३ श्लोक १२ मा गीता ज्ञानदाता भन्दछन्– म भन्दा भिन्न अर्को ब्रह्म अर्थात् प्रभु छन्, उनी अनादि हुन् । अनादिको अर्थ जसको कहिल्यै आदि अर्थात् शुरूवात तथा जन्म अर्थात् अन्त्य नभएको होस् भन्ने हो । गीता ज्ञानदाता क्षर पुरुष हुन्, यिनलाई "ब्रह्म" पनि भनिन्छ । यिनले गीता अध्याय २ श्लोक १२, गीता अध्याय ४ श्लोक ५ र ९, गीता अध्याय १० श्लोक २ मा स्वयम्ले स्वीकारेका छन्– हे अर्जुन ! तिम्रो र मेरो थुप्रै जन्म भइ सकेको छ । तिमी जान्दैनौ, म जान्दछु । यसबाट गीता ज्ञानदाता अनादि "ब्रह्म" अर्थात् प्रभु होइनन् भन्ने सिद्ध हुन्छ । यसबाट गीता ज्ञानदाताले गीता अध्याय १३ श्लोक १२ मा आफूभन्दा भिन्न अविनाशी परमात्माको महिमा भनेका हुन् भन्ने सिद्ध हुन्छ । (गीता अध्याय १३ श्लोक १२)

गीता ज्ञानदाता ब्रह्म हुन् । यी एक हजार हात-गोडा भएका हुन् । यिनको सहस्र कमल छन् अर्थात् हजार पङ्खुडीहरू (पुष्पपत्र) भएको कमल छ । गीता अध्याय ११ श्लोक ४६ मा अर्जुनले भनेका छन्– हे सहस्रबाहु । (हजार हात भएका) हजुर चतुर्भुज रूपमा आउनु होस् । यसबाट गीता ज्ञानदाता केवल हजार भुजा भएका छन् भन्ने सिद्ध हुन्छ । त्यसैले गीता अध्याय १३ श्लोक १३ मा गीता ज्ञानदाताले आफूभन्दा भिन्न सबैतिर हात-गोडा भएका, सबैतिर आँखा, शिर र मुख भएका र सबैतिर कान भएका परमात्माको महिमा भनि रहेका छन् । ती परमात्मा संसारमा सबैतिर व्याप्त भएर अर्थात् आफ्नो शक्तिले सबै स्थिर तुल्याएका छन् र स्वयम् सत्यलोक (शाश्वत् स्थानम् तिष्ठति) मा बसेका छन् ।

गीता ज्ञानदाता भन्दा भिन्न अर्को समर्थ परमात्मा छन्, उनैले नै सारा संसार सञ्चालन तथा पालन गर्छन् भन्ने स्पष्ट भयो । (गीता अध्याय १३ शलोक १३)

गीता अध्याय १३ श्लोक १४ मा पनि स्पष्ट छ । गीता ज्ञानदाताले आफूभन्दा भिन्न अर्को परमात्माको विषयमा अवगत गराएका छन्– सम्पूर्ण इन्द्रियहरूको विषयमा जान्ने अर्थात् अन्तर्यामी हुन् । सारा इन्द्रियहरूबाट रहित छन् अर्थात् परमात्माका इन्द्रियहरू हामी मानव तथा अन्य प्राणीहरूको जस्तो विकारग्रस्त छैन । ती परमात्मा आसक्ति रहित छन् अर्थात् उनी यस काल लोक (एक्काईस ब्रह्माण्डहरू) को कुनै वस्तु तथा पदार्थप्रति आशक्ति राख्दैनन् किनकि ती परमेश्वरको सत्यलोक यस कालको

क्षेत्रभन्दा असङ्ख्यौं गुणा उत्तम छ । त्यसैले ती परमात्मालाई असक्ति रहित भनिएको हो । उनै सबैको धारण-पोषण गर्ने हुन् । यही प्रमाण गीता अध्याय १५ श्लोक १७ मा पनि छ । ती परमात्मा निर्गुण छन्, तर सगुण भएर पनि आफ्नो महत्त्व देखाउँछन् । उदाहरणका लागिः– जस्तो आँपको रूख आँपको कोयाभित्र निर्गुण अवस्थामा हुन्छ । त्यस कोयालाई रोपेपछि त्यो विरूवा हुँदै रूखको रूपमा सगुण भएर आफ्नो महत्त्व प्रकट गर्दछ । तर परमात्मा सत्यलोकमा सगुण रूपमा बस्नु भएको छ किनकि परमात्माले आफ्नो वचन शक्तिले सम्पूर्ण सृष्टि रचना गरेर विधान बनाई छोडि दिनु भयो । उनै परमात्माको विधान अनुसार सम्पूर्ण प्राणीहरू तथा नक्षत्र बन्ने-बिग्रने भइ रहन्छ, जीव कर्म अनुसार जन्मि-मरी रहन्छ । परमात्मालाई कुनै टेन्सन हुँदैन । तर परमात्मा प्रकट भएपछि त्यस बेला सम्पूर्ण गुणहरू भोग्दछन् । जस्तो आँपको वृक्ष निर्गुणबाट सगुण हुन थुप्रै समय लाग्छ । तर परमात्माका लागि समय सीमा छैन । वहाँ त क्षणमा निर्गुण र क्षणमा सगुण हुन सक्छन् । जस्तो क्षणमै सत्यलोक जानु हुन्छ, त्यसबेला हाम्रा लागि निर्गुण हुनु भयो र हामीले उहाँको गुणहरूको लाभ प्राप्त गर्न सकदैनौ । क्षणमा पृथ्वीमा प्रकट हुनु हुँदा सगुण हुनु भयो र यस बेलामा हामीलाई आशीर्वाद दिएर आफ्नो गुणहरूको लाभ प्रदान गर्नु हुन्छ । यस आधारमा निर्गुण र सगुण भनिएको हो । यसबाट पनि गीता ज्ञानदाता भन्दा अर्का कुनै सबैको धारण-पोषण गर्ने परमात्मा छन् भन्ने सिद्ध हुन्छ ।

गीता अध्याय १३ श्लोक १५ र १६ मा पनि यही प्रमाण छ । गीता ज्ञानदाताले भनेका छन्– जस्तो सूर्य पर अर्थात् टाढा अवस्थित भए पनि पृथ्वीमा आफ्नो प्रभाव जमाएको हुन्छ । त्यस्तै परमात्मा सत्यलोकमा अवस्थित भएर पनि सम्पूर्ण ब्रह्माण्डहरूमा आफ्नो शक्तिको प्रभाव पारेका हुन्छन् । सम्पूर्ण चर-अचर भूतहरूको बाहिर-भित्र पनि छन् । त्यस्तै सूक्ष्म भएकाले हामी परमात्मालाई चर्म दृष्टिले देख्न सक्दैनौं, त्यसैले अविज्ञ अर्थात् हाम्रो ज्ञानभन्दा बाहिर छन् तथा उनै परमात्मा हाम्रो समीपमा र टाढा पनि अवस्थित छन् । परमात्मा त पर सत्यलोक (शाश्वत स्थान) मा छन्, उनको शक्तिको प्रभाव प्रत्येकसँग छ । (गीता अध्याय १३ श्लोक १५)

जस्तो सूर्य टाढा अवस्थित छ तर पृथ्वीमाथिका प्रत्येक प्राणीले आफैसँग देख्छन् । जस्तै पानीले भरिएका थुप्रै घडाहरू एकै स्थानमा राखिएका छन् भने सूर्य प्रत्येक घडामा देखिन्छ । कुनैमा देखिने, कुनैमा नदेखिने हुँदैन । यसैगरी परमात्मालाई त्यस व्यक्तिले देख्दछ । यसैगरी नै परमात्मा एकै स्थानमा स्थित छन् । उनै परमात्मा जान्न योग्य छन् । भावार्थः– गीता ज्ञानदाताले भनेका छन्– म भन्दा भिन्न परमात्माको ज्ञान हुनु पर्छ, उनी नै जान्न योग्य छन् । उनै परमात्माले आफ्नो विधान अनुसार साराको धारण-पोषण, उत्पत्ति तथा मृत्यु गर्दछन् । वास्तवमा "ब्रह्मा" (सबैका उत्पत्ति कर्ता) उनै हुन् । वास्तवमा "विष्णु" (सबैका धारण-पोषण गर्ने) उनै हुन् तथा शङ्कर

(संहार गर्ने) उनै हुन् । अन्य ब्रह्मा, विष्णु तथा शङ्कर त केवल एक ब्रह्माण्डका कर्ता-धर्ता हुन् । तर तीं परमात्मा त सारा ब्रह्माण्डका ब्रह्मा, विष्णु तथा शङ्कर रूपमा एक्लै छन् । जस्तो भारत वर्षमा केन्द्रको पनि गृहमन्त्री हुन्छ र राज्यहरूमा पनि गृहमन्त्री हुन्छ । देशका प्रधानमन्त्रीले आफूसँग अन्य विभाग पनि राख्छन् । त्यसबेलामा प्रधानमन्त्री जी गृहमन्त्री आदि-आदि पनि हुन्छन् र प्रधानमन्त्री पनि हुन्छन् ।

यसबाट गीता ज्ञानदाताले आफूभन्दा अन्य समर्थ परमात्माको महिमा बताएका हुन् तथा गीता ज्ञानदाताभन्दा अन्य कोही पूर्ण परमात्मा छन् भन्ने स्पष्ट हुन्छ । (गीता अध्याय १३ श्लोक १६) गीता अध्याय १३ श्लोक १७ मा गीता ज्ञानदाताले आफूभन्दा भिन्न परमात्माको महिमा भनेका छन्, जुन यस प्रकार छः–

ती अर्का परमात्मा (परम ब्रह्म) सम्पूर्ण ज्योतिहरूका पनि ज्योति हुन् अर्थात् सबैको प्रकाशश्रोत हुन्, तिनै अर्का समर्थ परमात्माको शक्तिले सारा प्रकाशमान छन् र ती परमात्माको प्रकाश सबैको भन्दा अधिक छ । ती परमात्मालाई माया भन्दा अति परे (अलग, भिन्न, टाढा) रहेका भनिन्छ । वास्तवमा निरञ्जन उनी नै हुन् । गीता ज्ञानदातालाई माया सहित "ज्योति निरञ्जन" भनिन्छ । ती परमात्मा त ज्ञानका भण्डार हुन्, उनै जान्न योग्य छन्, उनी (ज्ञानगम्यम्) तत्त्वज्ञानद्वारा प्राप्त हुन योग्य छन् ।

यस गीता अध्याय १३ श्लोक १७ को मूल पाठमा "ज्ञानम् ज्ञेयम् ज्ञान गम्यम्" लेखिएको छ, जसको भावार्थः– (ज्ञानम्) जुन ज्ञान परमात्मा स्वयम् पृथ्वीमा प्रकट भएर तत्त्वज्ञान रूपमा आफ्नो मुखकमलबाट बोल्छन् । त्यसैले उनी ज्ञानरूप अर्थात् ज्ञानको भण्डार हुन् । ती परमात्मा (ज्ञेयम् ज्ञान गम्यम्) त्यही तत्त्वज्ञानद्वारा जान्न योग्य तथा त्यही तत्त्वज्ञानद्वारा प्राप्त गर्न योग्य छन् । ती परमात्मा सारा प्राणीहरूको हृदयमा स्थित छन् । जस्तो सूर्य टाढा भएर पनि प्रत्येक घडाको जलमा देखिन्छ । यथार्थमा सूर्य घडाहरूमा भने हुँदैन तर घडामा आफ्नो प्रभाव पार्छ र उष्णता दिन्छ । सूक्ष्म वेदमा भनिएको छः–

ब्रह्मा विष्णु शिव राई भूमकरा । नही सब बाजी के खम्ब सुनों राई झुमकरा ।
वह सर्व ठाम सब ठौर है राई झुमकरा । सकल लोक भरपूर सुनों राई झुमकरा ।

यही प्रमाण गीता अध्याय १८ श्लोक ६१ मा पनि छ– हे अर्जुन । शरीर रूप यन्त्रमा आरूढ भएका सम्पूर्ण प्राणीहरूलाई अन्तर्यामी परमेश्वरले आफ्नो माया अर्थात् आफ्नो शक्तिद्वारा उनीहरूको कर्म अनुसार भ्रमण गराउँछन् अर्थात् संस्कार अनुसार असल-खराब योनीहरूमा घुमाउँछन् । तिनै सर्व शक्तिमान परमात्मा सारा प्रणीहरूको हृदयमा स्थित अर्थात् विराजमान छन् । यसैगरी परमेश्वरको महिमा गीता अध्याय १३ श्लोक १७ मा पनि भनिएको छ । यसबाट गीता ज्ञानदाताले आफूभन्दा भिन्न अर्का पूर्ण परमात्माको महिमा भनेका हुन् भन्ने सिद्ध हुन्छ । (गीता अध्याय १३ श्लोक १७)

गीता अध्याय १३ श्लोक १८ मा गीता ज्ञानदाताले भनेका छन्– यसरी क्षेत्र अर्थात् शरीर, ज्ञानम् अर्थात् तत्त्वज्ञान र ज्ञेयम् अर्थात् जान्न योग्य परमात्माको महिमा मैले संक्षेपमा भनेको छु । मेरा भक्तहरू पहिले मलाई नै सर्वेसर्वा ठानेर ममा नै आश्रित थिए । तिनीहरू यस (विज्ञाय) तत्त्वज्ञानको आधारमा मेरो भाव अर्थात् मेरो शक्ति तथा ती समर्थको शक्तिसंग परिचित हुन्छन्, (उप पद्यते) त्यसपछि भक्ति गर्छन् र त्यही भाव प्राप्त गर्दछन् । (गीता अध्याय १३ श्लोक १८)

यसैगरी गीता अध्याय १३ श्लोक १९ मा गीता ज्ञानदाताले आफूभन्दा भिन्न अर्का पूरूष अर्थात् परमात्माको महिमा बताउँदै भनेका छन्– प्रकृति र पुरुष दुवै अनादि हुन् । यहाँ प्रकृतिको तात्पर्य सत्यलोकको प्रकृति हो । जसलाई पराशक्ति, परानन्दनी, महान प्रकृति भनिन्छ । पुरुषको अर्थ पूर्ण परमात्मा हो, यी दुबै अनादि हुन् । यस प्रकृतिको भावार्थ स्त्री रूप दुर्गाको जस्तो स्त्री रूप प्रकृति होइन । जस्तो सूर्य छ भने उसको प्रकृति उष्णता पनि साथै हुन्छ । यसैगरी सत्यपुरुष तथा प्रकृति अर्थात् शक्ति दुवै अनादि हुन् ।

यसरी विकार तथा तीनै गुणहरू उत्पन्न भएका प्रकृति भिन्न हुन् भन्ने जान । गीता अध्याय ७ श्लोक ४-५ मा दुई प्रकृति भनिएको छ, एउटा जड र अर्को चेतन दुर्गा देवी । यहाँ दोस्रो प्रकृतिलाई दुर्गा भनिएको छ । (गीता अध्याय १३ श्लोक १९)

गीता अध्याय १३ श्लोक २० मा पनि अन्य (पुरुषः) परमात्माको वर्णन छ । गीता प्रेस गोरखपुरबाट प्रकाशित गीताको यस श्लोकको अनुवादमा "पुरुष" को अर्थ जीवात्मा लेखे । वास्तवमा यहाँ पुरुषको अर्थ परमात्मा हुन्छ । गीता अध्याय १३ श्लोक २० को यथार्थ अनुवाद "गहरी नजर गीता में" हाम्रो वेबसाइट हेर्नु होस्, साथै डाउनलोड गर्न सकिन्छ । हाम्रो वेब साइट– www. jagat gururampalji. org

गीता अध्याय १३ श्लोक २१ मा पनि अन्य (पुरुषः) परमात्माको वर्णन छ । यसको अनुवादमा गीता प्रेस गोरखपुरबाट प्रकाशित मा "पुरुषः" को अर्थ पुरुष नै लेखिएको छ, यो सही हो । पुरुषः को अर्थ परमात्मा हुन्छ । प्रकरणवश पुरुषःको अर्थ मनुष्य पनि हुन सक्छ किनकि परमात्माले मनुष्यलाई आफ्नो स्वरूप अनुसार बनाएका छन् । त्यसैले भनिन्छः– नर नारायण रूप है तू ना समझ देहि ।

"चौरासी लाख प्रकारका जीवहरूभन्दा मानव देह उत्तम छ"

गीता अध्याय १३ श्लोक २२ मा गीता ज्ञानदाताले आफूभन्दा भिन्न अर्का परमात्माको प्रत्यक्ष प्रमाण बताएका छन् । गीता प्रेस गोरखपुरबाट प्रकाशित गीतामा यस श्लोकको अर्थ बिल्कुलै गलत छ । यसै पुस्तकको पृष्ठ २०४–३५७ मा हेर्नु होस् ।

यथार्थ अनुवादः– जस्तो पहिलेका श्लोकहरूमा प्रत्येक घडाको जलमा सूर्य स्थित रहेर जललाई आफ्नो उष्णता दिएको देखिए जस्तै परमात्मा प्रत्येक जीवका साथमा रहन्छन् । सौर्य उर्जा संयन्त्र जहाँसुकै जडान गरिए पनि त्यसले सूर्यबाट उष्णता प्राप्त गरी उर्जा संग्रह गर्दछ, यसैगरी परमात्मा प्रत्येक जीवको हृदय कमलमा विद्यमान हुन्छन् र प्रत्येक जीवको साथमा रहन्छन् । त्यसैले यस श्लोक (गीता अध्याय १३ श्लोक २२) मा भनेका छन्– ती परमात्मा सारा प्रभुहरूका पनि स्वामी भएकाले "महेश्वर", साराका धारण-पोषण गर्नाले "कर्ता" सत्यलोकमा बसेका प्रत्येक प्राणीहरूको प्रत्येक गतिविधि हेर्ने भएकाले, "उपद्रष्टा" भनिएको छ । जीवले परमात्माको शक्तिले सम्पूर्ण कार्य गर्दछ । जीव परमात्माको अंश हो । (रामायणमा पनि भनिएको छ– ईश्वर अंश, जीव अविनाशी) जसकारणले जीवले आफूले गरेको कर्म अनुसार जे जस्तो सुख-दुःख भोग्दछ, त्यो आफ्नो अंशको सुख-दुःखको महसुस परमात्मालाई पनि हुन्छ । सूक्ष्म वेदमा लेखिएको छ– कबीर कह मेरे जीवको दुःख ना दिजो कोय ।

भक्त दुःखाऐ मै दुःखी, मेरा आपा भी दुःखी होय ॥

त्यसैले "भोक्ता" भनिन्छ । प्रत्येक प्राणीलाई गुप्त रूपमा उचित राय दिने हुनाले परमात्मालाई "अनुमन्ता" भनिन्छ । परमात्मा शब्दको सन्धिच्छेद = परम + आत्मा = श्रेष्ठ आत्मा = परमात्मा । यदि कसैले दुःखको भोग पनि दिन्छ, सुखको भोग पनि दिन्छ । जीवले जस्तो कर्म गर्छ, त्यस्तै भोग्छ भने उसलाई "परमात्मा" भन्न सकिंदैन, श्रेष्ठ आत्मा पनि हुन सक्दैन । जस्तो यस काल (ब्रह्म) लोकमा विधान छ– जस्तो कर्म गर्छौ, तिमीलाई भगवानले त्यस्तै फल अवश्य दिने छन् । त्यसैले यी प्रभु (स्वामी) त हुन् तर परम आत्मा होइनन् । यस मानव शरीरमा (परः) अर्का (पुरूषः) परमात्मा जीवका साथमा अभिन्न रूपमा रहन्छन् । सूर्यले प्रत्येक प्राणीहरूलाई आफ्नो उर्जा दिए जस्तै यी भिन्न अर्थात् अर्का परमात्मा उपरोक्त महिमायुक्त छन् । जस्तो सौर्य उर्जाले बलेको बल्बमा सूर्य हुन्छ अर्थात् सूर्यको उर्जाले कार्य गर्दछ । पूर्ण परमात्माको पनि भूमिका यस्तै हुन्छ भन्ने बुझौं ।

गीता अध्याय १३ श्लोक २३ मा पनि अन्य (पुरूषम्) परमात्मा भनिएको छ– जुन सन्तले उपरोक्त तवरले (पुरूषम्) परमात्मा, प्रकृति तथा गुणहरू सहित जान्दछ, त्यो सन्त-साधकले सब तवरबाट परमात्मामा लीन (वर्तमान) रहेर पुनर्जन्म प्राप्त गर्दैन अर्थात् उसले पूर्ण मोक्ष प्राप्त गर्दछ ।

गीता अध्याय १३ श्लोक २४ मा पनि अन्य परमात्माको वर्णन छ, जुन गीता ज्ञानदाता भन्दा भिन्न छन्– जुन परमात्मा सूर्य सदृश जीवात्माका साथ अभेद्य रूपमा रहन्छन्, उनलाई साधकले टेस्टरले बिजुली देखे जसरी ध्यानद्वारा दिव्य दृष्टिले हृदयमा देख्दछ भने अन्य साधकहरूले ज्ञान सुनेर विश्वास गरी परमात्माको अस्तित्व स्वीकार

गर्छन् । अन्य भक्तजन (कर्मयोगेन) परमात्माका कर्महरू अर्थात् लिलाहरू देखेर परमात्माको अस्तित्व बुझ्दछन् । जस्तो संसारमा लगभग ७ अरब जनसङ्ख्या छन् । कसैको पनि अनुहार एक अर्कासँग मिल्दैन । (कविले भनेका छन्– कई अरब बनाए बन्दे आँख, नाक, हाथ लगाए । एक-दूसरे के नाल कोई भी रलदे नहीं रलाए ॥) कुनै सर्वज्ञ शक्ति छ, जसलाई "परमात्मा" भनिन्छ भन्ने पनि सिद्ध हुन्छ । केही भक्तजन परमात्माको यस्ता खालका कार्यहरू देखेपछि परमात्मालाई मान्दछन् ।

गीता अध्याय १३ श्लोक २५ मा भनिएको छ– जो शिक्षित छैनन् र जो न ध्यान गर्छन्, न ज्ञान सम्झन सक्छन्, तथा न परमात्माको संरचना अनुसार परमात्मालाई बुझ्न सक्छन् । उनीहरूले, अन्य शिक्षित तथा विद्वान व्यक्तिहरूबाट परमात्माको महिमा सुन्छन् र जब यी शिक्षित तथा ज्ञानी व्यक्तिले भन्दछन् भने परमात्मा हुन् भन्ने स्वीकार्छन् । अनि ती उपासना गर्न थाल्छन् । ती सब सुनेका साधकहरू परमात्माको अस्तित्वलाई स्वीकारेर उपासना गरी यस मृत्युलोक (मृत्यु संसार) बाट पार हुन्छन् ।

गीता अध्याय १३ श्लोक २६ मा त यत्ति मात्र भनेका छन्– सम्पूर्ण प्राणीहरू क्षेत्र अर्थात्, दुर्गाको शरीर तथा क्षेत्रज्ञ अर्थात् गीता ज्ञानदाता क्षर ब्रह्मको संयोगले उत्पन्न हुन्छन् । ध्यान रहोस्– गीता ज्ञानदाताले गीता यसै अधयाय १३ को श्लोक १ मा भनेका छन्– "क्षेत्र" त शरीरलाई भनिन्छ तथा जसले शरीरको विषयमा जान्दछ, उसलाई "क्षेत्रज्ञ" भनिन्छ । गीता अध्याय १३ श्लोक २ मा भनेका छन्– यस काल लोक (एक्काईस ब्रह्माण्डहरूको क्षेत्र) मा उत्पन्न हुने जत्तिपनि प्राणी छन्, ती सब दुर्गा जी तथा काल भगवानको संयोगबाट उत्पत्ति हुन्छ अर्थात् कालको प्रेरणाले नर-मादाबाट काल सृष्टि उत्पन्न हुन्छ ।

गीता अध्याय १३ श्लोक २७ मा अन्य परमेश्वर स्पष्ट रूपमा छन्, जो गीता ज्ञानदाता भन्दा भिन्न (अर्का) छन्– जस्तो पहिलेका श्लोकहरूमा प्रमाण सहित जलले भरिएका घडाहरूमा सूर्य देखिए जसरी प्रत्येक प्राणीको शरीरमा हृदयमा बसेको देखिन्छ भन्ने बताइएको छ । त्यसैगरी यस श्लोक २७ मा भनिएको छ– परमेश्वर हृदसमा बसेका छन् । प्राणीको शरीर नष्ट भएपछि पनि परमेश्वर नष्ट हुँदैनन् । जस्तो कुनै घडा फुट्यो, त्यसको पानी भुईंमा पोखियो र पृथ्वीमा समाहित भयो र पनि त सूर्य यथावत् छ । त्यसैले परमेश्वर अविनाशी छन्, जुन सन्तले परमात्मालाई यस दृष्टिकोणले हेर्दछन्, उनले सही रूपमा बुझ्दछन्, उनी नै तत्त्वदर्शी सन्त हुन् ।

यस गीता अध्याय १३ श्लोक २७ मा परमेश्वर शब्द लेखिएको छ । यसबाट पनि गीता ज्ञानदाताभन्दा भिन्न अन्य परमात्माको बोध हुन्छ । आउनु होस् जानौं:–

"परमेश्वर" को सन्धि विच्छेद = परम + ईश्वर

व्याख्या:– "ईश को अर्थ हो– स्वामी, प्रभु, मालिक । "वर" को अर्थ हो- श्रेष्ठ, पति

१. ईश त गीता ज्ञानदाता "क्षर पुरुष" अर्थात् क्षर ब्रह्म हुन्; जो केवल एक्काईस ब्रह्माण्डहरूका ईश अर्थात् प्रभु हुन् ।

२. ईश्वर– ईश अर्थात् क्षर पुरुषभन्दा श्रेष्ठ प्रभु । उनी केवल ७ शङ्ख ब्रह्माण्डहरूका प्रभु हुन् । थिनलाई अक्षर पुरुष तथा परब्रह्म पनि भनिन्छ ।

३. परमेश्वर– ईश्वर अर्थात् अक्षर पुरुषभन्दा परम अर्थात् श्रेष्ठ छन्, जो असङ्ख्य ब्रह्माण्डहरूका प्रभु हुन्, उनलाई परम अक्षर ब्रह्म पनि भनिन्छ । (गीता अध्याय ८ श्लोक ३ मा प्रमाण छ ।) गीता अध्याय १५ श्लोक १६-१७ मा तीनै पुरुषहरूका वर्णन छ– क्षर पुरुष गीता ज्ञानदाता ईश र अक्षर पुरुष, यी ईश्वर हुन् । गीता अध्याय १५ श्लोक १७ मा भनिएको छ– (उत्तम पुरुषः) पुरुषोत्तम अर्थात् वास्तवमा सर्व श्रेष्ठ प्रभु त माथिको श्लोक (गीता अध्याय १५ श्लोक १६) मा भनिएको दुबै (क्षर पुरुष तथा अक्षर पुरुष) भन्दा भिन्न छन्, उनैलाई वास्तवमा "परमात्मा" भनिन्छ । उनी नै तीनै लोकहरू {क्षर पुरुषको २१ ब्रह्माण्डहरूको क्षेत्रलाई काल लोक भनिन्छ, अक्षर पुरुषको ७ शङ्ख ब्रह्माण्डहरूको क्षेत्रलाई परब्रह्मको लोक भनिन्छ र माथिका चारै लोकहरू (सत्यलोक, अलख लोक, अगम लोक तथा अकह लोक) को क्षेत्र अमरलोकलाई परमेश्वरको लोक भनिन्छ । यसरी यहाँ तीन लोकको वर्णन छ ।} मा प्रवेश गरेर सबैको धारण-पोषण गर्दछन् । उनी वास्तवमा अविनाशी परमेश्वर हुन् । गीता अध्याय १३ श्लोक २७ मा "परमेश्वर" शब्द छ, जुन गीता ज्ञानदाताभन्दा भिन्न सर्व शक्तिमान, सबैको पालनकर्ताको बोधक हो ।

गीता अध्याय १३ श्लोक २८ मा पनि गीता ज्ञानदाता भन्दा अन्य प्रभुको प्रमाण छ । यस श्लोकमा "ईश्वर" शब्द परमेश्वरका बोधक हो । जस्तो– ईशको अर्थ स्वामी र वर को अर्थ श्रेष्ठ । वास्तवमा सबका "ईश" स्वामी त परम अक्षर ब्रह्म हुन्। उनी नै श्रेष्ठ ईश हुन्, त्यसैले "ईश्वर" शब्द प्रकरणवश पूर्ण परमात्माको बोधक हो । यदि अन्य "ईश" नक्कली स्वामी नभएका भए ईश्वर तथा परमेश्वर शब्दहरूको आवश्यक्ता रहने थिएन ।। त्यसैले यस श्लोकमा "ईश्वर" शब्द सत्य पुरुषको बोध हो भन्ने बुझ्नु पर्छ ।

गीता अध्याय १३ श्लोक २८ का भावार्थः– गीता ज्ञानदाता भन्छन्– जुन साधकले सबै तवरले परमेश्वरलाई समभावमा देख्दै (आत्मानम्) आफ्नो आत्मालाई (आत्मना) आफ्नो अज्ञान आत्माद्वारा नष्ट गर्दैन अर्थात् तिनै परमात्मालाई सही ठानेर उनैको साधना गरेर (ततः) त्यसभन्दा (पराम् = परा) अर्को (गतिम्) गति अर्थात् मोक्ष (याति) प्राप्त गर्दछ अर्थात् त्यस साधकले गीता ज्ञानदाताको परमगति (जुन गीता अध्याय ८ श्लोक १३ मा भनिएको छ ।) भन्दा अन्य गति प्राप्त गर्दछ ।

गीता अध्याय १३ श्लोक ३० मा गीता ज्ञानदाताले आफूभन्दा भिन्न परमात्माको महिमा बताएका छन् भन्ने स्पष्ट हुन्छ– जुन सन्तले सारा प्राणीहरूको स्थिति भिन्न-

भिन्न भएर पनि एकै सर्वशक्तिमान परमात्माको अन्तर्गत छ भन्ने मान्दछ भने सम्झ "सच्चिदानन्द घन ब्रह्म" अर्थात् परम अक्षर ब्रह्मलाई प्राप्त गऱ्यो, उसैले सत्य भक्ति गरेर ती परमेश्वरलाई प्राप्त गर्दछ ।

गीता अध्याय १३ श्लोक ३१ मा पनि गीता ज्ञानदाताले आफूभन्दा भिन्न "परमात्मा" को विषयमा भनेका छन् । यस श्लोकमा "परमात्मा" शब्द छ, जसको स्पष्ट परिभाषा गीता अध्याय १५ श्लोक १७ मा बताइएको छ । भनिएको छ– जो उत्तम पुरूष अर्थात् सर्वश्रेष्ठ प्रभु छन्, उनी तीनै लोकमा प्रवेश गरेर सबैको धारण पोषण गर्दछन् । उनी नै वास्तवमा अविनाशी परमेश्वर हुन् । उनैलाई "परमात्मा भनिन्छ । उनी क्षर पुरूष तथा अक्षर पुरूष भन्दा भिन्न छन् ।

यस श्लोक (गीता अध्याय १३ श्लोक ३१) मा पनि यही स्पष्ट गरिएको छ कि ती परमात्मा अनादि तथा निर्गुण हुनाले प्रत्येक प्राणीको शरीरमा (घडामा सूर्य जस्तै) स्थित भएर पनि केही गर्दैनन् किनकि सारा कार्य परमात्माको शक्तिले गर्दछ, (जस्तो घडाका पानीमा सूर्य देखिन्छ, त्यसले पानी तातो हुन्छ । पानी तातो सूर्यले गरेको देखिदैन, उसको उष्णताले गरि रहेको हुन्छ । सूर्यले केही गरेको देखिदैन ।) र न त परमात्मा त्यस शरीरमा लिप्त हुन्छन् । जस्तो सूर्य घडामा लिप्त रहदैन ।

गीता अध्याय १३ श्लोक ३२ मा पनि यही प्रमाण छ ।

गीता अध्याय १३ श्लोक ३३ मा आत्मा र शरीरको स्थिति बताइएको छ ।

गीता अध्याय १३ श्लोक ३४ मा गीता ज्ञानदाताले आफूभन्दा भिन्न परमेश्वरको जानकारी दिएका छन्– यसरी क्षेत्र (शरीर) तथा क्षेत्रज्ञ (गीता ज्ञानदाता) को भेदलाई जान्दछ । कर्म गर्दै भक्ति गरेर कालको प्रकृति अर्थात् काल जालबाट मुक्त जुन साधकले ज्ञान चक्षुद्वारा बुझेर तत्त्वदर्शी सन्तको खोजी गर्छ, सत्य शास्त्रानुकूल साधना गर्छ र तत्त्वज्ञान बुझेर त्यस परम अर्थात् अर्का परब्रह्म परमात्मालाई प्राप्त गर्दछ ।

उपरोक्त विवरणबाट स्पष्ट हुन्छ– गीता ज्ञानदाता भन्दा भिन्न पूर्ण परमात्मा छन्, जसका भक्तिको साधना गरेर साधकले त्यो पूर्ण मोक्ष प्राप्त गर्छन्, जुन गीता अध्याय १५ श्लोक ४ मा वर्णित छ– तत्त्वज्ञान प्राप्ति पश्चात् परमेश्वरको त्यस परम पदको खोजी गर्नु पर्छ, जहाँ गए पश्चात् साधक पुनः फर्केर संसारमा कहिल्यै आउँदैन ।

सारांशः– पूर्वोक्त प्रमाणहरू तथा गीता अध्याय १३ का उपरोक्त प्रमाणबाट निम्न कुराहरू स्पष्ट हुन्छः– गीता ज्ञानदाता भन्दा भिन्न परम अक्षर ब्रह्म अर्थात् पूर्ण परमात्मा छन् । जसको शरणमा जानका लागि गीता ज्ञानदाताले गीता अध्याय १८ श्लोक ६२ र ६६ मा भनेका हुन् । उनी नै पूर्ण मोक्षदायक हुन्, उनी नै पूजा गर्न योग्य छन्, उनी नै सबका रचनहार हुन्, उनी नै सबका पालनहार, धारण गर्ने सर्व सुखदायक हुन् । उनलाई "परमात्मा" भनिन्छ ।

प्रश्न नं. ४९: (धर्मदास जीको) गीता अध्याय ४ श्लोक ६ मा गीता ज्ञानदाताले भनेका छन्– म अजन्मा र अविनाशी रूपमा तथा समस्त प्राणीहरूको ईश्वर हुँदा हुँदै पनि आफ्नो योगमायाद्वारा प्रकट हुन्छु । यसमा श्री कृष्ण जी आफू स्वयम्लाई समस्त प्राणीहरूको ईश्वर भनि रहेका छन्, आफूलाई अजन्मा पनि भनेका छन् ।

उत्तरः– (जिन्दा परमेश्वर जीको) हे धर्मदास जी ! गीताको ज्ञान काल ब्रह्मले श्री कृष्ण जीको शरीरमा प्रवेश गरी भनेका हुन् । श्री कृष्ण जीको कुनै भूमिका छैन । गीता ज्ञानदाता काल ब्रह्म हुन् । गीता ज्ञानदाताले भनेका छन्– मेरा २१ ब्रह्माण्डहरूभित्र मेरा अन्तर्गतमा जे-जत्ति प्राणीहरू छन्, म तिनका श्रेष्ठ प्रभु (ईश्वर) हुँ । यही प्रमाण गीता अध्याय १५ श्लोक १८ मा पनि छ । गीता ज्ञानदाताले भनेका छन्– म लोक वेद (सुनी-सुनाएको कुरा) को आधारमा आफ्ना २१ ब्रह्माण्डहरूमा भएका लोकहरूमा पुरूषोत्तम रूपमा प्रसिद्ध छु किनकि म मेरा अन्तर्गत मेरा एककाईस ब्रह्माण्डहरूमा रहेका शरीरधारी प्राणीहरू तथा अविनाशी जिवात्माहरू भन्दा पनि श्रेष्ठ हुँ । वास्तवमा पुरूषोत्तम त कोही अरू नै छन् । जसको वर्णन गीता अध्याय १५ श्लोक १७ मा बताइएको छ ।

गीता अध्याय ४ श्लोक ६ मा यसो भनिएको छ– म (अज) अजन्मा अर्थात् म तिमीहरू जसरी जन्म लिन्नँ, म लीलाद्वारा प्रकट हुन्छु । जस्तो गीता अध्याय ११ मा विराट रूप देखाएका थिए र भनेका थिए– (अव्ययात्मा) मेरो आत्मा अमर छ । फेरि भनेका छन् (आत्ममायया) आफ्नो लिलाद्वारा (सम्भवामि) उत्पन्न हुन्छु । यहाँ उत्पन्न हुने कुरा छ किनकि यी काल ब्रह्मको अक्षर पुरूषको एक युग उपरान्त मृत्यु हुन्छ । अनि त्यस समय एक ब्रह्माण्डको विनाश हुन्छ । (प्रश्न नं. ९ को उत्तर हेर्नु होस्) त्यसपछि अर्को ब्रह्माण्डमा सम्पूर्ण जीवात्माहरू जान्छन् । काल ब्रह्मको आत्मा पनि जान्छ । त्यहाँ यसले पुनः युवा शरीर प्राप्त गर्दछ । यसैगरी देवी दुर्गाको मृत्यु हुन्छ । काल ब्रह्मसँगै यिनलाई पनि युवा शरीर प्राप्त हुन्छ । यो परम अक्षर ब्रह्म (सत्यपुरूष) को विधान हो । अनि त्यस नयाँ ब्रह्माण्डमा दुबै पति-पत्नी रूपमा नयाँ रजगुण युक्त ब्रह्मा, सतगुण युक्त विष्णु तथा तमगुण युक्त शिव उत्पन्न गर्छन् । अनि त्यस ब्रह्माण्डमा सृष्टि क्रम प्रारम्भ हुन्छ । यसरी यी काल ब्रह्मको मृत्यु तथा लीलाद्वारा जन्म हुन्छ । गीता अध्याय ४ श्लोक ९ मा पनि स्पष्ट छ, जसमा गीता ज्ञानदाताले मेरो जन्म तथा कर्म अलौकिक छ भनेका छन् । वास्तवमा यी नाशवान छन् । सम्पूर्ण प्राणीहरूको आत्मा पनि अमर छ । तिम्रा महामण्डलेश्वर, आचार्य तथा शङ्कराचार्यहरूसँग रत्तिभर पनि आध्यात्मिक ज्ञान छैन । त्यसैले अनमोल ग्रन्थहरू सही रूपमा नबुझेर लोकवेद (दन्त्यकथा) सुनाउँछन् । तिमी स्वयम् हेर, यस गीता अध्याय ४ श्लोक ५ मा स्वयम् भनि रहेका छन्– हे अर्जुन ! तिम्रो र मेरो थुप्रै जन्म भइ सकेको छ । ती सब म जान्दछु, तिमी जन्दैनौ । यसको आशय माथि स्पष्ट गरिएको छ । "सम्भवात्" का अर्थ उत्पन्न हुनु हो ।

प्रमाण : यजुर्वेद अध्याय ४० मन्त्र १० मा पनि भनिएको छ– कसैले परमात्मालाई (सम्भवात्) जन्म लिने राम एवं कृष्ण जस्तो मान्छन्, कसैले (असम्भवात्) उत्पन्न नहुने निराकार मान्दछन् अर्थात् सत्यज्ञान बताउने तत्त्वदर्शी सन्तबाट सुन । उनले परमात्मा उत्पन्न हुन्छन् या हुँदैनन् भन्ने कुरा बताउने छन् । वास्तवमा परमात्मा स्वयम्भू हुन् । उनी कहिल्यै जन्मेनन् र न जन्मने छन् । मृत्युको त प्रश्नै छैन । अर्कातर्फ गीता ज्ञानदाता स्वयम् भनि रहेका छन्– म जन्मन्छु र मर्छु, अविनाशी छैन । अविनाशी त "परम अक्षर ब्रह्म" छन् ।

पशन नं. ५०: (जिन्दा बाबा परमेश्वरको) तिमीले भन्यौ– हामी शुद्रलाई नजिकमा बस्न पनि दिदैनौं, शुद्ध रहन्छौ । यसबाट भक्तिमा के हानी हुन्छ ?

उत्तर:– (धर्मदास जीको) शुद्रलाई छुनाले भक्त अपवित्र हुन्छ; परमात्मा रूष्ट हुन्छन्, आत्माग्लानी हुन्छ । म माथिल्लो जातका वैश्य हूँ ।

"भनाइ र गराइमा अन्तर"

प्रश्न नं. ५१ (धर्मदास जीको):– हे जिन्दा ! यो त सत्य नै हो कि शुद्रसँगको दूरीले भक्तको पवित्रता कायम रहि रहन्छ । के हजुर यस कुरामा सहमत हुनु हुन्न ?

उत्तर:– (बाबा जिन्दाको): यस्तो शिक्षा कसले दियो ? धर्मदास जीले भने– हाम्रा धर्मगुरू, आचार्य, शङ्कराचार्य तथा ब्राह्मणहरू यस्तै बताउँछन् । परमेश्वर कबीर जीले धर्मदासलाई भन्नु भयो– त्यस समयसम्म धर्मदास जीलाई आफूसँग वार्ता गर्ने नै कबीर जुलाहा हुन् भन्ने ज्ञान थिएन ।)– एक पटक कबीर जुलाहा स्वामी रामानन्द पण्डितसँग तोताद्रिक नामको स्थानमा भएको सत्सङ्ग-भण्डारामा गए । उनी स्वामी रामानन्द जीका शिष्य थिए । सत्सङ्गमा मुख्य पण्डित आचार्यले भने– भगवान रामले भिलनी शुद्रको जुठो बयर खाए । भगवान त समदर्शी थिए । उनी त प्रेमले प्रसन्न हुन्छन् । भक्तलाई उँच-निचको अन्तरले हेर्नु हुँदैन, उसको श्रद्धा हेरिन्छ । लक्ष्मणले सबरीलाई शुद्र ठानेर हेय भाव राखी बयर खाएनन्, फ्यांकि दिए । पछि त्यो बयर सञ्जिवनी बुटी बन्यो । रावणसँगको युद्धमा लक्ष्मण मुर्छित भए । हनुमान जीले द्रोणगिरी पर्वत उठाएर ल्याए त्यस पर्वतमा सञ्जिवनी बुटी उम्रिएको थियो । त्यो बुटी खाएपछि लक्ष्मण सचेत भए र जीवन रक्षा भयो । भगवानप्रति सबरीको यस्तो श्रद्धा थियो । कसैको श्रद्धालाई ठेस पुर्‍याउनु हुँदैन । सत्सङ्ग समाप्त भएपछि भोजन-भण्डारा शुरू भयो । स्वामी रामानन्द जीसँग शुद्र कबीर जुलाहा पनि आएका थिए । उनी स्वामी रामानन्द जीका शिष्य थिए । उनले पनि स्वामीसँगै खाना खाने भएकाले पण्डितहरूले पहिले नै योजना बनाएर दुई ठाउँमा भोजन भण्डाराको व्यवस्था गरे किनकि कबीर जुलाहाले खानासँगै खाए ब्राह्मणहरूको अपमान हुन्छ भन्ने सोचेका थिए । पण्डित र सामान्य व्यक्तिका लागि भण्डारा छुट्‍याइयो । पण्डितका लागि व्यवस्था गरिएको भण्डारामा खाना खान वेदहरूका चार मन्त्र सुनाउनु पर्ने अन्यथा सामान्य भण्डारामा भण्डारा खानु पर्ने शर्त राखियो । उनीहरूलाई काशीका कबीर

जुलाहा अशिक्षित शुद्र भएकाले वेदका मन्त्रहरू याद हुन सक्दैन भन्ने थाहा थियो। सारा पण्डितहरू वेदका चार-चार मन्त्र सुनाउँदै पण्डितका लागि व्यवस्था गरिएको भण्डारामा प्रवेश गरि रहेका थिए । सब पङ्तिबद्ध थिए । त्यही पङ्तिमा कबीर जुलाहा (धाणक) पनि खडा थिए । कबीर जीको वेदमन्त्र सुनाउने पालो आयो । अलि पर एउटा राँगा घाँस चरि रहेको थियो । कबीर जीले राँगालाई बोलाउनु भयो– हे राँगापण्डित ! कृपया यहाँ आउनु होस् । राँगा दौडदै आयो । कबीर जीका सामु खडा भयो । कबीर जीले राँगाको कम्मरमा हात राखेर भन्नु भयो– हे विद्वान राँगा ! वेदका चार भन्त्र सुनाउनु होस् । राँगाले (१) यजुर्वेद अध्याय ५ को मन्त्र ३२ सुनायो र यसको भावार्थ पनि बतायो– जो परम शान्तिदायक (उसिग असि) जसले पाप नाश गर्न सक्नु हुन्छ (अंगारी), जो वन्धनहरूका शत्रु अर्थात् वन्दी छोड हुनु हुन्छ = बम्भारी, उहाँ "कविरसि" कबीर हुनु हुन्छ । स्वर्ज्योति = स्वयम् प्रकाशित अर्थात् तेजोमय शरीर भएका "ऋतधामा" = सत्यलोकका अर्थात् उनी सत्यलोमा निवास गर्नु हुन्छ । "सम्राटसि" = सबै भगवानहरूका पनि भगवान अर्थात् सर्व शक्तिमान सम्राट यानी महाराजा हुनु हुन्छ ।

(२). ऋगवेद मण्डल ९ सूक्त ८६ मन्त्र २६ सुनायो । भावार्थः परमात्मा माथिको लोकबाट गति (प्रस्थान) गरी आउनु हुन्छ, असल आत्माहरूलाई भेट्नु हुन्छ । भक्ति गर्नेहरूको सङ्कट समाप्त गर्नु हुन्छ । उहाँ कविर्देव (कबीर परमेश्वर) हुनु हुन्छ।

(३) ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र १७ सुनायो । भावार्थ- ("कविः" = कबिर) परमात्मा स्वयम् पृथ्वीमा प्रकट भएर तत्त्वज्ञान प्रचार गर्छन् । कविर्वाणी (कबीर वाणी) भनिन्छ । सत्य आध्यात्मिक ज्ञान (तत्त्वज्ञान) लाई कबीर परमात्माले लोकोक्ति, दोहा, चौपाइ तथा कविताहरूका रूपमा कबीर वाणीको माध्यमले बोलेर भन्नु हुन्छ ।

(४) ऋग्वेद मण्डल ९ सूक्त ९४ मन्त्र १ पनि सुनायो । भावार्थः– परमात्मा कविहरूको जस्तो आचरण गर्दै पृथ्वीमा एक ठाउँबाट अर्को ठाउँमा जान्छन् । राँगाले फेरि भन्यो– हे सोझा-साझा पण्डितहरू ! जो मेरा सामु मेरो कम्मरमा हात राखी पङ्तिमा खडा हुनु हुन्छ, उहाँ त्यही परमात्मा कबीर हुनु हुन्छ, जसलाई मानिस "कवि" भनेर पुकार्दछन् । यिनैको कृपाले आज म मानिस जसरी वेद मन्त्र सुनाइ रहेको छु ।

कबीर परमेश्वरले भन्नु भयो– हे राँगा पण्डित । तपाईं पण्डितहरूका निमित्त तयार भण्डारामा प्रवेश गरेर भोजन ग्रहण गर्नु होस् । म त अशिक्षित शुद्र हुँ, त्यसैले आम जनताका लागि व्यवस्था गरिएको भण्डारामा भोजन गर्न जान्छु ।

त्यसै समय सम्पूर्ण पण्डितहरू राँगाले वेद मन्त्र बोलेको देखेर एकत्रित भएका थिए । कबीर जीको चरणमा शरणागत भई आफ्नो कसुरका लागि क्षमायाचना गरे । परमेश्वर कबीर जीले भन्नु भयोः–

करनी तज कथनी कथैं, अज्ञानी दिनरात ।
कुकर ज्यौं भौकत फिरें, सुनी सुनाई बात ॥

सत्सङ्गमा त भगवान रामचन्द्र जीले शुद्र जातिकी सबरी (भिलनी) को जुठो बयर बडो रूचिपूर्वक खाए, कुनै छुवाछुत गरेनन् भनि रहेका थियौ अनि आफूलाई परमात्माभन्दा उत्तम ठान्दछौ । भन्छौ तर आफै पालना गर्दैनौ । एक अर्काबाट सुनी-सुनाएको कुरा कुकुर जसरी भुकि रहन्छौ । उपस्थित सम्पूर्ण पण्डितहरूका साथसाथै हजारौं सङ्ख्यामा कबीर जुलाहाका शिष्य बने, दीक्षा लिए । शास्त्रविरूद्धको भक्ति त्यागेर शास्त्रविधि अनुसार भक्ति शुरू गरे र आत्मकल्याण गराए ।

हे धर्मदास । तिमी पनि हामी शुद्रलाई नजिकमा बस्न पनि दिदैनौं भनि रहेका थियौ । धर्मदास अत्यन्त लज्जित भए । तर परमात्माको शिक्षालाई आफूमाथिको व्यङ्ग्य ठानेर भित्रभित्रै कुँढिए र भने– हे जिन्दा । तपाईको क्षोभयुक्त कुराहरू उपयुक्त छैनन् । तपाईसँग बोल्ने सभ्यता पनि छैन । तिमीहरू सबै कुकुरको जस्तो सुने-सुनाएका कुराहरू भुक्दै हिंड्छौ भन्नु हुन्छ ? यसो भनेर धर्मदास जीले अनुहार बिगारेर आफ्नो अप्रसन्नता जाहेर गरे । जिन्दा रूप परमात्मा अन्तर्ध्यान हुनु भयो । चौथोपटक परमात्मा अन्तर्ध्यान हुनु भएपछि धर्मदास जीलाई बाँच्न कठीन भयो । शोकमा व्याकुल भएर रून थाले । त्यस दिन फेरि वृन्दावनमा धर्मदाससँग परमात्माको वार्ता भएको थियो । (यसरी परमेश्वर कबीर जी कूल ६ पटक अर्न्तध्यान हुनु भयो, तब मात्र धर्मदास जीको होस ठेगानमा आयो ।) वृन्दावन मथुराबाट धर्मदास रूँदै आफ्नो गाउँ बाँधवगढ पैदल फर्के । धर्मदास जीले तीर्थ भ्रमणका लागि ६ महिनाको कार्यक्रम बनाएका थिए तर उनी १५ दिनमा नै घर फर्के । गरीबदास जीले आफ्ना वाणीका भनेका छन्–

तहां वहां रोवत है धर्मनी नागर, कहां गए मेरे सुख के सागर ।
अति वियोग हुवा हम सेती, जैसे निर्धन की लुट जाय खेती ।
हम तोजाने तुम देह स्वरूपा, हमरी बुद्धि अन्ध गहर कूपा ।
कल्प करे और मन में रोवै, दशों दिशा कूं वो मघ जो है ।
बेग मिलो करहूं अपघाता, मै ना जीवूं सुनो विधाता ।

धर्मदास जी बाँधवगढ पुग्दासम्म धेरै रोइ सकेका थिए । घरमा पसेपछि घोप्टो परेर लडी क्वाँ-क्वाँ गर्दै रून थाले । धर्मदास जीकी पत्नीको नाम आमिनी देवी थियो । आफ्ना पतिलाई रोएको तथा समयपूर्व नै फर्किएको देखेर उनले मनमनै भक्त जीलाई कसैले लुट्यो र धन नभएकाले फर्केर आएका होलान् भन्ने विचार गरिन् । धर्मदास जीका समीपमा गई आसु पुछ्दै आमिनी देवीले भनिन्– किन अधीर भइ रहनु भएको छ । कसैले हजुरको यात्राको धन लुट्यो ? केही छैन, हजुरसंग धनको कमी छ र ? चाहिए अझ लैजानु होस् र आफ्नो तीर्थ यात्रा पूरा गरेर आउनु होस् । मैले मनाही गरेकी छु र ? केही समय पश्चात् मनलाई दृढ तुल्याएर धर्मदास जीले भने– आमिनी देवी यदि रूपियाँ-पैसा रूपी धन लुटिएको भए म अझ लिएर जान्थें । मेरो त यस्तो धन लुटिएको छ, सायदै अब त्यो प्राप्त हुन्छ । त्यो मैले आफ्नै मूर्खताका कारण आफ्नै हातबाट गुमाएँ । त्यसपछि धर्मदास जीले जिन्दा महात्मासँग भएको सम्पूर्ण ज्ञानचर्चा तथा जिन्दा बाबाबाट सुनेका सृष्टि रचना आमिनी देवीलाई सुनाए । प्रमाण

सहित सम्पूर्ण ज्ञान देखेपछि आमिनी देवीले भनिन्- सेठ जी हजुर त निपूर्ण व्यापारी हुनु हुन्थ्यो, कहिल्यै घाटाको व्यापार गर्नु हुन्नथ्यो । यत्तिका प्रमाणिक ज्ञान देखेर पनि हजुर मान्नु भएन । साधु त बेखुस हुनु नै थियो । कति पटक हजुरलाई भेट्नु भयो, बच्चालाई जसरी सम्झाउनु भयो तर पनि हजुरले ती दातालाई किन उपेक्षा गर्नु भयो ? धर्मदास जीले भने– आमिनी ! जीवनमा पहिलो पटक हानीको व्यापार गरें । अब यो हानी पूर्ति हुन सक्दैन । त्यो धन प्राप्त भएन भने म जीवित रहन्न ।

"धर्मदास जीलाई सतलोक लैजानु"

६ महिनासम्म परमेश्वर जिन्दा आउनु भएन । धर्मदास रूँदा-रूँदा आकुल-व्याकुल भए । नाम मात्रको खानापिन गर्थे । दिनभर कैयौं घण्टासम्म रून्थे । शरीर सुकेर सिन्का जस्तै भयो । एक दिन आमिनी देवीले धर्मदास जीसँग भनिन्- हे स्वामी ! हजुरको यो अवस्था म हेर्न सकि रहेकी छैन । तपाई विश्वास राख्नु होस्, जब ६-६ पटकसम्म त आउनु भयो भने यसपटक पनि अवश्य आउनु हुने छ । धर्मदास जीले भने– यत्तिका समय पहिले कहिल्यै लगाउनु भएन । सायद, म पापीसँग साह्रै बेखुस हुनु भएछ । हुन त कुरा पनि त बेखुश हुने नै हो । अमिनी देवी म महामूर्ख हूँ । अहिले मलाई उहाँको मूल्य थाहा भयो । सिधासाधा देखिनु हुन्थ्यो, उहाँ परमात्माको विशेष कृपा पात्र हुनु हुन्छ । यत्तिका ज्ञान त न कहिल्यै देखियो न त सुनियो नै । अमिनी देवीले सोधिन्- उहाँले आफू कसरी भेटिनु हुन्छ तथा कहाँ-कहाँ जानु हुन्छ भन्ने कुरा बताउनु भएको होला नि । जवाफमा धर्मदास जीले भने– जहाँ धर्म भण्डारा हुन्छ, त्यहाँ म अवश्य जान्छु, त्यहाँ मानिसहरूलाई ज्ञान सम्झाउँछु, भन्नु भएको थियो । यो सुनेर आमिनी देवीले तपाई भण्डारा गर्नु होस्, के थाहा जिन्दा बाबा आउनु हुन्छ कि भनिन् । धर्मदास जीले तीन दिनको भण्डारा गर्छु भने । पहिले आमिनी देवी अत्यन्त कन्जुस थिइन् । धर्मदास जीले तीन दिनको भण्डारा गर्छु भन्दा एकदिन भनेर जिद्दी गर्थिन् तर त्यसदिन सहजै तीन दिनको भण्डारा गर्न स्वीकृति दिइन् । धर्मदास जीले टाढा-टाढासम्म तीन दिनको भण्डाराको सन्देश पाठए । साधुहरूलाई निम्ता पठाए । तोकिएको दिनमा भण्डारा प्रारम्भ भयो । दुई दिन बित्यो । साधु महात्मा आए, ज्ञान चर्चा चलि रह्यो । तर जिन्दा बाबाले बताएका ज्ञानको जवाफ कसैबाट पाएनन् । धर्मदासजी जानी-बुझिकन नै साधुहरूसँग के ब्रह्मा, विष्णु तथा शिवको पनि जन्म हुन्छ भनेर प्रश्न गर्थे । जवाफमा उही पहिलेको जस्तै यिनका कोही मातापिता छैनन् भन्थे । यसबाट धर्मदास जीलाई जिन्दा महात्मा आएका छैनन् भन्ने स्पष्ट हुन्थ्यो । भेष बदलेर आएका भए पनि ज्ञान त सत्य बताउने थिए । तेस्रो दिनको दुई प्रहर बित्दा पनि जिन्दा बाबा आएनन् । धर्मदास जीले दृढ निश्चय भएर भने– यदि आज जिन्दा बाबा आउनु भएन भने आत्महत्या गर्छु, यस्तो जीवन जिउनु भन्दा मर्नु नै निको । परमात्मा त अन्तर्यामी हुनु हुन्छ । उहाँले आज भक्त निश्चयनै मर्ने छ भन्ने कुरा थाहा पाइ हाल्नु भयो । तत्काल परमात्मा जिन्दाको भेषभुषामा केही पर रहेको कदमको बोटमुनि

बस्नु भएको धर्मदास जीले देखे । दौडेर गएर ध्यान पूवर्क हेरे र जिन्दा महात्मालाई अङ्कमाल गरे । आफ्नो गल्तिका लागि क्षमा मागे । फेरि यस्तो गल्ति कहिल्यै न दोहोऱ्याउने पटक-पटक वचन दिए । तब परमात्मा धर्मदास जीको घर जानु भयो । आमिनी देवी र धर्मदास जीले बडो सेवा गरे र दुबैले दीक्षा लिए । परमात्माले जिन्दा रूपमा उनीहरूलाई प्रथम मन्त्रको दीक्षा दिनु भयो । केही समय परमेश्वर उनीहरूसँगै बगैचामा रहनु भयो । फेरि एकदिन धर्मदास जीले त्यस्तै गल्ति गरे र परमात्मा अचानक गायब हुनु भयो । धर्मदास जीलाई आफ्नो गल्तिको ठूलो महसुस भयो । खानपिन त्यागि दिए । दर्शन नदिएसम्म खानपिन बन्दको प्रतिज्ञा गरे । धर्मदास शारीरिक रूपमा अत्यन्त कमजोर भए । उठ्न-बस्न पनि सक्दैनथे । छैठौं दिन परमात्मा आउनु भयो । धर्मदास जीलाई आफैले उठाएर अङ्कमाल गर्नु भयो । आफ्नै हातले खाना खुवाउनु भयो । धर्मदास जीले पहिले चरण धोएर चरणामृत पिए । अनि ज्ञानचर्चा सुरू भयो । धर्मदास जीले हजुरलाई यत्तिका ज्ञान कसरी भयो भनेर सोधे ।

परमेश्वर जीले भन्नु भयो– मैले सतगुरू पाएको छु । वहाँ काशी शहरमा हुनु हुन्छ । वहाँको नाम कबीर हो । वहाँ स्वयम् नै परमेश्वर हुनु हुन्छ । सतगुरूको स्वरूपमा लीला गरि रहनु भएको छ । जुलाहा (लुगा बुन्ने) को काम गर्नु हुन्छ । वहाँले मलाई सतलोक देखाउनु भयो । त्यो लोक सबैभन्दा अलग छ । त्यहाँ भएको सुख स्वर्गमा पनि छैन । सदावहार फलदार वृक्ष, सुन्दर बगैंचा तथा दूधका नदीहरू बगि रहेका छन् । नर-नारीहरू सुन्दर छन् । ती कहिल्यै वृद्ध हुंदैनन् । कहिल्यै मृत्यु हुंदैन । जसले सतगुरूबाट तत्त्वज्ञान सुनेर सत्यनामको प्राप्ति गरेर भक्ति गर्दछ, उसैले त्यो परमधाम प्राप्त गर्दछ । यसैको वर्णन गीता अध्याय १५ श्लोक ४ मा पनि छ । यी सब सुनेपछि धर्मदास जीले हठ पूर्वक भने– हे महाराज ! मलाई त्यो अमरलोक देखाउने कृपा गर्नु होस् ताकि मेरो विश्वास अझ दृढ होस् । परमेश्वर जीले भन्नु भयो– तिमी भक्ति गर, जब शरीर त्यागेर जाने छौ, तब त्यो लोक प्राप्त हुने छ । धर्मदास जीले साह्रै आग्रह गरेपछि परमेश्वर जिन्दाले ल हिड म तिमीलाई सतलोक लैजान्छु भन्नु भयो । धर्मदास जीको आत्मालाई निकालेर सत्यलोक लैजानु भयो । परमेश्वरको दरबारको द्वारमा एउटा द्वारपाल खडा थिए । जिन्दा बाबाको रूपमा खडा परमेश्वरले द्वारपालसँग धर्मदासलाई परमेश्वरको दर्शन गराएर ल्याऊ भन्नु भयो । द्वारपालले एउटा अर्को हंस (सत्यलोकमा भक्तलाई हंस भनिन्छ ।) सँग धर्मदासलाई परमेश्वरको सिंहासन नजिक लगेर सत्यपुरूषको दर्शन गराएर ल्याऊ भन्यो । त्यहाँ भएका थुप्रै हंस (भक्त) तथा हंसिनी (नारी-भक्तमती) जम्मा भएर नाच्दै-गाउँदै धर्मदास जीलाई सम्मानका साथ लिएर हिंडे । सबै हंसहरू तथा नारीहरूले गलामा सुन्दर मालाहरू पहिरिएका थिए । तिनका शरीरको प्रकाश १६ सूर्यहरू समान थिए । जब धर्मदास जीले तख्त (सिंहासन) मा बसेका सत्यपुरुष जीलाई देखे, उहाँको स्वरूप त उही धरतीमा रहेका जिन्दा बाबाको स्वरूप थियो । तर यहाँ परमेश्वरको एक रोम (शरीरको रौं) को प्रकाश करोड सूर्यहरू तथा करोड चन्द्रमाको प्रकाशभन्दा पनि कैयौंगुणा अधिक थियो । तल धरतीबाट जिन्दा रूपमा गएका परमात्माले तख्त (सिंहासन) मा विराजमान आफ्नै अर्को स्वरूपमाथि चवँर हम्कन थाल्नु भयो । धर्मदास

जीले जिन्दा त यिनै परमेश्वरका सेवक होलान् तर अनुहार त मिल्दो-जुल्दो छ भन्ने सोचे । केही समयपछि तख्तमा बसेका परमात्मा खडा हुनु भयो र सिंहासनमा जिन्दा बसे । तेजोमय शरीर भएका प्रभु जिन्दाको शरीरमा समाहित भए । धर्मदास लाजले भुतुक्क भए । आफूले आफैलाई धिक्कार्न थाले– म कस्तो दुष्ट रहेछु, मैले परमेश्वरलाई कत्ति दुःखित तुल्याएँ, कत्ति अपमानित गरें । मलाई त्यहाँ विश्वास भएन । सतलोकका भक्तले दर्शन गराएर फर्काएर ल्याएपछि तीन दिनसम्म परमात्मासँगै सत्यलोकमा रहे । उता धर्मदासलाई तीन दिन देखि अचेत देखेर घर, गाउँ, नातेदार तथा इष्टमित्रहरू बाँधवगढ धर्मदास जीको घरमा जम्मा भए । कोही झारफुक गराइ रहेका थिए । कोही वैद्यद्वारा उपचार गराइ रहेका थिए तर सारा उपाय व्यर्थ भइ सकेको थियो । धर्मदास जीवित हुन्छन् भन्ने कसैलाई आशा थिएन । तेस्रो दिन परमेश्वरले उनको आत्मालाई शरीरमा प्रवेश गराइ दिनु भयो । धर्मदास जीलाई त्यस बगैंचाबाट उठाएर घरमा ल्याइएको थियो । धर्मदास सचेत भइ सकेका थिए । धर्मदास जी सचेत हुनासाथ त्यस बगैंचाको त्यही स्थानमा गए, जहाँबाट उठाएर उनलाई घरमा लगिएको थियो । परमात्मा जिन्दा बाबाको रूपमा त्यही बस्नु भएको थियो । धर्मदास जी चरणमा लम्पसार परे र भने– हे प्रभु ! म अज्ञानीलाई क्षमा गर्नु होस् !

अवगुण मेरे बाप जी, बख्सो गरीब निवाज ।
जो मै पुत कुपूत हुं, बहुर पिता को लाज ॥

मलाई हजुर परमात्मा हुनु हुन्छ भन्ने विश्वास भइ रहेको थिएन, हजुर परम अक्षर ब्रह्म हुनु हुन्छ । कहिले काही आत्माले पूर्ण ब्रह्म सिवाय अरूले कसैले यस्तो ज्ञान पृथ्वीमा सुनाउन सक्छ भन्थ्यो तर मनले तत्काल विपरीत विचार खडा गर्दथ्यो । हे सत्य पुरूष ! हजुर सत्यलोकमा भएको हजुरको शरीरको त्यो शोभा यहाँ किन प्रकट गर्नु भएको छैन ?

परमेश्वर जीले भन्नु भयो– धर्मदास ! यदि म त्यही प्रकाशयुक्त शरीरमा काल लोकमा आएँ भने क्षर पुरूष (ज्योति निरञ्जन पनि भनिन्छ ।) व्याकुल हुने छ । म आफ्नो सम्पूर्ण कार्य गोप्य रूपमा गर्दछु । क्षर पुरूषले मलाई एक सिद्धियुक्त सन्त मान्दछ । तर उसलाई म कहाँबाट आएको हुँ को हुँ भन्ने थाहा हुँदैन । परमेश्वरले धर्मदास जीलाई मेरो देश तिमीलाई कस्तो लाग्यो भनेर सोध्नु भयो । जवाफमा धर्मदास जीलेभने– हे परमेश्वर । यस संसारप्रति अब मेरो कुनै मोह छैन । त्यस पवित्र स्थानका सामुन्ने त यी कालका सम्पूर्ण लोकहरू (२१ ब्रह्माण्डका क्षेत्रहरू) नर्क तुल्य छन् । जन्म-मरण यहाँको अटल नियम हो । चौरासी लाख प्रकारका प्राणीहरूको जीवन भोग्नु पनि अनिवार्य छ । प्रत्येक प्राणी अहिले म मर्दिन भन्ने आशा लिएर जीवित छन् तर फेरि पनि कुनै पनि समय मृत्यु हुन सक्छ । यहाँ प्रत्येक प्राणी एक-अर्कासँग कपटपूर्ण रूपमा कुरा गर्दछन् । तर हजुरको सत्यलोकमा सारा व्यक्तिहरू प्रेमपूर्वक कुरा गर्दछन् । निष्कपट व्यवहार गर्दछन् । मैले तीनै दिन यही कुराको जाँच गरेको थिएँ । धर्मदास जी अचेत भएको कुराको साक्षी उनका घरमा उपस्थित स्वजनहरू थिए । यदि

धर्मदास जीले सचेत हुंदा घरमा उपस्थित स्वजनहरूलाई नदेखेका भए कुनै सपना देखेको होला भन्ने सम्झने थिए । तर अब उनी दृढ निश्चयी भइ सकेका थिए ।

(उपरोक्त वर्णन पवित्र कबीर सागर अध्याय “ज्ञान प्रकाश” पृष्ठ ५७-५८ मा, “मोहम्मद बोध”पृष्ठ २०-२१, दश मुकामी रेखता “ज्ञान स्थिति बोध” पृष्ठ ८३ मा, “अमर मूल” पृष्ठ २०२ मा ।)

के गुरू फेर्न सकिन्छ ?

धर्मदासले प्रश्न गरेः

प्रश्न नं. ५२ः (धर्मदास जीको) हे प्रभु ! के गुरू फेर्न सकिन्छ ? सन्तहरूबाट गुरू फेर्न हुन्न भन्ने सुनेको छु । गुरू एक ज्ञान अनेक ।

उत्तरः– (सत्यपुरूषको) जबतक गुरू मिले नहीं साचा, तबतक गुरू करो दस पाँचा ।
कबीर झुठे गुरू के पक्षको, तजत न लागै वार। द्वार न पावै मोक्ष का, रह वार का वार ॥

भावार्थः– सच्वा गुरू (सतगुरू) प्राप्त नभए सम्म गुरू फेरि रहनु पर्छ । चाहे कैयौं गुरुहरू बनाउन र फेर्न किन नपरोस् । झूठा गुरूलाई तत्काल त्याग्नु पर्छ ।

कबीर, डूबै थे पर उभरे, गुरू के ज्ञान चमक। बेडा देखा जरजरा, उतर चले फडक ॥

भावार्थः– मैले सत्यगुरू प्राप्त गरेपछि, उहाँको ज्ञानको प्रकाशले मेरो ज्ञान र समाधान (साधना) गलत रहेछ भन्ने थाहा भयो र यस्तो गुरू फेरि दिएँ । जस्तो कुनै डरका कारण पशु उफ्रेर बडो तीब्र गतिमा दगुर्छ र जस्तो रातको समयमा यात्रा गरि रहेको यात्रीलाई बिहानीको उज्यालोमा यात्रा गरिरहेको डुङ्गामा पानी पसि रहेको थाहा हुन्छ र साथमा सुरक्षित तथा सही सलामत अवस्थाको डुङ्गा खडा छ भने कुनै प्रकारको नशालु पदार्थ सेवन नगरेको समझदार यात्री तत्काल त्यस फुटेको वा प्वाल परेको डुङ्गा छोडेर सुरक्षित (Leak proof) डुङ्गामा गएर बस्छ । मैले अहिले तिमीलाई सुनाएको यो ज्ञान काशीमा सच्चागुरू कबीर जीबाट सुनेपछि जाति तथा धर्म नहेरी तत्काल सत्यगुरूको शरणमा गएँ र दीक्षा मन्त्र लिएर भक्ति गरि रहेको छु । सत्‌गुरूले मलाई दीक्षा दिने आदेश पनि दिनु भएको छ । हे धर्मदास ! विचार गर, के एउटा वैद्यबाट रोगी निको भएन भने अर्को डाक्टर कहाँ जादैन ?

धर्मदास जीले भने– जान्छ, जानु पनि पर्छ, जीवन रक्षा गर्नु पर्छ । परमेश्वरले भन्नु भयो– यसैगरी मनुष्य जन्म जीव कल्याणका लागि प्राप्त भएको हो । जीवलाई जन्म-मरणको दीर्घ रोग लागेको छ । यो रोग सत्यनाम तथा सारनाम बिना समाप्त हुन सक्दैन । यी दुबै मन्त्र काशीमा रहनु भएको सतगुरू कबीर जीबाट प्राप्त हुन्छ, पृथ्वीमा अरू कसैसंग छैन । तिमी काशीमा गएर दीक्षा लिनू, तिम्रो कल्याण हुने छ किनकि सत्यगुरू बिना मेरो त्यो सत्यलोक प्राप्त हुन सक्दैन ।

धर्मदास जीले भने– हजुर स्वयम् सत्यपुरूष हुनु हुन्छ । अब म धोका खान्न । हजुरले आफूलाई अर्थात् आफ्नो असली रूप लुकाउनु भएको छ । हे प्रभु ! मैले गुरू

रूपदास जीबाट दीक्षा लिएको छु । म पहिले उहाँबाट गुरू फेर्ने आज्ञा लिन्छु, यदि उहाँले भन्नु भयो भने म गुरू फेर्छु । तर धर्मदास जीको मूर्खताको हद देखेर परमेश्वर छैठौं पटक अन्तर्ध्यान हुनु भयो । धर्मदास जी फेरि व्याकुल भए । पहिले उनी श्री कृष्ण अर्थात् श्री विष्णुका पुजारी रूपदास जीका सामु गए । उनी वैष्णव पन्थसंग आवद्ध थिए ।

धर्मदास जीले सन्त रूपदासलाई सम्पूर्ण घटना बताए र गुरू फेर्ने आज्ञा मागे । सन्त रूपदास जी असल आत्मा भएका मानिस थिए । उनले भने– पुत्र धर्मदास ! जिन्दा बाबाबाट तिमीले सुनेका ज्ञान भगवानले मात्र बताउन सक्छन् । मेरो त आयु धेरै भइ सक्यो, म यस मार्गलाई त्याग्न सक्दिनँ । तिम्रो इच्छा छ भने ती महात्माबाट दीक्षा लिन सक्छौ ।

तब धर्मदास काशी गए । त्यहाँ गएर कबीर जुलाहाको झुपडी पत्ता लगाए । कपडा बुनि रहनु भएको कबीर परमेश्वरलाई देखेपछि आश्चर्यको सीमा नै रहेन । सतगुरू तथा परमेश्वर यिनै हुन् भन्ने सोचेर अपार खुशी भए । त्यसपछि उनले दीक्षा लिए र आफ्नो कल्याण गराए । फेरि कबीर परमेश्वर जीले धर्मदास जीलाई दुई अक्षर (जसमा एउटा ओम् र अर्को तत् जुन साङ्केतिक छ) को सतनाम दिनु भयो । अनि फेरि सारनाम दिएर सतलोक वासी बनाउनु भयो ।

कलियुगमा परमात्माले निम्न अन्य केही पुण्य आत्माहरू (दृढ भक्तहरू) लाई भेट्नु भयोः–

१. सन्त मलूक दास (अरोडा)
२. सन्त दादू दास जी आमेर (राजस्थान)
३. सन्त नानकदेव जीलाई सुल्तानपुर सहर नजिकै बगि रहेको बेई नदीको किनारमा भेट्नु भयो, जहाँ "सच्चखण्ड साहेब" यादगारको रूपमा गुरद्वारा निर्मित छ ।
४. सन्त गरीबदास जी (छुडानी गाउँ, झज्जर, हरियाणा) त्यस स्थानमा अहिले यादगार निर्मित छ ।

सन्त गरीबदास जी १० वर्षका बच्चा थिए । आफ्नै खेतमा गाउँका अन्य ग्वालाहरूसंग गाई चराउन जाने गर्थे । परमात्मा जिन्दा बाबाको रूपमा सत्यलोक (सच्चखण्ड) बाट हिँडेर आउनु भयो । यो लोक सारा भवनहरूभन्दा माथि छ, जहाँ परमात्मा रहनु हुन्छ । परमेश्वरले सन्त गरीबदास जीको आत्मालाई माथि आफ्नो लोकमा लिएर जानु भयो । बच्चालाई मृत ठानेर साँझ चितामा राखी अन्तिम संस्कार गर्न लागेका थिए । तत्काल परमात्माले सन्त गरीबदास जीको आत्मालाई माथिका ब्रहमाण्डहरू भ्रमण गराएर सत्य ज्ञान बताउनु भयो र शरीरमा प्रवेश गराइ दिनु भयो । बालक जीवित भयो । यो घट्ना फागुन शुद्धि द्वादशी संवत् १७८४ सन् १७२७ को हो । सन्त गरीबदास जीलाई परमात्माले तत्वज्ञान प्रदान गर्नु भयो । उनको ज्ञानयोग खोलि दिनु भयो । जसकारणले सन्त

गरीबदास जीले २४ हजार वाणी बोले, जुन सन्त गोपाल दास जीद्वारा लिपिबद्ध गरियो । ती अमृतवाणीहरू प्रिन्ट गरेर ग्रन्थको स्वरूप दिइयो । यो दास (सन्त रामपाल दास) त्यसैबाट सत्सङ्ग गर्दछ । सन्त गरीब दास जीले अमृतवाणीमा भनेका छन्:–

> गरीब, हम सुलतानी नानक तारे, दादूको उपदेश दिया ।
> जाति जुलाहा भेद ना पाया, काशी मांहे कबीर हुआ ।।
> गरीब, अनन्त कोटी ब्रह्माण्डका एक रति नहीं भार ।
> सतगुरू पुरूष कबीर है, कुल के सिरजन हार ।।

भावार्थः– सन्त गरीबदास जीले परमात्माबाट प्राप्त दिव्य दृष्टिद्वारा हेरेर भूत, भविष्यका ज्ञान भनेका हुन् । काशी नगर (उत्तर प्रदेश) मा रहेका जुलाहा कबीर जी सम्पूर्ण ब्रह्माण्डहरूका सिर्जनहार हुन् । सम्पूर्ण ब्रह्माण्डहरूलाई आफ्नो शक्तिले स्थिर तुल्याएका छन् । परमेश्वर कबीर जीमाथि ब्रह्माण्डहरूको कुनै भार छैन । जस्तोः वैज्ञानिकहरूले हवाइ जहाज, रकेट आदि बनाएर उडाएर आफू स्वयम् पनि त्यसमा बसेर यात्रा गर्छन् । त्यसैगरी सन्त गरीबदास जीले परमेश्वर जीलाई आफ्नै आँखाले देखेर उनको महिमा बताएका हुन् ।

५. सन्त घिसादास जी (खेखडा गाउँ, बागपत जिलला, उत्तर प्रदेश) पुस्तक विस्तारलाई मध्य नजर गर्दै विस्तृत रूपमा विस्तार नगरिएको हो । अधिक जानकारी लागि www.jagatgururampalji.org बाट प्रसस्त ज्ञान ग्रहण गर्न सक्नु हुन्छ ।

वेदमन्त्रका फोटोकपीहरू (प्रमाण सहित)

प्रमण ऋःवेद मण्डल नं. ९ सुक्त ८६ मन्त्र २६-२७

इन्दुः पुनानो अति गाहते मृधो विश्वानि कृण्वन्त्सुपथानि यज्यवे ।
गाः कृण्वानो निर्णिजं हर्यतः कविरत्यो न क्रीळन्परि वारमर्षति ॥२६॥

पदार्थः—(यज्यवे) यज्ञ करने वाले यजमानों के लिये परमात्मा (विश्वानि सुपथानि) सब रास्तों को (कृण्वन्) सुगम करता हुआ (मृधः) उनके विघ्नों को (अतिगाहते) मर्द्दन करता है। और (पुनानः) उनको पवित्र करता हुआ और (निर्णिजं) अपने रूप को (गाः कृण्वानः) सरल करता हुआ (हर्यतः) वह कान्तिमय परमात्मा (कविः) सर्वज्ञ (अत्यो न) विद्युत के समान (क्रीळन्) क्रीड़ा करता हुआ (वारं)वरणीय पुरुष को (पर्य्यर्षति) प्राप्त होता है ॥२६॥

विवेचनाः यो फोटोकपी ऋग्वेद मण्डल ९ सुक्त ८६ मन्त्र २६ को हो । यसको अनुवाद आर्यसमाजका आचार्यहरू एवं महर्षि दयानन्दका चेलाहरूद्वारा गरिएको हो । यसमा स्पष्ट छ– यज्ञ गर्ने अर्थात् धार्मिक अनुष्ठान गर्ने यजमानहरू अर्थात् भक्तहरूका

लागि परमात्माले सारा बाटाहरू सुगम तुल्याउँदै अर्थात् जीवनरूपी यात्रा मार्गलाई दुःख रहित तुल्याएर सुगम बनाउँदै, तिनका विघ्नहरू अर्थात् सङ्कटहरू मर्दन गर्दछन्, अर्थात् सङ्कटहरू समाप्त गर्दछन् । भक्तहरूलाई पवित्र अर्थात् पाप तथा विकार रहित बनाउँछन् । जस्तो यसपछिको मन्त्रमा भनिएको छ– जुन परमात्मा द्यूलोक अर्थात् सत्यलोकको तेस्रो पृष्ठमा विराजमान छन्, त्यहाँ परमात्माको शरीरको प्रकाश अत्यधिक छ । उदाहरणका लागि- परमात्माको एक रोम (शरीरको रौं) को प्रकाश करोड सूर्य तथा त्यत्ति नै चन्द्रमाहरूको संयुक्त प्रकाशभन्दा पनि बढी छ । यदि ती परमात्मा त्यही प्रकाशयुक्त शरीरबाट पृथ्वीमा प्रकट भए भने हाम्रो चर्मचक्षु (दृष्टि) ले देख्न सक्दैन । जस्तो उल्लुले दिनको सूर्यको प्रकाशको कारणले केही देख्न नसके जस्तै दशा मानिसहरूको पनि हुन्छ । त्यसैले ती परमात्मा आफ्नो रूप अर्थात् शरीरको प्रकाशलाई सरल तुल्याउँदै परमात्मा बस्नु भएको स्थानबाट गतिमान भई बिजुली तुल्य क्रिडा अर्थात् लीला गर्दै हिंडेर आउँछन्, श्रेष्ठ पुरुषहरूलाई भेट्छन् । यो पनि स्पष्ट छ कि वहाँ कविः अर्थात् कविर्देव हुनु हुन्छ । हामी उहाँलाई कबीर साहब भन्छौं ।

असश्चतः शतधारा अभिश्रियो हरिं नवन्तेऽव ता उदन्युवः ।
क्षिपो मृजन्ति परि गोभिरावृतं तृतीये पृष्ठे अधि रोचने दिवः ॥२७॥

पदार्थः—(उदन्युवः) प्रेम की (ताः) वे (शतधाराः) सैकड़ों धारायें (असश्चतः) जो नानारूपों में (अभिश्रियः) स्थिति को लाभ कर रही हैं । वे (हरिं) परमात्मा को (अवनवन्ते) प्राप्त होती हैं । (गोभिरावृतं) प्रकाशपुञ्ज परमात्मा को (क्षिपः) बुद्धिवृत्तियाँ (मृजन्ति) विषय करती हैं । जो परमात्मा (दिवस्तृतीये पृष्ठे) द्युलोक के तीसरे पृष्ठ पर विराजमान है और (रोचने) प्रकाशस्वरूप है, उसको बुद्धिवृत्तियाँ प्रकाशित करती हैं ॥२७॥

विवेचनः– यो फोटोकपी ऋग्वेद मण्डल ९ सूक्त ८६ मन्त्र २७ को हो । यसमा स्पष्ट छ– परमात्मा द्यूलोक अर्थात् अमरलोकको तेस्रो पृष्ठ अर्थात् भागमा विराजमान छन् । सत्यलोक अर्थात् शाश्वत स्थानमा तीन भाग छ । एक भागमा वन, पहाड, झरना, बगैंचा आदि छन् । यो बाह्य अर्थात् बाहिरी भाग हो । (जस्तो भारतको राजधानी दिल्ली पनि बाहिरी दिल्लीमा गाउँ, खेत, र नहरहरू गरी तीन भागमा बाँडिएको छ । दोस्रो भागमा बजार बनेको छ र तेस्रो भागमा संसद भवन अर्थात् कार्यलयहरू छन् ।)

यस पश्चात् द्युलोकमा बस्तीहरू छन् । मोक्षप्राप्त हंस आत्माहरू सपरिवार बस्छन् । (पृथ्वीमा भक्तलाई भक्तात्मा भने झैं सत्यलोकमा हंसात्मा भनिन्छ।) तेस्रो भागमा सर्वोपरि परमात्माको सिंहासन छ । त्यसका आसपासमा केवल नरात्माहरू

रहन्छन् । त्यहाँ स्त्री पुरुषको जोडी छैन । तिनीहरूले यदि परिवार चाहे भने शब्द (वचन) द्वारा केवल पुत्र उत्पन्न गर्छन् । यसरी शाश्वत् स्थान अर्थात् सत्यलोकलाई परमात्माले तीन भागमा बाँडेका छन् । त्यहाँ यानी सतलोकमा प्रत्येक स्थानमा रहनेहरूमा वृद्धावस्था छैन, त्यहाँ मृत्यु छैन । त्यसैले गीता अध्याय ७ श्लोक २९ मा भनिएको छ– जसले जरा अर्थात् वृद्ध अवस्था तथा मरण अर्थात् मृत्युबाट छुट्ने प्रयत्न गर्दछ, तिनले तत् ब्रह्म अर्थात् परम अक्षर ब्रह्मलाई जान्दछन् । सत्यलोकमा सत्यपुरूष रहन्छन्, त्यहाँ जरा-मरण छैन, बच्चा युवा भएपछि सदा युवा रहि रहन्छ ।

(प्रमाण ऋग्वेद मण्डल ९ सूक्त ८२ मन्त्र १ - २)

असावि सोमो अरुषो वृषा हरी राजेव दस्मो अभि गा अचिक्रदत् ।
पुनानो वारं पर्येत्यव्ययं श्येनो न योनिं घृतवन्तमासदम् ॥१॥

पदार्थः—(सोमः) जो सर्वोत्पादक प्रभु (अरुषः) प्रकाशस्वरूप (वृषा) सद्गुणों की वृष्टि करने वाला (हरिः) पापों के हरण करने वाला है, वह (राजेव) राजा के समान (दस्मः) दर्शनीय है। और वह (गाः) पृथिव्यादि लोक-लोकान्तरों के चारों ओर (अभि अचिक्रदत्) शब्दायमान हो रहा है। वह (वारं) वरणीय पुरुष को जो (अव्ययं) दृढ़भक्त है उसको (पुनानः) पवित्र करता हुआ (पर्य्येति) प्राप्त होता है। (न) जिस प्रकार (श्येनः) विद्युत् (घृतवन्तं) स्नेहवाले (आसदं) स्थानों को (योनिं) आधार बनाकर प्राप्त होता है। इसी प्रकार उक्त गुण वाले परमात्मा ने (असावि) इस ब्रह्माण्ड को उत्पन्न किया ॥१॥

कविर्वेधस्या पर्येषि माहिनमत्यो न मृष्टो अभि वाजमर्षसि ।
अपसेधन्दुरिता सोम मृळय घृतं वसानः परि यासि निर्णिजम् ॥२॥

पदार्थः—हे परमात्मन् ! (वेधस्या) उपदेश करने की इच्छा से आप (माहिनं) महापुरुषों को (पर्येषि) प्राप्त होते हो। और आप (अत्यः) अत्यन्त गतिशील पदार्थ के (न) समान (अभिवाजं) हमारे आध्यात्मिक यज्ञ को (अभ्यर्षसि) प्राप्त होते हैं। आप (कविः) सर्वज्ञ हैं (मृष्टः) शुद्ध स्वरूप हैं (दुरिता) हमारे पापों को (अपसेधन्) दूर करके (सोम) हे सोम ! (मृळय) आप हमको सुख दें। और (घृतं वसानः) प्रेम-भाव को उत्पन्न करते हुए (निर्णिजं) पवित्रता को (परियासि) उत्पन्न करें ॥२॥

विवेचनः– माथि ऋग्वेद मण्डल ९ सूक्त ८२ मन्त्र १ - २ को फोटोकपी छ । यो अनुवाद महर्षि दयानन्द जी को दिशा-निर्देशबाट उनैका चेलाहरूले गरेका हुन् र सार्वदेशिक आर्य प्रतिनिधि सभा दिल्लीबाट प्रकाशित भएको छ ।

यसमा स्पष्ट छः— मन्त्र १ मा भनेका छन्— साराको उत्पत्ति गर्ने परमात्मा तेजोमय शरीरयुक्त छन्, पाप नाश गर्ने र सुखको वर्षा गर्ने अर्थात् सुखको झरी लगाउने हुन्, हेर्दा राजातूल्य देखिने उनी माथि सत्यलोकमा सिंहासनम बसेका छन्,

यही प्रमाण सूक्ष्म वेदमा पनि छः—

अर्श कुर्श पर सफेद गुमट है, जहाँ परमेश्वरका डेरा ।
श्वेत छत्र सिर मुकुट विराजे, देखत न उस चेहरे नूं ॥

यही प्रमाण बाईबल ग्रन्थ तथा कुर्आन शरीफमा पनि छ— परमात्माले ६ दिनमा सृष्टि रचे र सातौं दिन माथि आकाशमा तख्त अर्थात् सिंहासनमा विराजमान भए। (बाईबलको उत्पत्ति ग्रन्थ २/२६-३० तथा कुर्आन शरीफको सुर्त फुर्कानि २५ आयात ५२ देखि ५९ मा छ ।)

ती परमात्मा आफ्नो अमर धामबाट आएर पृथ्वीमा शब्द वाणीद्वारा ज्ञान सुनाउँछन् । उनी वरणीय अर्थात् आदरणीय श्रेष्ठ व्यक्तिहरूलाई भेट्छन् । जस्तो १. सन्त धर्मदास जी (बाँधवगढ, मध्य प्रदेश) लाई भेटे । २. सन्त मलूक दास जीलाई भेटे । ३. सन्त दादू दास जी (आमेर, राजस्थान) लाई भेटे, ४. सन्त नानक देव जीलाई भेटे, ५. सन्त गरीब दास जी (छुडानी, झज्जर, हरियाणा) लाई भेटे, ६. सन्त घिसा दास जी— खेखडा, बागपत, उत्तर प्रदेश) लाई भेटे, ७. सन्त जम्भेश्वर जी (विश्नोई धर्मका प्रवर्तक लाई समराथल गाउँ राजस्थान) मा भेटे ।

ती परमात्माले असल आत्माहरूलाई भेट्छन् । परमात्माका दृढ आत्माप्रति उनको विशेष आकर्षण रहन्छ । उदाहरण पनि बताएका छन्— जस्तो विद्युत अर्थात् आकाशीय बिजुली स्नेहार्द्र स्थानहरूलाई आधार बनाएर झर्दछ । जस्तो काँशको थालीमा चट्याङ झर्छ । पहिले काँशको धातुको कचौरा, ग्लास, थाली, अम्खरा आदि वर्षातको समयमा तुरून्त उठाएर घरभित्र राख्थे । बूढापाकाहरू काँशका भाँडाहरूमा धेरै जसो चट्याङ झर्छ भन्थे, त्यसैगरी परमात्मा आफ्ना प्रिय भक्तहरू प्रति आकर्षित भएर भेट्दछन् ।

मन्त्र नं. २ मा यो पनि स्पष्ट गरिएको छ— परमात्मा ती असल आत्माहरूलाई उपदेश दिने इच्छाले पनि आफै महापुरूषहरूलाई भेट्छन् । उपदेशको भावार्थः परमात्माले तत्त्वज्ञान सुनाएर तिनलाई दीक्षा पनि दिन्छन् । तिनका सतगुरू पनि स्वयम् परमात्मा हुन्छन् । यो पनि स्पष्ट छ कि परमात्मा अत्यन्त गतिशील पदार्थ अर्थात् विद्युत् समान तिव्रगामी भएर हाम्रा धार्मिक अनुष्ठानहरूमा पुग्दछन् । १. यस सम्बन्धी धर्मदास जीसँग गरिएको चर्चा पछिल्ला पृष्ठहरूमा पढ्नु हुने छ । जसमा परमात्माले यही भन्नु भएको थियो— म धार्मिक अनुष्ठान भएको ठाउँमा अवश्य जान्छु किनकि मेरो अनुपस्थितिमा कालले कुनै पनि उपद्रव मच्चाउन सक्छ । जसकारणले साधकहरूको आस्था परमात्माबाट छुट्छ । मेरो उपस्थितिमा उसले यस्तो कुनै गडबडी गर्न सक्दैन । त्यसैले गीता अध्याय ३ श्लोक १५ मा भनिएको छ— ब्रह्मलाई पनि उत्पन्न गरेका ती

अविनाशी परमात्मा सदा नै यज्ञमा प्रतिष्ठित हुन्छन् अर्थात् धार्मिक अनुष्ठानहरूमा उनैलाई ईष्ट रूप मानेर आरती स्तुति गर्नु पर्छ ।

यस ऋग्वेद मण्डल ९ सूक्त ८२ मन्त्र २ मा यो पनि स्पष्ट छ– उनी (कविर्वेधस्य) कविर्देव हुन्, जो सबैलाई उपदेश दिने इच्छाले आउछन्, उनी पवित्र परमात्मा हुन् । हाम्रा पापहरू मेटाएर अर्थात् नाश गरेर हे अमर परमात्मा । हजुर हामीलाई सुख दिनु होस् र (घृतम् वसानः निर्निजम् परियसि) हामी हजुरका सन्तान हौं । हामीप्रति त्यो वात्सल्यपूर्ण प्रेम भाव उत्पन्न गर्दै त्यही (निर्निजम्) सुन्दर रूपलाई (परियासि) उत्पन्न गर्नु होस् अर्थात् हामीलाई आफ्ना बच्चा सम्झेर पहिले र जत्तिखेर चाह्‍यो त्यत्तिखेर आफ्ना प्यारा आत्माहरूलाई प्रकट भएर भेट्नु हुन्थ्यो, त्यसैगरी हामीलाई पनि दर्शन दिनु होस् ।

(प्रमाण ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र १६-२०)

स्वायुधः सोतृभिः पूयमानोऽभ्यर्ष गुह्यं चारु नाम ।
अभि वाजं सप्तिरिव श्रवस्याभि वायुमभि गा देव सोम ॥१६॥

पदार्थः—हे परमात्मन् ! (गुह्यम्) सर्वोपरि रहस्य (चारु) श्रेष्ठ (नाम) जो तुम्हारी संज्ञा है । (अभ्यर्ष) उसका ज्ञान करायें । आप (सोतृभिः पूयमानः) उपासक लोगों से स्तूयमान हैं । (स्वायुधः) स्वाभाविक शक्ति से युक्त हैं और (सप्तिरिव) विद्युत् के समान (श्रवस्याभि) ऐश्वर्य के सम्मुख प्राप्त कराइये और (वायुमभि) हमको प्राणों की विद्या का वेत्ता बनाइये । (देव) हे सर्वशक्ति-सम्पन्न परमेश्वर । हमको (गाः) इन्द्रियों के (अभिगमय) नियमन का ज्ञाता बनाइये ॥१६॥

शिशुं जज्ञानं हर्यतं मृजन्ति शुम्भन्ति वह्निं मरुतो गणेन ।
कविर्गीर्भिः काव्येना कविः सन्त्सोमः पवित्रमत्येति रेभन् ॥१७॥

पदार्थः—(शिशुम्) "श्यति सूक्ष्मं करोति प्रलयकाले जगदिति शिशुः परमात्मा" उस परमात्मा को (जज्ञानम्) जो सदा प्रकट है, (हर्यतः) जो अत्यन्त कमनीय है, उसको उपासक लोग (मृजन्ति) बुद्धिविषय करते हैं और (शुम्भन्ति) उसकी स्तुति द्वारा उसके गुणों का वर्णन करते हैं और (मरुतः) विद्वान् लोग (वह्निम्) उस गतिशील परमात्मा का (गणेन) गुणों के गणों द्वारा वर्णन करते हैं और (कविः) कवि लोग (गीर्भिः) वाणी द्वारा और (काव्येन) कवित्व से उसकी स्तुति करते हैं । (सोमः) सोमस्वरूप (पवित्रम्) पवित्र वह परमात्मा (रेभन्, सन्) गर्जता हुआ (अत्येति) अति-कारणावस्था में अतिसूक्ष्म प्रकृति को अतिक्रमण करता है ॥१७॥

ऋग्वेद मण्डल ९ सूक्त ९६-को मन्त्र १६ मा भनिएको छ– हे परमात्मन् ! हजुर आफ्नो श्रेष्ठ गुप्त नामको ज्ञान गराउनु होस् । त्यो नाम मन्त्र १७ मा बताइएको छ–

ती कविः अर्थात् कविर्देव हुन ।

केवल नेपालीः– (शिशुम् जज्ञानम् हर्यन्तम्) परमेश्वर जानी-बुझि तत्त्वज्ञान बताउने उद्देश्यले शिशु रूपमा प्रकट हुन्छन्, उनको ज्ञान सुनेर (मरूतो गणेन) भक्तहरूको धेरै ठूलो समूह ती परमात्माका अनुयायी बन्छन् । (मृजन्ति शुम्यन्ति वहिन्) त्यो ज्ञान बुद्धिजीवी मानिसहरूले बुझ्दछन्, तिनीहरूले ती परमेश्वरको स्तुति भक्ति तत्त्वज्ञानका आधारले गर्दछन्, त्यो भक्ति (वहिन्) शीघ्र लाभ दिने खालको हुन्छ । ती परमात्मा आफ्नो तत्त्वज्ञानलाई (काव्येना) कवित्वद्वारा अर्थात् कविहरू जसरी दोहा, शब्द, लोकोक्ति तथा चौपाइहरूद्वारा (कविर् गीर्भिः) कविर वाणीद्वारा अर्थात् कबीर बाणीद्वारा (पवित्रम् अतिरेमन्) शुद्ध ज्ञानलाई उच्च स्वरमा गर्जी-गर्जी बोल्दछन् । ती (कविः) कविको जस्तो आचरण गर्ने कविर्देव (सन्त्) सन्त रूपमा प्रकट (सोम) अमर परमात्मा हुन्छन् । (ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र १७) विशेषः– यस मन्त्रको मूल पाठमा दुई पटक "कवि" शब्द छ, आर्य समाजका अनुवादकहरूले एउटा (कविः) शब्दको अर्थ नै लेखेका छैनन् ।

ऋषिमना य ऋषिकृत्स्वर्षाः सहस्रणीथः पदवीः कवीनाम् ।
तृतीयं धाम महिषः सिषासन्त्सोमो विराजमनु राजति ष्टुप् ॥१८॥

पदार्थः—(सोमः) सोमस्वरूप परमात्मा (सिषासन्) पालन की इच्छा करता हुआ (महिषः) जो महान् है वह परमात्मा (तृतीयं, धाम) देवयान और पितृयान इन दोनों से पृथक तीसरा जो मुक्तिधाम है। उसमें (विराजम्) विराजमान जो ज्ञानयोगी है उसको (अनुराजति) प्रकाश करने वाला है और (स्तुप्) स्तूयमान है। (कवीनाम्, पदवीः) जो क्रान्तदर्शियों की पदवी अर्थात् मुख्य स्थान है और (सहस्रणीथः) अनन्त प्रकार से स्तवनीय है, (ऋषिमनाः) सर्वज्ञान के साधनरूप मनवाला वह परमात्मा (यः) जो (ऋषिकृत्) सब ज्ञानों का प्रदाता (स्वर्षाः) सूर्यादिकों को प्रकाशक है। वह जिज्ञासु के लिए उपासनीय है ॥१८॥

विवेचनः– यो ऋग्वेद मण्डल ९, सूक्त ९६ मन्त्र १८ को फोटोकपी हो । यसको अनुवाद महर्षि दयानन्द जीका अनुयायीहरूले गरेका हुन् । सार्वदेशिक आर्य प्रतिनिधि सभा दिल्लीद्वारा प्रकाशित छ । यसको अनुवादमा आर्यसमाजका आचार्यहरूले थुप्रै गल्तिहरू गरेका छन् । हामी संस्कृत पनि बुझ्न सक्छौ । विवेचन तथा यथार्थ अनुवाद एवं भावार्थ स्पष्ट गर्दछु । मन्त्र १७ मा भनिएको छ– ऋषि वा सन्त रूपमा प्रकट भएर परमात्माले आफ्नै मुख कमलद्वारा अमृतवाणी भन्छन् र त्यो ज्ञान बुझेर अनेकौं अनुयायीहरूको समुह बन्छ । (य) परमात्माले तत्त्वज्ञानका जुन वाणी सुनाउंछन्, ती (ऋषिकृत्) ऋषि रूपमा प्रकट परमात्मा कृत (सहंस्रणीयः) हजारौं वाणीहरू अर्थात्

कबीर वाणीहरू (ऋषिमना) ऋषि स्वभाव भएका भक्तहरूका लागि (स्वर्षाः) आनन्ददायक हुन्छ । (कविनाम, पदवीः) कवित्वद्वारा दोहाहरू, चौपाइहरूमा वाणी बोल्ने भएकाले ती परमात्माले प्रसिद्ध कविहरूमध्ये एक कविको पदवी पनि प्राप्त गर्ने छन् । ती (सोम) अमर परमात्मा (सिषासन्) साराको पालनको ईच्छा गर्दै प्रथम स्थितिमा (महिषः) ठूलो पृथ्वी अर्थात् माथिको लोकहरूमा (तृतीयम् धाम) तेस्रो धाम अर्थात् सत्यलोकको तेस्रो पृष्ठमा (अनुराजति) तेजोमय शरीरयुक्त (स्तुप) गुम्बजमा (विराजम्) विराजमान छन्, त्यहाँ बसेका छन् । यही प्रमाण ऋग्वेद मण्डल ९ सूक्त ५४ मन्त्र ३ मा छ– परमात्मा सबै लोकहरूको माथिको लोकमा विराजमान छन्, (तिष्ठन्ति) बसेका छन् ।

चमूषच्छ्येनः शकुनो विभृत्वा गोविन्दुर्द्रप्स आयुधानि बिभ्रत् ।
अपामूर्मिं सचमानः समुद्रं तुरीयं धाम महिषो विवक्ति ॥१९॥

पदार्थः—(अपामूर्मिम्) प्रकृति की सूक्ष्म से सूक्ष्म शक्तियों के साथ (सच-मानः) जो संगत है और (समुद्रम्) "सम्यक् द्रवन्ति भूतानि यस्मात् स समुद्रः" जिससे सब भूतों की उत्पत्ति, स्थिति और प्रलय होता है। वह (तुरीयम्) चौथा (धाम) परमपद परमात्मा है । उसको (महिषः) मह्यते इति महिषः महिष इति महन्नामसु पठितम् नि० ३—१३ । महापुरुष उक्त तुरीय परमात्मा का (विवक्ति) वर्णन करता है । वह परमात्मा (चमूषत्) जो प्रत्येक बल में स्थित है (श्येनः) सर्वोपरि प्रशंसनीय है और (शकुनः) सर्वशक्तिमान् है । (गोविन्दुः) यजमानों को तृप्त करके जो (द्रप्सः) शीघ्रगति वाला है (आयुधानि, बिभ्रत्) अनन्त शक्तियों को धारण करता हुआ इस सम्पूर्ण संसार का उत्पादक है ॥१९॥

विवेचनः– ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र १९ को पनि आर्यसमाजका विद्वानहरूले अनुवाद गरेका हुन् । यसमा पनि थुप्रै त्रुटि छन् । पुस्तक विस्तार हुने भएकाले केवल आफ्नो मतलबको जानकारी प्राप्त गरौं ।

यस मन्त्रमा चौथो धामको वर्णन छ, जुन तपाईंले सृष्टि रचनामा पढ्नु हुने छ । त्यसमा पूर्ण जानकारी छ । यसै पुस्तकको पृष्ठ १२० पढ्नु होस् ।

परमात्माले माथिका चार लोकहरू अजर-अमर रचेका छन् । १. अनामी लोक- जुन सबैभन्दा माथि छ । २. अगम लोक ३. अलख लोक ४. सत्यलोक

हामी पृथ्वी लोकमा छौं, यहाँबाट माथिका लोकहरू गन्यौं भने १. सत्यलोक २. अलख लोक ३. अगम लोक तथा ४. अनामी लोक भनेर गनिन्छ । त्यस चौथो धाममा बसेर परमात्माले सम्पूर्ण ब्रह्माण्डहरू तथा लोकहरूको रचना गर्नु भयो । शेष रचना सत्यलोकमा बसेर गर्नु भएको थियो । आर्यसमाजका अनुवादकहरूले तुरिया परमात्मा अर्थात् चौथे परमात्माको वर्णन गरेका छन् । यो चौथो धाम हो । त्यसमा मूल पाठ

मन्त्र १९ को भावार्थ यस्तो छ– तत्त्वदर्शी सन्तले चौथो धाम तथा चौथो परमात्माको (विवक्ति) भिन्न-भिन्न वर्णन गर्दछन् । पाठकजन ! कृपया यसै पुस्तकको पृष्ठ १२० मा सृष्टि रचना पढ्नु होस्, जसबाट तपाईहरूलाई लेखक (सन्त रामपाल दास) नै ती तत्त्वदर्शी सन्त हुन्, जो तत्त्वज्ञानसँग परिचित छन् भन्ने ज्ञान हुन्छ ।

मर्यो न शुभ्रस्तन्वं मृजानोऽत्यो न सृत्वा सनये धनानाम् ।
वृषेव यूथा परि कोशमर्षन्कनिक्रदच्चम्वोऽरा विवेश ।।२०।।

पदार्थः—वह परमात्मा (यूथा, वृषेव) जिस प्रकार एक संघ को उसका सेनापति प्राप्त होता है, इसी प्रकार (कोशम्) इस ब्रह्माण्डरूपी कोश को (अर्षन्) प्राप्त होकर (कनिक्रदत्) उच्च स्वर से गर्जता हुआ (चम्वोः) इस ब्रह्माण्ड रूपी विस्तृत प्रकृति-खण्ड में (पर्याविवेश) भली-भांति प्रविष्ट होता है और (न) जैसे कि (मर्यः) मनुष्य (शुभ्रस्तन्वं, मृजानः) शुभ्र शरीर को धारण करता हुआ (अत्योन) अत्यन्त गतिशील पदार्थों के समान (सनये) प्राप्ति के लिए (सृत्वा) गतिशील होता हुआ (धनानाम्) धनों के लिए कटिबद्ध होता है; इसी प्रकार प्रकृति-रूपी ऐश्वर्य को धारण करने के लिए परमात्मा सदैव उद्यत है ।।२०।।

विवेचनः– ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र २० को यथार्थ ज्ञान जानौं:–

यस मन्त्रको अनुवाद महर्षि दयानन्दका चेलाहरूले गरेका हुन्, यिनको दृष्टिकोण परमात्मा निराकार छन् भन्ने छ किनकि महर्षि दयानन्द जीले परमात्मा निराकार छन् भन्ने कुरालाई दृढ तुल्याएका छन् । त्यसैले अनुवादकले सरल मन्त्रको अनुवाद घुमाइ फिराइ लेखेका छन् । जस्तो मूल पाठमा लेखिएको छः–

मर्य न शुभ्रः तन्वा मृजानः अत्यः न सृत्वा सनये धनानाम् ।
वृर्षेव यूथा परि कोशम् अर्षन् कनिक्रदत् चम्वो अविवेश ।।

अनुवादः– जस्तो (मर्यः न) मनुष्यले सुन्दर वस्त्र धारण गर्दछ, त्यस्तै परमात्माले मनुष्य समान (शुभ्रः तन्व) सुन्दर शरीर (मृजानः) धारण गरेर (अत्यः) अत्यन्त गतिले हिंडेर (सनये धनानाम्) भक्ति धनका धनीहरू अर्थात् पुण्य आत्माहरू (सनये) प्राप्त गर्नका लागि आउँछन् । (यूथा वृषेव) जस्तो कुनै एक समुदायले उनीहरूको सेनापति पाए जस्तै ती परमात्मा सन्त एवं ऋषि रूपमा प्रकट हुन्छन्, तब उनको थुप्रै सङ्ख्यामा अनुयायी बन्छन् र परमात्मा तिनका गुरु रूपमा मुखिया हुन्छन् । ती परमात्मा (परि कोशम्) प्रथम ब्रह्माण्डमा (अर्षन्) प्राप्त भएर अर्थात् आएर (कनिक्रदत्) ठूलो स्वरमा सत्यज्ञान उच्चारण गर्दै (चम्वोः) पृथ्वी खण्डमा (अविवेश) प्रविष्ट हुन्छन् ।

भावार्थः– जस्तो अगाडि उल्लेख गरिएका वेद मन्त्रहरूमा भनिएको छ– परमात्मा माथिका लोकमा रहन्छन्, त्यहाँबाट गतिमान भएर, आफ्नो रूप अर्थात् शरीरको तेजलाई

सरल तुल्याएर पृथ्वीमा आउँछन् । यस ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र २० मा त्यसैको पुष्टि गरी भनिएको छ– परमात्मा मनुष्यले वस्त्र धारण गरे जस्तै अन्य शरीर धारण गरेर मानव रूपमा पृथ्वीमा आउँछन् र (धनानाम्) दृढ भक्त (असल पुण्य आत्मा) हरूलाई भेट्छन्, तिनलाई वाणी उच्चारण गरेर तत्वज्ञान सुनाउँछन् ।

विवेचनः– यी ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र १६-२० का फोटोकपीहरू हुन् । यिनका हिन्दी अनुवाद आर्यसमाजका प्रवर्तक महर्षि दयानन्द सरस्वतिको दिशा-निर्देशमा उनका आर्यसमाजी शिष्यहरूले गरेका हुन् । यो अनुवाद केही मात्रामा ठीक र अधिक मात्रामा गलत छ । पहिले थुप्रै सही तथा अलि-अलि गलत थियो, जुन मैले शुद्ध पारी विवेचनमा लेखि दिएँ । अब बढी गलत भएका श्लोकहरूका अर्थ शुद्ध पारी लेख्छु ।

ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र १६ मा भनिएको छः–

हे परमात्मा ! हजुरको जुन गुप्त वास्तविक (चारू) श्रेष्ठ (नाम) नाम छ, त्यसको ज्ञान गराउनु होस् । प्रिय पाठकहरू ! जस्तो भारतको राजालाई प्रधानमन्त्री भनिन्छ, यो उनको पदवीको प्रतीक हो । उनको वास्तविक नाम अरू नै हुन्छ । जस्तो पहिलो प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरू जी थिए । "जवाहरलाल" उनको वास्तविक नाम हो । यस मन्त्र १६ मा भनि्एको छ– हे परमात्मा ! हजुरको जुन वास्तविक नाम छ त्यो (सोतृमि) उपासनागर्ने (स्व आयुधः) स्वचालित शस्त्र समान (पूयमानः) अज्ञान रूपी गन्धलाई नाश गर्ने पाप नाशक हो । हजुर आफ्नो त्यो सत्य मन्त्रको ज्ञान हामीलाई गराउनु होस् । (देव सोम) हे अमर परमेश्वर ! हजुरको त्यो मन्त्र स्वास द्वारा नाक आदि (गाः) इन्द्रियहरूद्वारा (वासुम् अभि) स्वाँस-उस्वाँस द्वारा जपनाले (सप्तिरिव = सप्तिः इव) विद्युत जस्तो गतिले अर्थात् शीघ्रता पूर्वक (अभिवाज) भक्ति धनले परिपूर्ण गरेर (श्रवस्यामि) ऐश्वर्य तथा मोक्ष उपलब्ध गराउनु होस् ।

प्रिय पाठकहरूसँग नम्र निवेदन छ । यस ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र १६ को अनुवादमा थुप्रै गल्तीहरू थिए, जुन शुद्ध गरिएको छ । प्रमाणका लागि मूल पाठमा भएको "अभीवाज" शब्दको अनुवाद गरिएको छैन । यसको स्थानमा "अभिगमय" शब्दको अर्थ जोडिएको छ, जुन मूल पाठमा छैन ।

विवेचनः– ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र १७ को अनुवादमा पनि थुप्रै गल्तीहरू छन् जुन आर्य समाजीहरूद्वारा अनुवाद गरिएको हो ।

अब शुद्ध पारेर लेख्छुः–

जस्तो पूर्वोक्त ऋग्वेद मण्डल ९ सूक्त ८६ तथा ८२ को मन्त्रहरूमा प्रमाण छः– द्यूलोकको तेस्रो स्थानमा विराजमान परमात्मा आफ्नो शाश्वत स्थानबाट हिँडेर पृथ्वीमा जानी-बुझी कुनै खास उद्देश्यले प्रकट हुन्छन् । परमात्माले सम्पूर्ण ब्रह्माण्डहरूमा बसेका प्राणीहरूको पालन-पोषण तीन स्थितिमा गर्दछन् । १. परमात्मा माथि सत्यलोक अर्थात् अविनाशी धाममा सिंहासन (तख्त) मा बसेर सम्पूर्ण ब्रह्माण्डहरू सञ्चालन गर्दछन् । २. आफूले चाहेको समयमा साधु सन्तको रूपमा आफ्नो शरीरको तेजलाई सरल तुल्याएर असल आत्माहरूलाई भेट्दछन् । ३. प्रत्येक युगमा कुनै जलाशयमा फुलेको कमलको

फूलमा नवजात शिशुको रूप बनाएर प्रकट हुन्छन्, त्यहाँबाट निःसन्तान दम्पतिले आफ्नो घर लैजान्छन् । बाल्यकालदेखि नै ती परमात्माले तत्त्वज्ञान अर्थात् आफ्नो वास्तविक भक्ति ज्ञान चौपाइहरू, दोहाहरू, साखीहरू एवं कविताहरूको रूपमा सुनाउँछन् । जस्तो सन् १३९८ विं सं. १४५५ मा परमात्मा आफ्नो निज स्थानाट हिँडेर भारत वर्षको काशी शहरभन्दा बाहिर लहरतारा नामक जलाशयमा कमलको फूलमा शिशु रूप धारण गरेर प्रकट हुनु भयो । त्यहाँबाट नीरू-नीमा जुलाहा दम्पत्तिले घर लगे । विस्तारै परमात्मा हुर्कनु भयो । कबीर वाणी बोलेर ज्ञान सुनाउनु भएको थियो । प्रमाण ऋग्वेद मण्डल ९ सूक्त १ मन्त्र ९ मा छ, जुन आर्य समाजका आचार्यहरूद्वारा अनुवाद गरिएको हो । त्यसमा पनि केही गल्तीहरू छन्, धेरै होइन । कृपया ऋग्वेद मण्डल ९ सूक्त १ मन्त्र ९ को फोटोकपी पढ्नु होस् ।

> अभीममघ्न्या उत श्रीणन्ति धेनवः शिशुम् ।
> सोममिन्द्राय पातवे ॥९॥
>
> पदार्थः—(इमं) उस (सोमं) सौम्यस्वभाव वाले श्रद्धालु पुरुष को (शिशुं) कुमारावस्था में ही (अभि) सब प्रकार से (अघ्न्याः) अहिंसनीय (धेनवः) गौवें (श्रीणन्ति) तृप्त करती हैं (इन्द्राय) ऐश्वर्य्य की (पातवे) वृद्धि के लिये । (उत) अथवा उक्त श्रद्धालु पुरुष को अहिंसनीय वाणियें ऐश्वर्य्य की प्राप्ति के लिये संस्कृत करती हैं ॥९॥

विवेंचनः— यो फोटोकपी ऋग्वेदमण्डल ९ सूक्त १ मन्त्र ९ को हो । यसमा पनि स्पष्ट छ— (सोम) अमर परमात्मा शिशु रूपमा प्रकट भएपछि उनको पालन-पोषणको लिंला कुमारी गाई (अभि अघ्न्या धेनुवः) द्वारा हुन्छ । यही प्रमाण कबीर सागरको अध्याय 'ज्ञान प्रकाश' मा छ— जो परमेश्वर कबीर जीलाई नीमा-निरूले आफ्नो घर लिएर गए। तब शिशु रूपधारी परमात्माले न अन्न खानु भयो न दूध पिउनु भयो । अनि स्वामी रामानन्द जीले भने अनुसार नीरूले एउटा कुमारी गाई अर्थात् बाच्छी ल्याए, त्यसले तत्काल दूध दियो । त्यस कुमारी गाईको दूधबाट परमेश्वरको पालन-पोषणको लीला भएको थियो । कबीर सागर लगभग ६०० (छ सय) वर्ष पहिले लेखिएको हो । ऋग्वेद मण्डल ९ सूक्त १ मन्त्र ९ को अनुवादमा केही त्रुटिभएको छ । जस्तो (अभिअघ्न्या) को अर्थ अहिंसनीय लेखिएको छ, जुन गलत हो । हरियाणा प्रान्तको रोहतक जिल्ला, धनाना गाउँमा लेखकको जन्म भयो । जुन अहिले सोनिपत जिल्ला पर्छ । यस क्षेत्रमा गर्भधारण नगरेको गाईलाई बिना धनाई भनिन्छ । यो अपभ्रंश शब्द हो । एउटा गाईका लागि 'अघ्नी' शब्दको प्रयोग हुन्छ । बहुवचनका लागि 'अघ्न्या' शब्द प्रयोग हुन्छ । 'अघ्न्या' को अर्थ बहाल नगँएको गाईहरू तथा 'अभिघ्न्या' भनेको पूर्ण रूपमा बहाल नगएको अर्थात् कुमारी गाई अर्थात् बाच्छी हुन्छ ।

अब ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र १७ को शुद्ध अनुवादः– केवल हिन्दीको नेपाली अनुवादः– (शिशुम जज्ञानम् हर्यन्तम्) परमेश्वर जानी-जानी तत्त्वज्ञान बताउने उद्देश्यले शिशु रूपमा प्रकट हुन्छन्, उनको ज्ञान सुनेर (मरूतो गणेन) भक्तहरूको ज्यादै ठूलो समूह ती परमात्माको अनुयायी बन्छन् । (मृजन्ति शुम्यन्ति वहिन्)

त्यो ज्ञान बुद्धिजीवि मानिसहरूले बुझ्दछन् । तिनीहरूले ती परमेश्वरको स्तुति भक्ति तत्त्वज्ञानको आधारले गर्छन्, त्यो भक्ति (वहिन्) शीघ्र लाभ दिने खालको हुन्छ । ती परमात्माले आफ्नो तत्त्वज्ञान (काव्येना) कवित्वद्वारा अर्थात् कविहरू जसरी दोहा, शब्द लोकोक्ति तथा चौपाइहरूद्वारा (कविर् गीर्भि) कविर् वाणीद्वारा अर्थात् कबीर बाणीद्वारा (पवित्रम् अतिरेमन्) शुद्ध ज्ञानलाई ठूलो स्वरमा गर्जी-गर्जी भन्छन् । ती (कविः) कविको जस्तो आचरण गर्ने कविर्देव (सन्त्) सन्त रूपमा प्रकट (सोम्) अमर परमात्मा हुन् । (ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र १७)

विशेषः यस मन्त्रको मूल पाठमा दुई पटक "कविः" शब्द छ तर आर्यसमाजका अनुवादकर्ताहरूले एउटा (कविः) को अर्थ लेखेका छैनन् ।

विवेचनः– ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र १८ मा गरिएको विवेचनको अनुवादमा पनि थुप्रै गल्तिहरू छन् । म संस्कृत पनि बुझ्न सक्छु । विवेचन तथा यथार्थ अनुवाद एवं भावार्थ स्पष्ट गर्दछु । मन्त्र १७ मा भनिएको छ– ऋषि वा सन्त रूपमा प्रकट भएर परमात्माले आफ्नै मुख कमलद्वारा अमृतवाणी भन्छन् र त्यो ज्ञान बुझेर अनेकौं अनुयायीहरूको समुह बन्छ । (य) परमात्माले तत्त्वज्ञानका जुन वाणी सुनाउँछन्, ती (ऋषिकृत्) ऋषि रूपमा प्रकट परमात्मा कृत (सहस्रणीयः) हजारौं वाणीहरू अर्थात् कबीर वाणीहरू (ऋषिमना) ऋषि स्वभाव भएका भक्तहरूका लागि (स्वर्षाः) आनन्ददायक हुन्छ । (कविनाम, पदवीः) कवित्वद्वारा दोहाहरू, चौपाइहरूमा वाणी बोल्ने भएकाले ती परमात्माले कविहरूमध्ये प्रसिद्ध कविको पनि पदवी प्राप्त गर्ने छन् । ती (सोम) अमर परमात्मा (सिषासन्) साराको पालनको ईच्छा गर्दै प्रथम स्थित्रिमा (महिषः) ठूलो पृथ्वी अर्थात् माथिको लोकहरूमा (तृतीयम् धाम) तेस्रो धाम अर्थात् सत्यलोकको तेस्रो पृष्ठमा (अनुराजति) तेजोमय शरीरयुक्त (स्तुप) गुम्बजमा (विराजम्) विराजमान छन्, त्यहाँ बसेका छन् । यही प्रमाण ऋग्वेद मण्डल ९ सूक्त ५४ मन्त्र ३ मा छ– परमात्मा सबै लोकहरूको माथिको लोकमा विराजमान छन्, (तिष्ठन्ति) बसेका छन् ।

विवेचनः– ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र १९ को पनि आर्यसमाजका विद्वानहरूले अनुवाद गरेका हुन् । यसमा पनि थुप्रै त्रुटि छन् । पुस्तक विस्तार हुने भएकाले केवल आफ्नो मतलबको जानकारी प्राप्त गरौं ।

यस मन्त्रमा चौथो धामको वर्णन छ, जुन तपाईंले सृष्टि रचनामा पढ्नु हुने छ । त्यसमा पूर्ण जानकारी छ । यसै पुस्तकको पृष्ठ १२० पढ्नु होस् ।

परमात्माले माथिका चार अजर-अमर लोकहरू रच्नु भएको छ । १. अनामी लोक-जुन सबैभन्दा माथि छ । २. अगम लोक ३. अलख लोक ४. सत्यलोक

हामी पृथ्वी लोकमा छौं, यहाँबाट माथिका लोकहरू गन्यौं भने १. सत्यलोक २ अलख लोक ३. अगम लोक तथा ४. अनामी लोक हुन्छ । त्यस चौथो धाममा बसेर परमात्माले सम्पूर्ण ब्रह्माण्डहरू तथा लोकहरूको रचना गर्नु भयो । शेष रचना सत्यलोकमा बसेर गर्नु भएको थियो । आर्यसमाजका अनुवादकहरूले तुरिया परमात्मा अर्थात् चौथे परमात्माको वर्णन गरेका छन् । यो चौथो धाम हो । त्यसमा मूल पाठ मन्त्र १९ को भावार्थ यस्तो छ– तत्त्वदर्शी सन्तले चौथो धाम तथा चौथो परमात्माको (विवक्ति) भिन्न-भिन्न वर्णन गर्दछन् । पाठकजन ! कृपया यसै पुस्तकको पृष्ठ १२० मा सृष्टि रचना पढ्नु होस्, जसबाट तपाईहरूलाई लेखक (सन्त रामपाल दास) नै ती तत्त्वदर्शी सन्त हुन्, जो तत्त्वज्ञानसँग परिचित छन् भन्ने ज्ञान हुन्छ ।

विवेचनः– ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र २० को यथार्थ ज्ञान जानौंः–

यस मन्त्रको अनुवाद महर्षि दयानन्दका चेलाहरूले गरेका हुन्, यिनको दृष्टिकोण परमात्मा निराकार छन् भन्ने छ किनकि महर्षि दयानन्द जीले परमात्मा निराकार छन् भन्ने कुरालाई दृढ तुल्याएका छन् । त्यसैले अनुवादकले सरल मन्त्रको अनुवाद घुमाइ-फिराइ लेखेका छन् । जस्तो मन्त्र २० को मूल पाठमा लेखिएको छः–

मर्य न शभ्रः तन्वा मृजानः अत्यः न सृत्वा सनये धनानाम् ।
वृर्षेव यूथा परि कोशम अर्षन् कनिक्रदत् चम्वो अविवेश ॥

अनुवादः– जस्तो (मर्यः न) मनुष्यले सुन्दर वस्त्र धारण गर्दछ, त्यस्तै परमात्माले मनुष्य समान (शुभ्रः तन्व) सुन्दर शरीर (मृजानः) धारण गरेर (अत्यः) अत्यन्त गतिले (सृत्वा) हिँडेर (सनये धनानाम्) भक्ति धनका धनीहरू अर्थात् पुण्य आत्माहरू (सनये) प्राप्त गर्नका लागि आउँछन् । (यूथा वृषेव) जस्तो कुनै एक समुदायले उनीहरूको सेनापति पाए जस्तै ती परमात्मा सन्त एवं ऋषि रूपमा प्रकट हुन्छन्, तब उनको थुप्रै सङ्ख्यामा अनुयायी बन्छन् र परमात्मा तिनका गुरू रूपमा मुखिया हुन्छन् । ती परमात्मा (परि कोशम्) प्रथम ब्रह्माण्डमा (अर्षन्) प्राप्त भएर अर्थात् आएर (कनिक्रदत्) ठूलो स्वरमा सत्यज्ञान उच्चारण गर्दै (चम्वोः) पृथ्वी खण्डमा (अविवेश) प्रविष्ट हुन्छन् ।

भावार्थः– जस्तो अगाडि उल्लेख गरिएका वेद मन्त्रहरूमा भनिएको छ–परमात्मा माथिका लोकमा रहन्छन्, त्यहाँबाट गतिमान भएर पृथ्वीमा आउँछन्, आफ्नो रूप अर्थात् शरीरको तेजलाई सरल तुल्याएर आउँछन् । यस ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र २० मा त्यसैको पुष्टि गरिएको छ । भनिएको छ– परमात्मा मनुष्यले वस्त्र धारण गरे जस्तै अन्य शरीर धारण गरेर पृथ्वीमा आउँछन् र (धनानाम्) दृढ भक्तहरू (असल पुण्य आत्माहरू) लाई भेट्छन्, तिनलाई वाणी उच्चारण गरेर तत्वज्ञान सुनाउँछन् ।

(प्रमाण ऋग्वेद मण्डल नं. ९ सुक्त ९५ मन्त्र २)

हरिः सृजानः पथ्यामृतस्येयर्ति वाचमरितेव नावम् ।
देवो देवानां गुह्यानि नामाविष्कृणोति बर्हिषि प्रवाचे ॥२॥

पदार्थः—(हरिः) वह पूर्वोक्त परमात्मा (सृजानः) साक्षात्कार को प्राप्त हुआ (ऋतस्य, पथ्यां) वाक्द्वारा मुक्तिमार्ग की (इयर्ति) प्रेरणा करता है। (अरितेव नावम्) जैसा कि नौका के पार लगाने के समय में नाविक प्रेरणा करता है। और (देवानां देवः) सब देवों का देव (गुह्यानि) गुप्त (नामाविष्कृणोति) संज्ञाओं को प्रकट करता है (बर्हिषि प्रवाचे) वाणीरूपी यज्ञ के लिये ॥२॥

ऋग्वेद मण्डल ९ सूक्त ९५ मन्त्र २ को अनुवाद महर्षि दयानन्दका चेलाहरूले गरेका हुन्, जुन धेरै जसो ठीक छ ।

यसको भावार्थः– पूर्वोक्त परमात्मा अर्थात् यस अघिका मन्त्रहरूमा भनिएका परमात्माले (सृजानः) आफ्नो शरीर धारण गरेर (ऋतस्य पथ्या) सत्य भक्तिको मार्ग अर्थात् यथार्थ आध्यात्मिक ज्ञान आफ्नो अमृतमयी वाक् अर्थात् वाणीद्वारा मुक्ति मार्गको प्रेरणा जगाउँछन् ।

त्यो मन्त्र यस्तो छ– जस्तो (अरितेव नावम्) नाविक (माझी) ले डुङ्गामा बसाएर पार गरिदिन्छ, त्यस्तै पारमात्माले सत्यभक्ति मार्गरूपि नाउको माध्यमले साधकलाई संसार रूपी नदी पार गरि दिन्छन् । ती (देवानाम् देवः) सारा देवहरूका देव अर्थात् सारा प्रभुहरूका प्रभु परमेश्वरले (वर्हिषि प्रवाचे) वाणीरूपी ज्ञान यज्ञका लागि (गुह्यानि) गुप्त (नामा आविष्कृणोति) नामहरूको आविष्कार गर्छन् अर्थात् गीता अध्यांय १७ श्लोक २३ मा भनिएको "ॐ तत् सत्" यी गुप्त मन्त्र हुन्, जुन उनै परमेश्वरले (सन्त रामपाल दास) लाई बताउनु भएको हो । उहाँबाट नै पूर्ण मोक्ष सम्भव छ ।

सूक्ष्मवेदमा परमेश्वरले भन्नु भएको छः–

"सोहं" शब्द हम जग में लाए, सारशब्द हम गुप्त छिपाए ।

भावार्थः– परमेश्वर स्वयम्ले "सोहं" शब्द भक्तिका लागि बताउनु भयो । यो सोहं मन्त्र कुनैपनि प्राचीन ग्रन्थ (वेद, गीता, कुर्आन, पुराणः तथा बाईबल) मा छैन ।

फेरि सूक्ष्म वेदमा भन्नु भएको छः–

सोहं उपर और है, सत्य सुकृत एक नाम। सब हंसोका जहाँ बास है, बस्ती है बिन ठाम॥

भावार्थः– सोहं नाम त परमात्माले प्रकट तथा आविष्कार गरि दिनु भयो तर सार शब्द गोप्य राख्नु भएको थियो । अहिले म (लेखक सन्त रामपाल दास) लाई

बताउनु भएको छ, जुन दीक्षाको समयमा साधकलाई बताइन्छ । यसको सम्बन्ध गीता अध्याय १७ श्लोक २३ मा भनिएको "ॐ तत् सत्" सँग छ ।

(प्रमाण ऋग्वेद मण्डल नं. ९ सुक्त ९४ मन्त्र १)

अधि यदस्मिन्वाजिनीव शुभः स्पर्धन्ते धियः सूर्ये न विशः ।
अपो वृणानः पवते कवीयन्व्रजं न पशुवर्धनाय मन्म ।।१।।

पदार्थः—(सूर्य्ये) सूर्य के विषय में (न) जैसे (विशः) रश्मियां प्रकाशित करती हैं । उसी प्रकार (धियः) मनुष्यों की बुद्धियां (स्पर्धन्ते) अपनी-अपनी उत्कट शक्ति से विषय करती हैं । (अस्मिन् अधि) जिस परमात्मा में (वाजिनीव) सर्वोपरि बलों के समान (शुभः) शुभ बल है वह परमात्मा (अपोवृणानः) कर्मों का अध्यक्ष होता हुआ (पवते) सबको पवित्र करता है । (कवीयन्) कवियों की तरह आचरण करता हुआ (पशुवर्धनाय) सर्वद्रष्टृत्व पद के लिए (व्रजं, न) इन्द्रियों के अधिकरण मन के समान 'व्रजन्ति इन्द्रियाणि यस्मिन् तद् व्रजम्' (मन्म) जो अधिकरणरूप है वही श्रेय का धाम है ।।१।।

विवेचनः— ऋग्वेद मण्डल ९ सूक्त ९४ मन्त्र १ को अनुवाद पनि आर्यसमाजका विद्वानहरू द्वारा गरिएको हो ।

विवेचनः— पुस्तक विस्तारलाई ध्यानमा राखेर उनीहरूकै अनुवादबाट आफ्नो मत सिद्ध गर्दछु । जस्तो यसअघि उल्लेख गरिएका वेदमन्त्रहरूमा भनिएको छ— परमात्माले आफ्नो मुखकमलबाट वाणी उच्चारण गरेर तत्त्वज्ञान भन्छन् । लोकोक्तिहरूको माध्यमले कवित्वद्वारा दोहा, शब्द साखी, चौपाइहरूको माध्यमले वाणी भन्नाले प्रसिद्ध कविहरूमध्ये पनि एक कविको उपाधि प्राप्त हुन्छ । उनको नाम कविर्देव अर्थात् कबीर साहेब हो ।

ऋग्वेद मण्डल ९ सूक्त ९४ मन्त्र १ मा पनि यही भनिएको छ— जुन सर्वशक्तिमान परमेश्वर छन्, उनी (कवियन् व्रजम् न) कविको जस्तै आचरण गर्दै पृथ्वीमा विचरण गर्दछन् ।

(प्रमाण ऋग्वेद मण्डल ९ सूक्त २० मन्त्र १)

प्र कविर्देववीतयेऽव्यो वारेभिरर्षति ।
साह्वान्विश्वा अभि स्पृधः ।।१।।

पदार्थः—वह परमात्मा (कविः) मेधावी है और (अव्यः) सबका रक्षक है (देववीतये) विद्वानों की तृप्ति के लिये (अर्षति) ज्ञान को देता है, (साह्वान्) सहनशील है और (विश्वाः, स्पृधः) सम्पूर्ण दुष्टों को संग्रामों में (अभि) तिरस्कृत करता है ।।१।।

विवेचनः– ऋग्वेद मण्डल ९ सूक्त २० मन्त्र १ को अनुवाद पनि आर्यसमाजका विद्वानहरूले गरेका हुन् । यसको अनुवाद थोरै सही र धेरै गलत छ । यसको मूल पाठमा यस्तो लेखिएको छः–

प्र. कविर्देव वीतये अव्यः वारेमि अर्षति सह्वान विश्वा अभि स्पृधः

सरलार्थः– (प्र) वेद ज्ञानदाताभन्दा अर्का जुन (कविर्देव) कविर्देव अर्थात् कबीर परमेश्वर छन्, उनले विद्वान तथा जिज्ञासुहरूलाई (वीतये) ज्ञान धनको तृप्तिका लागि (वारेमिः) श्रेष्ठ आत्माहरूलाई, (अर्षति) ज्ञान दिन्छन् । उनी (अव्यः) अविनाशी हुन्, रक्षक हुन् (साह्वान्) सहनशील (विश्वाः) तत्त्वज्ञानहीन सम्पूर्ण दुष्टहरूलाई (स्पृधः) अध्यात्म ज्ञानको कृपा स्पृधा अर्थात् ज्ञान गोष्ठी रूपी वाक् युद्धमा (अभि) पूर्ण रूपले तिरस्कृत गर्दछन् । उनीहरूको बोली बन्द गरि दिन्छन् ।

विशेषः– (क) यस मन्त्रको अनुवादमा तपाईंले फोटोकपी हेरेपछि आर्य विद्वानहरूले कैयौ शब्दको अर्थ छोडेका छन् भन्ने थाहा हुन्छ– जस्तो "प्र", "वारेमि" जसले गर्दा वेदहरूको यथार्थ भाव सामुन्ने आउन सकेन ।

(ख) मेरो अनुवादबाट स्पष्ट छ– परमात्माले असल आत्मा (दृढभक्त) लाई ज्ञान दिनु हुन्छ, उहाँको नाम पनि लेखिएको छ– "कविर्देव" हामी कबीर परमेश्वर भन्छौं ।

(प्रमाणः– ऋग्वेद मण्डल ९ सूक्त ५४ मन्त्र ३)

अयं विश्वानि तिष्ठति पुनानो भुवनोपरि ।
सोमो देवो न सूर्यः ॥३॥

पदार्थः—(सूर्यः, न) सूर्य के समान जगत्प्रेरक (अयम्) यह परमात्मा (सोमः, देवः) सौम्य स्वभाव वाला और जगत्प्रकाशक है और (विश्वानि, पुनानः) सब लोकों को पवित्र करता हुआ (भुवनोपरि, तिष्ठति) सम्पूर्ण ब्रह्माण्डों के ऊर्ध्व भाग में भी वर्तमान है ॥३॥

विवेचनः– ऋग्वेद मण्डल ९ सूक्त ५४ मन्त्र ३ को फोटोकपी हेर्नु होस् । यो अनुवाद आर्यसमाजका विद्वानहरूले गरेका हुन् । उनीहरूको अनुवादमा पनि ती परमात्मा (भूवनोपरि) सम्पूर्ण ब्रह्माण्डहरूको ऊर्ध्व अर्थात् माथि (तिष्ठति) विराजमान छन्, माथि बसेका छन् भन्ने स्पष्ट हुन्छः– यसको यथार्थ अनुवाद यस प्रकार छः

(अयं) यी (सोमःदेव) अमर परमेश्वर (सूर्य) सूर्य (न) समान (विश्वानि) सारालाई (पुनानः) पवित्र गर्दै (भूवनोपरि) सम्पूर्ण ब्रह्माण्डहरूको ऊर्ध्व अर्थात् माथि (तिष्ठति) बसेका छन् ।

भावार्थः– जस्तो सूर्य माथि छ र आफ्नो प्रकाश तथा उष्णताद्वारा सारालाई लाभ दिइ रहेको छ । त्यसैगरी माथिका मन्त्रहरूमा वर्णन गरिएका परमेश्वरले सम्पूर्ण ब्रह्माण्डहरूभन्दा माथि बसेर आफ्नो निराकार शक्तिद्वारा सम्पूर्ण प्राणीहरूलाई लाभ दिइ रहेका छन् तथा सम्पूर्ण ब्रह्माण्डहरू सञ्चालन गरि रहेका छन् ।

तर्कः– महर्षि दयानन्द तथा आर्यसमाजीहरूको परमात्मा कुनै एक स्थानमा कुनै लोक विशेषमा रहदैनन् भन्ने मत छ ।

प्रमाणः– सत्यार्थ प्रकाश समुल्लास नं. ७ पृष्ठ १४८ मा (आर्य साहित्य प्रचार ट्रष्ट ४२७ गली मन्दिर वाली नया बांस दिल्ली - ७८ औ संस्करण)

कसैले प्रश्न गऱ्योः– ईश्वर व्यापक छन् वा कुनै देश विशेषमा रहन्छन् ?

उत्तरः– (महर्षि दयानन्द जीको) व्यापक छन् किनकि एक देशमा रहे भने सर्व अन्तर्यामी, सर्वज्ञ, सर्वनियन्ता, सबका स्रष्टा, सबका धर्ता र प्रलयकर्ता हुन सक्दैनन् । अप्राप्त देशमा कर्ताको क्रिया हुनु असम्भव छ । (सत्यार्थ प्रकाशबाट लेख समाप्त)

महर्षि दयानन्द जी परमात्मा कुनै देश अर्थात् स्थान विशेषमा रहन्छन् भन्ने मान्दैनथे । महर्षि दयानन्द वेदको ज्ञानलाई सत्य ज्ञान मान्थे । तपाईले माथिका थुप्रै वेदमन्त्रहरूमा आफ्नै आँखाले पढ्नु भयो– परमेश्वर माथि एक स्थानमा रहन्छन् । त्यहाँबाट गतिमान भएर यहाँ पनि प्रकट हुन्छन् ।

महर्षि दयानन्द तथा आर्यसमाजीहरू परमात्मालाई निराकार मान्दछन् ।

प्रमाणः– सत्यार्थ प्रकाशको समुल्लास नं. ९ पृष्ठ १७६, समुल्लास ७ पृष्ठ १४९, समुल्लास ११ पृष्ठ २५१ मा परमात्मा निराकार छन् भनेका छन् ।

प्रिय पाठकवर्ग ! तपाईले अनेकौ वेदमन्त्रहरूमा पढ्नु भयो– परमात्मा साकार छन्, उनी मनुष्य जस्ता छन् । माथिको लोकमा रहन्छन्, त्यहाँबाट गतिमान भई हिंडेर आउँछन्, पृथ्वीमा प्रकट हुन्छन् । दृढ भक्त असल आत्माहरूलाई भेट्छन् । उनीहरूलाई आफ्नै मुख कमलबाट तत्त्वज्ञान बोलेर सुनाउँछन् । कविको जस्तो आचरण गर्दछन् । पृथ्वीमा विचरण गरेर परमात्माले आफ्नो अध्यात्मिक ज्ञान ठूलो स्वरमा उच्चारण गरेर सुनाउँछन् ।

गीता अध्याय ४ श्लोक ३२ मा यही प्रमाण छ ।

प्रिय पाठकजन् । स्वयम् निर्णय गर्नु होस् । कोसँग कति आध्यात्मिक ज्ञान थियो । विशेष आश्चर्यको कुरा त वेदमन्त्रहरूको अनुवाद पनि महर्षि दयानन्द जी तथा उनका शिष्य आर्यसमाजीहरू द्वारा गरिएको हो । जसमा उनीहरूको मतको विरोध छ ।

निवेदनः– वेद मन्त्रहरूका फोटोकपीहरू राख्नुको पनि उद्देश्य छ । यदि मैले (लेखकले) अनुवाद गरेर पुस्तकमा राखेको भए अन्य व्यक्तिहरूले सन्त रामपाल दासलाई संस्कृत भाषाको ज्ञान छैन, त्यसैले यिनको अनुवादमा विश्वास गर्न सकिदैन भन्ने थिए । अब यस्तो शङ्का उत्पन्न हुन सक्दैन । अब त झन् सन्त रामपाल दासले अनुवाद गरेका वेद मन्त्रहरू यथार्थ हुन् भन्ने दृढता आउने छ ।

अब विश्वको उत्पत्तिको ज्ञान गराउँछु। जुन स्वयम् परमेश्वरले आफूद्वारा नै आफूले रचना गरेको जगतको ज्ञान बताएका छन् ।

सङ्क्षिप्त सृष्टि रचना

सबैभन्दा पहिले सतपुरूष एक्लै थिए, कुनै रचना थिएन । सर्व प्रथम परमेश्वर जीले वचन (शब्द) द्वारा चार अविनाशी लोकको रचना गरे ।

१. अनामी लोक जसलाई अकह लोक पनि भनिन्छ ।

२. अगम लोक

३. अलख लोक

४. सतलोक

अनि परमात्माले चारै लोकमा चार रूप धारण गरे । प्रत्येक लोकमा भिन्न-भिन्न चार नामबाट प्रसिद्ध भए ।

१. अनामी लोकमा अनामी पुरूष या अकह पुरूष

२. अगमलोकमा अगम पुरूष

३. अलख लोकमा अलख पुरूष

४. सतलोकमा सतपुरूष नाम राखे ।

त्यसपछि चारै लोकमा परमात्माले वचनद्वारा नै एक-एक सिंहासन (तख्त) बनाए । प्रत्येक सिंहासनमा सम्राटको जस्तो मुकुट धारण गरेर विराजमान भए । अनि सतलोकमा परमेश्वरले अन्य रचना गरे । एक शब्द (वचन) बाट १६ द्वीपहरू तथा एउटा मानसरोवरको रचना गरे । त्यसपछि १६ वचनद्वारा १६ पुत्रहरू उत्पन्न गरे तिनीहरूमध्ये मुख्य भुमिका अचिन्त, तेज, सहजदास, जोगजित, कूर्म, इच्छा, धैर्य र ज्ञानीको रहेको छ ।समर्थ बिना कुनै कार्य सफल हुन सक्दै भन्ने आफ्ना पुत्रहरूलाई पाठ सिकाउनु थियो । "जिसका काम उसीको साजे और करे तो मूर्ख बाजे ।" त्यसैले सतपुरूषले आफ्ना पुत्र अचिन्तलाई भन्नु भयो– तिमी सतलोकमा अझ अरू रचना गर । मैले केही शक्ति तिमीलाई प्रदान गरेको छु । अचिन्तले आफ्नो वचनद्वारा अक्षर पुरूषको उत्पत्ति गरे । युवा अक्षर पुरूष उत्पन्न भए । उनी स्नान गर्न मानसरोवरमा गए, त्यहीं जलमा तैरिन थाले । केही समय पश्चात् उनलाई निन्द्रा लाग्यो । मानसरोबरको तल गए । (सतलोकमा अमर शरीर छ, त्यहाँ शरीर स्वासमा निर्भर हुँदैन ।) धेरै समयसम्म अक्षर पुरूष जलबाट बाहिर आएनन् । अचिन्तले त्यस पछिको सृष्टि गर्न सकेनन्, तब सतपुरूष (परम अक्षर पुरूष) ले मानसरोवरमा गएर अलिकति जल आफ्नो हातमा लिनु भयो । वचनद्वारा त्यस जललाई एउटा विशाल अण्डा बनाएर वचनद्वारा नै एउटा आत्मा उत्पन्न गरी अण्डामा हालि दिनु भयो र अण्डालाई जलमा राखि दिनु भयो । अण्डा जलमा तल जान थाल्यो । अण्डाको गडगडाहटको आवाजले अक्षर पुरूषको निन्द्रा भङ्ग भयो । अक्षर पुरूषले कसले मलाई ब्युँझायो भन्ने सोची क्रोधपूर्ण दृष्टिले हेरे । उनको क्रोध त्यस अण्डामा पऱ्यो र फुट्यो । त्यसबाट एक तेजोमय युवा व्यक्ति

निस्कियो । त्यसको नाम क्षर पुरूष राखियो । (पछि यिनी काल कहलिए ।) सतपुरूषले दुबैलाई जल बाहिर आउन भन्नु भयो । अक्षर पुरूषलाई तिमी निद्रामा भएकाले उठाउनका लागि यी सब गरिएको हो भनी सम्झाउनु भयो र अक्षर पुरूष तथा क्षर पुरूषलाई अचिन्तको लोकमा बस्न भन्नु भयो ।

केही समय पश्चात् (क्षर पुरूष, जसलाई ज्योति निरञ्जन काल पनि भनिन्छ ।) अक्षर पुरूषको मनमा हामी तीन चाहिँ एउटा लोकमा बसि रहेका छौं तर अन्य दाजुभाइहरू भने एक-एक द्वीपमा बसेका छन् भन्ने विचार जाग्यो । त्यसपछि उनले अलग द्वीप प्राप्त गर्न तप प्रारम्भ गरे । यसभन्दा पहिले सतपुरूषजीले आफ्ना पुत्र अचिन्तलाई भन्नु भयो– तिमी सृष्टि रचना गर्न सक्दैनौ भन्ने शिक्षा दिनका लागि नै अन्य रचना गर भनेको हुँ । तर तिमीले अक्षर पुरूषलाई पनि उठाउन सकेनौं । अब यसपछि यस्तो कुनै पनि कोशिश नगर्नू । सारा रचना म आफ्नो शब्द शक्तिले गर्छु ।

सतपुरूष जीले सतलोकमा असङ्ख्यौं लोकहरू रचना गर्नु भयो । प्रत्येक लोकमा आफ्नो वचन (शब्द) ले अन्य आत्माहरूको उत्पत्ति गर्नु भयो । यी सबै लोक सतपुरूषको सिंहासनको छेउछाउमा थिए । यिनमा केवल नर हंस (सतलोकमा मनुष्यलाई हंस भनिन्छ ।) मात्र रहन्छन् । तिनीहरूलाई परमेश्वरले आफ्नो परिवार (नरहंस) उत्पन्न गर्न सक्ने शक्ति दिनु भएको छ । तिनीहरूले केवल दुई पुत्रमात्र उत्पन्न गर्न सक्छन् ।

क्षर पुरूष (ज्योति निरञ्जन) ले तप गर्न सुरू गरे । उनले ७० युगसम्म तप गरे । सतपुरूष जीले क्षर पुरूषसँग तिमी केका लागि तप गरि रहेका छौ भनेर सोध्नु भयो । क्षर पुरूषले भने– मेरालागि यो स्थान कम छ । मलाई अलग्गै स्थान चाहियो । परमेश्वर (सतपुरूष) जी ले ७० युग सम्मको तपको प्रतिफल स्वरूप २१ ब्रह्माण्ड दिनु भयो; जुन सतलोकको बाहिरी क्षेत्रमा थियो । मानौं २१ प्लट प्राप्त भएको होस् । ज्योति निरञ्जन (क्षर पुरूष) ले यी ब्रह्माण्डहरूमा केही रचना पनि हुनु पर्छ भन्ने विचार गरी फेरि ७० युग तप गरे । सतपुरूषले अब फेरि के चाहियो भनेर सोध्नु भयो । क्षर पुरूषले सृष्टि रचना गर्ने सामग्री दिन प्रार्थना गरे । सतपुरूष जीले उसलाई पाँच तत्त्व (जल, पृथ्वी, अग्नि, वायु तथा आकाश) तथा तीन गुण (रजगुण, सतगुण र तमगुण) दिनु भयो र यसबाट आफ्नो रचना गर भन्नु भयो ।

क्षर पुरूषले फेरि तेस्रो पटक तप प्रारम्भ गरे । ६४ (चौसठ्ठी) युग तप गरी सकेपछि तिमी के चाहन्छौ भनी सत्यपुरूषले सोध्नु भयो । जवाफमा क्षरपुरूष (ज्योति निरन्जन) ले भने– मलाई केही आत्माहरू दिनु होस् । मलाई यहाँ एक्लै बस्न मन लागि रहेको छैन । यसरी क्षरपुरूषलाई आत्माहरू प्राप्त भयो । यसपछि पढ्नु होस्ः

"हामी कालको लोकमा कसरी आयौं ?

जतिखेर क्षर पुरूष (ज्योति निरञ्जन) एउटा गोडामा खडा भएर तप गरि रहेका थिए, हामी सबै आत्माहरू यी क्षर पुरूषप्रति आकर्षित भयौं । जसरी युवा तथा बच्चाहरू अभिनेता एवं अभिनेत्रीप्रति आसक्त हुन्छन् । उनीहरूसँग लिनु-दिनु केही हुदैन । व्यर्थमा उनीहरूप्रति चाह राख्छन् । तिनीहरू आफ्नो कमाइका लागि नाच-गान गर्छन् । युवा तथा बच्चाहरू उनीहरूलाई देखेर वा अभिनय हेरेर धन नष्ट गर्छन् । ठीक यसैगरी हामी आफ्ना परम पिता सतपुरूषलाई छोडेर काल पुरुष (क्षर पुरुष) लाई हृदयदेखि नै चाहन थाल्यौं । हामीलाई सारा सुविधा दिइ रहनु भएको परमेश्वरबाट मुख मोडेर नक्कली ड्रामा गर्ने काल ब्रह्मलाई चाहन लाग्यौं । सतपुरूषजीले बीच-बीचमा थुप्रै पटक तिमीहरू काल ब्रह्मको क्रिया नहेर, मस्तसँग बस भनेर आकाशवाणी गर्नु भयो । हामी देखावटी रूपमा सावधान त भयौं तर मित्रबाट ब्रह्मप्रतिको चाह कम भएन । परमेश्वर त अन्तर्यामी हुनु हुन्छ । उहाँले यिनीहरू यहाँ रहन योग्य छैनन् भन्ने थाहा पाउनु भयो । काल पुरूष (क्षर पुरूष = ज्योति निरञ्जन) ले दुई पटक तप गरेर फल प्राप्त गरे । त्यसपछि अब केही जीवात्माहरू पनि मेरो साथमा रहनु पर्छ, एक्लै बस्न मन लाग्दैन भन्ने सोचे । त्यसैले जीवात्मा प्राप्तिका लागि तप गर्न थाले । ६४ युगसम्म तप गरेपछि परमेश्वर जीले ज्योति निरञ्जनलाई अब केका लागि तप गरि रहेका छौ भनेर सोध्नु भयो । क्षर पुरुषले केही आत्माहरू प्रदान गर्नु होस्, मलाई एक्लै बस्न मन लाग्दैन भने । जवाफमा सतपुरूषले भन्नु भयो– तिम्रो तपको बदलामा म अझ ब्रह्माण्डहरू दिन सक्छु तर मेरा आत्माहरू दिन्न । यी मेरो शरीरबाट उत्पन्न भएका हुन् । अँ, यदि ती स्वयम् जान चाहन्छन् भने जान सक्छन् । युवा कबीर (समर्थ कबीर) को वचन सुनेपछि ज्योति निरञ्जन हाम्रा सामु आए । हामी सबै हंस आत्माहरू पहिले देखि नै उनीप्रति आसक्त थियौं । हामी सबै उनलाई चारैतिरबाट घेरेर उभियौं । ज्योति निरञ्जनले भने– मैले पिता जीबाट छुट्टै २१ ब्रह्माण्ड प्राप्त गरेको छु । त्यहाँ नाना प्रकारका रमणीय स्थलहरू बनाएको छु । के तपाईंहरू मसँग जानु हुन्छ ? आज २१ ब्रह्माण्डमा आजित हामी सबै हंसहरूले यदि पिता जीले आज्ञा दिनु भयो भने हामी तयार छौं भन्यौं । त्यसपछि क्षर पुरुष (काल) पूर्ण ब्रह्म महान कविर (समर्थ कबीर प्रभु) का सामु गए र सम्पूर्ण वार्ता सुनाए । तब कबिरग्नि (कबीर परमेश्वर) ले मेरासामु ज-जसले स्वीकृति दिन्छन्, तिनलाई जाने आज्ञा दिन्छु भन्नु भयो । क्षर पुरुष र परम अक्षर पुरुष (कविर्मितौजा) दुबैजना हामी सबै हंस आत्माहरू भएका ठाउँमा आउनु भयो । सत् कविर्देवले ब्रह्मका साथ जान चाहने हंसआत्माले हात उठाएर स्वीकृति जनाऊ भन्नु भयो । आफ्ना पिताका सामु हात उठाउने कसैको हिम्मत भएन । कसैले स्वीकृति जनाएनन् । धेरै समयसम्म निस्तब्धता छाइ रह्यो । त्यसपछि एउटा हंस आत्माले साहस गर्‍यो र पिता जी म जान चाहन्छु

भन्यो । अनि उसको देखासिकी (आज काल-ब्रह्मको २१ ब्रह्माण्डमा फँसेका) गरेर हामी सबै आत्माहरूले स्वीकृति दियौं । परमेश्वर कबीर जीले ज्योति निरञ्जनसँग भन्नु भयो– तिमी आफ्नो ठाउँमा जाऊ । तिमीसँग जान स्वीकृति जनाउने सबै हंस आत्माहरूलाई तिमीकहाँ पठाइ दिन्छु । ज्योति निरञ्जन आफ्नो २१ ब्रह्माण्डमा गए । त्यसबेलासम्म यी २१ ब्रह्माण्डहरू सतलोकमा नै थिए ।

त्यसपछि पूर्ण ब्रह्मले सर्वप्रथम स्वीकृति दिने हंसलाई केटीको रूप दिनु भयो तर स्त्री इन्द्रिय रचना गर्नु भएन र ती सर्व ज्योति निरन्जन (ब्रह्म) को साथ जाने सहमति दिएका आत्माहरूलाई त्यस केटीको शरीरमा प्रवेश गराउनु भयो तथा उनको नाम आष्ट्रा (आदिमाया/प्रकृति देवी/दुर्गा) राख्नु भयो र भन्नु भयो– पुत्री मैले तिमीलाई शब्द शक्ति प्रदान गरेको छु, ब्रह्मले भने जति जीव उत्पन्न गरि दिनू । पूर्ण ब्रह्म कविर्देव (कबीर साहेब) ले आफ्नो छोरो सहज दासद्वारा प्रकृतिलाई क्षर पुरूषको साथमा पठाइ दिनु भयो । सहज दासले ज्योति निरन्जनलाई पिता जीले यो बहिनीको शरीरमा तपाईंसँग जान सहमति दिने सबै आत्माहरू प्रवेश गराएर वचन शक्ति पनि प्रदान गर्नु भएको छ भन्ने कुरा बताए । तपाईंले चाहे जति जीव प्रकृतिले आफ्नो शब्दबाट नै उत्पन्न गर्ने छिन् । यति भनेर सहजदास आफ्नो द्वीपमा फर्के ।

तरूणावस्था हुनाले युवतीको आकर्षक रूपरङ्गप्रति ब्रह्ममा विषय वासना उत्पन्न भयो र प्रकृति देवीसँग अभद्र गतिविधि प्रारम्भ गरे। दुर्गाले आफूसँग पिताले दिनु भएको शब्दशक्ति छ भनेर सुनाइन् । तपाईंले भने जति जीव म वचनबाट नै उत्पन्न गरि दिन्छु । तर मैथुन परम्परा नगर्नु होस् । तपाई पनि उनै पिताको शब्दको अण्डाबाट उत्पन्न हुनु भएको हो र म पनि उनै परमपिताको वचनबाट उत्पन्न भएको हूँ । दाजु-बहिनी बीचको यो योग महापापको कारण बन्ने छ । तर ज्योति निरन्जनले प्रकृति देवीको एउटा पनि प्रार्थना सुनेन । आफ्नो शब्द शक्तिद्वारा नङले प्रकृतिको स्त्री जनेन्द्रिय (भग) बनाएर बलात्कार गर्ने सोच बनायो । त्यसै समय दुर्गाले आफ्नो इज्जत रक्षाका लागि कुनै अरू उपाय नदेखेर आफूलाई सूक्ष्म रूप बनाएर ज्योति निरञ्जनको खुला मुखद्वारा पेटमा प्रवेश गरिन् र पूर्ण ब्रह्म कविर्देव (कबीर परमेश्वर) सँग आफ्नो रक्षार्थ याचना गरिन् । त्यही समय कविर्देव (कविर देव) आफ्नो पुत्र योग संतायन अर्थात् योगजीतको रूप बनाएर त्यहाँ प्रकट हुनु भयो अनि छोरीलाई ब्रह्मको पेटबाट बाहिर निकालेर ज्योति निरन्जनलाई आजदेखि तेरो नाम 'काल' हुने छ, तेरो जन्म मृत्यु भइ रहन्छ, यसैले तेरो नाम क्षर पुरुष हुने छ, एक लाख मानव शरीरधारी प्राणीहरू खाने छस् तथा सवालाख उत्पन्न गर्ने छस्, तिमीहरू दुबैलाई एक्काईस ब्रह्माण्ड सहित निष्कासित गरिन्छ भन्नु भयो र एक्काईस ब्रह्माण्ड विमानको गति समान त्यहाँबाट प्रस्थान गऱ्यो । सहज दासको द्वीप हुँदै सतलोकबाट सोह्र शंख कोस (एक कोस

लगभग ३ कि.मी.) दूरीमा आएर रोकियो । विशेष विवरण :- अहिलेसम्म निम्न तीनवटा शक्तिहरूको विवरण प्राप्त भएको छ :

१. पूर्णब्रह्म : जसलाई सत्यपुरूष, अकाल पुरूष, शब्दस्वरूपी राम, परम अक्षर ब्रह्म, परम अक्षर पुरूष आदि अन्य उपमात्मक नामहरूले पनि चिनिन्छ । पूर्ण ब्रह्म नै समस्त ब्रह्माण्डका स्वामी अर्थात् वासुदेव हुनु हुन्छ तथा यथार्थमा अविनाशी हुनु हुन्छ ।

२. परमब्रह्म : जसलाई अक्षर पुरूष पनि भनिन्छ। यिनी पनि अविनाशी छैनन् । यिनी सात शंख ब्रह्माण्डका स्वामी हुन् ।

३. ब्रह्म : जसलाई ज्योति निरन्जन, काल, कैल, क्षर पुरुष तथा धर्मराय आदि नामले चिनिन्छ । जो केवल एक्काईस ब्रह्माण्डका स्वामी हुन् । अब यिनै ब्रह्मको सृष्टिको एक ब्रह्माण्डको परिचय दिइने छ, जसमा अरू तीन नाम पढ्न पाइने छ-ब्रह्मा, विष्णु र शिव ।

ब्रह्म र ब्रह्मा बीच भिन्नता : एक ब्रह्माण्डमा बनेको सर्वोपरि स्थानमा ब्रह्म (क्षर पुरूष) स्वयम् तीन गुप्त स्थानको रचना गरेर ब्रह्मा, विष्णु र शिवका रूपमा रहन्छन् तथा आफ्नी पत्नी (दुर्गा) को सहयोगले तीन पुत्रहरूको उत्पन्न गर्छन् । उनीहरूको नाम पनि ब्रह्मा, विष्णु र शिव नै राख्छन् । ब्रह्मका पुत्र ब्रह्मा एक ब्रह्माण्डमा बनेका केवल तीनलोक (पृथ्वी, स्वर्ग, पाताल) मा एउटा रजोगुण विभागको मन्त्री (स्वामी) मात्र हुन् । यिनलाई त्रिलोकीय ब्रह्मा भनिन्छ र ब्रह्मलोकमा ब्रह्माका रूपमा रहने ब्रह्मलाई चाहिँ महाब्रह्मा वा ब्रह्मलोकीय ब्रह्मा भनिन्छ । यिनै ब्रह्म (काल) लाई सदाशिव, महाशिव र महाविष्णु पनि भनिन्छ ।

श्री विष्णु पुराणमा प्रमाण:- चतुर्थ अंश अध्याय १ पृष्ठ २३०-२३१ मा श्री ब्रह्मा जीले भनेका छन्,– ती अजन्मा (नजन्मेका) सर्वमय (व्यापक) विधाता परमेश्वरको आदि, मध्य र अन्त्य तथा स्वरूप, स्वभाव र सार हामी जान्न सक्दैनौं (श्लोक ८३) ।

जसले मेरो रूप धारण गरेर संसारको रचना गर्दछन्, स्थिति कालमा पुरूषरूप तथा रूद्ररूपले विश्वलाई गाँस बनाउछन्, अनन्तरूपले सम्पूर्ण जगत धारण गर्छन् । (श्लोक ८६)

एक ब्रह्माण्डको लघु चित्र



श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जीको उत्पत्ति

काल (ब्रह्म, क्षर पुरुष) ले प्रकृति (दुर्गा) सँग अब कसैले मेरो केही बिगार्न सक्दैन त्यसैले मनोमानी गर्छु भन्यो । प्रकृतिले काल ब्रह्मलाई केही शरम त मान भनेर प्रार्थना गर्दै भनिन्,– पहिलो, त तपाई मेरो दाजु किनकि कबीर पूर्ण परमात्मा (कविर्देव) को शब्द शक्तिले तपाई अण्डाबाट उत्पन्न हुनु भएको हो र वहाँकै वचन शक्तिले म पनि उत्पन्न भएकी हुँ । अर्को कुरा, म तपाईंको पेटबाट निस्केकी हुनाले म छोरी र तपाई मेरो बुबा हुनु भयो । यो पवित्र नातामा विकृति ल्याउनु महापाप हो । बुबाले दिनु भएको शब्दशक्तिले तपाईले भने जति नै प्राणी उत्पन्न गरि दिन्छु । ज्योति निरन्जनले दुर्गाको कुनै कुरा मानेनन् र मैले पाउनु पर्ने सजाय पाएँ र सत्यलोकबाट निष्काशित भएँ र अब मनोमानी गर्छु भने अनि प्रकृतिसँग जबरजस्ती विवाह गरे । उनले तीन छोराहरु (रजगुणयुक्त-ब्रह्मा, सतगुणयुक्त-विष्णु र तमगुणयुक्त-शिव जी) जन्माएर युवा नहुन्जेलसम्म तीनैजनालाई दुर्गा मार्फत् अचेत गराए । युवा भएपछि श्री ब्रह्मा जीलाई कमलको फूलमा, श्री विष्णु जीलाई शेषनागको शैय्यामा र श्री शिव जीलाई कैलाश पर्वतमा सचेत बनाएर एकै ठाउँमा भेला गरी प्रकृतिको मद्दतले यी तीनैजनाको विवाह गराइ दिए । त्यसपछि एउटा ब्रह्माण्डको तीन लोक (स्वर्ग, पृथ्वी र पाताल) मा एक-एकवटा विभागको मन्त्री नियुक्त गरे– ब्रह्मालाई रजोगुण, विष्णुलाई सतोगुण र शिवलाई तमोगुण विभागको प्रमुख बनाएर आफूले मुख्य मन्त्री (महाब्रह्मा, महाविष्णु र महाशिव) को पद गुप्त रुपमा रहे। उनले एउटा ब्रह्माण्डमा एउटा ब्रह्मलोकको रचना गरी त्यहाँ तीन गुप्त स्थान बनाएका छन्। पहिलो, रजोगुण प्रधान स्थानमा ब्रह्म (काल) स्वयं महाब्रह्मा (मुख्यमन्त्री) का रुपमा तथा दुर्गालाई महासावित्रीका रुपमा राख्छन् । यी दुईको संयोगले यहाँ जन्मेको छोरो स्वतः रजोगुणी बन्छ र उसको नाम ब्रह्मा राख्छन् । दोस्रो, सतोगुण प्रधान स्थानमा यी क्षर पुरुष महाविष्णुका रुपमा तथा दुर्गालाई महालक्ष्मीका रुपमा राख्छन् । यी दुईको संयोगले यस स्थानमा जन्मेको सतोगुणयुक्त छोरोको नाम विष्णु राख्छन् । यिनै कालले बनाएको तेस्रो तमोगुणयुक्त स्थानमा स्वयं सदाशिवको रुपमा र दुर्गालाई महापार्वती रुपमा राख्छन् । यी दुईको पति पत्नीको व्यवहारबाट उत्पन्न तमोगुणयुक्त छोरोको नाम शिव राख्छन् । (प्रमाणका लागि ब्रह्मा, विष्णु, रुद्र तथा महेश्वरमन्दा अन्य सदाशिव छन् भनिएको गीता प्रेस गोरखपुरबाट प्रकाशित र अनुवादकर्ता श्री हनुमानप्रसाद पोद्दारबाट अनुवादित पवित्र श्री शिव पुराण, विध्वेश्वर संहिता पृष्ठ २४-२६ एवं रूद्र संहिता अध्याय ६, ७ र ९ पृष्ठ नं. १०० देखि १०५ सम्म र ११० मा, तथा गीता प्रेस गोरखपुरबाट प्रकाशित एवं श्री हनुमानप्रसाद पोद्दार र चिमनलाल गोश्वामीबाट अनुवादित पवित्र श्रीमद्देवी महापुराण तेस्रो स्कन्ध पृष्ठ नं. ११४-१२३ हेर्नु होस्।) आफूले खानका लागि यिनीहरुलाई

ज्योति निरञ्जन (काल) ब्रह्मको लोक (२१ ब्रह्माण्ड) को लघु चित्र



"सम्पूर्ण सृष्टि रचना"

(सूक्ष्म वेदको निष्कर्ष स्वरूप सृष्टि रचनाको वर्णन)

प्रभुप्रेमी आत्माहरू । पहिलो पटक निम्न सृष्टि रचना पढेपछि दन्त्यकथा जस्तो लागे पनि सर्व पवित्र ग्रन्थहरूको प्रमाणहरू पढेपछि यी वास्तविक आध्यात्मिक अमृत ज्ञान कहाँ लुकेका थिए भनेर आश्चर्य लाग्ने छ । कृपया धैर्यपूर्वक अध्ययन गरी यस अमृतज्ञान सुरक्षित पूर्वक राख्नु होस् । तपाईको एक सय एक पिढीसम्म काम लाग्ने छ। पवित्र आत्माहरू । कृपया सत्यनारायण (अविनाशी प्रभु अर्थात् सतपुरूष) द्वारा रचिएको सृष्टिको रचना अर्थात् आफूद्वारा निर्मित सर्व लोकहरूको रचनाको वास्तविक ज्ञान पढ्नु होस् ।

१. पूर्ण ब्रह्म : यस सृष्टि रचनामा सत्यपुरूष (सत्य लोकका स्वामी वा प्रभु), अलख पुरूष (अलख लोकका प्रभु), अगम पुरूष (अगम लोकका प्रभु) र अनामी पुरूष (अनामी लोकका स्वामी) एउटै पूर्ण ब्रह्म हुनु हुन्छ, जो भिन्न रूप धारण गरी आफ्नो चारै लोकमा बस्नु हुन्छ । वहाँ वास्तवमा अविनाशी प्रभु हुनु हुन्छ । वहाँ अन्तर्गत असङ्ख्य ब्रह्माण्डहरु छन् ।

२. परब्रह्म : यी सात शंख ब्रह्माण्डका स्वामी मात्र हुन् । यिनलाई अक्षर पुरुष भनेर पनि चिनिन्छ । तर यिनी तथा यिनका ब्रह्माण्डहरु पनि अविनाशी छैनन् ।

३. ब्रह्मः यिनी त २१ ब्रह्माण्डका स्वामी (प्रभु) मात्र हुन् । यिनलाई क्षर पुरुष, ज्योति निरञ्जन, काल आदि उपमाबाट चिनिन्छ । यिनी र यिनका सबै ब्रह्माण्ड नाशवान छन्।

[उपरोक्त तीन पुरूषहरु (प्रभुहरु) को प्रमाण पवित्र श्रीमद्भगवत गीताको अध्याय १५ श्लोक १६-१७ मा पनि छन् ।]

४. ब्रह्मा : यिनी ब्रह्मका जेष्ठ सुपुत्र हुन् । विष्णु माहिला अर्थात् दोस्रा र शिव कान्छो अर्थात् तेस्रा पुत्र हुन् । यी तीनै ब्रह्मका पुत्रहरू केवल एक ब्रह्माण्डमा एक विभाग (गुण) का स्वामी (प्रभु) हुन् तथा नाशवान् छन् । विस्तृत विवरणका लागि कृपया निम्न लिखित सृष्टि रचना पढ्नु होस्ः

[कविर्देव (कबीर परमेश्वर) ले सूक्ष्म वेद अर्थात् कविर्वाणीमा आफूले रचना गर्नु भएको सृष्टि सम्बन्धी ज्ञान आफैंले बताउनु भएको छ। जुन निम्न अनुसार छ।]

सबैभन्दा पहिला एउटामात्र स्थान अनामी (अनामय) लोक थियो । यसलाई अकह (अवर्णनीय) लोक पनि भनिन्छ । पूर्ण परमात्मा त्यहाँ एक्लै बस्नु हुन्थ्यो । वहाँको वास्तविक नाम कविर्देव अर्थात् कबीर परमेश्वर हो । सबै आत्माहरूवहाँ पूर्ण धनीको शरीरमा समाहित थिए । कविर्देवको त्यहाँको उपमात्मक (पदको) नाम अनामी पुरुष हो । (पुरुषको अर्थ प्रभु हो । प्रभुले मानिसलाई आफ्नै स्वरूपमा बनाउनु भएकाले मानवको नाम पनि पुरुष राखिएको हो।) अनामी पुरुषको एउटा रोम कुप (रौंको प्वाल) को प्रकाश शंख सूर्यहरूको किरणभन्दा पनि धेरै छ ।

परमेश्वर कबीर साहेबको असङ्ख्य ब्रह्माण्डहरुका लघु चित्र

अनामी लोक : यस लोकमा आत्मा र परमात्मा एक रुप भएर कबीर साहेब नै अनामी रुपमा छन्। जस्तो माटोको स-साना डल्लाहरू वर्षा भएपछि एक पृथ्वी बन्छ, अलग अस्तित्व रहदैन।

अगम लोक: यस लोकमा पनि कबीर साहेब अगम पुरुष रुपमा रहनु हुन्छ।

अलख लोक: यस लोकमा पनि कबीर साहेब अलख पुरुष रुपमा रहनु हुन्छ।



विशेष:- कुनै देशको आदरणीय प्रधानमन्त्रीको शारीरिक नाम अर्कै हुन्छ तर पदको उपमात्मक (पदवीको) नाम प्रधानमन्त्री हुन्छ । कतिपय अवस्थामा प्रधानमन्त्रीले केही विभागहरु आफूसँगै राख्छन् । कुनै विभागको दस्तावेजमा हस्ताक्षर गर्नु पर्ने समयमा उनले त्यही पद लेख्छन् । जस्तो : गृहमन्त्रालयको कागजातमा हस्ताक्षर गर्दा उनले आफूलाई गृहमन्त्री भनेर लेख्छन् । एउटै व्यक्ति भए पनि त्यहाँ उनको हस्ताक्षरको शक्ति प्रधानमन्त्रीका रूपमा गरेको हस्ताक्षरको भन्दा कम हुन्छ । यसै प्रकार फरक-फरक लोकहरूमा कबीर परमेश्वर (कविर्देव) को ज्योतिमा पनि अन्तर हुँदै जान्छ ।

ठीक यसरी नै पूर्ण परमात्मा कविर्देव (कबीर परमेश्वर) ले शब्द (वचन) द्वारा तलका अरू तीन लोकहरु (अगमलोक, अलखलोक र सत्यलोक) को रचना गरेर अगम लोकमा प्रकट हुनु भयो र वहाँ त्यहाँको पनि स्वामी हुनु हुन्छ । त्यहाँ वहाँको उपमात्मक नाम अगम पुरुष (प्रभु) हो । अगम प्रभुको मानव सदृश शरीर अत्यन्त तेजिलो छ, वहाँको एउटा रोम कूपको प्रकाश खरब सूर्यहरूको प्रकाशभन्दा धेरै छ ।

पूर्ण परमात्मा कविर्देव (कबिरदेव = कबीर परमेश्वर) अलख लोकमा प्रकट हुनु भयो । वहाँ अलख लोकको पनि स्वामी हुनु हुन्छ । त्यहाँ वहाँको उपमात्मक नाम अलख पुरुष हो । यी पूर्ण परमेश्वरको मानव सदृश शरीर धेरै तेजिलो, स्वर्ज्योति (स्वयं प्रकाशित) छ । वहाँको एउटा रोम कूपको प्रकाश अरब सूर्यहरूको प्रकाशभन्दा धेरै छ ।

पूर्ण प्रभु सत्यलोकमा प्रकट हुनु भयो । सत्यलोकका अधिपति वहाँ नै हुनु हुन्छ । त्यहाँ वहाँको उपमात्मक नाम सत्यपुरुष (अविनाशी प्रभु) हो । वहाँका अन्य नामहरु अकाल मूर्ति, शब्दस्वरूपी राम, पूर्ण ब्रह्म, परम अक्षर ब्रह्म आदि पनि हुन् । सत्यपुरुष कविर्देव (कबीर प्रभु) को मानव सदृश शरीर तेजोमय छ । वहाँको एउटा रोम कुपको प्रकाश करोड सूर्य तथा यत्ति नै चन्द्रमाहरूको प्रकाश भन्दा धेरै छ ।

सत्यपुरुषका रूपमा प्रकट भई सत्यलोकमा विराजमान भएर कविर्देवले सत्यलोक मै अन्य लोकहरूको रचना गर्नु भयो ।

वहाँले एउटा शब्द (वचन) बाट सोन्ह द्वीपहरूको रचना अनि सोन्ह शब्दहरूबाट सोन्हजना छोराहरु उत्पत्ति गर्नु भयो र एउटा मानसरोवरको रचना गरेर त्यसमा अमृत भर्नु भयो । वहाँका सोह्र छोराहरूको नाम यस प्रकार छ: १. कूर्म, २. ज्ञानी, ३. विवेक, ४. तेज, ५. सहज, ६. सन्तोष, ७. सुरति, ८. आनन्द, ९. क्षमा, १०. निष्काम,११. जलरंगी, १२. अचिन्त, १३. प्रेम, १४. दयाल, १५ धैर्य तथा १६. योग सन्तायन अर्थात् योगजीत ।

सत्यपुरुष कविर्देवले अचिन्तलाई सत्यलोकको अन्य रचनाभार सुम्पिएर रचना गर्न सक्ने शक्ति दिनु भयो । अचिन्तले शब्दबाटै अक्षर पुरुष (परब्रह्म) उत्पत्ति गरी आफूलाई

सहयोग गर्न आग्रह गरे । मानसरोवरमा नुहाउन गएका अक्षर पुरूष आनन्द मानेर त्यहीं निदाए । धेरै समयसम्म पनि नआएपछि उनलाई निन्द्राबाट ब्युँझाउन अचिन्तले कविर्देव (कबीर परमेश्वर) सँग प्रार्थना गरे । कबीर परमेश्वरले मानसरोवरबाटै केही अमृत जल लिएर एउटा अण्डा बनाई त्यसमा एउटा आत्मा प्रवेश गराएर मानसरोवरको अमृत जलमा राखि दिनु भयो । अण्डाको गड्गडाहटले अक्षर पुरूष ब्युँझिए र अण्डालाई रिसाएर हेरेकोले त्यो फुटेर दुई टुक्रा भयो र त्यसबाट ज्योति निरन्जन (क्षर पुरूष) निक्ले, जसलाई पछि 'काल' भनियो । यिनको वास्तविक नाम 'कैल' हो । त्यसपछि सत्यपुरूष कविर्देवले तिमीहरु दुवैजना बाहिर आऊ र अचिन्तको द्वीपमा बस भनेर आकाशवाणी गर्नु भयो । वहाँको आज्ञा पाएर अक्षर र क्षर (कैल) पुरूष दुवै अचिन्तको द्वीपमा बस्न थाले (समर्थ नभई कार्य सफल हुँदैन भन्ने बोध गराउन र फेरि प्रभुत्वतर्फ नलागून् भनेर उनीहरूको अयोग्यता देखाइ दिनु भयो) । त्यसपछि पूर्ण धनी कविर्देवले सम्पूर्ण रचना आफैंले गर्नु भयो । आफ्नो शब्द शक्तिले राजेश्वरी (राष्ट्री) शक्ति उत्पन्न गरी समस्त ब्रह्माण्डहरु स्थापित गर्नु भयो । यिनलाई पराशक्ति तथा परानन्दनी पनि भनिन्छ । पूर्ण ब्रह्मले आफ्नो शब्द शक्तिले आफूभित्रबाटै सम्पूर्ण आत्माहरूलाई आफ्नो मानव शरीर सदृश उत्पन्न गर्नु भयो । प्रत्येक हंस आत्माको शरीर परमात्माको जस्तै मानव सदृश छ र तेज सोन्ह (१६) सूर्य समानछ । परमेश्वरको शरीरको एक रोम कुप करोडौं सूर्यहरूभन्दा पनि धेरै प्रकाशयुक्त छ । केही समयपछि क्षर पुरूषले हामी तीनैजना (अचिन्त, क्षर पुरूष, अक्षर पुरूष) एउटै टापुमा बसेका छौं, अरू भने एक-एक द्वीपमा छन्, म पनि साधना गरेर छुट्टै द्वीप प्राप्त गर्छु भनी सोचे । अनि एउटा गोडामा मात्र उभिएर सत्तरी (७०) युगसम्म तपस्या गर ।

आत्माहरू कालको जालमा कसरी फसे?

विशेषः जब ब्रह्म (ज्योति निरन्जन) तपस्या गरि रहेका थिए, आज ज्योति निरन्जनको एक्काईस ब्रह्माण्डमा रहेका हामी सबै आत्माहरू यिनको साधनाप्रति आशक्त भयौं तथा अन्तर आत्मा देखिनै यिनलाई चाहन थाल्यौं । आफ्नो सुखदाता प्रभुबाट विमुख भयौं । जसको कारणले पतिव्रता पदबाट झर्‍यौ । पूर्ण प्रभुले बारम्बार सावधान गराउँदा पनि हाम्रो आशक्तता क्षर पुरूषबाट हटेन । [आज पनि काल सृष्टिका सबै प्राणीमा यो प्रभाव विद्यमान छ। फिल्म स्टारहरु (अभिनेता र अभिनेत्रीहरु) का बनावटी हाउभाउ तथा आफ्नो रोजगारको उद्देश्यले गरिएका अभिनयमा युवाहरु आशक्त हुन्छन् र जति रोक्न खोज्दा पनि रोकिँदैनन्। कुनै अभिनेता वा अभिनेत्री नजिकको सहरमा आए भने उनीहरूलाई हेर्नका लागि मात्र भए पनि ती अबोध किशोर

किशोरीहरूको अत्याधिक भीड एकत्रित हुन्छ। 'लिनु न दिनु' भने जस्तै रोजी-रोटी अभिनेताहरु कमाइ रहेका हुन्छन् भने बालबालिकाहरु चाहिँ ठगिइ रहेका हुन्छन्। आमाबुबा तथा अभिभावकले जति सम्झाए पनि उनीहरु मान्दैनन्। कहीँ न कहीँ, कुनै न कुनै बेला लुकेर भए पनि गइ हाल्छन्।]

पूर्ण ब्रह्म कविर्देव (कबीर प्रभु) ले क्षर पुरुषलाई तिमी के चाहन्छौ भनेर सोध्नु भयो । उनले पिता जी मलाई यो स्थान सानो भएकाले अलग्ग एउटा द्वीप प्रदान गर्ने कृपा गर्नु होस् भने । हक्का कबीर (सत् कबीर) ले उनलाई एक्काईस ब्रह्माण्ड प्रदान गर्नु भयो । केही समय पश्चात् ज्योति निरन्जनले यसमा केही रचना गर्नु पर्छ, खाली ब्रह्माण्डको के काम भन्ने विचार गरी सत्तरी युग तपस्या गरेर पूर्ण परमात्मा कविर्देव (कबीर प्रभु) सँग रचना सामग्रीको याचना गरे । सतपुरुषले उनलाई तीन गुण तथा पाँच तत्त्व प्रदान गर्नु भयो, जसबाट ब्रह्म (ज्योति निरन्जन) ले आफ्नो ब्रह्माण्डमा केही रचना गरे। एक्लै मन लाग्दैन यसमा जीव पनि हुनु पर्छ भन्ने कुरा सोचे यो विचार गरेर फेरि ६४ (चौसठ्ठी) युगसम्म तप गरे पूंर्ण परमात्मा कविर देवले सोधे पछि मलाई केही आत्माहरू दिनु होस्, मलाई एक्लै मन लागि रहेको छैन भने । तब सत पुरूष कविरग्नि (कबीर परमेश्वर) ले भन्नु भयो— हे ब्रह्म ! तिम्रो तपको प्रतिफल अनुसार म अझै ब्रह्माण्ड दिन सक्छु तर आफ्ना प्रिय आत्माहरू जपतप र साधनाको फलका रूपमा दिन सक्दिन तर यदि कोही स्वेच्छापूर्वक तिमीसँग जान चाहन्छ भने जान सक्छ । युवा कबीर (समर्थ कबीर) को वचन सुनेपछि ज्योति निरन्जन पहिले देखि नै उनीप्रति आशक्त ती आत्माहरू भएको ठाउँमा आए । ती आत्माहरूले ज्योति निरन्जनलाई चारैतिरबाट घेरे । ज्योति निरन्जनले मैले पिता जीबाट अलग्गै एक्काईस ब्रह्माण्ड पाएको छु । त्यहाँ नाना प्रकारका रमणीय स्थल बनाएको छु, के मसँग जान तयार हुनु हुन्छ भनेर सोधे । हामी सर्वहंसहरू २१ ब्रह्माण्डका लागि व्याकुल छौं, हामी जान तयार छौं तर पिता जीले आज्ञा दिनु पर्छ भने । तब क्षरपुरूष पूर्ण ब्रह्म महान् कविर (समर्थ कबीर प्रभु) को सामु गए र सम्पूर्ण कुरा सुनाए । तब कविरग्नि (कबीर परमेश्वर) ले मेरो सामुन्ने स्वीकृति दिनेलाई आज्ञा दिन्छु भन्नु भयो । क्षर पुरुष (कैल) तथा परम अक्षर पुरुष (कविर मितौजा) दुबै ती हंस आत्माहरूको समीपमा गएर बोलाए । सत कविर्देवले ब्रह्मसँग जान चाहने हंसले हात उठाएर स्वीकृति जनाऊ भन्नु भयो । आफ्ना पिताको अगाडि कसैको हिम्मत भएन । कसैले स्वीकृति दिएनन् । लामो समयसम्म शान्ति छाई रह्यो । तत्पश्चात् एक हंस आत्माले साहस गरेर म जान चाहन्छु भन्यो । उसको देखासिकी गरेर (काल ब्रह्मको एक्काईस ब्रह्माण्डमा फसेका) सबै आत्माहरूले स्वीकृति जनाए । ज-जसले तिमीसँग जाने स्वीकृति दिएका छन् म ती सर्व आत्माहरूलाई तिमी भएको ठाउँमा पठाइ दिन्छु भनी परमेश्वर कबीर जीले ज्योति निरन्जनलाई आफ्नो स्थानमा जान भन्नु भयो । ज्योति निरन्जन आफ्नो एक्काईस ब्रह्माण्डमा गए । त्यस समयसम्म यी एक्काईस ब्रह्माण्ड सतलोकमा नै थिए ।

सहयोग गर्न आग्रह गरे । मानसरोवरमा नुहाउन गएका अक्षर पुरूष आनन्द मानेर त्यहीं निदाए । धेरै समयसम्म पनि नआएपछि उनलाई निन्द्राबाट ब्युँझाउन अचिन्तले कविर्देव (कबीर परमेश्वर) सँग प्रार्थना गरे । कबीर परमेश्वरले मानसरोवरबाटै केही अमृत जल लिएर एउटा अण्डा बनाई त्यसमा एउटा आत्मा प्रवेश गराएर मानसरोवरको अमृत जलमा राखि दिनु भयो । अण्डाको गड्गडाहटले अक्षर पुरूष ब्युँझिए र अण्डालाई रिसाएर हेरेकोले त्यो फुटेर दुई टुक्रा भयो र त्यसबाट ज्योति निरन्जन (क्षर पुरूष) निक्ले, जसलाई पछि 'काल' भनियो । यिनको वास्तविक नाम 'कैल' हो । त्यसपछि सत्यपुरूष कविर्देवले तिमीहरु दुवैजना बाहिर आऊ र अचिन्तको द्वीपमा बस भनेर आकाशवाणी गर्नु भयो । वहाँको आज्ञा पाएर अक्षर र क्षर (कैल) पुरूष दुवै अचिन्तको द्वीपमा बस्न थाले (समर्थ नभई कार्य सफल हुँदैन भन्ने बोध गराउन र फेरि प्रभुत्वतर्फ नलागून् भनेर उनीहरूको अयोग्यता देखाइ दिनु भयो) । त्यसपछि पूर्ण धनी कविर्देवले सम्पूर्ण रचना आफैंले गर्नु भयो । आफ्नो शब्द शक्तिले राजेश्वरी (राष्ट्री) शक्ति उत्पन्न गरी समस्त ब्रह्माण्डहरु स्थापित गर्नु भयो । यिनलाई पराशक्ति तथा परानन्दनी पनि भनिन्छ । पूर्ण ब्रह्मले आफ्नो शब्द शक्तिले आफूभित्रबाटै सम्पूर्ण आत्माहरूलाई आफ्नो मानव शरीर सदृश उत्पन्न गर्नु भयो । प्रत्येक हंस आत्माको शरीर परमात्माको जस्तै मानव सदृश छ र तेज सोन्ह (१६) सूर्य समानछ । परमेश्वरको शरीरको एक रोम कुप करोडौं सूर्यहरूभन्दा पनि धेरै प्रकाशयुक्त छ । केही समयपछि क्षर पुरूषले हामी तीनैजना (अचिन्त, क्षर पुरूष, अक्षर पुरूष) एउटै टापुमा बसेका छौं, अरू भने एक-एक द्वीपमा छन्, म पनि साधना गरेर छुट्टै द्वीप प्राप्त गर्छु भनी सोचे । अनि एउटा गोडामा मात्र उभिएर सत्तरी (७०) युगसम्म तपस्या गर ।

आत्माहरू कालको जालमा कसरी फसे?

विशेषः जब ब्रह्म (ज्योति निरन्जन) तपस्या गरि रहेका थिए, आज ज्योति निरन्जनको एक्काईस ब्रह्माण्डमा रहेका हामी सबै आत्माहरू यिनको साधनाप्रति आशक्त भयौं तथा अन्तर आत्मा देखिनै यिनलाई चाहन थाल्यौं । आफ्नो सुखदाता प्रभुबाट विमुख भयौं । जसको कारणले पतिव्रता पदबाट झऱ्यौं । पूर्ण प्रभुले बारम्बार सावधान गराउँदा पनि हाम्रो आशक्तता क्षर पुरूषबाट हटेन । [आज पनि काल सृष्टिका सबै प्राणीमा यो प्रभाव विद्यमान छ। फिल्म स्टारहरु (अभिनेता र अभिनेत्रीहरु) का बनावटी हाउभाउ तथा आफ्नो रोजगारको उद्देश्यले गरिएका अभिनयमा युवाहरु आशक्त हुन्छन् र जति रोक्न खोज्दा पनि रोकिँदैनन्। कुनै अभिनेता वा अभिनेत्री नजिकको सहरमा आए भने उनीहरूलाई हेर्नका लागि मात्र भए पनि ती अबोध किशोर

किशोरीहरुको अत्याधिक भीड एकत्रित हुन्छ। 'लिनु न दिनु' भने जस्तै रोजी-रोटी अभिनेताहरु कमाइ रहेका हुन्छन् भने बालबालिकाहरु चाहिँ ठगिइ रहेका हुन्छन्। आमाबुबा तथा अभिभावकले जति सम्झाए पनि उनीहरु मान्दैनन्। कहीं न कहीं, कुनै न कुनै बेला लुकेर भए पनि गइ हाल्छन्।]

पूर्ण ब्रह्म कविर्देव (कबीर प्रभु) ले क्षर पुरूषलाई तिमी के चाहन्छौ भनेर सोध्नु भयो । उनले पिता जी मलाई यो स्थान सानो भएकाले अलग्ग एउटा द्वीप प्रदान गर्ने कृपा गर्नु होस् भने । हक्का कबीर (सत् कबीर) ले उनलाई एक्काईस ब्रह्माण्ड प्रदान गर्नु भयो । केही समय पश्चात् ज्योति निरन्जनले यसमा केही रचना गर्नु पर्छ, खाली ब्रह्माण्डको के काम भन्ने विचार गरी सत्तरी युग तपस्या गरेर पूर्ण परमात्मा कविर्देव (कबीर प्रभु) सँग रचना सामग्रीको याचना गरे । सतपुरूषले उनलाई तीन गुण तथा पाँच तत्त्व प्रदान गर्नु भयो, जसबाट ब्रह्म (ज्योति निरन्जन) ले आफ्नो ब्रह्माण्डमा केही रचना गरे। एक्लै मन लाग्दैन यसमा जीव पनि हुनु पर्छ भन्ने कुरा सोचे यो विचार गरेर फेरि ६४ (चौसठ्ठी) युगसम्म तप गरे पूर्ण परमात्मा कविर देवले सोधे पछि मलाई केही आत्माहरू दिनु होस्, मलाई एक्लै मन लागि रहेको छैन भने । तब सत पुरूष कविरग्नि (कबीर परमेश्वर) ले भन्नु भयो– हे ब्रह्म ! तिम्रो तपको प्रतिफल अनुसार म अझै ब्रह्माण्ड दिन सक्छु तर आफ्ना प्रिय आत्माहरू जपतप र साधनाको फलका रूपमा दिन सक्दिन तर यदि कोही स्वेच्छापूर्वक तिमीसँग जान चाहन्छ भने जान सक्छ । युवा कबीर (समर्थ कबीर) को वचन सुनेपछि ज्योति निरन्जन पहिले देखि नै उनीप्रति आशक्त ती आत्माहरू भएको ठाउँमा आए । ती आत्माहरूले ज्योति निरन्जनलाई चारैतिरबाट घेरे । ज्योति निरन्जनले मैले पिता जीबाट अलग्गै एक्काईस ब्रह्माण्ड पाएको छु । त्यहाँ नाना प्रकारका रमणीय स्थल बनाएको छु, के मसँग जान तयार हुनु हुन्छ भनेर सोधे । हामी सर्वहंसहरू २१ ब्रह्माण्डका लागि व्याकुल छौं, हामी जान तयार छौं तर पिता जीले आज्ञा दिनु पर्छ भने । तब क्षरपुरूष पूर्ण ब्रह्म महान् कविर (समर्थ कबीर प्रभु) को सामु गए र सम्पूर्ण कुरा सुनाए । तब कविरग्नि (कबीर परमेश्वर) ले मेरो सामुन्ने स्वीकृति दिनेलाई आज्ञा दिन्छु भन्नु भयो । क्षर पुरूष (कैल) तथा परम अक्षर पुरूष (कविर मितौजा) दुबै ती हंस आत्माहरूको समीपमा गएर बोलाए । सत कविर्देवले ब्रह्मसँग जान चाहने हंसले हात उठाएर स्वीकृति जनाऊ भन्नु भयो । आफ्ना पिताको अगाडि कसैको हिम्मत भएन । कसैले स्वीकृति दिएनन् । लामो समयसम्म शान्ति छाई रह्यो । तत्पश्चात् एक हंस आत्माले साहस गरेर म जान चाहन्छु भन्यो । उसको देखासिकी गरेर (काल ब्रह्मको एक्काईस ब्रह्माण्डमा फसेका) सबै आत्माहरूले स्वीकृति जनाए । ज-जसले तिमीसँग जाने स्वीकृति दिएका छन् म ती सर्व आत्माहरूलाई तिमी भएको ठाउँमा पठाइ दिन्छु भनी परमेश्वर कबीर जीले ज्योति निरन्जनलाई आफ्नो स्थानमा जान भन्नु भयो । ज्योति निरन्जन आफ्नो एक्काईस ब्रह्माण्डमा गए । त्यस समयसम्म यी एक्काईस ब्रह्माण्ड सतलोकमा नै थिए ।

त्यसपछि पूर्ण ब्रह्मले सर्वप्रथम स्वीकृति दिने हंसलाई केटीको रूप बनाइ दि भयो तर स्त्री इन्द्रिय रचना गर्नु भएन र ती सबै ज्योति निरन्जन (ब्रह्म) को सा जाने सहमति दिएका आत्माहरूलाई त्यस केटीको शरीरमा प्रवेश गराउनु भयो त उनको नाम आष्ट्रा (आदिमाया प्रकृति देवी/दुर्गा) राख्नु भयो र भन्नु भयो– पुत्री मै तिमीलाई शब्द शक्ति प्रदान गरेको छु, ब्रह्मले भने जति जीव उत्पन्न गरि दिनू । पू ब्रह्म कविर्देव (कबीर साहेब) ले आफ्नो छोरो सहज दासद्वारा प्रकृतिलाई क्षर पुरुष साथमा पठाइ दिनु भयो । सहज दासले ज्योति निरन्जनलाई पिता जीले यो बहिनीक शरीरमा तपाईंसँग जान सहमति दिने सबै आत्माहरू प्रवेश गराएर वचन शक्ति पनि प्रदान गर्नु भएको छ भन्ने कुरा बताए । तपाईं चाहे जति जीव प्रकृतिले आफ्न शब्दबाट नै उत्पन्न गर्ने छिन् । यति भनेर सहजदास आफ्नो द्वीपमा फर्के ।

तरूणावस्था हुनाले युवतीको आकर्षक रूपरङ्गप्रति ब्रह्ममा विषय वासना उत्पन्न भयो र प्रकृति देवीसँग अभद्र गतिविधि प्रारम्भ गरे । दुर्गाले आफूसँग पिताले दि भएको शब्दशक्ति छ भनेर सुनाइन् । तपाईं भने जति जीव म वचनबाट नै उत्पन्न ग दिन्छु। तर मैथुन परम्परा नगर्नु होस् । तपाईं पनि उनै पिताको शब्दको अण्डाबा उत्पन्न हुनु भएको हो र म पनि उनै परमपिताको वचनबाट उत्पन्न भएको हूँ। दाजु बहिनी बीचको यो योग महापापको कारण बन्ने छ । तर ज्योति निरन्जनले प्रकृति देवीको एउटा पनि प्रार्थना सुनेनन् । आफ्नो शब्द शक्तिद्वारा नङले प्रकृतिको स्त्री जनेन्द्रिय (भग) बनाएर बलात्कार गर्ने सोच बनाए । त्यसै समय दुर्गाले आफ्नो इज्जत रक्षाका लागि कुनै अरू उपाय नदेखेर आफूलाई सूक्ष्म रूप बनाएर ज्योति निरञ्जनको खुला मुखद्वारा पेटमा प्रवेश गरिन् र पूर्ण ब्रह्म कविर्देव (कबीर परमेश्वर) सँग आफ्न रक्षार्थ याचना गरिन् । त्यही समय कविर्देव (कविर देव) आफ्नो पुत्र योग संताय अर्थात् योगजीतको रूप बनाएर त्यहाँ प्रकट हुनु भयो अनि छोरीलाई ब्रह्मको पेटबा बाहिर निकालेर ज्योति निरन्जनलाई आजदेखि तेरो नाम 'काल' हुने छ, तेरो जन्म मृत्यु भइ रहन्छ, यसैले तेरो नाम क्षर पुरूष हुने छ, एक लाख मानव शरीरधारी प्राणीहरू खाने छस् तथा सवालाख उत्पन्न गर्ने छस्, तिमीहरू दुबैलाई एक्काईस ब्रह्माण्ड सहित निष्कासित गरिन्छ भन्नु भयो र एक्काईस ब्रह्माण्ड विमानको गति समान त्यहाँबा प्रस्थान गऱ्यो । सहज दासको द्वीप हुँदै सतलोकबाट सोन्ह शंख कोस (एक कोस लगभग ३ कि.मी.) दुरीमा आएर रोकियो । विशेष विवरण :- अहिलेसम्म निम्न तीनवट शक्तिहरूको विवरण प्राप्त भएको छ :

१. पूर्णब्रह्म : जसलाई सत्यपुरूष, अकाल पुरूष, शब्दस्वरूपी राम, परम अक्षर ब्रह्म परम अक्षर पुरूष आदि अन्य उपमात्मक नामहरूले पनि चिनिन्छ । पूर्ण ब्रह्म नै समस्त ब्रह्माण्डका स्वामी अर्थात् वासुदेव हुनु हुन्छ तथा यथार्थमा अविनाशी हुनु हुन्छ ।

एक ब्रह्माण्डको लघु चित्र



२. परमब्रह्म : जसलाई अक्षर पुरूष पनि भनिन्छ । यिनी पनि अविनाशी छैनन्। यिनी सात शंख ब्रह्माण्डका स्वामी हुन् ।

३. ब्रह्म : जसलाई ज्योति निरन्जन, काल, कैल, क्षर पुरूष तथा धर्मराय आदि नामले चिनिन्छ। जो केवल एक्काईस ब्रह्माण्डका स्वामी हुन् । अब यिनै ब्रह्मको सृष्टिको एक ब्रह्माण्डको परिचय दिइने छ, जसमा अरू तीन नाम पद्न पाइने छ-ब्रह्मा, विष्णु र शिव ।

<u>ब्रह्म र ब्रह्मा बीच भिन्नता</u> : एक ब्रह्माण्डमा बनेको सर्वोपरि स्थानमा ब्रह्म (क्षर पुरूष) स्वयम् तीन गुप्त स्थानको रचना गरेर ब्रह्मा, विष्णु र शिवका रूपमा रहन्छन् तथा आफ्नी पत्नी (दुर्गा) को सहयोगले तीन पुत्रहरू उत्पन्न गर्छन् । उनीहरूको नाम पनि ब्रह्मा, विष्णु र शिव नै राख्छन् । ब्रह्मका पुत्र ब्रह्मा एक ब्रह्माण्डमा बनेका केवल तीनलोक (पृथ्वी, स्वर्ग, पाताल) मा एउटा रजोगुण विभागको मन्त्री (स्वामी) मात्र हुन् । यिनलाई त्रिलोकीय ब्रह्मा भनिन्छ र ब्रह्मलोकमा ब्रह्माकारूपमा रहने ब्रह्मलाई चाहिँ महाब्रह्मा वा ब्रह्मलोकीय ब्रह्मा भनिन्छ । यिनै ब्रह्म (काल) लाई सदाशिव, महाशिव र महाविष्णु पनि भनिन्छ ।

श्री विष्णु पुराणमा प्रमाणः- चतुर्थ अंश अध्याय १ पृष्ठ २३०-२३१ मा श्री ब्रह्मा जीले भनेका छन्,– ती अजन्मा (नजन्मेका) सर्वमय (व्यापक) विधाता परमेश्वरको आदि, मध्य र अन्त्य तथा स्वरूप, स्वभाव र सार हामी जान्न सक्दैनौ (श्लोक ८३) ।

जसले मेरो रूप धारण गरेर संसारको रचना गर्दछन्, स्थिति कालमा पुरूषरूप तथा रूद्ररूपले विश्वलाई गाँस बनाउछन्, अनन्तरूपले सम्पूर्ण जगत धारण गर्छन् । (श्लोक ८६)

श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जीको उत्पत्ति

काल (ब्रह्म, क्षर पुरूष) ले प्रकृति (दुर्गा) सँग अब कसैले मेरो केही बिगार्न सक्दैन त्यसैले मनोमानी गर्छु भने । प्रकृतिले काल ब्रह्मलाई केही शरम त मान भनेर प्रार्थना गर्दै भनिन्,– पहिलो, त तपाई मेरा दाजु किनकि कबीर पूर्ण परमात्मा (कविर्देव) को शब्दशक्तिले तपाई अण्डाबाट उत्पन्न हुनु भएको हो र वहाँकै वचन शक्तिले म पनि उत्पन्न भएकी हुँ । अर्को कुरा, म तपाईको पेटबाट निस्केकी हुनाले म तपाईकी छोरी र तपाई मेरो बुबा हुनु भयो । यो पवित्र नातामा बिकार ल्याउनु महापाप हो । बुबाले दिनु भएको शब्दशक्तिले तपाईले भने जति नै प्राणी उत्पन्न गरि दिन्छु । ज्योति निरन्जनले दुर्गाको कुनै कुरा मानेनन् र मैले पाउनु पर्ने सजाय पाएँ र

सत्यलोकबाट निष्काशित भएँ र अब मनोमानी गर्छु भने अनि प्रकृतिसँग जबरजस्ती विवाह गरे । उनले तीन छोराहरु (रजगुणयुक्त-ब्रह्मा, सतगुणयुक्त-विष्णु र तमगुणयुक्त-शिव जी) जन्माएर युवा नहुन्जेलसम्म तीनैजनालाई दुर्गा मार्फत् अचेत गराए । युवा भएपछि श्रीब्रह्मा जीलाई कमलको फूलमा, श्री विष्णु जीलाई शेषनागको शैय्यामा र श्री शिव जीलाई कैलाश पर्वतमा सचेत बनाएर एकै ठाउँमा भेला गरी प्रकृतिको मद्दतले यी तीनैजनाको विवाह गराइ दिए । त्यसपछि एउटा ब्रह्माण्डको तीन लोक (स्वर्ग, पृथ्वी र पाताल) मा एक-एकवटा विभागको मन्त्री नियुक्त गरे– ब्रह्मालाई रजोगुण, विष्णुलाई सतोगुण र शिवलाई तमोगुण विभागको प्रमुख बनाएर आफूले मुख्य मन्त्री (महाब्रह्मा, महाविष्णु र महाशिव) को पद लिई गुप्त रूपमा रहे । उनले एउटा ब्रह्माण्डमा एउटा ब्रह्मलोकको रचना गरी त्यहाँ तीन गुप्तस्थान बनाएका छन् । पहिलो, रजोगुण प्रधान स्थानमा ब्रह्म (काल) स्वयं महाब्रह्मा (मुख्यमन्त्री) का रूपमा तथा दुर्गालाई महासावित्रीका रूपमा राख्छन् । यी दुईको संयोगले यहाँ जन्मेको छोरो स्वतः रजोगुणी बन्छ र उसको नाम ब्रह्मा राख्छन् । दोस्रो, सतोगुण प्रधान स्थानमा यी क्षर पुरुष महाविष्णुका रूपमा तथा दुर्गालाई महालक्ष्मीका रूपमा राख्छन् । यी दुईको संयोगले यस स्थानमा जन्मेको सतोगुणयुक्त छोरोको नाम विष्णु राख्छन् । यिनै कालले बनाएको तेस्रो तमोगुणयुक्त स्थानमा स्वयं सदाशिवको रूपमा र दुर्गालाई महापार्वती रूपमा राख्छन् । यी दुईको पति पत्नीको व्यवहारबाट उत्पन्न तमोगुणयुक्त छोरोको नाम शिव राख्छन् । (प्रमाणका लागि ब्रह्मा, विष्णु, रूद्र तथा महेश्वरभन्दा अन्य सदाशिव छन् भनिएको गीता प्रेस गोरखपुरबाट प्रकाशित र अनुवादकर्ता श्री हनुमानप्रसाद पोद्दारबाट अनुवादित पवित्र श्री शिव पुराण, विद्यवेश्वर संहिता पृष्ठ २४-२६ एवं रूद्र संहिता अध्याय ६, ७ र ९ पृष्ठ नं. १०० देखि १०५ सम्म र ११० मा, तथा गीता प्रेस गोरखपुरबाट प्रकाशित एवं श्री हनुमानप्रसाद पोद्दार र चिमनलाल गोश्वामीबाट अनुवादित पवित्र श्रीमद्देवी महापुराण तेस्रो स्कन्ध पृष्ठ नं. ११४-१२३ हेर्नु होस् ।) आफूले खानका लागि यिनीहरूलाई धोकामा राखेर श्री ब्रह्मा जीबाट जीवहरूको उत्पत्ति, श्री विष्णु जीबाट स्थिति (एक अर्कालाई मोह ममतामा राखेर कालको जालमा फसाउने) तथा श्री शिव जीबाट सङ्हार गराउँछन् । (किनकि काल पुरुषले एक लाख मानव शरीरधारी प्राणीहरूको सूक्ष्म शरीरबाट मैला निकालेर खानु पर्ने श्राप पाएका छन् । एक्काइसौं ब्रह्माण्डमा रहेको तप्तशीलामा जीवलाई तताई निक्लेको मयल पगालेर खान्छन् । जीव मर्दैन तर असह्य कष्ट हुन्छ। फेरि प्राणीको कर्म अनुसार वा कर्मको आधारमा अन्य शरीर प्रदान गर्छन्।) उदाहरणका लागि, कुनै घरमा तीनवटा कोठाहरु छन् । एउटा कोठामा अश्लील चित्र टाँगिएको हुनाले त्यसमा पस्नासाथ मनमा त्यस्तै मलीन वा

नराम्रो विचार उत्पन्न हुन्छ । दोस्रो कोठामा साधु, सन्त र भक्तहरूको चित्र टाँगिएको हुनाले त्यहाँ पस्दा मनमा असल विचार उत्पन्न हुन्छ तथा प्रभु चिन्तन बनि रहन्छ । तेस्रो कोठामा देशभक्त र सहिदहरूको तस्वीर टाँगिएको हुनाले त्यहाँ जाँदा त्यस्तै जोसिलो विचार उत्पन्न हुन्छ । ठीक यसरी नै (काल) ले आफ्नो बुद्धि प्रयोग गरी उपरोक्त तीन गुण प्रधान स्थानहरूको रचना ब्रह्मलोकमा गरेका छन् ।

तीन गुण के हुन् ? प्रमाण सहित

तीन गुण रजगुण ब्रह्मा जी, सतगुण विष्णु जी र तमगुण शिव जी हुन् । यी तीनैजना ब्रह्म (काल) तथा प्रकृति (दुर्गा) बाट उत्पन्न भएका हुन् तथा नाशवान छन् ।

प्रमाणः- श्री हनुमानप्रसाद पोद्दारबाट सम्पादित र गीता प्रेस गोरखपुरबाट प्रकाशित श्री शिवपुराणको पृष्ठ सं. २४-२६, विध्वेश्वर संहिता, पृष्ठ ११०, अध्याय ९ रूद्र संहितामा ब्रह्मा-विष्णु तथा शिव तीनै देवताहरूमा गुण छन् तर शिव (ब्रह्म/काल) लाई गुणातीत (गुणरहित) भनिएको छ ।

दोस्रो प्रमाण :- श्री हनुमानप्रसाद पोद्दार र चिमनलाल गोश्वामीबाट सम्पादित र गीताप्रेस गोरखपुरबाट प्रकाशित श्रीमद्देवी भागवत पुराण, तेस्रो स्कन्ध, अध्याय ५, पृष्ठ १२३ मा भनिएको छ : भगवान विष्णुले दुर्गाको स्तुति गर्दै म (विष्णु), ब्रह्मा र शङ्कर तपाईंकै कृपाले विद्यमान छौं, हाम्रो अविर्भाव वा जन्म र तिरोभाव वा मृत्यु हुन्छ, हामी नित्य वा अविनाशी छैनौं, तपाई नै नित्य, जगत् जननी, प्रकृति र सनातनी देवी हुनु हुन्छ भने । भगवान शङ्करले भगवान ब्रह्मा र विष्णु तपाईंबाटै उत्पन्न भएका हुन् भने उनीहरूपछि उत्पन्न हुने म, तमोगुणी लीला गर्ने शङ्कर, के तपाईंको सन्तान होइन ? अर्थात् मलाई पनि उत्पन्न गर्ने तपाई नै हो, यस संसारको सृष्टि-स्थिति-सङ्हारमा तपाईंको गुण सदा सर्वदा रहन्छन्, यिनै तीन गुणहरूबाट उत्पन्न हामी ब्रह्मा, विष्णु र शङ्कर नियमानुसार कार्यमा तत्पर रहन्छौ भने ।

उपरोक्त विवरण हिन्दीमा अनुवादित श्री देवीमहापुराणबाट लिइएको हो, जसमा केही तथ्यहरू लुकाइएका छन् । त्यसैले खेमराज श्री कृष्णदास प्रकाशन मुम्बईबाट प्रकाशित श्रीमद्देवीभागवत महापुराण सभाषटिकम् समहात्यम्मा संस्कृतसहित हिन्दीमा अनुवाद गरिएको छ । यसको तेस्रो स्कन्ध, अध्याय ४, पृष्ठ १० को श्लोक ४२ :

ब्रह्मा - अहम् ईश्वरः फिल ते प्रभावात्सर्वे वयं जनि युता न यदा तू नित्याः, के अन्ये सुराः शतमख प्रमुखाः च नित्या नित्या त्वमेव जननी प्रकृतिः पुराणा ।।४२।।

अनुवाद :- हे माता ! ब्रह्मा, म तथा शिव हजुरकै प्रभावबाट जन्मेका हौं, नित्य छैनौं अर्थात् हामी अविनाशी छैनौं, फेरि अन्य इन्द्रादि देवताहरू कसरी नित्य हुन सक्छन् । हजुर नै अविनाशी हुनु हुन्छ, प्रकृति तथा सनातनी देवी हुनु हुन्छ ।

त्यसकै पृष्ठ ११-१२, अध्याय ५, श्लोक ८ मा उल्लेख गरिएको छ : यदि दयार्द्रमना न सदाऽबिके कथमहं विहितः च तमोगुणः कमलजश्च रजोगुणसंभवः सुविहितः किमु सत्वगुणों हरिः ॥८॥

अनुवाद :- भगवान् शङ्करले भने- हे माता ! यदि हामीमाथि हजुर दयायुक्त हुनु हुन्छ भने मलाई तमोगुण किन बनाउनु भयो, कमलबाट उत्पन्न ब्रह्मालाई केका लागि रजोगुण बनाउनु भयो तथा विष्णुलाई सतगुण किन बनाउनु भयो ? अर्थात् हामी तीनैजनालाई जीवहरूको जन्म-मृत्यु रूपी दुष्कर्ममा किन लगाउनु भयो ?

श्लोक १२ :रमयसे स्वपतिं पुरूषं सदा तव गतिं न हि विह विद्म शिवे॥१२॥

अनुवाद :- आफ्नो पति पुरूष अर्थात् काल भगवान्सँग सदा भोग विलास गरि रहनु हुन्छ । हजुरको गति कसैले पनि जान्दैनन् ।

निष्कर्ष :- उपरोक्त प्रमाणहरूबाट के प्रमाणित हुन्छ भने रजगुण-ब्रह्मा, सतगुण-विष्णु तथा तमगुण-शिव हुन् र यी तीनैजना नाशवान छन् । दुर्गाका पति ब्रह्म (काल) हुन् । उनी प्रकृतिसँग भोगविलास गर्छन् ।

ब्रह्म (काल) को अव्यक्त रहने प्रतिज्ञा (सुक्ष्म वेदबाट शेष सृष्टि रचना - --)

तीनै छोराहरूको उत्पत्ति पछि ब्रह्मले आफ्नी पत्नी दुर्गा (प्रकृति) लाई म भविष्यमा कसैलाई आफ्नो वास्तविक रूपमा दर्शन नदिने प्रतिज्ञा गर्छु, यसैकारण म अव्यक्त मानिने छु,यस कुराको भेद कसैलाई नभन्नु र म गुप्त रहन्छु भने । दुर्गाले आफ्ना छोराहरूलाई पनि दर्शन दिनु हुन्न भनी सोध्दा ब्रह्मले आफ्ना छोराहरु लगायत कसैले कुनै साधना गरे पनि दर्शन दिन्न र यो मेरो अटल नियम हुने छ भने । दुर्गाले आफ्नै सन्तानबाट लुकेर बस्ने तपाईंको यो नियम उत्तम होइन भनेपछि कालले भने,– यो मेरो विवशता हो । मलाई एक लाख मानव शरीरधारी प्राणीहरूको आहार गर्ने श्राप लागेको छ । यो मेरा छोराहरु (ब्रह्मा, विष्णु र महेश) ले थाहा पाए भने उत्पत्ति, स्थिति तथा सङ्हारको कार्य गर्दैनन् र मेरो यो अनुत्तम नियम सँधै कायम रहने छ । यी तीनैजना अलि ठूला भएपछि यिनलाई अचेत तुल्याउनू । मेरो विषयमा नबताउनू, नत्र म तिमीलाई पनि दण्ड दिने छु । यही डरले दुर्गाले वास्तविकता बताउँदिनन् । यसैले गीता अध्याय ७ को श्लोक २४ मा भनिएको छ– म कहिल्यै पनि कसैको सामुन्ने प्रकट हुन्न, आफ्नो योगमायाद्वारा अदृश्य रहन्छु भन्ने मेरो अनुत्तम नियमबारे यो बुद्धिहीन जनसमुदाय अपरिचित छ । त्यसैले म अव्यक्तलाई मनुष्य रूपमा आएको अर्थात् कृष्ण मान्छन् ।

(अबुद्धय:) बुद्धिहीन (मम्) मेरो (अनुत्तमम्) अनुत्तम् अर्थात् निकृष्ट(अव्ययम्) अविनाशी (परम् भावम्) विशेष भाव (अजानन्त:) नबुझेर (माम् अव्यक्तम्) म अव्यक्तलाई (व्यक्तिम) मनुष्य रूपमा (आपन्नम) आएको (मन्यन्ते) मान्छन् अर्थात् म कृष्ण होइन। (गीता अध्याय ७, श्लोक २४)

गीता अध्याय ११ श्लोक ४७ र ४८ मा गीता ज्ञानाताले मेरो यो वास्तविक काल रूप न वेदहरूमा वर्णित विधिले, न जप र तपले, न त कुनै क्रियाबाट यसको दर्शन अर्थात् ब्रह्म प्राप्ति हुन सक्छ भनेका छन् ।

तीनैजना बालकहरू युवा भएपछि माता भवानी (प्रकृति, अष्टाङ्गी) ले उनीहरूलाई सागर मन्थन गर्न लगाइन, । पहिलो पटक सागर मन्थन गर्दा निस्केका चारै वेदलाई ब्रम्हाले लिए । (ज्योति निरञ्जनले आफ्नो श्वासले चार वेद उत्पन्न गरेर गुप्त वाणी मार्फत् सागरमा निवास गर्ने आज्ञा दिएका थिए ।) त्यो वस्तु लिएर तीनैजना आमाकहाँ जाँदा उनले चारै वेद राख्न र पढ्न ब्रह्मालाई आदेश दिइन् ।

नोट :- वास्तवमा पूर्णब्रह्मले ब्रह्म अर्थात् काललाई पाँचवटा वेद दिनु भएको थियो तर ब्रह्मले चारवटा मात्र प्रकट गरे । पाँचौं वेद लुकाइ दिए । त्यसलाई पूर्ण परमात्माले स्वयं प्रकट भएर कविर्गिर्भी: अर्थात् कविर्वाणी (कबीर वाणी) मार्फत् लोकोक्तिहरू तथा दोहा (छन्दवद्ध पद्य) का माध्यमबाट प्रकट गर्नु भयो ।

दोस्रो पटक सागर मन्थन गर्दा प्राप्त भएका तीन कन्या आमाले तीनैजनालाई बाँडि दिइन् । (प्रकृति वा दुर्गाले आफ्नै तीन रूप सावित्री, लक्ष्मी र पार्वती धारण गरी समुद्रमा लुकाएकी थिइन् । सागर मन्थनको समयमा ती निस्किए । प्रकृतिले लिएका तीन रूपबाट भगवान ब्रह्मालाई सावित्री, भगवान विष्णुलाई लक्ष्मी र भगवान शङ्करलाई पार्वती पत्नीका रूपमा दिइन् ।) तीनैजनाका भोग विलासबाट सुर र असुर दुवै जन्मिए ।

(तेस्रो पटक सागर मन्थन गरेपछि ब्रह्माले चौध रत्न, विष्णु र देवताहरूले अमृत तथा असुरहरूले मद्य वा रक्सी पाए भने विष चाहिं परमार्थ शिवले आफ्नो कण्ठमा राखे । तर यो धेरै पछिको घटना हो ।) ब्रह्माले वेद पढ्न थालेपछि सम्पूर्ण ब्रह्माण्डहरूको रचना गर्ने कुलका मालिक पुरूष (प्रभु) त अरू नै कोही हुन् भन्ने थाहा पाए । सर्जक त कोही अन्य प्रभु हुन् भन्ने कुरा वेदमा वर्णन गरिएको छ तर यसको रहस्य हामी पनि जान्दैनौं भनी वेदहरूले भन्छन् बरू कुनै तत्वदर्शी सन्तसँग सोध भनी सङ्केत दिइएको छ भनेर ब्रह्मा जीले विष्णु तथा शिव जीलाई सुनाए । अनि त्यो कुरा ब्रह्माले आमालाई बताए । आमाले आफूबाहेक कोही छैन भन्ने गर्थिन् । उनले म नै कर्ता हूँ र म नै सर्वशक्तिमान हूँ भनिन् तर ब्रह्माले वेद त ईश्वरले निर्माण गरेको भएकोले झुटो हुन सक्दैन भने । दुर्गाले तिम्रो बुबाले तिमीलाई दर्शन दिनु हुन्न, उनले प्रतिज्ञा गरेका छन् भनिन् । तब ब्रह्माले आमा ! तपाईका कुरामा विश्वास लागेन, म ती पुरूषलाई पत्ता लगाएरै छाड्छु भने । उनले दर्शन नदिएमा के गर्छौ भनी दुर्गाले सोध्दा ब्रह्माले म तपाईलाई आफ्नो अनुहार देखाउँदिन भनी जवाफ दिए । ज्योति

निरञ्जनले भने कसैलाई दर्शन दिन्न भनेर कसम खाएका छन् अर्थात् २१ ब्रह्माण्डमा कहिले पनि आफ्नो वास्तविक काल रूपमा आउँदिन भनेका छन्।

गीता अध्याय नं. ७ को श्लोक २४ :-

अव्यक्तम, व्यक्तिम्, आपन्नम्, मन्यन्ते, माम्, अबुद्धयः।
परम्, भावम्, अजानन्तः, मम, अव्ययम्, अनुत्तमम्॥२४॥

अनुवाद:- (अबुद्धयः) बुद्धिहीन मानिस (मम्) मेरो (अनुतमम्) निकृष्ट (अव्ययम्) अटल (परम्) परम (भावम्) भाव (अजानन्तः) लाई नजानेर (अव्यक्तम्) अव्यक्त वा अदृश्यमान (माम्) म काललाई (व्यक्तिम्) आकारमा कृष्ण अवतार (आपन्नम्) भएको (मन्यन्ते) मान्छन्।

गीता अध्याय नं. ७ को श्लोक २५ :-

न, अहम्, प्रकाशः, सर्वस्य, योगमाया समावृतः।
मूढः, अयम्, न, अभिजानाति, लोकः, माम्, अजम्, अव्ययम्॥२५॥

अनुवाद:- (अहम्) म (योगमाया समावृतः) योगमायाद्वारा लुकेर (सर्वस्य) बस्छु र सबैका सामु (प्रकाशः) प्रत्यक्ष (न) हुन्न अर्थात् अदृश्य अर्थात् अव्यक्त रहन्छु । त्यसैकारण (अजम्) जन्म नलिने (अव्ययम्) अविनाशी अटल भावयुक्त (अयम्) यो (मूढः) अज्ञानी (लोकः) मानिसहरु वा संसारले (माम्) मलाई (न अभिजानाति) जान्दैन वा मलाई अवतारका रूपमा आएको सम्झन्छ । किनकि ब्रह्म आफ्नो शब्द शक्तिले आफूलाई नाना प्रकारको बनाउँछन यी दुर्गाका पति हुन्, त्यसैले यस मन्त्रमा म श्री कृष्ण आदि जसरी दुर्गाबाट जन्म लिन्न भनेका छन्।

आफ्ना बुबा (काल/ब्रह्म) लाई भेट्ने ब्रह्माको प्रयत्न

त्यसपछि दुर्गाले ब्रह्मालाई अलख निरञ्जन तिम्रो बुबा हुन् तर वहाँले तिमीलाई दर्शन दिनु हुन्न भनिन् । ब्रह्माले आफू दर्शन गरेरै फर्कने कुरा बताए । दर्शन भएन भने तिमी के गर्छौ भनी सोध्दा बुबाको दर्शन नपाएमा तपाई सामु आउँदिन भन्ने प्रतिज्ञा ब्रह्माले गरे । अनि ब्रह्मा जी व्याकुल भएर अन्धकार नै अन्धकार भएको उत्तर दिशातर्फ हिंडे । त्यहाँ ब्रह्माले चार युगसम्म ध्यान गरे तर केही पाएनन् । कालले आकाशवाणी गरेर दुर्गालाई किन सृष्टिको रचना नगरेको भनी सोधे । भवानीले तपाईको जेठो छोरो, ब्रह्मा जिद्दी गरेर तपाईको खोजीमा गएको छ भनेर सुनाइन् । ब्रह्म (काल) ले उसलाई फर्काउनु, म दर्शन दिन्न र ब्रह्मा नभई जीव उत्पत्ति गर्नु असम्भव छ भने । अनि दुर्गाले (प्रकृति) आफ्नो शब्द शक्तिले गायत्री नामको युवती उत्पन्न गरेर ब्रह्मालाई फर्काएर ल्याउन भनिन् । गायत्री ब्रह्मा जीको सामु गइन् तर समाधीमा लीन भएकाले ब्रह्मा जीलाई कुनै आभास नै भएन । अनि आदि कुमारी (प्रकृति) ले गायत्रीलाई ध्यानबाट आदेश दिई ब्रह्माको चरण स्पर्श गर्न लगाइन् र गायत्रीले त्यसै

गरिन् । ब्रह्मा जी ध्यान भङ्ग भएकोले रिसले कराए,– मेरो ध्यान भङ्ग गर्ने को पापिनी हो ? म त्यसलाई श्राप दिन्छु । गायत्रीले भनिन्,– यसमा मेरो दोष छैन । पहिले मेरो कुरा सुन्नु होस्, अनि श्राप दिनु पर्ने भए दिनु होला । तपाईं नभई जीव उत्पत्ति नहुने भएकोले तपाईंलाई फर्काउन आमाले मलाई पठाउनु भएको हो । ब्रह्माले बुबाको दर्शन नै भएको छैन, म कसरी जाऊँ ? यत्तिकै गएमा मेरो उपहास हुने छ । तिमीले आमासामु ब्रह्माले बुबा (ज्योति निरन्जन) को दर्शन पाए, मैले आफ्नै आँखाले देखेकी हूँ भन्यौ भने मात्र म तिमीसँग जान्छु भने । तब गायत्रीले तपाईंले मसँग सम्भोग (सेक्स) गर्नु भयो भने मात्र म झुटो साक्षी दिने छु भनिन् । अनि बुबाको दर्शन नभएकोले त्यतिकै आमा समक्ष गएमा लाज हुने छ भन्ने ब्रह्माले सोचे र अर्को कुनै उपाय नदेखी गायत्रीसँग रतिक्रिया (सम्भोग) गरे ।

अनि गायत्रीको अर्को पनि साक्षी तयार गर्ने कुरामा ब्रह्माले पनि सहमति जनाए । गायत्रीले शब्दशक्तिबाट पुहपवती नामको युवती जन्माइन् । दुवैजनाले उनीसित ब्रह्माले पिताको दर्शन गरेका हुन् भनी साक्षी बक्न आग्रह गरे । पुहपवतीले मैले किन त्यसै झुटो बोल्नू ? तपाईं (ब्रह्मा) ले मसँग रतिक्रिया (सम्भोग) गरे मात्र साक्षी बन्ने छु भनिन् । गायत्रीले ब्रह्मालाई त्यो बाहेक कुनै उपाय छैन भनेर सम्झाइन् (उक्साइन्) । अनि ब्रह्माले पुहपवतीसँग सम्भोग गरे र तीनैजना आदिमाया (प्रकृति) कहाँ गए । ब्रह्माले आमालाई हामीले झुटो बोलेको कुरा बताए भने आमाले हामीलाई श्राप दिनु होला भन्ने डरले उनलाई पनि दोषी बनाउन दुवै देवीहरूले त्यो शर्त राखेका थिए ।

(यहाँ महाराज गरीबदास जी भन्नु हुन्छ : 'दास गरीब यह चूक धुरों धुर')

आमा (दुर्गा) ले ब्रह्मालाई श्राप दिनु

बुबाको दर्शन भयो कि भएन भनेर आमाले ब्रह्मालाई सोध्दा उनले बुबाको दर्शन भएको कुरा सुनाए । दुर्गाले साक्षी पेश गर्न भनिन् । ब्रह्माले गायत्री र पुहपवतीलाई देखाएर यिनीहरूको सामुन्ने नै साक्षात्कार हुनु भएको हो भनेर बताए अनि दुवैले आफ्नै आँखाले देखेका हौं भने । ब्रह्मले त कसैलाई दर्शन दिन्न भनेका थिए तर यिनीहरू दर्शन पाइयो भन्छन् भनीं भवानी (प्रकृति) लाई शङ्का लाग्यो । अनि अष्टङ्गीले ध्यान गरेर काल/ज्योति निरञ्जनलाई यो कस्तो कहानी हो ? भनेर सोधिन् । ज्योति निरञ्जनले यी तीनैजना झुटो बोल्दै छन् भने । अनि आमाले तिमीहरु झुटो बोल्दै छौ तिमीले कुनै दर्शन पाएका छैनौ भनी आकाशवाणी भएको छ भनिन् । आफूले कसम खाएर बुबाको खोजी गरेको हो तर पनि बुबाको दर्शन नभएकोले आमासमक्ष आउन लाज लाग्यो र झुटो बोलेका हौं भनी ब्रह्माले बताए । आमाले अब म तिमीहरूलाई श्राप दिन्छु भनिन् ।

ब्रह्मालाई श्राप : संसारमा तेरो पूजा हुने छैन । पछि आउने तेरा वंशहरूले धेरै पाखण्ड गर्ने र झुटा कुरा बताएर संसारलाई ठग्ने छन् । हेर्दा कर्मकाण्ड गरेको देखिए पनि भित्री रूपमा विकार गर्नेछन् । उनीहरूले कथा र पुराणहरू पढेर सुनाए पनि सद्ग्रन्थहरूमा भएका वास्तविकताको ज्ञान भने हुने छैन तर पनि मान-सम्मान र धन प्राप्तिका लागि गुरू बनेर अनुयायीहरूलाई लोकवेद (शास्त्र विरूद्ध दन्त्यकथा) सुनाउने छन् । देवी देवताहरूको पूजा गरेर तथा गराएर अनि अरूको निन्दा गरेर कष्टमाथि कष्ट भोग्ने छन् । उनीहरूका अुनयायीहरूलाई परमार्थ बारे बताउने छैनन् । दक्षिणाका लागि संसारलाई पथभ्रष्ट पार्ने छन् । आफूलाई सबैभन्दा राम्रो ठानेर अरूलाई नराम्रो सम्झने छन् । आमाको मुखबाट यी कुरा सुनेपछि ब्रह्मा मूर्छित भएर जमिनमा लडे र धेरै बेरपछि मात्र होसमा आए ।

गायत्रीलाई श्रापः तँ मृत्युलोकमा गाई बन्ने छेस् र तेरा कैयौँ साँढे पति हुने छन्।

पुहपवतीलाई श्राप : तेरो बास फोहोरमा हुने छ । तेरो फूल कुनै पूजामा चढाइने छैन । झुटो साक्षी बनेको कारणले तैँले नरक भोग्नु पर्ने छ । तेरो नाम केवडा वा केतकी हुने छ । (नेपालमा केवरा वा क्यात्तुके भन्छन् । यो फोहोर ठाउँमा हुन्छ।)

यसरी तीनै जनालाई श्राप दिएर माता भवानी धेरै पछुताइन् । {यसरी जीवले पहिले नसोची मन (काल निरञ्जन) को प्रभावबाट गलत कार्य गर्छ र आत्मा (सत्यपुरूषको अंश) को प्रभावबाट ज्ञान पाएपछि पछुताउँछ । आफ्ना बालबालिकाको स-साना गल्तीमा आमा बुबाले रिसाएर (क्रोधवश) हकारे पछि पछुताउँछन् । मन (काल-निरञ्जन) को प्रभावले सम्पूर्ण जीवहरूमा यही प्रक्रिया क्रियान्वयन भइ रहेछ ।} हो, यहाँ एउटा विशेष कुराः कुनै जीवले अर्को कमजोर जीवलाई सताएमा उसले त्यसको प्रतिफल प्राप्त गर्छ भन्ने कानुन निरञ्जन (काल-ब्रह्म) ले पनि बनाएका छन् । आदि भवानी (प्रकृति, अष्टाङ्गी) ले ब्रह्मा, गायत्री र पुहपवतीलाई श्राप दिएपछि अलख निरञ्जन (ब्रह्म/काल) ले भवानी यो तिमीले राम्रो गरिनौ भन्दै द्वापर युगमा तिम्रा पनि पाँच पति हुने छन् भनी श्राप दिए । (द्रौपदी नै आदि मायाको अवतार हो ।) यो आकाशवाणी सुनेर आदि मायाले ज्योति निरञ्जन ! म तिम्रै अधीनमा छु, जसो चाहन्छौ त्यसै गर भनिन् ।

आफ्नो बुबा ब्रह्मलाई खोज्न विष्णु निस्कनु र आमाको आशीर्वाद पाउनु

त्यसपछि, तिमी पनि आफ्नो बुबा पत्ता लगाऊ भनेर प्रकृतिले विष्णुलाई भनिन् । अनि विष्णु आफ्नो बुबा काल (ब्रह्म) को खोजी गर्दै पाताल लोकमा पुगे । त्यहाँ भएको शेषनागले विष्णुलाई आफ्नो सीमाभित्र पसेको देखी रिसाएर विषले भरिएको फुँकार हान्यो । त्यो विषको प्रभावले रङले पोतिए झैं विष्णु जीको रङ् श्याम वर्ण (कालो) को

भयो । अनि विष्णुले यस नागलाई मजा चखाउँछु भनेर सोच्दै गर्दा ज्योति निरञ्जन अब विष्णुलाई शान्त गराउनु पर्छ भन्ने विचार गरी आकाशवाणी गरे,– विष्णु, अब ति आमाको समीपमा जाऊ र सबै विवरण साँच्चो सुनाऊ । शेष नागबाट तिमीले पाए कष्टको प्रतिशोध द्वापर युगमा तिमीले कृष्ण अवतार धारण गरेर लिने छौ, त्यसबे शेषनागले कालीदहमा कालिन्द्री नामले अवतार लिने छ ।

ऊँच होई के नीच सतावै, ताकर ओएल (बदला) मोही सों पावै।
जो जीव देई पीर पुनी काँहु, हम पुनि ओएल दिवावें ताहूँ।।

त्यसपछि, आमाको समीपमा गई विष्णु जीले बुबाको दर्शन नपाएको सत्य त कुरा बताएपछि आमा सान्है प्रसन्न भएर बाबु, तिमी सत्यवादी हौ, अब म आफ शक्तिले तिमीलाई तिम्रो बुबासँग भेट गराएर तिम्रो मनको शंका मेटाइ दिन्छु भनिन् ।

कबीर देख पुत्र तोहि पिता भीटाऊँ, तोरै मनका धोखा मिटाऊँ।
मन स्वरूप कर्ता कह जानों, मन ते दूजा और न मानो।
स्वर्ग पताल दौर मन केरा, मन अस्थीर मन अहै अनेरा।
निरंकार मन ही को कहिए, मन की आस निश दिन रहिए।
देख हूँ पलटि सुन्य मह ज्योति, जहाँपर झिलमिल झालर होती।।

आमा (अष्टाङ्गी/प्रकृति) ले विष्णुलाई मन नै संसारको कर्ता हो, यही ज्यो निरञ्जन हो, ध्यानमा देखिने एक हजार ज्योतिहरु नै उनको रूप हो र सुनिने श घण्टा आदि बाजाहरु महास्वर्गमा निरञ्जनको नै बजि रहेको हो भनिन् साथै छोर तिमी सबै देवताहरूको श्रीपेच हौ र तिम्रो हरेक कामना तथा कार्य म पूर्ण गरि दिन् तिम्रो पूजा सम्पूर्ण जगतमा हुने छ, तिमीले मलाई सत्य बताएका छौ, कालक एक्काईस ब्रह्माण्डका प्राणीहरूमा आफ्नो व्यर्थको महिमा गाउने बानी छ । जस्तै दु जीले तिम्रो पूजा संसारभरि हुने छ, मैले तिमीलाई तिम्रो बुबाको दर्शन गराएँ भन फुर्क्याउँदै प्रकाश मात्र देखाएर श्री विष्णु जीलाई बहकाइन् । श्री विष्णु जीले प प्रभुको यही अवस्था अर्थात् परमात्माको प्रकाश मात्र देखिन्छ र वहाँ निराकार हुनु हुन भनेर आफ्ना अनुयायीहरूलाई बताउन थाले । त्यसपछि, रूद्रका (महेश) सामु गई आ भवानीले तिमी पनि आफ्नो बुबाको खोजी गर, तिम्रा दुई दाजुहरूले त वहाँको दर्श पाएनन्, उनीहरूलाई जे दिनु थियो, त्यो प्रदान गरें, अब तिमी पनि जे माग्नु छ मा भनिन् । अनि महेशले भने,– हे जननी । मेरा दाजुहरूले बुबाको दर्शन नपाएकोले प्रयत गर्नु व्यर्थ छ । कृपया मलाई अमर (मृत्युञ्जय) हुने वर दिनु होस् । आमाले जवाफम म यस्तो त गर्न सक्दिन तर तिम्रो आयु सबैभन्दा लामो भइ रहने जुक्ति भने बता दिन्छु र त्यो विधि योग समाधि हो (त्यसैले महादेव प्रायः समाधिमा नै रहन्छन्) भनि । यसरी आमा (अष्टाङ्गी/प्रकृति) ले तीनैजना छोराहरूको विभाग छुट्याइ दिइन् :-

भगवान ब्रह्मा जीलाई काल लोकमा चौरासी लाखको चोला (शरीर) रचना गर्ने अर्थात् रजोगुणले प्रभावित गरी सन्तान उत्पत्तिका लागि वाध्य पारेर जीव उत्पत्ति गराउने विभाग प्रदान गरिन् ।

भगवान विष्णु जीलाई जीवहरूको पालन पोषण (कर्म अनुसार) गर्ने, तथा मोह ममता उत्पन्न गरेर स्थिति कायम गरी राख्ने विभाग प्रदान गरिन् ।

भगवान शिव शङ्कर (महादेव) लाई संहार गर्ने विभाग प्रदान गरिन् किनकि यिनका पिता निरञ्जनले एक लाख मानव शरीरधारी जीव प्रत्येक दिन खानु पर्छ ।

यहाँ ब्रह्मा, विष्णु तथा शङ्कर जीबाट उत्पत्ति, स्थिति र संहार कसरी हुन्छ भन्ने प्रश्न उठ्छ । यी तीनजना आ-आफ्नो लोकमा बस्छन् । हिजो-आज सञ्चार प्रणाली चलाउन उपग्रहलाई आकाशमा छोडिन्छ र त्यसले पृथ्वीमा सञ्चार प्रणाली सञ्चालन गर्छ । ठीक त्यसरी नै यी तीन देवहरू जहाँ रहे पनि यिनका शरीरबाट निस्कने सूक्ष्म गुणको तरङ्गले तीनवटै लोकका हरेक प्राणीमा आ-आफ्नो प्रभाव स्वतः पार्दछ ।

उपरोक्त विवरण त एक ब्रह्माण्डमा ब्रह्म (काल) को रचनाको हो । क्षर पुरूष वा कालको यस्ता एक्काईसवटा ब्रह्माण्ड छन् ।

तर क्षर पुरूष (काल) आफू व्यक्त अर्थात् वास्तविक शारीरिक रूपमा सबैका सामु आउँदैनन् । उनलाई प्राप्त गर्नका लागि तीन देवताहरु (ब्रह्मा, विष्णु र शिव) ले वेदमा वर्णित विधि अनुसार सक्दो साधना गर्दा पनि ब्रह्म (काल) को दर्शन पाएनन् । पछि ऋषिहरूले वेदहरूको अध्ययन गरे । तिनीहरूमा 'अग्नेः तनूर् असि' (पवित्र यजुर्वेद अध्याय १ मन्त्र १५) अर्थात् परमेश्वर सशरीर हुनु हुन्छ तथा 'अग्नेः तनूर् असि विष्णवे त्वा सोमस्य तनूर असि' (पवित्र यजुर्वेद अध्याय ५ मन्त्र १) लेखिएको छ । यी मन्त्रहरूमा वेदले सर्वव्यापक, सर्वपालनकर्ता सत्यपुरूष सशरीर हुनु हुन्छ भन्ने प्रमाण दोहर्याएर दिएका छन् । पवित्र यजुर्वेद अध्याय ४० मन्त्र ८ मा सबै प्राणीहरूले चाहेका परमेश्वर कविर अर्थात् कबीर (कविर् मनिषी) हुनु हुन्छ । वहाँको शरीर नाडी-रहित (अस्नाविरम्) र वीर्य (शुक्रम्) बाट निर्मित पाँच तत्त्वले बनेको भौतिक काया-रहित (अकायम्) छ । वहाँ सबैका मालिक हुनु हुन्छ र सर्वोपरि (सबैभन्दा माथिको) सत्यलोकमा विराजमान हुनु हुन्छ । परमेश्वरको स्वयं प्रकाशित तेजपुञ्ज (स्वर्ज्योत्ति) को शरीर छ, जुन शब्द रूप अर्थात् अविनाशी छ । सम्पूर्ण ब्रह्माण्डहरूको रचनाकर्ता (व्यदधाता), स्वयं प्रकट हुनु भएको (स्वयम्भूः) र (यथा तथ्य अर्थात्) वास्तवमा अविनाशी (शाश्वत्) कविर्देव (कबीर परमेश्वर) वहाँ नै हुनु हुन्छ । (यसको प्रमाण गीता अध्याय १५ श्लोक १७ मा पनि छ ।) यसको भावार्थः पूर्ण ब्रह्मको शारीरिक नाम कबीर (कविरदेव) हो । वहाँ (परमेश्वर) को शरीर प्रकाश (नूर) तत्त्वबाट निर्मित छ । परमात्माको शरीर अति सूक्ष्म हुनाले दिव्यदृष्टि खुलि सकेको साधकले मात्र देख्न सक्छ । यसरी नै जीवको पनि सूक्ष्म शरीर हुन्छ, जसलाई आमा र बुबाको संयोगले वीर्य (शुक्रम्) बाट बनेको पञ्च

तत्त्वको खोल वा पाँच तत्त्वको कायाले ढाकेको हुन्छ । शरीर त्यागेपछि पनि जीवको सूक्ष्म शरीर भने रहि रहन्छ । दिव्यदृष्टि खुलि सकेको साधकले नै त्यो सूक्ष्म शरीरलाई देख्न सक्छ । परमात्मा तथा जीवको स्थितिलाई यसरी नै बुझ्नु पर्छ । वेदमा ओ३म् नामको स्मरण गर्ने कुराको प्रमाण छ तर यसबाट ब्रह्मको साधना मात्र हुन्छ । यसै उद्देश्यले ओ३म् नामको जपलाई पूर्ण ब्रह्मको मानेर ऋषिहरूले पनि हठयोग गरी (समाधी लगाई) प्रभु प्राप्तिको प्रयास गरे, तर प्रभुको दर्शन भएन, सिद्धि प्राप्त भयो । तिनै सिद्धिरूपी खेलौनाहरु खेलेर ऋषिहरु पनि जन्म मृत्युको चक्रमै घुमि रहे अनि आफ्नो अनुभवका आधारमा शास्त्रमा परमात्मालाई निराकार भनेर लेखि दिए । ब्रह्म (काल) ले आफ्नो वास्तविक स्वरूपमा कसैलाई दर्शन नदिनेर आफूलाई अव्यक्त भनेर चिन्ने छन् भनी बाचा गरेका छन् । (अव्यक्तको अर्थ आकारमा भएता पनि व्यक्तिगत तवरले स्थूल रूपमा दर्शन नदिने भनेको हो । उदाहरणका लागि आकाशमा बादल लागेपछि दिउँसो पनि सूर्य अदृश्य हुन्छ, सूर्य देखिदैन । वास्तवमा त्यो बादलपारि जस्ताको त्यस्तै रूपमा छ । यस अवस्थालाई नै अव्यक्त भनिन्छ ।) प्रमाण निम्ति गीताको अध्याय ७ श्लोक २४-२५ तथा अध्याय ११ श्लोक ४८ र ३२ हेर्नु होस् ।

पवित्र गीता जी भन्ने ब्रह्म (काल) श्री कृष्ण जीको शरीरमा प्रेतवत् रूपमा प्रवेश गरी भनि रहेका छन्,– अर्जुन ! म ठूलो भएको काल हूँ र सबैलाई खान आएको हूँ। (गीता अध्याय ११ श्लोक नं ३२) यो मेरो वास्तविक रूप हो, यो तिमीबाहेक पहिले न कसैले देख्न सक्यो न त पछि कसैले देख्न सक्ने छ अर्थात् वेदहरूमा वर्णन गरिएका यज्ञ-जप-तप तथा ओ३म् नाम आदि विधिले मेरो वास्तविक स्वरूपको दर्शन हुन सक्दैन । (गीता अध्याय ११ श्लोक नं. ४८) म कृष्ण होइन, यी मूर्ख मानिसहरूले म अव्यक्तलाई कृष्ण रूपमा व्यक्त (मनुष्य रूपको) मानि रहेका छन् किनकि यिनीहरूलाई म वास्तविक काल रूपमा सबैका सामु नआई आफ्नो योगमायाद्वारा लुकि रहन्छु भन्ने मेरो निकृष्ट नियम थाहा छैन । (गीता अध्याय ७ श्लोक २४-२५) विचार गर्नु होस्ः आफ्नो लुकेर रहने विधानलाई यिनले किन आफै निकृष्ट (अनुत्तम) भनि रहेका छन् ?

बुबाले आफ्ना सन्तानलाई दर्शन दिँदैनन् भने त्यसमा केही त्रुटि छ, जसकारणले गर्दा उनी लुकेका छन् र सुविधा पनि दिइ रहेका छन् । काल (ब्रह्म) ले श्राप पाएकाले दैनिक एक लाख मानव शरीरधारी प्राणीहरु खानु पर्छ र दैनिक २५ प्रतिशत थप उत्पन्न गरेकालाई व्यवस्थित गर्न र कर्मभोग अनुसारको दण्ड दिन चौरासी लाख योनीहरूको रचना गरेका छन्। सबैका सामु बसेर कसैको श्रीमती, कसैको छोरा वा आमा-बुबालाई खाएमा सबैले ब्रह्मलाई घृणा गर्ने छन् तथा कुनै बेला पूर्ण परमात्मा कविरग्नि (कबीर परमेश्वर) स्वयं आउनु भयो भने या आफ्नो कोही सन्देशवाहक (दूत) पठाउनु भयो भने सबै प्राणी मिलेर सत्यभक्ति गरी कालको जालबाट निस्कने छन् भनेर उनले सबैलाई धोका दिएर राख्छन् । पवित्र गीता अध्याय ७ श्लोक १८, २४ र २५ मा ब्रह्मको साधानाले हुने मुक्ति (गति) लाई आफैले अति निकृष्ट (अनुत्तमाम) भनेका छन् तथा आफ्नो विधान (नियम) लाई पनि अश्रेष्ट (अनुत्तम) भनेका छन्।

ब्रह्म लोकको लघु चित्र



ज्योति निरञ्जन (काल) ब्रह्मको लोक (२१ ब्रह्माण्ड) को लघु चित्र



प्रत्येक ब्रह्माण्डमा बनेका ब्रह्मलोकमा यिनले एउटा महास्वर्ग बनाएका छन । प्राणीहरूलाई धोका दिनका लागि प्रकृति (दुर्गा/आदिमाया) को सहयोगबाट महास्वर्गको एक ठाउँमा नक्कली सत्यलोक, नक्कली अलखलोक, नक्कली अगमलोक र नक्कली अनामीलोकको रचना गराएका छन् । कबीर साहेबको शब्द "कर नैनों दीदार महल में प्यारा है" मा काया भेद किया निरवारा, यह सब रचना पिण्ड मंझारा है । माया अविगत जाल पसारा, सो कारीगर भारा है । आदि माया किन्ही चतुराई, झुठी बाजी पिण्ड दिखाई, अविगत रचना रचि अण्ड माहि वाका प्रतिबिम्ब डारा है। भन्ने वाणी छ।

एउटै ब्रह्माण्डमा अन्य लोकहरु श्री ब्रह्मा जीको लोक, श्री विष्णु जीको लोक, श्री शिव जीको लोक को पनि रचना गरिएका छन् । त्यहाँ बसेर यी तीन प्रभुहरूले तलका तीन लोकहरु (स्वर्गलोक अथवा इन्द्र लोक, पृथ्वी लोक र पाताल लोक) मा एक-एक विभागको मालिक बनेर प्रभुत्व जमाई आफ्नो बुबा काललाई खुवाउनका लागि प्राणीहरूको उत्पत्ति, स्थिति र संहारको कार्यभार सम्हाल्छन् । यी तीनवटै प्रभुहरूको पनि जन्म र मृत्यु हुन्छ र कालले यिनीहरूलाई पनि खान्छन् । यही ब्रह्माण्डमा एउटा मानसरोवर, धर्मराय (न्यायधीश) को लोक पनि छ अनि प्रत्येक देशको राजदूतावास भएझैं त्यहाँ एउटा गुप्त स्थानमा अर्कै रूप धारण गरी पूर्ण परमात्मा विराजमान हुनु हुन्छ । {(ब्रह्माण्डको बनोट अण्डाकार भएकाले अण्ड पनि भनिन्छ । शरीर (पिण्ड) मा एउटा ब्रह्माण्डको रचनालाई टी.भी. मा जस्तै कमलहरूमा देखिने भएकाले यसलाई पिण्ड पनि भनिन्छ ।)} त्यहाँ कोही जान सक्दैन । त्यहाँ सत्यलोकको भक्ति अधुरा भएका आत्माहरु बस्छन् । भक्ति युगको समय आएपछि परमेश्वर कबीर जीले आफ्नो प्रतिनिधिलाई पूर्ण सन्तका रूपमा पठाउनु हुन्छ । त्यसबेला यी पुण्यात्माहरूले पृथ्वीमा मानव शरीर प्राप्त गरी छिटै सतभक्तिमा लागेर सतगुरूबाट दीक्षा पाएर पूर्ण मोक्ष प्राप्त गर्छन् । त्यस ठाउँमा बस्ने हंस आत्माहरूको निजी भक्ति कमाइ खर्च हुँदैन। परमात्माको भण्डारबाट सबै सुविधाहरु उपलब्ध हुन्छन् । ब्रह्म (काल) का उपासकहरूको भक्ति कमाइ स्वर्ग महास्वर्गमा सकिन्छ किनकि यस काल लोक (ब्रह्मलोक) तथा परब्रह्मको लोकमा प्राणीहरूले आफूले गरेका कर्मको फल नै प्राप्त गर्छन् । क्षर पुरुष (ब्रह्म) ले आफ्ना २० ब्रह्माण्डहरूलाई चार महाब्रह्माण्डहरूमा विभाजित गरेका छन् । एक महाब्रह्माण्डमा ५ ब्रह्माण्डको समूह बनाएका छन् र चारैतिरबाट अण्डाकारको गोलो घेरा (परिधि) मा स्थित गराएका छन् र चारै महाब्रह्माण्डहरूलाई पुनः अण्डाकार गोलो घेरो (परिधि) मा स्थित गराएका छन् । एक्काइसौं ब्रह्माण्डको रचना एक महाब्रह्माण्ड जत्ति स्थान लिएर बनाएका छन् । एक्काइसौं ब्रह्माण्डमा प्रवेश गर्ना साथ तीनवटा बाटो बनाएका छन् । एक्काइसौं ब्रह्माण्डमा पनि बायाँतर्फ आदिमाया (दुर्गा) द्वारा

प्राणीहरूलाई झुक्याउनका लागि नक्कली सत्यलोक, नक्कली अलखलोक, नक्कली अगमलोक र नक्कली अनामीलोकको रचना गराएका छन् तथा दायाँतर्फ बान्हजना सर्वश्रेष्ठ ब्रह्म साधक (भक्त) हरूलाई राखेका छन् ।

अनि प्रत्येक युगमा उनीहरूलाई आफ्नो सन्देश वाहक (सन्त सतगुरू) बनाएर पृथ्वीमा पठाउँछन् । तिनीहरूले शास्त्रविधि रहित साधना र ज्ञान सिकाएर आफैं पनि भक्तिहीन हुन्छन् र अनुयायीहरूलाई पनि कालको जालमा फँसाई नर्कमा जान्छन् । त्यस बाटोको अगाडि काल (ब्रह्म) को निजी लोकमा जाने एउटा ताला (कुलुफ) लगाई राखिएको छ । ब्रह्म (काल) आफ्नो वास्तविक मानव सदृश काल रूपमा रहने यो ठाउँमा आफैं तातो भइ रहने तावाको आकारको (रोटी पकाउने फलामको गोलो भाँडो जस्तो) एउटा ढुङ्गाको टुक्रा छ । जसमा एक लाख मानवधारी प्राणीहरूको सूक्ष्म शरीर भुटेर फोहर निकाली कालले खान्छन् । त्यसबेला प्राणीलाई असाध्य पीडा अनुभव हुन्छ र हाहाकार मच्चिन्छ । केही बेरपछि तिनीहरु बेहोस हुन्छन् । जीव मर्दैन । अनि धर्मराजको लोकमा गएर कर्मको आधारमा अर्को जन्म पाउँछन् । यसरी जन्म-मृत्युको चक्र चलि रहन्छ । माथि उल्लेखित सामुन्नेमा लागेको ताला ब्रह्म (काल) ले आफ्नो आहार हुने प्राणीहरूका लागि केही क्षणका लागि खोल्छन् । पूर्ण परमात्माको सत्यनाम तथा सारनामबाट यो ताला आफैं खुल्छ । यसरी कालको जालको बारेमा पूर्ण परमात्मा कविर्देव (कबीर साहेब) आफैंले आफ्नो निजी भक्त धर्मदास जीलाई बताउनु भयो ।

परब्रह्मका सात शङ्ख ब्रह्माण्डहरूको स्थापना

कबीर परमेश्वर (कविर्देव) ले पहिले परब्रह्म (अक्षर पुरूष) ले आफ्नो कार्यमा बेवास्ता गरेर मानसरोवरमा गएर सुते भनेर बताउनु भयो । परमेश्वर (कबीर साहेब) ले मानसरोवरमा अण्डा राख्नु भएपछि अक्षर पुरूष (परब्रह्म) ले वहाँलाई रिसाएर हेरेका दुवै अपराधका कारण यिनी पनि सात शंख ब्रह्माण्डसहित सत्यलोकबाट बाहिर निकालिए । आफ्नो साथी ब्रह्म (क्षर पुरूष) सित छुटेपछि अक्षर पुरूष (परब्रह्म) व्याकुल भई परमपिता कविर्देव (कबीर परमेश्वर) लाई बिर्सिएर ब्रह्मको स्मरण गर्दै क्षर पुरूष (ब्रह्म) ले धेरै आनन्द मनाइ रहेका होलान्, म चाहिँ पछि परें भन्ने सोचे । त्यसरी नै परब्रह्मसँग सात शंख ब्रह्माण्डहरूमा जन्म-मृत्युको कर्मदण्ड भोगि रहेका केही आत्माहरूले पनि ब्रह्मसँग २१ ब्रह्माण्डहरूमा गएका हंस आत्माहरूसित छुट्टिनु परेकोले उनीहरूको सम्झनामा व्याकुल भएर पूर्ण परमात्मा सुखदायक कविर्देवलाई बिर्सिए । परमेश्वर कविर्देवले पटक-पटक सम्झाउँदा पनि आस्था कम भएन । परब्रह्म (अक्षर

पुरूष) ले मैलै पनि छुट्टै ठाउँ पाएँ भने राम्रो हुन्छ भन्ने सोचेर राज्य प्राप्तिको इच्छाले सारनामको जाप प्रारम्भ गरे । परब्रह्मका सात शंख ब्रह्माण्डमा फसेका अन्य आत्माहरूले पनि ब्रह्मसित गएका आत्माहरूले त्यहाँ मोजमस्ती गरि रहेका होलान् र हामी चाहिँ पछि पर्यौं भन्ने सोचे । परब्रह्मको मनमा पनि क्षर पुरूष छुट्टिएर सुखी भएका होलान् भन्ने धारणा बनाएर अन्तर आत्मादेखि नै छुट्टै ठाउँ पाउनका लागि दृढ निश्चय गरे । परब्रह्मले हठयोग नगरेर छुट्टै राज्य प्राप्तिका लागि विशेष तीब्रताका साथ सहज ध्यान योग गर्दै रहे र खानपिन पनि त्यागी पागल झैं घुम्न लागे । उनको वैराग्यबाट आशक्त भएर अरू केही आत्माहरूले उनलाई चाहन थाले । पूर्ण प्रभुले सोध्दा परब्रह्मले केही हंस आत्माहरु सहित छुट्टैठाउँ पाऊँ भनी याचना गरे । कविर्देवले तिमीसँग स्वेच्छाले जान चाहने आत्माहरूलाई पठाइ दिन्छु भन्दै परब्रह्मका साथ जान चाहने हंस आत्माहरूलाई सहमति व्यक्त गर्न भन्नु भयो । लामो समयपछि एउटा हंसले सहमति जनायो र देखासिकी गर्दै अन्य आत्माहरूले पनि सहमति व्यक्त गरे । सबैभन्दा पहिले सहमति जनाउने हंस आत्मालाई स्त्री रूप दिएर उसको नाम ईश्वरी माया (प्रकृति सुरति) राखी अन्य आत्माहरूलाई ईश्वरी मायामा प्रवेश गराई अचिन्तसँग साथ लाएर अक्षर पुरूषकहाँ पठाइ दिनु भयो (पतिव्रता पदबाट झरेकोले सजाय पाए) । कैयौं युगसम्म दुवै सात शंख ब्रह्माण्डमा रहे पनि परब्रह्मले दुर्व्यवहार गरेनन् । ईश्वरी मायालाई उनले स्वेच्छाले अङ्गीकार गरेर शब्द शक्तिबाट नङले स्त्री इन्द्रिय (योनी) बनाई ईश्वरी देवीको सहमतिले सन्तान उत्पन्न गरे । परब्रह्मको लोक (सात शंख ब्रह्माण्डहरु) मा प्राणीहरूले तप्तशीलाको कष्ट भोग्नु पर्दैन । त्यहाँका पशु-पंछीहरु ब्रह्मलोकका देवताहरूभन्दा असल चरित्रका छन् । प्राणीहरूको आयु धेरै लामो भए पनि जन्म-मृत्यु र कर्मको आधारमा कर्मदण्ड भोग्नु तथा परिश्रम गरेरै पेट पाल्नु पर्छ । त्यहाँ स्वर्ग र नर्क पनि त्यसरी नै बनेका छन् । परब्रह्म (अक्षर पुरूष) लाई उनको इच्छारूपी भक्तिध्यान अर्थात् सहज समाधि विधिबाट गरेको कमाइको फलस्वरूप सात शंख ब्रह्माण्डहरु परमात्माले प्रदान गर्नु भयो र सत्यलोकभन्दा भिन्दै ठाउँमा गोलाकार परिधिभित्र राखेर सात शंख ब्रह्माण्डहरु सहित अक्षर ब्रह्म तथा ईश्वरी मायालाई निष्काशित गर्नु भयो ।

पूर्ण ब्रह्म (सत्यपुरूष) सत्यलोक आदिमा भएका असङ्ख्य ब्रह्माण्डहरु लगायत ब्रह्मका २१ ब्रह्माण्ड र परब्रह्मका सात शंख ब्रह्माण्डहरूको पनि प्रभु (मालिक) हुनु हुन्छ अर्थात् परमेश्वर कविर्देव कुलका मालिक हुनु हुन्छ ।

श्री ब्रह्मा, श्री विष्णु तथा श्री शिव जीका ४-४ भुजा तथा १६ कला छन्। प्रकृति देवी (दुर्गा, अष्टांगी) को आठ भुजा तथा ६४ कला छन् । ब्रह्म (क्षर पुरुष) को

१००० भुजा र १००० कला छन् तथा एक्काईस ब्रह्माण्डका प्रभु हुन् । परब्रह्म (अक्षर पुरूष) को १०,००० भुजा तथा १०,००० नै कला छन् तथा ७ शंख ब्रह्माण्डका प्रभु हुन् । पूर्ण ब्रह्म (परम अक्षर ब्रह्म) असङ्ख्य भुजा तथा कला छन् र ब्रह्मको एक्काईस तथा परब्रह्मको सात शंख ब्रह्माण्ड सहित असङ्ख्य ब्रह्माण्डका प्रभु हुनु हुन्छ । प्रत्येक प्रभु आफ्ना सम्पूर्ण भुजा समेटेर केवल दुई भुजा मात्र पनि राख्न तथा सम्पूर्ण भुजा प्रकट पनि गर्न सक्छन् । पूर्ण परमात्मा परब्रह्मको प्रत्येक ब्रह्माण्डमा पनि अलग स्थान बनाएर अन्य रूपमा गुप्त अवस्थामा रहनु हुन्छ । मानौं, एउटा घुम्ने क्यामेरा भवन बाहिर राखी भवन भित्र टी. भी. राख्दा बाहिरका सम्पूर्ण दृश्य देखिन्छ । त्यस्तै अर्को टी. भी. बाहिर र भित्र क्यामेरा स्थायी रूपमा राखे भित्र बसेका प्रबन्धकको तस्वीर देखिन्छ र सबै कर्मचारी सावधान हुन्छन् ।

यस प्रकार पूर्ण परमात्माले आफू आफ्नो सतलोकमा बसेर सबैलाई नियन्त्रण गर्नु भएको छ। प्रत्येक ब्रह्माण्डमा पनि सतगुरू कविर्देव विद्यमान हुनु हुन्छ । जस्तो सूर्य टाढा भए पनि आफ्नो प्रभाव अन्य लोकमा राखि रहन्छ ।

पवित्र अथर्ववेदमा सृष्टि रचनाको प्रमाण

अथर्ववेद काण्ड नं. ४ अनुवाक नं. १ मन्त्र नं. १

ब्रह्म जज्ञानं प्रथमं पुरस्ताद् वि सीमतः सुरूचो वेन आवः।
स बुध्न्या उपमा अस्य विष्ठाः सतश्च योनिमसतश्च वि वः।।१।।

ब्रह्म, ज, ज्ञानम्, प्रथमम्, पुरस्तात्, विसिमतः, सुरूचः, वेनः, आवः, सः, बुध्न्याः, उपमा, अस्य, विष्ठाः, सतः, च, योनिम,असतः, च, वि वः

अनुवाद :- (प्रथमम्) प्राचीन वा सनातन (ब्रह्म) परमात्मा (ज) प्रकट भई (ज्ञानम्) आफ्नो सुझबुझले (पुरस्तात्) शिखर वा सत्यलोक आदिमा (सुरूचः) स्वेच्छाले खुबै उत्साहपूर्वक स्वप्रकाशित (विसिमतः) सीमारहित वा विशाल सीमा भएका विभिन्न लोकहरूलाई (वेन) जुलाहाले तानमा लुगा बुने जसरी (आवः) सुरक्षित गर्नु भयो (च) र (स) वहाँ पूर्ण ब्रह्मले नै सबै रचना गर्नु हुन्छ (अस्य) त्यसैले (बुध्न्याः) तिनै मुख्य मालिकले (योनिम्) मुख्य स्थान सत्यलोकको रचना गर्नु भएको हो (अस्य) यो (उपमा) सँग मिल्दोजुल्दो वा सदृश (सतः) अक्षर पुरूष वा परब्रह्मको केही स्थायी लोक (च) र (असतः) क्षर पुरूषको अस्थायी लोक (वि वः) स्वरूप भिन्न आवास स्थान (विष्ठः) स्थापित गर्नु भयो ।

भावार्थ :- पवित्र वेद भन्ने ब्रह्म (काल) भनि रहेका छन्– सनातन परमेश्वरले स्वयम् अनामय (अनामी) लोकबाट सत्यलोकमा प्रकट भएर आफ्नो सुझबुझले तानमा लुगा बुने झैं रचना गरेर माथिका सत्यलोक आदिलाई सीमारहित स्वप्रकाशित अजर-अमर अर्थात् अविनाशी रूपमा अवस्थित गर्नु भयो तथा तलका परब्रह्मको सात शंख ब्रह्माण्ड र ब्रह्मका एक्काइस ब्रह्माण्ड तथा तिनमा रहेका सानाभन्दा साना रचना पनि वहाँ परमेश्वरले नै अस्थायी रूपमा स्थापित गर्नु भयो ।

अथर्ववेद काण्ड नं. ४ अनुवाक नं. १ मन्त्र नं. २

इयं पित्र्या राष्ट्र्येत्वग्रे प्रथमाय जनुषे भुवनेष्ठाः।
तस्मा एतं सुरूचं ह्वारमह्यं धर्मं श्रीणन्तु प्रथमाय धास्यवे।।२।।

इयम्, पित्र्या, राष्ट्रि, एतु, अग्रे, प्रथमाय, जनुषे, भुवनेष्ठाः, तस्मा, एतम्, सुरचम्, ह्वारमह्यम्, धर्मम्, श्रीणान्तु, प्रथमाय, धास्यवे

अनुवाद :- (इयम्) ती (पित्र्या) जगतपिता परमेश्वरले (एतु) यो (अग्रे) सर्वोत्तम (प्रथामाय) सबैभन्दा पहिला माया परानन्दनी (राष्ट्रि) राजेश्वरी शक्ति वा पराशक्ति (अर्थात् आकर्षण शक्ति) लाई (जनुषे) उत्पन्न गरी (भुवनेष्ठाः) लोकहरु स्थापना गर्नु भयो, (तस्मा) उनै परमेश्वरले (सुरूचम्) धेरै रूचीसाथ स्वेच्छाले (एतम्) यो (प्रथमाय) प्रथम उत्त्पत्तिको शक्ति वा पराशक्तिद्वारा (ह्वारमह्यम्) एक अर्काको वियोगलाई रोक्ने वा

आकर्षित गर्ने (श्रीणान्तु) गुरूत्वाकर्षणलाई परमात्माले सँधै रहनु भन्ने आदेश दिनु भयो तथा कहिल्यै पनि समाप्त नहुने (धर्मम्) स्वाभाव (धास्यवे) धारण गराई तानमा कपडा झैं बुनेर तिनीहरूलाई स्थिर गर्नु भयो।

भावार्थः- जगत्पिता परमेश्वरले आफ्नो शब्दशक्तिले राष्ट्री अर्थात् सबैभन्दा पहिले माया राजेश्वरी उत्पन्न गरी, त्यही पराशक्तिद्वारा एक अर्काको आकर्षण शक्तिले रोक्ने, कहिल्यै समाप्त नहुने गुणबाट उपरोक्त ब्रह्माण्डहरूलाई स्थापित गर्नु भएको छ ।

अथर्ववेद काण्ड नं. ४ अनुवाक नं. १ मन्त्र नं. ३

प्र यो जज्ञे विद्वानस्य बन्धुर्विश्वा देवाना जनिमा विवक्ति।
ब्रह्म ब्रह्मण उज्जभार मध्यान्नीचैरूच्चैः स्वधा अभि प्र तस्थौ।।३।।

प्र, यः, जज्ञे, विद्वानस्य, बन्धुः, विश्वा, देवानाम्, जनिमा, विवक्ति, ब्रह्मः, ब्रह्मणः, उज्जभार, मध्यात्, निचैः, उच्चैः, स्वधा, अभिः, प्रतस्थौ

अनुवाद :- (प्र) सबैभन्दा पहिले (देवानाम्) देवताहरु र ब्रह्माण्डहरूको (जज्ञे) उत्पत्तिको ज्ञानलाई (विद्वानस्य) जिज्ञासु भक्तका (यः) यी (बन्धः) वास्तविक साथी पूर्ण परमात्माले आफ्नो निज सेवकलाई (जनिमा) आफूले गरेको रचनाबारे (विवक्ति) आफैंले सही रूपमा विस्तारपूर्वक बताउनु हुन्छ कि (ब्रह्मः) पूर्ण परमात्माले (मध्यात्) आफ्नो मध्यबाट वा शब्द शक्तिले (ब्रह्मः) ब्रह्म/क्षर पुरूष वा काललाई (उज्जभार) उत्पन्न गरेर (विश्वा) सम्पूर्ण संसार वा सबै लोकहरूलाई (उच्चैः) माथि सत्यलोक आदि र (निचैः) तल परब्रह्म तथा ब्रह्मका सम्पूर्ण ब्रह्माण्डहरु (स्वधा) आफूमा धारण गर्ने (अभि) आकर्षण शक्तिबाट (प्र तस्थौ) दुवैलाई राम्रोसँग स्थापित गर्नु भयो ।

भावार्थः- पूर्ण परमात्माले रच्नु भएको सृष्टि तथा सम्पूर्ण आत्माहरूको उत्पत्तिको ज्ञान आफ्नो निजी दासलाई आफैंले सही रूपमा बताउनु हुन्छ,– पूर्ण परमात्माले नै आफ्नो मध्य वा शब्द शक्तिले ब्रह्म (क्षर पुरूष/काल) को उत्पत्ति गरी माथि सत्यलोक, अलखलोक, अगमलोक र अनामीलोक तथा तल परब्रह्मका सात शंख ब्रह्माण्ड र बह्मका २१ ब्रह्माण्डहरु आफूमा धारण गर्ने आकर्षण शक्तिले स्थीर गराउनु भयो ।

पूर्ण परमात्मा कबीर परमेश्वर (कविर्देव) ले आफ्नो निजी सेवक अर्थात् मित्र धर्मदास जी, आदरणीय गरीबदास जी आदिलाई आफूले रच्नु भएको सृष्टिको ज्ञान आफैंले बताउनु भयो । उपरोक्त वेद मन्त्रले पनि यसलाई समर्थन गरेको छ ।

अथर्ववेद काण्ड नं. ४ अनुवाक नं. १ मन्त्र नं. ४

सः हि दिवः सः पृथिव्या ऋतस्था मही क्षेमं रोदसी अस्कभायत्।
महान् मही अस्कभायद् वि जातो द्यां सद्म पार्थिवं च रजः।।४।।

सः, हि, दिवः, स, पृथिव्या, ऋतस्था, मही, क्षेमम्, रोदसी, अस्कभायत्, महान्, मही, अस्कभायद्, विजातः, धाम्, सदम्, पार्थिवम्, च, रजः

अनुवाद :- (सः) उनै सर्वशक्तिमान परमात्माले (हि) निःसन्देह (दिवः) माथिका चारैवटा दिव्यलोक अर्थात् सत्यलोक, अलखलोक, अगमलोक तथा अनामीलोक वा अकहलोक अर्थात् दिव्य गुणहरूले युक्त लोकहरूलाई (ऋतस्था) सत्य स्थीर अथवा अजर-अमर रूपले स्थीर गर्नु भयो र (स) त्यही अनुरूप (पृथिव्या) परब्रह्मका सात शंख तथा ब्रह्म/कालका एक्काइस ब्रह्माण्डहरु जस्ता तलको पृथ्वी सम्बन्धी सबैलोकहरूलाई (मही) पृथ्वी तत्त्वले (क्षेमम्) सुरक्षाका साथ (अस्कभायत्) स्थीर गरी (रोदसी) आकाश तत्त्व तथा पृथ्वी तत्त्व दुवैले माथि र तलका लोकहरूलाई (महान्) पूर्ण परमात्माले (पार्थिवम्) पृथ्वीका (वि) भिन्न-भिन्न (धाम्) लोकहरु (च) र (सदम्) आवास स्थानका लागि (मही) पृथ्वी तत्त्व लिएर (रज): प्रत्येक ब्रह्माण्डमा स-साना लोकहरु (जातः) रचना गरी (अस्कभायत्) स्थिर गर्नु भयो।

भावार्थ :-**पूर्ण ब्रह्मले माथिका चारै लोक- सत्यलोक, अलखलोक, अगमलोक र अनामीलोक अजर-अमर स्थायी अर्थात् अविनाशी रूपमा रच्नु भयो तथा तलका ब्रह्म र परब्रह्मका लोकहरु र अन्य स-साना लोकहरूलाई पनि वहाँ परमेश्वरले नै अस्थायी रूपमा रचना गरेर स्थीर गर्नु भयो । आकाश सूक्ष्म तत्त्व हो र यसको गुण शब्द हुनाले पूर्ण परमात्माले माथिको लोक शब्द रूपले रचेर तेजपुञ्जको बनाउनु भयो तथा तलका परब्रह्म (अक्षर पुरुष) का सात शंख ब्रह्माण्ड र ब्रह्म वा क्षर पुरुषका एक्काइस ब्रह्माण्डहरूलाई पृथ्वीको पृथ्वी तत्त्वबाट अस्थायी रूपमा रच्नु भयो ।**

अथर्ववेद काण्ड नं. ४ अनुवाक नं. १ मन्त्र ५

सः बुध्न्यादाष्ट्र जनुषोऽभ्यग्रं बृहस्पतिर्देवता तस्य सम्राट्।
अहर्यच्छुक्रं ज्योतिषो जनिष्टाथ द्युमन्तो वि वसन्तु विप्राः।।5।।

सः, बुध्न्यात्, आष्ट्र, जनुषेः, अभि, अग्रम्, बृहस्पतिः, देवता, तस्य, सम्राट, अहः, यत्, शुक्रम्, ज्योतिषः, जनिष्ट, अथ, द्युमन्तः, वि, वसन्तु, विप्राः

अनुवाद :- (सः) वहाँ (बुध्न्यात्) मूल मालिकबाट (अभि-अग्रम्) सबैभन्दा पहिलो स्थानमा (आष्ट्र) अष्टङ्गी माया वा दुर्गा अर्थात् प्रकृति देवी (जनुषेः) उत्पन्न भइन् किनकि तलका परब्रह्म र ब्रह्मका लोकहरूको पहिलो स्थान सत्यलोक हो, जसलाई तेस्रो धाम पनि भनिन्छ। (तस्य) यी दुर्गाको पनि मालिक (सम्राट) राजाधिराज नै (बृहस्पतिः) सबैभन्दा ठूला पति अर्थात् जगत् गुरू (देवता) परमेश्वर हुनु हुन्छ। (यत्) वहाँसँग (अहः) सबै छुटे र (अथ) त्यसपछि (ज्योतिषः) ज्योति निरञ्जन वा कालको (शुक्रम्) वीर्य वा बीज शक्तिले (जनिष्ट) दुर्गाको पेटबाट उत्पन्न भएका (विप्राः) भक्त आत्माहरूलाई (वि) अलग अलग रूपमा (द्युमन्तः) मनुष्य लोक तथा स्वर्ग लोकमा ज्योति निरञ्जनको आदेश अनुसार दुर्गाले (वसन्तु) निवास गर भनिन् अर्थात् उनीहरु बसोवास गर्न थाले।

भावार्थ :- **पूर्ण परमात्माले माथिका चारै लोकहरूमध्ये तलबाट सबैभन्दा पहिलो वा सत्यलोकमा आष्ट्रा अर्थात् अष्टङ्गी (प्रकृति देवी/दुर्गा) को उत्पत्ति गर्नु भयो । वहाँ**

राजाधिराज, जगतगुरू नै पूर्ण परमेश्वर (सत्यपुरुष) हुनु हुन्छ, जोसँग सबैको बिछोड भएको छ । अनि सबै प्राणीहरु ज्योति निरञ्जन (काल) को (वीर्य) बीजले दुर्गा (आष्ट्रा) को गर्भबाट उत्पन्न भए तथा स्वर्गलोक र पृथ्वीलोकमा निवास गर्न थाले ।

अथर्ववेद काण्ड नं. ४ अनुवाक नं. १ मन्त्र ६

नूनं तदस्य काव्यो हिनोति महो देवस्य पूर्व्यस्य धाम।
एष जज्ञे बहुभिः साकमित्था पूर्वे अर्धे विषिते ससन् नु॥६॥

नूनम्, तत्, अस्य, काव्यः, महः, देवस्य, पूर्व्यस्य, धाम, हिनोति, पूर्वे, विषिते, एष, जज्ञे, बहुभिः, साकम्, इत्था, अर्धे, ससन्, नु

अनुवाद :- (नुनम्) निःसन्देह (तत्) वहाँ पूर्ण परमेश्वर अर्थात् तत् ब्रह्मले नै (अस्य) यो (काव्यः) पूर्ण परमेश्वरको विधिवत भक्ति गर्ने भक्तात्मालाई (महः) सर्वशक्तिमान (देवस्य) परमेश्वरको (पूर्व्यस्य) पहिलेको (धाम) लोक वा सत्यलोकमा (हिनोति) फर्काउनु हुन्छ। (पूर्वे) पहिला (विषिते) विशेष चाहेको (एष) पूर्ण ब्रह्म परमेश्वरलाई (जज्ञे) सृष्टि उत्पत्तिको ज्ञान जानेपछि (बहुभिः) धेरै आनन्द (साकम्) का साथ (अर्धे) आधा (ससन्) सुतेर (इत्था) यसरी विधिवत् (नु) सत्य आत्माले स्तुति गर्दछ ।

भावार्थ :- परमेश्वरले सत्य साधना गर्ने साधकलाई छुटेर आएको त्यही पहिलो स्थान (सत्यलोक) मा लैजानु हुन्छ । त्यहाँ वास्तविक सुखदायक प्रभुलाई प्राप्त गरेर खुसीले आत्मविभोर भई मस्तीले स्तुति गर्छ,– हे परमात्मा ! असङ्ख्य जन्महरुमा अल्मलिएकाहरूले बल्ल वास्तविक ठेगाना पायौं । यसको प्रमाण पवित्र ऋग्वेद मण्डल १० सुक्त ९० मन्त्र १६ मा पनि छ।



माथि जरा तलतिर हाँगा भएको उल्टो झुण्डिएको संसार रुपी वृक्षको चित्र

आदरणीय गरीबदास जीलाई यसरी नै पूर्ण परमात्मा कविर्देव (कबीर परमेश्वर) आफैंले सत्यभक्ति दिएर सत्यलोक लानु भएको थियो । आफ्नो अमृतवाणीमा आदरणीय गरीबदास जी महाराजले आँखाले देखेको कुरा यसरी भन्छन् :-

गरीब, अजब नगर में लेगए, हम कुँ सतगुरू आन ।
झिलके बिम्ब अगाध गति, सुते चादर तान॥

अथर्ववेद काण्ड नं. ४ अनुवाक नं. १ मन्त्र ७

योऽथर्वाणं पित्तरं देवबन्धुं बृहस्पतिं नमसाव च गच्छात्।
त्वं विश्वेषां जनिता यथासः कविर्देवो न दभायत् स्वधावान्।।७।।

यः–अथर्वाणम्–पित्तरम्–देवबन्धुम्–बृहस्पतिम्–नमसा–अव–च–गच्छात्–त्वम्–विश्वेषाम्–जनिता–यथा–सः–कविर्देवः–न–दभायत्–स्वधावान्

अनुवादः- (यः) जो (अथर्वाणम्) अचल अर्थात् अविनाशी (पित्तरम्) जगतका पिता (देवबन्धुम्) भक्तहरूका वास्तविक साथी वा आत्माका आधार (बृहस्पतिम्) जगतगुरू (च) तथा (नमसा) विनम्र पुजारी अर्थात् विधियुक्त साधकलाई (अव) सुरक्षाका साथ (गच्छात्) सत्यलोक जानेहरूलाई सत्यलोक लैजाने (विश्वेषाम्) सम्पूर्ण ब्रह्माण्डहरूलाई (जनिता) रचना गर्ने जगदम्बा अर्थात् ममतामयी गुणयुक्त तर (न दभायत्) कालले झैं धोका नदिने (स्वधावान्) स्वभाव अर्थात् गुण भएका तथा (यथा) जस्ताको त्यस्तै अर्थात् उस्तै (सः) उही (त्वम्) हजुर नै (कविर्देवः/कविर्देवः) कविर्देव हुनु हुन्छ वा अर्को शब्दमा वहाँलाई नै कबीर परमेश्वर भनिन्छ।

भावार्थ :- यस मन्त्रमा सम्पूर्ण रचना गर्नु हुने परमेश्वरको नाम कविर्देव अर्थात् कबीर परमेश्वर हो भन्ने कुरा स्पष्ट गरिएको छ।

परमेश्वर अचल अर्थात् वास्तवमा अविनाशी जगतगुरू, आत्माका आधार तथा पूर्णमुक्त भएर सत्यलोक जानेहरूलाई सत्यलोक लैजाने, सम्पूर्ण ब्रह्माण्डहरूका रचनहार एवं काल (ब्रह्म) ले जस्तो धोका नदिई जस्ताको त्यस्तै गर्ने वहाँ स्वयं कविर्देव अर्थात् कबीर प्रभु हुनु हुन्छ (यसको प्रमाण गीता अध्याय १५ श्लोक १६ र १७ मा पनि छ) । सम्पूर्ण ब्रह्माण्डहरु र प्राणीहरूलाई आफ्नो शब्द शक्तिले उत्पन्न गर्ने हुनाले वहाँ (जनिता) आमा, (पित्तरम्) बुबा र (बन्धु) दाजुभाइ एवं (देव) परमेश्वर पनि वहाँ नै हुनु हुन्छ । त्यसैले वहाँ कविर्देव (कवीर परमेश्वर) को स्तुति 'त्वमेव माता च पिता त्वमेव, त्वमेव बन्धु च सखा त्वमेव, त्वमेव विद्या च द्रविणम् त्वमेव, त्वमेव सर्वं मम देव देव ।' **भनेर गर्ने गरिन्छ । पवित्र ऋग्वेद मण्डल नं. १ सुक्त नं. २४ मा यिनै परमेश्वरको महिमाको विस्तृत विवरण छ।**

पवित्र ऋग्वेदमा सृष्टि रचनाको प्रमाण

ऋग्वेद मण्डल १० सुक्त ९० मन्त्र १ मा निम्न प्रमाण छः

सहस्रशीर्षा पुरूषः सहस्राक्षः सहस्रपात्।
स भूमिं विश्वतो वृत्वात्यतिष्ठद्दशाङ्गुलम्।।१।।

सहस्रशीर्षा–पुरूषः–सहस्राक्षः–सहस्रपात्–स–भूमिम्–विश्वतः–वृत्वा–अत्यतिठष्त्–दशंगुलम्।

अनुवाद :- (पुरूषः) विराटरूप काल भगवान अर्थात् क्षर पुरूष (सहस्रशीर्षा) हजार टाउका, (सहस्राक्षः) हजार आँखा र (सहस्रपात) हजार गोडा भएका छन्। (स) त्यो काल (भूमिम्) पृथ्वी भएका २१ वटा ब्रह्माण्डहरूलाई (विश्वतः) चारैतिरबाट (दशंगुलम्) दशै औंलाले पूर्ण नियन्त्रण गरी (वृत्वा) गोलाकार घेरामा घेरेर (अत्यतिष्ठत्) सबैभन्दा ठूलो वा काललोकको सबैभन्दा आकर्षक एक्काइसौ ब्रह्माण्डमा बस्छन् ।

भावार्थ :- यस मन्त्रमा विराट रूप (काल/ब्रह्म) को वर्णन छ । (गीता अध्याय १०-११ मा पनि यस काल/ब्रह्मको यस्तै वर्णन) अध्याय ११ श्लोक नं. ४६ मा अर्जुनले हे सहस्रबाहु प्रभु, तपाई आफ्नो चतुर्भुज रूपमा दर्शन दिनु होस् भनेका छन् ।

हजारौं हात, खुट्टा, आँखा, कान आदि भएका विराटरूप काल प्रभु आफ्नो अधीनमा सम्पूर्ण प्राणीहरूलाई पूर्णरूपमा नियन्त्रण गरी २१ ब्रह्माण्डहरूलाई गोलाकार परिधिमा राखेर आफू त्यसभन्दा माथि (अलग) एक्काईसौं ब्रह्माण्डमा बसेका छन् ।

ऋग्वेद मण्डल १० सुक्त ९० मन्त्र २ मा पनि निम्न उल्लेख छ :

पुरूष एवेदं सर्वं यदभूतं यच्च भाव्यम्।
उतामृतत्त्वस्येशानो यदन्नेनातिरोहति।।२।।

पुरूष-एव-इदम्-सर्वम्-यत्-भूतम्-यत्-च-भाव्यम्-उत-अमृतत्वस्य-इशानः-यत्-अन्नेन अतिरोहति ।

अनुवाद :- (एव) यस प्रकार केही सही रूपमा (पुरूष) भगवान हुन् ती अक्षर पुरूष अर्थात् परब्रह्म हुन् (च) र (इदम्) यो (यत्) जो (भूतम्) उत्पन्न भएको छ र (यत्) जो (भाव्यम्) भविष्यमा हुने छ (सर्वम्) सबै (यत्) प्रयत्न वा मिहिनेतले (अन्नेन) अन्नबाट (अतिरोहति) विकसित हुन्छ । यी अक्षर पुरूष (उत्) सन्देहयुक्त (अमृतत्वस्य) मोक्षका (इशानः) स्वामी हुन् अर्थात् अक्षर पुरूष भगवान हुन् भन्ने केही सत्य भए पनि पूर्ण मोक्षदायक भने होइनन् ।

भावार्थः- यस मन्त्रमा परब्रह्म (अक्षर पुरूष) को विवरण छ । उनमा भगवानका जस्ता केही लक्षण भए पनि उनको भक्तिले पूर्ण मोक्ष नपाइने हुनाले उनलाई सन्देहयुक्त

मुक्तिदाता भनिन्छ । कालले जसरी जीवलाई तप्तशीलामा भुटेर नखाने हुनाले उनलाई प्रभुका केही गुणयुक्त भनिएको हो । परब्रह्मको लोकमा पनि प्राणीहरूले कर्माधारमा फल पाउँछन्, अन्नबाटै सम्पूर्ण प्राणीहरूको शरीर विकसित हुन्छ र जन्म-मृत्युको समय कालको भन्दा धेरै भए पनि उत्पत्ति, प्रलय र चौरासी लाख योनीहरूको यातना रहि रहन्छ ।

ऋग्वेद मण्डल १० सुक्त ९० मन्त्र ३ मा यसरी उल्लेख गरिएको छ :

एतावानस्य महिमातो ज्यायाँश्च पुरूषः।
पादोऽस्य विश्वा भूतानि त्रिपादस्यामृतं दिवि।।३।।

एतावान्-अस्य-महिमा-अतः-ज्यायान्-च-पुरूषः-पादः-अस्य-विश्वा-भूतानि-त्रि-पाद्-अस्य-अमृतम्-दिवि ।

अनुवाद :- (अस्य) यी अक्षर पुरूष वा परब्रह्मको त (एतावान्) यति नै (महिमा) प्रभुता छ। (च) तथा (पुरूष) परम अक्षर ब्रह्म वा पूर्ण ब्रह्म परमेश्वर त (अतः) यसभन्दा पनि (ज्यायान्) ठूला हुनु हुन्छ । (विश्वा) समस्त (भूतानि) क्षर पुरूष, अक्षर पुरूष तथा यिनका लोकहरु लगायत सत्यलोक र तिनमा भएका सबै प्राणीहरु (अस्य) यी पूर्ण परमात्मा परम अक्षर पुरूषका (पादः) एउटा गोडा वा एक अंश मात्र हुन्। (अस्य) यी परमेश्वरका (त्रि) तीनवटा (दिवि) दिव्यलोक अर्थात् सत्यलोक, अलखलोक र अगमलोक चाहिँ (अमृतम्) अविनाशी (पाद्) अर्को गोडा हो । अर्थात् सबै ब्रह्माण्डहरूमा उत्पन्न भएका सबै कुरा सत्यपुरूष पूर्ण परमात्माका अंश या अङ्ग हुन् ।

भावार्थ:- माथि मन्त्र २ मा चर्चा गरिएको अक्षर पुरूष (परब्रह्म) को महिमा यति नै हो र पूर्ण पुरूष कविर्देव सर्व शक्तिमान हुनु हुन्छ, सम्पूर्ण ब्रह्माण्ड वहाँको अंशमा मात्र अडिएको छ। चौथो अनामी (अनामय) लोक अन्य रचनामन्दा पहिलेको हुनाले यस मन्त्रमा तीन लोकहरूको वर्णन गरिएको छ। यिनै तीन प्रभुहरु (क्षर र अक्षर पुरुष तथा यी भन्दा अर्कै परम अक्षर पुरूष) को विवरण श्रीमद्भगवत गीता अध्याय १५ श्लोक संख्या १६-१७ मा छ ।

यसैको प्रमाण आदरणीय गरीबदास साहेब जीले यसरी दिएका छन् :

गरीब, जाके अर्ध रूम पर सकल पसारा, ऐसा पूर्ण ब्रह्म हमारा।।
गरीब, अनन्त कोटि ब्रह्माण्डका एक रति नही भार।
सतगुरू पुरूष कबीर हैं, कुल के सृजन हार।।

यसकै प्रमाण स्वरूप आदरणीय दादु साहेब जीले भनेका छन्:-

जिन मोकुं निज नाम दिया, सोई सतगुरू हमार।
दादू दूसरा कोए नहीं, कबीर सृजन हार।।

यसैको प्रमाण आदरणीय नानक साहेब जीले यसरी दिएका छन् :-

यक अर्ज गुफतम पेश तो दर कून करतार ।

हक्का कवीर करीम तू, बेएब परवरदिगार ॥

(श्री गुरू ग्रन्थ साहेब, पृष्ठ नं. ७२१, महला १, राग तिलंग)

(कून करतारको अर्थ सम्पूर्णको सर्जक अर्थात् शब्द शक्तिले रचना गर्ने शब्द स्वरूपी प्रभु हो । हक्का कबीरको अर्थ सत् कबीर हो । करीमको अर्थ दयालु र परवरदिगारको अर्थ परमात्मा हो ।)

ऋग्वेद मण्डल १० सुक्त ९० मन्त्र ४ मानिम्न उल्लेखित छ :

त्रिपादूर्ध्व उदैत्पुरुषःपादोऽस्येहाभवत्पुनः ।

ततो विष्व ङ्व्यक्रामत्साशनानशने अभि ॥४॥

त्रि-पाद-ऊर्ध्वः-उदैत्-पुरूषः-पादः-अस्य-इह-अभवत्-पूनः-ततः-विश्वङ्-व्यक्रामत्-सः-अशनानशने-अभि।

अनुवाद :- (पुरूषः) परम अक्षर ब्रह्म वा अविनाशी परमात्मा (ऊर्ध्वः) माथिका (त्रि) सत्यलोक, अलखलोक र अगमलोक रहेका तीन लोक स्वरूपको (पादः) एउटा गोडामा वा माथिल्लो भागमा (उदैत्) प्रकट हुनु हुन्छ अर्थात् विराजमान हुनु हुन्छ (अस्य) वहाँ परमेश्वर पूर्ण ब्रह्मको (पादः) अर्को गोडा वा भाग जगत रूपमा (पुनर्) फेरि (इह) यहाँ (अभवत्) प्रकट हुन्छ (ततः) त्यसैले (सः) वहाँ अविनाशी पूर्ण परमात्मा (अशनानशने) खाने काल वा क्षर पुरूष र नखाने परब्रह्म वा अक्षर पुरूष (अभि) माथि पनि (विश्वङ्) सर्वत्र (व्यक्रामत्) व्याप्त हुनु हुन्छ अर्थात् वहाँको प्रभुता सम्पूर्ण ब्रह्माण्ड र सम्पूर्ण प्रभुहरूमा निहित छ। वहाँ कुलको मालिक हुनु हुन्छ र वहाँले आफ्नो शक्ति सबैमा फैलाउनु भएको छ ।

भावार्थ :-सम्पूर्ण सृष्टिकर्ता प्रभु आफ्नो रचनाको माथिल्लो भागमा तीनवटै स्थानहरू (सत्यलोक, अलखलोक र अगमलोक) मा तीन रूपमा स्वयं प्रकट हुनु हुन्छ अर्थात् स्वयं नै विराजमान हुनु हुन्छ । अनामी वा अकह (अनामय) लोकमा कुनै रचना नभएको र यो लोक अन्य रचनाभन्दा पहिलेको हुनाले यहाँ अनामी लोकको वर्णन गरिएको छैन । अझ के भनिएको छ भने परमात्माको सत्यलोकबाट छुट्टिएर तलका ब्रह्म र परब्रह्मका लोक उत्पन्न हुन्छन् । पूर्ण परमात्मा त खानेवाला ब्रह्म वा काल (ब्रह्म/कालले ठूलो श्राप लागेकाले एकलाख मानव शरीरधारी प्राणीहरू खान्छन्) र नखानेवाला परब्रह्म वा अक्षर पुरूष (परब्रह्मले प्राणीहरू खाँदैनन् तर जन्म-मृत्यु र कर्मदण्ड भने त्यस्तै रहि रहन्छ) भन्दा माथि सर्वत्र व्याप्त हुनु हुन्छ। अर्थात् पूर्ण परमात्माको प्रभुता सबैमाथि छ, कबीर परमेश्वर नै कुलका मालिक हुनु हुन्छ । वहाँले आफ्नो शक्ति सबैमा फैलाएर प्रभावित पार्नु भएको छ । सूर्यले आफ्नो प्रकाश फैलाएर सबैलाई प्रभावित पारे झैं पूर्ण परमात्माले सम्पूर्ण ब्रह्माण्डहरूलाई नियन्त्रण गर्नका लागि आफ्नो शक्तिरूपी रेन्ज (क्षमता) छोड्नु भएको छ। मोबाइल फोनको टावर एकदेशीय हुँदाहुँदै पनि आफ्नो शक्ति अर्थात् मोबाइल फोनको रेन्ज (क्षमता) चारैतिर फैलाए झैं

आफ्नो निराकार शक्तिलाई सर्वव्यापक गरी एक ठाउँमा बसेर पूर्ण परमात्माले सम्पूर्ण ब्रह्माण्डहरूलाई नियन्त्रण गर्नु हुन्छ ।

यसको प्रमाण आदरणीय गरीबदास जी महाराजले यसरी दिएका छन् :

(अमृतवाणी राग कल्याण)

तीन चरण चिन्तामणी साहेब, शेष बदन पर छाए ।
माता, पिता, कुल न बन्धु, ना किन्हें जननी जाये ।।

ऋग्वेद मण्डल १० सुक्त ९० मन्त्र ५ मा निम्न उल्लेखित छ

तस्माद्विराऽजायत विराजो अधि पुरूषः ।
स जातो अत्यरिच्यत पश्चाद्भूमिमथो पुरः ।।

तस्मात्-विराट्-अजायत-विराजः-अधि-पुरूषः-स-जातः-अत्यरिच्यत-पश्चात्-भूमिम्-अथः-पुरः

अनुवाद :- (तस्मात्) त्यसपछि परमेश्वर सत्यपुरूषको शब्द शक्तिले (विराट्) विराट वा ब्रह्म/क्षर पुरूष र काल पनि भनिन्छ (अजायत) उत्पन्न भएका हुन्। (पश्चात्) अनि (विराजः) विराट पुरूष वा काल भगवानभन्दा (अधि) ठूला (पुरुषः) परमेश्वरले (भूमिम्) पृथ्वी भएको लोक र काल ब्रह्म तथा परब्रह्मको लोकहरूलाई (अत्यरिच्यत) राम्रोसँग रच्नु भयो (अथः) फेरि (पुरः) अन्य स-साना लोकहरु पनि (स) पूर्ण परमेश्वरले नै (जातः) उत्पन्न गर्नु भयो अर्थात् स्थापित गर्नु भयो ।

भावार्थः- उपरोक्त मन्त्र ४ मा वर्णित तीनवटै लोकहरु (अगम, अलख र सत्यलोक) को रचनापछि पूर्ण परमात्माले ज्योति निरंजन (ब्रहम) लाई उत्पत्ति अर्थात् सर्वशक्तिमान परामात्मा पूर्ण ब्रह्म कविर्देव (कबीर प्रभु) ले नै विराट अर्थात् ब्रह्म (काल) को उत्पत्ति गर्नु भयो । यही, परम अक्षर पुरूष वा अविनाशी प्रभुबाटै ब्रह्म उत्पन्न भए भन्ने प्रमाण गीता अध्याय ३ श्लोक १५ मा पनि दिइएको छ । अथर्ववेद काण्ड ४ अनुवाक १ सूक्त ३ मा पनि पूर्ण ब्रह्मले ब्रह्मको उत्पत्ति गर्नु भयो भनी प्रमाण दिइएको छ । पूर्ण ब्रह्मले नै (भूमिम्) भूमि आदि साना-ठूला लोकहरु रचना गर्नु भयो । पूर्ण ब्रह्म यी विराट भगवान वा ब्रह्मभन्दा पनि ठूला अर्थात् यिनका पनि मालिक हुनु हुन्छ ।

ऋग्वेद मण्डल १० सुक्त ९० मन्त्र १५ मा निम्न उल्लेखित छ

सप्तास्यासन्परिधयस्त्रिः सप्त समिधः कृताः ।
देव यद्यज्ञं तन्वाना अबध्नन्पुरूषं पशुम् ।।१५।।

सप्त-अस्य-आसन्-परिधयः-त्रिसप्त-समिधः-कृताः-देवा-यत्-यज्ञम्-तन्वानाः-अबध्नन्-पुरूषम्-पशुम् ।

अनुवाद :- (सप्त) परब्रह्मका सात शंख ब्रह्माण्ड र (त्रिसप्त) काल ब्रह्मका एक्काईस ब्रह्माण्डहरु (समिधः) त कर्मदण्ड दुःखरूपी आगोले (कृताः) दुःखी बनाउने (परिधयः) गोलाकार घेरारूपी सीमाभित्र (आसन्) छन् । (पुरूषम्) पूर्ण परमात्माको (

यज्ञम्) विधिवत् धार्मिक कर्म अर्थात् पूजा (यत्) गर्ने (पशुम्) कालको कर्मबन्धनको जालमा बलीको पशुझैं बाँधिएका (देवा) भक्तात्माहरूलाई (तन्वाना:) कालले रचेको वा फैलाएको पापको कर्मबन्धनरूपी जालबाट पूर्ण परमात्माले (अबध्नन्) बन्धनरहित गराउनु हुन्छ वा वहाँ नै बन्दी छुटाउने बन्दी छोड हुनु हुन्छ ।

भावार्थ :- सात शंख ब्रह्माण्ड परब्रह्मको तथा एक्काईस ब्रह्माण्ड ब्रह्मको हो जसमा गोलाकार सीमामा बन्द पाप कर्मको आगोमा जलि रहेका प्राणीहरूलाई वास्तविक पूजा विधि सिकाएर सही उपासना गराउनु हुन्छ । जसकारणले बलि दिइने पशु जस्तो जन्म मृत्युको कालको खानाका लागि तप्त शिलाको कष्टबाट पीडित भक्त आत्माहरूलाई कालले फैलाएको कर्म बन्धनको जाल तोडेर बन्धन रहित गर्नु हुन्छ अर्थात् बन्धनबाट छुटाउने बन्दी छोड हुनु हुन्छ ।

यसको प्रमाण पवित्र यजुर्वेद अध्याय ५ मन्त्र ३२ मा यसरी दिइएको छः कविरंघारिरसि (कविर्) कबीर परमेश्वर (अंघ) पापको (अरि) शत्रु (असि) हुनु हुन्छ वा पाप विनाशक हुनु हुन्छ । वहाँ बम्भारिरसि (बम्भारि) बन्धनको शत्रु वा बन्दी छोड कबीर परमेश्वर (असि) हुनु हुन्छ ।

ऋग्वेद मण्डल १० सूक्त ९० मन्त्र १६ मा निम्न उल्लेखित छ

यज्ञेन यज्ञमयजन्त देवास्तानि धर्माणि प्रथमान्यासन्।
ते ह नाकं महिमानः सचन्त यत्र पूर्वे साध्याः सन्ति देवाः॥१६॥

यज्ञेन-यज्ञम्-अ-यजन्त-देवाः-तानि-धर्माणि-प्रथमानि-आसन्-ते-ह-नाकम्-महिमानः-सचन्त-यत्र-पूर्वे-साध्याः-सन्ति-देवाः ।

अनुवाद :- (अयज्ञम्) अपुरो गलत धार्मिक पूजाको सट्टामा (यज्ञेन) धार्मिक कर्मको आधारमा सत्यभक्ति र (यजन्त) पूजा गर्ने (देवा:) निर्विकार देवस्वरूप भक्त आत्माहरु (तानि) नै (धर्माणि) धार्मिक शक्ति सम्पन्न (प्रथमानि) मुख्य तथा उत्तम (आसन्) हुन् । (ते ह) उनीहरु नै वास्तवमा (महिमान:) महान भक्तिको शक्तिले युक्त भएर (साध्या:) सफल भक्त बनेर (सचन्त) भक्ति निमित्त कारण वा सत्यभक्तिको कमाइबाट (नाकम्) पूर्ण सुखदायक परमेश्वरलाई प्राप्त गर्छन् र उनीहरु (पूर्वे) सृष्टिभन्दा पहिले (देवा:) पाप रहित देवस्वरूप भक्त आत्माहरु (सन्ति) बस्ने गरेको (यत्र) ठाउँमा जान्छन् ।

भावार्थ :- **जो निर्विकार (मासु, जाँड-रक्सी र सूर्ति सेवन त्यागि दिएका तथा अन्य नराम्रा कामबाट रहित भएका) देवस्वरूप भक्तात्माहरूले शास्त्रविधि रहित पूजालाई त्यागेर शास्त्रानुकुल साधना गरेपछि सत्यभक्तिको कमाइले धनी भएर कालको ऋणबाट मुक्त भई सम्पूर्ण सुखदायक परमात्मालाई प्राप्त गर्दछन् वा सृष्टिमा सबैभन्दा पहिले रचिएका देव स्वरूप वा पापरहित हंस आत्माहरु बस्ने सत्यलोकमा जान्छन् ।**

केही आत्माहरु कालको जालमा फसेर यहाँ आए र केही परब्रह्मका साथ सात शंख ब्रह्माण्डमा गए पनि असङ्ख्य आत्माहरूको विश्वास पूर्ण परमात्मामा अटल

रहेकोले उनीहरू पतिव्रता पदबाट झरेनन् र उनीहरू त्यहीं रहे । यहाँ पवित्र वेदले पनि त्यही कुरालाई सत्य प्रमाणित गरेको छ । गीता अध्याय ८ को श्लोक संख्या ८ देखि १० मा पनि यसैको प्रमाण दिइएको छ कि शास्त्र विधि अनुसारपूर्ण परमात्माको सत्यसाधना गर्ने साधकले भक्तिको कमाइको बलले पूर्ण परमात्मालाई प्राप्त गर्दछ । यसले के सिद्ध गर्दछ भने प्रभुहरु तीनवटा छन् : ब्रह्म, परब्रह्म र पूर्णब्रह्म । यिनीहरूलाई (१) ब्रह्म/ईश/क्षर पुरुष,(२) परब्रह्म/अक्षर पुरुष/अक्षर ब्रह्म/ईश्वर र (३) पूर्ण ब्रह्म/परम अक्षर ब्रह्म/परमेश्वर/ सत्यपुरूष/आदि पर्यायवाची शब्दहरूबाट पनि जानिन्छ ।

ऋग्वेद मण्डल ९ सुक्त ९६ मन्त्र १७ देखि २० मा स्पष्ट प्रमाणित गरिएको छ– पूर्ण परमात्मा कविर्देव (कबीर परमेश्वर) शिशुरूप धारण गरेर प्रकट भई आफ्नो निर्मल ज्ञान अर्थात् तत्त्वज्ञान (कविर्गीर्भिः) कबीर वाणीको माध्यमले आफ्ना अनुयायीहरूलाई बोलेर वर्णन गर्नु हुन्छ । ब्रह्म (क्षर पुरूष)र परब्रह्म (अक्षर पुरूष) का धामहरु भन्दा भिन्दै पूर्ण ब्रह्म (परम अक्षर पुरूष) तेस्रो ऋतधाम (सत्यलोक) मा कविर्देव (कबीर परमेश्वर) साकाररूपमा विराजमान हुनु हुन्छ र सत्यलोकभन्दा माथिको चौथो अनामी लोकमा पनि अनामी पुरूषका रूपमा मनुष्य सदृश आकारमा विराजमान हुनु हुन्छ ।

पवित्र श्रीमद्देवी महापुराणमा सृष्टि रचनाको प्रमाण

ब्रह्मा, विष्णु र शिवका माता-पिता

(दुर्गा र ब्रह्मको योगबाट ब्रह्मा, विष्णु र शिवको जन्म)

पवित्र श्रीमद्देवी महापुराण तेस्रो स्कन्ध अध्याय १-३ (गीताप्रेस गोरखपुरबाट प्रकाशित, अनुवादकर्ता श्री हनुमान प्रसाद पोद्दार तथा चिमन लाल गोस्वामी जी पृष्ठ नं. ११४ बाट) पृष्ठ नं. ११४ देखि ११८ सम्ममा कयौं आचार्यहरू भवानीलाई सम्पूर्ण मनोरथ पूरा गर्ने भनी बताउँछन् भनेर विवरण दिइएको छ। उनी प्रकृति कहलाउँछिन् तथा ब्रह्मसँग अभेद सम्बन्ध छ । जस्तो पत्नीलाई अर्धाङ्गिनी पनि भनिन्छ अर्थात् दुर्गा ब्रह्म (काल) की पत्नी हुन् । एउटा ब्रह्माण्डको सृष्टि रचनाको विषयमा राजा श्री परीक्षितले सोधेपछि श्री व्यास जी भन्नु हुन्छ- मैले श्री नारद जी सँग सोधेको थिएँ– हे देवर्षी ! यस ब्रह्माण्डको रचना कसरी भयो ? मेरो यस प्रश्नको उत्तरमा श्री नारद जीले भन्नु भयो– मैले आफ्नो पिता ब्रह्मासँग यस ब्रह्माण्डको रचना तपाईंले गर्नु भएको हो कि विष्णु जी यसका रचयिता हुन् या शिव जीले रचेका हुन् ? सत्य बताउने कृपा गर्नु होस् भनेर सोधेको थिएँ । तब मेरा पूज्य पिता श्री ब्रह्मा जीले पुत्र नारद, मैले आफूलाई कमलको फूलमा बसेको पाएको थिएँ, मलाई थाहा छैन म यस अगाध जलमा कहाँबाट उत्पन्न भएँ । एक हजार वर्षसम्म पृथ्वीको अन्वेषण गरि रहें, कहीं जलको

छेउ वा किनारा पाइनँ । अनि तपस्या गर भन्ने आकाशवाणी भयो । एक हजार वर्षसम्म तपस्या गरें । अनि सृष्टि गर्न आकाशवाणी भयो । यत्तिकैमा नै मधु र कैटभ नामका दुई राक्षस आए । उनीहरूको भयले म कमलको डाँठ पक्रेर तल ओर्लें । त्यहाँ भगवान् विष्णु जी शेष शैय्यामा अचेत अवस्थामा थिए । उनबाट एक स्त्री (प्रेतवत प्रविष्ट दुर्गा) निस्किइन् । उनी आकाशमा आभूषण पहिरिदै गरेको देखिइन लागिन् । तब भगवान् विष्णु होसमा आए । त्यहाँ म र विष्णु दुई मात्र थियौं । यतिकैमा भगवान् शिव पनि आए । देवीले हामीलाई विमानमा बसाइन् तथा ब्रह्म लोकमा लगिन् । त्यहाँ एक ब्रह्मा, एक विष्णु तथा एक शिव अरू देखें अनि एक देवी देखिइन् । उनलाई देखेपछि विष्णु जीले विवेकपूर्वक निम्न वर्णन गरे (ब्रह्म कालले विष्णुलाई चेतना प्रदान गरे उसलाई आफ्नो बाल्य काल याद आयो तब बाल्य कालको कहानी सुनाए ।)

पृष्ठ ११९-१२० मा भगवान् विष्णु जीले श्री ब्रह्मा तथा श्री शिव जी सँग यिनी हामी तीनै जनाकी माता हुन् । यिनी जगत् जननी प्रकृति देवी हुन् । मैले यी देवीलाई म सानो बालक हुँदा पालन पोषण गर्दै झोलुङ्गामा हल्लाइ रहेकी देखेको थिएँ ।

तेस्रो स्कन्ध पृष्ठ नं. १२३ मा श्री विष्णु जीले दुर्गा जीको स्तुति गर्दै भने,– तपाई शुद्ध स्वरूपा हुनु हुन्छ । यो सारा संसार तपाईबाटै उद्भासित भइ रहेछ। म (विष्णु), ब्रह्मा र शङ्कर तपाईको कृपाले नै विद्यमान छौं । हाम्रो अविर्भाव (जन्म) र तिरोभाव (मृत्यु) हुने गर्छ अर्थात् हामी तीनै देव नाशवान छौं, तपाई नै नित्य (अविनाशी), जगत जननी, प्रकृति देवी हुनु हुन्छ ।

भगवान शङ्कर बोले,– देवी, यदि महाभाग विष्णु तपाईबाटै प्रकट (उत्पन्न) भएका हुन् भने उनी पछि उत्पन्न हुने ब्रह्मा पनि तपाईकै बालक भए । अनि म तमोगुणी लीला गर्ने शङ्कर के तपाईको सन्तान होइन ? अर्थात् मलाई उत्पन्न गर्ने पनि तपाई नै हुनु हुन्छ ।

विचार गर्नु होस्ः उपरोक्त विवरणबाट ब्रह्मा जी, विष्णु जी र शिव जी नाशवान् छन्, उनीहरु मृत्युञ्जय (अजर-अमर) र सर्वेश्वर होइनन्, उनीहरु दुर्गा (प्रकृति) का छोरा हुन् र ब्रह्म (काल/सदा शिव) यिनका पिता हुन् भन्ने सिद्ध हुन्छ ।

तेस्रो स्कन्ध पृष्ठ नं. १२५ मा ब्रह्मा जीले हे आमा ! वेदमा जुन ब्रह्म भनिएको छ, त्यो तपाई नै हुनु हुन्छ वा कोही अन्य प्रभु हुन् भनेर सोधे । जवाफमा दुर्गाले म तथा ब्रह्म एकै हौं भनिन् । फेरि यसै स्कन्धको अध्याय नं. ६ को पृष्ठ नं. १२९ मा– अब मेरा काम सिद्ध गर्नका लागि विमानमा बसेर तिमीहरु चाँडै जाऊ । कुनै कठिन काम परेमा तिमीहरूले स्मरण गर्ना साथ म सामुन्ने आउने छु । हे देवताहरु ! तिमीहरूले मेरो (दुर्गाको) र ब्रह्मको ध्यान सँधै गरि रहनु पर्छ । हामी दुवैको स्मरण गरि रह्यौ भने तिमीहरूको कार्य सिद्ध हुने कुरामा अलिकति पनि सन्देह छैन भनिएको छ ।

दुर्गा (प्रकृति) र ब्रह्म (काल) ब्रह्मा, विष्णु र शिवका माता-पिता हुन्, यी तीनै देवता नाशवान छन् । पूर्ण शक्तियुक्त छैनन् भन्ने उपरोक्त व्याख्याबाट स्वसिद्ध छ ।

तीन देवताहरु (श्री ब्रह्मा जी, श्री विष्णु जी रश्री शिव जी) को विवाह दुर्गा (प्रकृती देवी) ले गरि दिइन् । यसको विवरण तेस्रो स्कन्धको पृष्ठ नं. १२८-१२९मा छ।)

गीता अध्याय नं. ७ को श्लोक नं. १२ मा निम्न उल्लेखित छ

ये, च, एव, सात्विकाः, भावाः, राजसाः, तामसाः, च, ये,
मतः, एव, इति, तान्, विद्धि, न, तु, अहम्, तेषु, ते, मयि।।

अनुवाद :- (च) अरू (एवं) पनि (ये) जुन (सात्विकाः) सत्वगुण विष्णु जीले गर्ने स्थिति (भावा) भाव हो, (ये) जुन (राजसाः) रजोगुण ब्रह्मा जीबाट गर्ने उत्पत्ति (च) तथा (तामसाः) तमोगुण शिवबाट गर्ने संहार (तान्) सबै तिमी र (मतः, एव) मबाट सुनियोजित नियम अनुसार नै हुनेछन् (इति) भन्ने (विद्धि) जान (तु) तर वास्तवमा (तेषु) उनमा (अहम्) म तथा (ते) उनी (मयि) ममा (न) छैनन्।

पवित्र शिव महापुराणमा सृष्टि रचनाको प्रमाण

(काल ब्रह्म र दुर्गाबाट विष्णु, ब्रह्मा र शिवको उत्पत्ति)

यसको प्रमाण पवित्र श्री शिवपुराण (गीता प्रेस गोरखपुरबाट प्रकाशित, अनुवादकर्ता श्री हनुमानप्रसाद पोद्दार) को अध्याय ६ रूद्र संहिता, पृष्ठ नं. १०० मा के भनिएको छ भने मूर्ति रहित परब्रह्मको मूर्ति नै भगवान सदाशिव हुन् । यिनको शरीरबाट निस्किएको एउटा शक्ति नै अम्बिका, प्रकृति (दुर्गा) र त्रिदेव जननी (श्री ब्रह्मा जी, श्री विष्णु जी रश्री शिव जीलाई उत्पन्न गर्ने आमा) भनेर चिनिइन् । उनका आठ हातहरु छन् । सदाशिवलाई नै शिव, शम्भू र महेश्वर पनि भनिन्छ । (पृष्ठ नं १०१) उनी आफ्नो सम्पूर्ण अङ्गमा खरानी धस्छन् । ती कालरूप ब्रह्मले शिवलोक नामक एउटा क्षेत्रको निर्माण गरे । अनि दुवैले पति पत्नीको व्यवहार गरे, जसबाट एउटा पुत्र उत्पन्न भयो । उनको नाम विष्णु राखियो । (पृष्ठ नं १०२)

रूद्र संहिता अध्याय नं ७ पृष्ठ नं. १०३ मा ब्रह्मा जीले मेरो उत्पत्ति पनि भगवान सदाशिव (ब्रह्म/काल) तथा प्रकृति (दुर्गा) को संयोगबाट अर्थात् पति पत्नीको व्यवहारबाट भएको हो अनि मलाई बेहोस पारि दिए भनेका छन् ।

रूद्र संहिता अध्याय नं. ९ पृष्ठ नं ११० मा के भनिएको छ भने यस प्रकार ब्रह्मा, विष्णु र रूद्र यी तीनै देवताहरुमा गुण छ, तर शिव (काल/ब्रह्म) लाई भने गुणातीत मानिन्छ । यहाँ चार सिद्ध भए अर्थात् सदाशिव (ब्रह्म/काल) र प्रकृति (दुर्गा) बाटै ब्रह्मा, विष्णु र शिव उत्पन्न भएका हुन् । यी तीनैजना भगवानहरु (श्री ब्रह्मा जी, श्री विष्णु जी रश्री शिव जी) का माता श्री दुर्गा र पिता श्री ज्योति निरञ्जन (ब्रह्म) हुन् । यी तीनै प्रभु रजगुण-ब्रह्मा जी, सतगुण-विष्णु जी र तमगुण-शिव जी हुन् ।

पवित्र श्रीमद्भगवत गीता जीमा सृष्टि रचनाको प्रमाण

यसको प्रमाण पवित्र गीता जी अध्याय १४ श्लोक ३ देखि ५ सम्ममा छ । ब्रह्म (काल) भन्छन्,– प्रकृति (दुर्गा) त मेरी पत्नी हुन् तथा म ब्रह्म (काल) यिनको पति हूँ । हामी दुईको संयोगले सम्पूर्ण प्राणीहरू सहित तीनै गुणहरू (रजगुण-ब्रह्मा जी, सतगुण-विष्णु जी र तमोगुण-शिव जी) को उत्पत्ति भएको हो । म (ब्रह्म) सम्पूर्ण प्राणीका पिता हुँ र प्रकृति (दुर्गा) यिनीहरूकी माता हुन् । म यिनको पेटमा बीज स्थापना गर्छु जसबाट सम्पूर्ण प्राणीहरूको उत्पत्ति हुन्छ । प्रकृति (दुर्गा) बाट उत्पन्न तीनै गुण (रजगुण ब्रह्मा, सतगुण विष्णु र तमोगुण शिव) ले जीवलाई कर्मको आधारले शरीरमा बाँध्दछ ।

यसको प्रमाण अध्याय १५ श्लोक १ देखि ४ तथा १६ र १७ मा पनि छ ।

गीता अध्याय नं १५ को श्लोक नं १

ऊर्ध्वमूलम्, अधःशाखम्, अश्वत्थम्, प्राहुः, अव्ययम्,

छन्दांसि, यस्य, पर्णानि, यः, तम्, वेद, सः, वेदवित्॥

अनुवाद :- (ऊर्ध्वमूलम्) माथिल्तिर पूर्ण परमात्मा, आदि पुरूष, परमेश्वररूपी जरा भएको (अधःशाखम्) तल्तिर शाखा भएको (अव्ययम्) अविनाशी (अश्वत्थम्) विस्तारित पिपलको रूख छ, (यस्य) जसको (छन्दांसि) स-साना भाग वा हाँगा र (पर्णानि) पातहरू (प्राहुः) रहेका छन् (तम्) त्यो संसाररूपी रूखलाई (यः वेद) सर्वाङ्ग सहित जसले जान्दछ (सः) उनी नै (वेदवित्) पूर्ण ज्ञानी वा तत्त्वदर्शी हुन् ।

गीता अध्याय १५ को श्लोक नं २

अधः, च ऊर्ध्वम्, प्रसृताः, तस्य, शाखाः, गुणप्रवृद्धाः,

विषयप्रवालाः, अधः, च, मूलानि, अनुसन्ततानि, कर्मानुबन्धीनि, मनुष्यलोके॥

अनुवाद :- (तस्य) त्यस वृक्षको (अधः) तल्तिर (च) र (ऊर्ध्वम) माथिल्तिर (गुणप्रवृद्धाः) तीनै गुणहरु रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमोगुण-शिव रूपमा (प्रसृता) फैलिएका (विषयप्रवालाः) काम, क्रोध, मोह, लोभ र अहंकार जस्ता विकाररूपी (शाखाः) ब्रह्मा, विष्णु र शिव स्वरूपका हाँगा नै (कर्मानुबन्धीनि) जीवलाई कर्ममा बाँध्ने (मूलानि) जरा वा मुख्य कारण हुन् (च) तथा (मनुष्यलोके) मनुष्यलोक वा पृथ्वीलोकमा (अधः) तल - नरक, चौरासी लाख जुनीहरूमा (ऊर्ध्वम्) माथि स्वर्गलोक आदिमा (अनुसन्ततानि) व्यवस्थित गरिएको छ ।

गीता अध्याय १५ को श्लोक नं. ३

न, रूपम्, अस्य, इह, तथा, उपलभ्यते, न, अन्तः, न, च, आदिः, न, च,

सम्प्रतिष्ठा, अश्वत्थम्, एनम्, सुविरूढमूलम्, असंगशस्त्रेण, दृढेन, छित्वा॥

अनुवाद :- (अस्य) यो रचनाको (न) न (आदिः) शुरूवात (च) र (न) न त (अन्तः) अन्त्य छ (न) न (तथा) त्यस्तो (रूपम्) स्वरूप (उपलभ्यते) पाइन्छ (च) तथा (इह) यहाँ विचार कालमा अर्थात् मैले दिंदैगरेको गीताज्ञानका बारेमा मलाई पनि पूरा जानकारी (न) छैन (सम्प्रतिष्ठा) किनकि सम्पूर्ण ब्रह्माण्डहरूको रचनाको स्थिति सम्बन्धी राम्रो ज्ञान मलाई पनि छैन। (एनम्) यो (सुविरूढमूलम्) राम्रोसँग स्थायी स्थिति भएको, (अश्वत्थम्) बलियो स्वरूप भएको संसाररूपी रूखको ज्ञानको (असङ्गशस्त्रेण) पूर्ण ज्ञानरूपी (दृढेन) दृढ सुक्ष्म वेद अर्थात् तत्त्वज्ञानले जानेर (छित्वा) त्यसलाई काटेर वा निरञ्जनको भक्तिलाई क्षणिक अर्थात् क्षणभङ्गुर बुझेर ब्रह्मा, विष्णु, शिव, ब्रह्म र परब्रह्मभन्दा पनि अगाडि पूर्ण ब्रह्मको खोजी गर्नु पर्छ ।

गीता अध्याय १५ को श्लोक नं. ४

तत्ः, पदम्, तत्, परिमार्गितव्यम्, यस्मिन्, गताः, न, निवर्तन्ति, भूयः,
तम्, एव्, च, आद्यम्, पुरूषम्, प्रपद्ये, यतः, प्रवृतिः, प्रसृता, पुराणी॥

अनुवाद :- तत्त्वदर्शी सन्तलाई (ततः) भेटेपछि (तत्) परमात्माको (पदम्) पद स्थान अर्थात् सत्यलोक (परिमार्गितव्यम्) राम्रोसँग खोज्नु पर्छ (यस्मिन्) जहाँ (गताः) गएका साधकहरु (भूयः) फेरि (न, निवर्तन्ति) फर्केर संसारमा आउँदैनन् (च) र (यतः) वहाँ परमात्मा - परम अक्षर ब्रह्मले (पुराणी) आदि वा पहिले (प्रवृतिः) रचना वा सृष्टि (प्रसृता) गर्नु भएको हो। (तम्) अज्ञात (आद्यम्) आदि वा पहिलो यम अर्थात् म (काल निरञ्जन) पनि (पुरूषम्) पूर्ण परमात्माको (एव) नै (प्रपद्ये) शरणमा छु तथा वहाँकै पूजा गर्छु ।

गीता अध्याय १५ को श्लोक नं. १६

द्वौ, इमौ, पुरूषौ, लोके, क्षरः, च, अक्षरः, एव, च,
क्षरः, सर्वाणि, भूतानि, कूटस्थः, अक्षरः, उच्यते॥

अनुवाद :- (लोके) यस संसारमा (द्वौ) दुई प्रकारका (क्षरः) नाशवान (च) र (अक्षरः) अविनाशी (पुरूषौ) भगवान छन् । (एव) यसरी (इमो) यी दुई प्रभुहरूका लोकहरूमा (सर्वाणि) सम्पूर्ण (भूतानि) प्राणीहरूको शरीर त (क्षरः) नाशवान छ (च) र (कूटस्थः) जीवात्माहरूलाई (अक्षरः) अविनाशी (उच्यते) भनिन्छ ।

गीता अध्याय १५ को श्लोक नं १७

उत्तमः, पुरुषः, तु, अन्यः, परमात्मा, इति, उदाहृतः,
यः, लोकत्रयम्, आविश्य, बिभर्ति, अव्ययः,ईश्वरः ॥

अनुवाद :- (उत्तमः) उत्तम (पुरूषः) प्रभु (तु) त (अन्यः) माथिका दुवै प्रभुहरु वा क्षर र अक्षर पुरूषभन्दा फरक हुनु हुन्छ (इति) वहाँलाई नै वास्तवमा (परमात्मा) परमात्मा (उदाहृतः) भनिएको छ (यः) जसले (लोकत्रयम्) तीनै लोकहरूमा (आविश्य)

प्रवेश गरेर (बिभर्ति) सबैको धारण पोषण गर्नु हुन्छ र (अव्ययः) वहाँनै अविनाशी (ईश्वरः) प्रभुहरूमा श्रेष्ठ अर्थात् समर्थ प्रभु हुनु हुन्छ ।

भावार्थ :- गीता ज्ञानदाता प्रभुले कतिसम्म बताए भने यो संसारलाई उल्टो झुण्डि रहेको रूख जस्तो सम्झ । माथिल्तिरको जरा (मूल) लाई पूर्ण परमात्मा र तल्तिरका हाँगाबिँगा आदिलाई अन्य भाग बुझ । यो संसाररूपी रूखको प्रत्येक भागको भिन्नभिन्न विवरण जान्ने सन्त नै तत्त्वदर्शी सन्त हुन् । उनको बारेमा गीता अध्याय ४ श्लोक नं. ३४ मा बताइएको छ । गीता अध्याय १५ श्लोक नं २ र ३ मा तीन गुणरूपी शाखा छन् भन्ने मात्र बताइएको छ । यहाँ विचारकालमा अर्थात् गीतामा म (गीता ज्ञानदाता) लाई यो संसारको रचनाको आदि र अन्त्यको ज्ञान नहुनाले तिमीलाई पूर्ण जानकारी दिन सक्दिन भनिएको छ । यसका लागि गीता अध्याय ४ श्लोक नं. ३४ मा कुनै तत्त्वदर्शी सन्तले नै पूर्ण परमात्माको ज्ञान दिन सक्छन् भनिएको छ । यस गीता अध्याय १५ श्लोक नं. १ मा तत्त्वदर्शी सन्तको पहिचान बताउँदै उनले संसाररूपी रूखको प्रत्येक भागको ज्ञान गराउने हुनाले उनीसँगै सोध भनिएको हो । गीता अध्याय १५ को श्लोक नं. ४ मा तत्त्वदर्शी सन्त भेटिएपछि परमपद परमेश्वरको खोजी गर्नु पर्छ अर्थात् तत्त्वदर्शी सन्तले बताए अनुसार साधना गर्नु पर्छ, जसबाट पूर्ण मोक्ष (अनादि मोक्ष) प्राप्त हुन्छ भनिएको छ । गीता अध्याय १५ को श्लोक नं. १६ र १७ मा तीन प्रभुहरू– पहिलो क्षर पुरूष (ब्रह्म), दोस्रो अक्षर पुरूष (परब्रह्म) र तेस्रो परम अक्षर पुरूष (पूर्ण ब्रह्म) मध्ये क्षर पुरूष र अक्षर पुरूष वास्तवमा अविनाशी छैनन् । अविनाशी परमात्मा त यी दुई भन्दा अलग हुनु हुन्छ । वहाँले तीनै लोकमा प्रवेश गरेर सबैलाई भरण पोषण गर्नु हुन्छ भनेर स्पष्ट गरिएको छ ।

माथि उल्लेखित श्रीमद्भगवत गीताको अध्याय १५ श्लोक नं. १ देखि ४ तथा १६ र १७ मा यो प्रमाणित भयो कि उल्टो झुण्डिएको संसाररूपी रूखको मूल वा जरा त परम अक्षर ब्रह्म अर्थात् पूर्ण ब्रह्म हुनु हुन्छ जसबाटै सिंगो रूखको पालन हुन्छ । पृथ्वीभन्दा ठीक बाहिर जमिनसँग जोडिएको रूखको भाग वा फेदलाई अक्षर पुरुष वा परब्रह्म भनेर जान । फेदभन्दा माथि निस्कने मोटा हाँगाहरूमध्ये एउटा हाँगोलाई ब्रह्म अर्थात् क्षर पुरूष सम्झ । त्यो मोटो हाँगाबाट निस्केका तीनवटा साना शाखाहरूलाई ब्रह्मा, विष्णु र शिव भनेर बुझ । अनि शाखाहरूबाट निस्केका पातहरूलाई सांसारिक प्राणीहरू भनी बुझ । उपरोक्त गीता अध्याय १५ श्लोक नं. १६ र १७ मा क्षर पुरूष (ब्रह्म) र अक्षर पुरूष (परब्रह्म) लगायत यी दुवैका लोकहरूमा भएका सबै प्राणीहरूको स्थूल शरीर त नाशवान छ तर जीवात्मा भने अविनाशी छ, अर्थात् उपरोक्त दुवै प्रभु र यिनीहरू अन्तर्गत रहेका प्राणी नाशवान छन् भन्ने स्पष्ट हुन्छ । अक्षर पुरूषलाई अविनाशी भनिए पनि वास्तवमा अविनाशी परमात्मा त यी दुईभन्दा भिन्दै हुनु हुन्छ । वहाँ तीनै लोकमा प्रवेश गरेर सबैको पालन-पोषण गर्नु हुन्छ । माथिको बयानमा तीन प्रभुहरूको भिन्न भिन्न विवरण दिइएको छ ।

पवित्र बाईबल तथा पवित्र कुरान शरीफमा सृष्टि रचनाको प्रमाण

यसको प्रमाण पवित्र बाइबल र पवित्र कुरान शरीफमा पनि छ । कुरान शरीफमा पवित्र बाइबलको पनि ज्ञान छ, यसैले यी दुई पवित्र सद्ग्रन्थहरूले मिलेर सृष्टिका रचयिता को र कस्ता छन् तथा उनको वास्तविक नाम के हो भन्ने तथ्य प्रमाणित गरेका छन् ।

पवित्र बाइबल (उत्पत्ति ग्रन्थ पृष्ठ नं. २ अ. १:२०-२:५) :-

छैठौं दिन : प्राणी र मनुष्य

अन्य प्राणीहरूको रचना गरेर (२६) फेरि परमेश्वरले भन्नु भयो मैले मनुष्यलाई आफ्नो स्वरूप अनुसार आफ्नै समानता (सादृश्यता) मा बनाएँ । जसले सबै प्राणीहरू माथि काबु राख्ने छ। (२७) अनि परमेश्वरले मनुष्यलाई आफ्नो स्वरूप अनुसार उत्पन्न गर्नु भयो, आफ्नै स्वरूप अनुसार परमेश्वरले तिनीहरूलाई उत्पन्न गर्नु भयो, नर र नारी गरेर मनुष्यहरूको सृष्टि गर्नु भयो ।

(२९) प्रभुले मनुष्यहरूका लागि खानलाई बिउ हुने ससाना बोट बिरूवा तथा जे जति रूखहरूमा बिउ हुने फलहरु छन् ती भोजनका लागि प्रदान गर्नु भएको छ । (मासु खान भन्नु भएको छैन ।)

सातौं दिन : विश्रामको दिन

परमेश्वरले छ दिनमा सम्पूर्ण सृष्टिको उत्पत्ति गरेर सातौं दिन विश्राम गर्नु भयो ।

पवित्र बाइबलले परमात्मा मानव सदृश शरीरमा हुनु हुन्छ र वहाँले ६ दिनमा सम्पूर्ण सृष्टिको रचना गरेर विश्राम गर्नु भयो भन्ने कुरा सिद्ध गरेको छ ।

पवित्र कुरान शरीफ (सुरत फुर्कानि २५, आयत नं ५२, ५८ र ५९)

आयत ५२ :- फला तुतिअल् - काफिरन् व जहिद्हुम बिही जिहादन् कबीरा (कबीरन्)।।५२।।

भावार्थ :- हजरत मुहम्मद जीका खुदा (प्रभु) ले भनि रहेछन् कि ए पैगम्बर ! तपाई काफिरहरु (एकमात्र प्रभुको भक्ति त्यागेर अन्य देवी देवताहरू र मूर्ति आदिको पूजा गर्ने) को भनाइ नमान्नु किनकि ती मानिसहरु कबीरलाई पूर्ण परमात्मा मान्दैनन् । तपाई मैले दिएको यस कुरानको ज्ञानका आधारमा अटल रहनू । कबीर नै पूर्ण प्रभु हुनु हुन्छ र कबीर अल्लाहका लागि संघर्ष गर्नू (लडाई झगडा गर्नु होइन) अर्थात् अडिग रहनू ।

आयत ५८ :- व तवक्कल अलल् - हय्यिल्लजी ला यमूतु. व सब्बिह् बिहम्दिही व कफा बिही बिजुनूबि अिबादिही खबीरा (कबीरा) ।।५८।।

भावार्थः- हजरत मुहम्मद जीले आफ्नो प्रभु मानेका अल्लाह (प्रभु) ले कुनै अर्को प्रभु तर्फ सङ्केत गर्दै भनि रहेछन्, 'ए पैगम्बर, जिन्दा (लामो कालो चोगा लाउने)

महात्माका रूपमा तिमीले आकारमा भेटेको कबीर परमात्मामाथि विश्वास राख । वहाँ कहिल्यै मर्नु हुन्न वा वास्तवमा अविनाशी हुनु हुन्छ । वहाँको प्रशंसा र पवित्रता (पवित्र महिमा) को गुणगान गर्दै जाऊ । कबीर अल्लाह (कविर्देव) पूजा गरिन योग्य हुनु हुन्छ तथा आफ्ना उपासकहरूको सम्पूर्ण पाप विनाश गर्ने हुनु हुन्छ ।

आयत ५९ :- अल्ल्जी खलकस्समावाति वल्अर्ज व मा बैनहुमा फी सित्तति अय्यामिन् सुम्मस्तवा अलल्अर्शि अर्रह्मानु फस्अल् बिही खबीरन् (कबीरन्) ।।५९।।

भावार्थ :- हजरत मुहम्मदलाई कुरान शरीफ बताउने प्रभु (अल्लाह) ले भनि रहेछन्,– कबीर प्रभुले धर्ती तथा आकाशका बीचमा विद्यमान सम्पूर्ण सृष्टिको रचना ६ दिनमा गरेर सातौं दिन माथिको आफ्नो सत्यलोकमा रहेको सिंहासनमा विराजमान हुनु भयो । वहाँको विषयमा जानकारीका लागि कुनै (बाखबर) तत्त्वदर्शी सन्तलाई सोध । पूर्ण परमात्मालाई कसरी पाउन सकिन्छ भन्ने वास्तविक ज्ञान कुनै तत्त्वदर्शी सन्त (बाखबर) लाई सोध, म जान्दिनँ ।

उपरोक्त दुवै पवित्र धर्म (इसाई तथा मुसलमान) का पवित्र शास्त्रहरूले पनि मिलेर प्रमाणित गरेका छन्– सम्पूर्ण सृष्टिका रचयिता, सम्पूर्ण पाप विनाशक, सर्वशक्तिमान, अविनाशी परमात्मा मानव सदृश शरीरमा आकारमा सत्यलोकमा बस्नु हुन्छ । वहाँको नाम कबीर हो, वहाँलाई नै अल्लाहु अकबिरू पनि भनिन्छ ।

आदरणीय धर्मदास जीले पूज्य कबीर प्रभुसँग सोध्नु भयो– ए सर्व शक्तिमान, आजसम्म यो तत्त्वज्ञान कसैले भनेनन्, वेदका मर्मज्ञ ज्ञानीहरूले पनि बताएनन् । चारै पवित्र वेद र चारै पवित्र कतेब (कुरान शरीफ आदि) झूटा हुन् भन्ने यसबाट सिद्ध हुन्छ । अनि पूर्ण परमात्माले भन्नु भयो :कबीर, बेद कतेब झूठे नहीं भाई, झूठे हैं जो समझे नाहिं ॥

भावार्थ :- चारै पवित्र वेद (ऋग्वेद, अथर्ववेद, यजुर्वेद र सामवेद) तथा चारै पवित्र कतेब (कुरान शरीफ, जबूर, तौरात र इंजिल) गलत छैनन् तर यिनलाई नबुझ्नेहरू त मूर्ख नै हुन् ।

पूज्य कबीर परमेश्वर (कविर् देव) जीको अमृतवाणीमा सृष्टि रचना

विशेषः निम्न अमृतवाणी सन् १४०३ देखि {जब कविर्देव (कबीर परमेश्वर) लीलामय शरीरमा ५ वर्षको हुनु भयो} सन् १५१८ {(जब कविर्देव (कबीर परमेश्वर) मगहर बाट सशरीर सतलोक जानु भयो)} को बीचमा लगभग ६०० वर्षपूर्व परम पूज्य कबीर परमेश्वर (कविर्देव) जी द्वारा आफ्नो निजी सेवक (दास भक्त) आदरणीय धर्मदास साहेब जीलाई सुनाउनु भएको थियो तथा धनी धर्मदास साहेब जीले लिपिबद्ध गरेका थिए । तर त्यस समयका पवित्र हिन्दू तथा पवित्र मुसलमानहरूका नादान गुरुहरू (अनुभवहीन पण्डित) ले यो धाणक (जुलाहा, कपडा बुन्ने कारिगर) झूठो हो

भने। कुनै सद्ग्रन्थमा श्री ब्रह्मा जी, श्री विष्णु जी तथा श्री शिव जीका माता पिताको नाम छैन । यी तिनै प्रभु अविनाशी छन्, यिनीहरूको जन्म मृत्यु हुँदैन । न पवित्र वेदहरू न त कुरान शरीफ आदिमा कबीर परमेश्वरको प्रमाण छ तथा परमात्मालाई निराकार लेखेको छ। हामी सधैं पढ्छौं । सोझा आत्मा भएकाहरूले ती विचक्षणहरू (चतुर गुरू, तीव्र बुद्धि भएका) प्रति साँच्चै यी कबीर धाणक त अशिक्षित हुन् तथा गुरू जी शिक्षित हुन् र सत्य भनि रहेका होलान् भनी विश्वास गरे । आज त्यही सत्यता प्रकाशमान भइ रहेछ तथा सर्व पवित्र धर्महरूको पवित्र सद्ग्रन्थ साक्षी छन् । यसबाट पूर्ण परमेश्वर, सर्व सृष्टि रचनाकार, कूलको सृष्टिकर्ता तथा सर्वज्ञ काशी (बनारस) मा कमलको फूल माथि प्रकट हुनु भएका कविर्देव (कबीर परमेश्वर) नै हुनु हुन्छ तथा १२० वर्षसम्म वास्तविक तेजोमय (तेजस्वी) शरीरमा मानव सदृश शरीर हल्का तेजको बनाएर रहनु भयो तथा आफूद्वारा रचिएको सृष्टिको वास्तविक ज्ञान दिएर सशरीर सतलोक जानु भयो भन्ने सिद्ध हुन्छ । कृपया प्रेमी पाठक परमेश्वर कबीर साहेब जीद्वारा उच्चारित निम्न अमृतवाणी पढ्नु होस् ।

धर्मदास यह जग बौराना। कोइ न जाने पद निरवाना।।
यहि कारन मै कथा पसारा। जगसे कहियो राम नियारा।।
यही ज्ञान जग जीव सुनाओ। सब जीवोंका भरम नशाओ।।
अब मै तुमसे कहों चिताई। त्रयदेवनकी उत्पत्ति भाई।।
कुछ संक्षेप कहों गुहराई। सब संशय तुम्हरे मिट जाई।।
भरम गये जग वेद पुराना। आदि रामका का भेद न जाना।।
राम राम सब जगत बखाने। आदि राम कोइ बिरला जाने।।
ज्ञानी सुने सो हिरदै लगाई। मूर्ख सुने सो गम्य ना पाई।।
माँ अष्टंगी पिता निरंजन। वे जम दारूण वंशन अंजन।।
पहिले कीन्ह निरंजन राई। पीछेसे माया उपजाई।।
माया रूप देख अति शोभा। देव निरंजन तन मन लोभा।।
कामदेव धर्मराय सत्ताये। देवी को तुरतही धर खाये।।
पेट से देवी करी पुकारा। साहब मेरा करो उबारा।।
टेर सुनी तब हम तहाँ आये। अष्टंगी को बंद छुडाये।।
सतलोक में कीन्हा दुराचारि, काल निरंजन दिन्हा निकारि।।
माया समेत दिया भगाई, सोलह संख कोस दूरी परआई।।
अष्टंगी और काल अब दोई, मंद कर्म से गए बिगोई।।
धर्मराय को हिकमत कीन्हा। नख रेखा से भगकर लीन्हा।।
धर्मराय किन्हाँ भोग विलासा। मायाको रही तब आसा।।
तीन पुत्र अष्टंगी जाये। ब्रह्मा विष्णु शिव नाम धराये।।
तीन देव विस्तार चलाये। इनमें यह जग धोखा खाये।।

पुरूष गम्य कैसे को पावै। काल निरंजन जग भरमावै।।
तीन लोक अपने सुत दीन्हा। सुन्न निरंजन बासा लीन्हा।।
अलख निरंजन सुन्न ठिकाना। ब्रह्मा विष्णु शिव भेद न जाना।।
तीन देव सो उनको धावें। निरंजन का वे पार ना पावें।।
अलख निरंजन बडा बटपारा। तीन लोक जिव कीन्ह अहारा।।
ब्रह्मा विष्णु शिव नहीं बचाये। सकल खाय पुन धूर उडाये।।
तिनके सुत हैं तीनो देवा। आंधर जीव करत हैं सेवा।।
अकाल पुरूष काहू नहिं चीन्हां। काल पाय सबही गह लीन्हां।।
ब्रह्म काल सकल जग जाने। आदि ब्रह्मको ना पहिचाने।
तीनों देव और औतारा। ताको भजे सकल संसारा।।
तीनों गुणका यह विस्तारा। धर्मदास मैं कहों पुकारा।।
गुण तीनों की भक्ति में, भूल परो संसार।
कहै कबीर निज नाम बिन, कैसे उतरैं पार।।

उपरोक्त अमृतवाणीमा परमेश्वर कबीर साहेब जी आफ्ना निजी सेवक श्री धर्मदास साहेब जीलाई भन्नु हुन्छ,– धर्मदास, यो सम्पूर्ण संसार तत्त्वज्ञानको अभावले विचलित छ । कसैलाई पूर्ण मोक्षको मार्ग तथा पूर्ण सृष्टि रचनाको ज्ञान छैन । यसैले म तिमीलाई मैले रचेको सृष्टिको कथा सुनाउँछु । बुद्धिमान व्यक्तिले त तुरून्तै बुझ्छ । तर सम्पूर्ण प्रमाण देखेर पनि नमान्ने अबोध प्राणी कालको प्रभावले प्रभावित छ, ऊ भक्तियोग्य छैन । अब म तीनैजना भगवान (ब्रह्मा जी, विष्णु जी र शिव जी) को उत्पत्ति कसरी भयो भन्ने बताउँछु । यिनीहरूको आमा अष्टङ्गी (दुर्गा) र बुबा ज्योति निरञ्जन (ब्रह्म काल) हुन् । पहिला अण्डाबाट ब्रह्मको उत्पत्ति भयो अनि दुर्गाको उत्पत्ति भयो । दुर्गाको रूपमा आशक्त भएर काल (ब्रह्म) ले गल्ती (दुर्व्यवहार) गरेकोले दुर्गा (प्रकृति) ले उनको पेटमा शरण लिइन् । ज्योति निरञ्जन (काल) भएको ठाउँमा म गएँ र भवानीलाई ब्रह्मको पेटबाट निकालेर एक्काईस ब्रह्माण्डसहित १६ शंख कोस टाढा पठाइ दिएँ । ज्योति निरञ्जन (धर्मराय) ले प्रकृति देवी (दुर्गा) सँग भोग-विलास गरी संयोगबाट तीन गुण (रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमोगुण-शिव) को उत्पत्ति भयो । यिनै तीन गुणहरूकै साधना गरेर सम्पूर्ण प्राणी कालको जालमा फसेकाले वास्तविक मन्त्र नपाइ पूर्ण मोक्ष कसरी हुन्छ ?

विशेष :- प्रिय पाठक, विचार गरौं : श्री ब्रह्मा, श्री विष्णु र श्री शिव जीको अवस्थालाई अविनाशी भनिएको थियो । सम्पूर्ण हिन्दू समाजले अहिलेसम्म पनि यी तीनै नाशवान् परमात्माहरूलाई अजर-अमर तथा जन्म-मृत्युरहित मानि रहेका छन् । यिनका बुबा कालरूपी ब्रह्म र आमा दुर्गा (प्रकृति/अष्टाङ्गी) हुन् भन्ने अगाडि प्रमाणमा पढ्यौं । यो ज्ञान हाम्रो शास्त्रमा पनि विद्यमान छ । तर हिन्दू समाजमा कलियुगी गुरू, ऋषि र सन्तहरूलाई यस कुराको ज्ञान छैन । पाठ्यक्रम बारे नै अपरिचित अध्यापक विद्वान

नभएर विद्यार्थीहरूको भविष्यका शत्रु हुन् । यस्तै अहिलेसम्म श्री ब्रह्मा, श्री विष्णु तथा श्री शिव जीका आमा बुबा को हुन् भन्ने थाहा नभएका गुरू, ऋषि र सन्तहरु पनि ज्ञानहीन हुन् किनकि उनीहरूले सम्पूर्ण भक्त समाजलाई शास्त्रविधि विपरीत ज्ञान (लोकवेद र दन्त्य कथा) सुनाएर अज्ञानताले परिपूर्ण गरि दिए । शास्त्रविधि विपरीत भक्ति साधना गराएर परमात्माको वास्तविक लाभ (पूर्ण मोक्ष) बाट वञ्चित गरी सबैको मानव जन्म नष्ट गराए । श्रीमद्भगवत गीता अध्याय १६ श्लोक २३ र २४ मा शास्त्रविधि त्यागेर मनोमानी आचरणले पूजा गर्नेलाई कुनै लाभ प्राप्त हुँदैन भन्ने कुराको प्रमाण छ। पूर्ण परमात्मा कबीर जीले सन् १४०३ बाटै सम्पूर्ण शास्त्रयुक्त ज्ञान आफ्नो अमृतवाणी (कविरवाणी) मा बताउन थाल्नु भएको थियो । तर ती अज्ञानी गुरूहरूले यो ज्ञानलाई भक्त समाजसम्म पुग्न दिएनन् । यो कुरा अहिले प्रष्ट हुदै छ । यसबाट कविर्देव (कबीर प्रभु) तत्त्वदर्शी सन्तका रूपमा स्वयं पूर्ण परमात्मा नै आउनु भएको थियो भन्ने तथ्य सिद्ध हुन्छ ।

आदरणीय गरीबदास साहेब जीको अमृतवाणीमा सृष्टि रचनाको प्रमाण

आदि रमैणी (सद् ग्रन्थ पृष्ठ न ६९०-६९२ सम्म)

आदि रमैणी अदली सारा। जा दिन होते धुंधुंकारा।।१।।
सतपुरूष कीन्हा प्रकाशा। हम होते तखत कबीर खवासा।।२।।
मन मोहिनी सिरजी माया। सतपुरूष एक ख्याल बनाया।।३।।
धर्मराय सिरजे दरबानी। चौसठ जुगतप सेवा ठानी।।४।।
पुरुष पृथिवी जाकूं दीन्ही। राज करो देवा आधीनी।।५।।
ब्रह्मण्ड इकीस राज तुम्ह दीन्हा। मन की इच्छा सब जुग लीन्हा।।६।।
माया मूल रूप एक छाजा। मोहि लिये जिनहूँ धर्मराजा।।७।।
धर्म का मन चंचल चित धार्‍या। मन माया का रूप बिचारा।।८।।
चंचल चेरी चपल चिरागा। या के परसे संरबस जागा।।९।।
धर्मराय कीया मन का भागी। विषय वासना संग से जागी।।१०।।
आदि पुरूष अदली अनरागी। धर्मराय दिया दिल सें त्यागी।।११।।
पुरूष लोक सें दीया ढहाही। अगम दीप चलि आये भाई।।१२।।
सहज दास जिस दीप रहंता। कारण कौन कौन कुल पंथा।।१३।।
धर्मराय बोले दरबानी। सुनो सहज दास ब्रह्मज्ञानी।।१४।।
चौसठ जुग हम सेवा कीन्ही। पुरूष पृथिवी हम कूं दीन्ही।।१५।।
चंचल रूप भया मन बौरा। मनमोहिनी ठगिया भौंरा।।१६।।

सतपुरूष के ना मन भाये। पुरूष लोक से हम चलि आये।।१७।।
अगर दीप सुनत बडभागी। सहज दास मेटो मन पागी।।१८।।
बोले सहजदास दिल दानी। हम तो चाकर सत सहदानी।।१९।।
सतपुरूष से अरज गुजारूं। जब तुम्हारा बिवाण उतारूं।।२०।।
सहज दास को कीया पीयाना। सत्यलोक लीया प्रवाना।।२१।।
सतपुरूष साहिब सरबंगी। अविगत अदली अचल अभंगी।।२२।।
धर्मराय तुम्हरा दरबानी। अगर दीप चलि गये प्रानी ।।२३।।
कौन हुकम करी अरज अवाजा। कहां पठावौ उस धर्मराजा ।।२४।।
भई अवाज अदली एक साचा। विषय लोक जा तीन्यूं बाचा ।।२५।।
सहज विमाँन चले अधिकाई। छिन में अगर दीप चलि आई ।।२६।।
हमतो अरज करी अनरागी। तुम्ह विषय लोक जावो बडभागी ।।२७।।
धर्मराय के चले विमाना। मानसरोवर आये प्राना ।।२८।।
मानसरोवर रहन न पाये। दरै कबीरा थांना लाये।।२९।।
बंकनाल की विषमी बाटी। तहां कबीरा रोकी घाटी।।३०।।
इन पाँचों मिलि जगत बंधाना। लख चौरासी जीव संताना।।३१।।
ब्रह्मा विष्णु महेश्वर माया। धर्मराय का राज पठाया।।३२।।
यौह खोखा पुर झूठी बाजी। भिसति बैकुण्ठ दगासी साजी।।३३।।
कृतिम जीव भुलानें भाई। निज घर की तो खबरि न पाई।।३४।।
सवा लाख उपजें नित हंसा। एक लाख विनशें नित अंसा।।३५।।
उपति खपति प्रलय फेरी। हर्ष शोक जौरा जम जेरी।।३६।।
पाँचों तत्त्व है प्रलय माँही। सत्वगुण रजगुण तमगुण झांई।।३७।।
आठों अंग मिली है माया। पिण्ड ब्रह्मण्ड सकल भरमाया।।३८।।
या में सुरति शब्द की डोरी। पिण्ड ब्रह्मण्ड लगी हे खोरी।।३९।।
श्वासा पारस मन गह राखो। खोल्हि कपाट अमीरस चाखो।।४०।।
सुनाऊं हंस शब्द्र सुन दासा। अगम दीप है अग है बासा।।४१।।
भवसागर जम दण्ड जमाना। धर्मराया का है तलबांना।।४२।।
पाँचों ऊपर पद की नगरी। बाट बिहंगम बंकी डगरी।।४३।।
हमरा धर्मराय सों दावा। भवसागर में जीव भरमावा।।४४।।
हम तो कहै अगम की बानी। जहाँ अविगत अदली आप बिनानी।।४५।।
बंदी छोड हमारा नामं। अजर अमर है अस्थीर ठामं।।४६।।
जुगन जुगन हम कहते आये। जम जौरा से हंस छुटाये।।४७।।
जो कोई मानें शब्द हमारा। भवसागर नही भरमें धारा।।४८।।

या में सुरति शब्द का लेखा। तन अंदर मन कहो कीन्ही देखा।।४९।।

दास गरीब अगम की बानी। खोजा हंसा शब्द सहदानी।।५०।।

उपरोक्त अमृतवाणीको भावार्थः- आदरणीय गरीबदास जी भन्छन्,– यहाँ पहिले अन्धकार मात्र थियो । पूर्ण परमात्मा कबीर साहेब जी सत्यलोकमा सिंहासनमा विराजमान हुनु हुन्थ्यो, हामी दास थियौं । परमात्माले ज्योति निरञ्जनलाई उत्पन्न गरी उनको तपको फलस्वरूप एक्काइस ब्रह्माण्ड प्रदान गर्नु भयो र माया (प्रकृति) को उत्पत्ति गर्नु भयो । युवा दुर्गाको रूपमा मोहित भएर ज्योति निरञ्जन (ब्रह्म) दुर्गा (प्रकृति) लाई बलात्कार गर्ने चेष्टा गरेको गलत कामको सजाय स्वरूप सत्यलोकबाट निकालिए र प्रतिदिन एक लाख मानव शरीरधारी प्राणी आहार गर्ने र सवा लाख उत्पन्न गर्ने श्राप पाए । यहाँ सम्पूर्ण प्राणीहरूले जन्म मृत्युको कष्ट उठाइ रहेका छन् । पूर्ण परमात्माको वास्तविक शब्द (साँचो नामको जप मन्त्र) मबाट प्राप्त गर्नेलाई कालको बन्धनबाट छुटाइ दिन्छु । मेरो नाम बन्दी छोड हो । आफ्नो गुरू तथा प्रभु कबीर परमात्माको आधारमा आदरणीय गरिबदास जी भन्छन्,– साँचो मन्त्र अर्थात् सत्यनाम तथा सारशब्द प्राप्त गरेमा पूर्ण मोक्ष हुन्छ । नभए नक्कली नामदान गर्ने सन्त र महन्तहरूका मीठा मीठा कुरामा फसेर शास्त्रविधि रहित साधना गरी कालको जालमा फसेर कष्टमाथि कष्ट उठाउने छौ ।

॥ गरीबदास जी महाराजको वाणी॥

(सत ग्रन्थ साहिब पृष्ठ नं. ६९० बाट साभार)

माया आदि निरंजन भाई, अपने जाऐ आपै खाई।

ब्रह्मा विष्णु महेश्वर चेला, ऊँ सोहं का है खेला।।

सिखर सुन्न में धर्म अन्यायी, जिन शक्ति डायन महल पठाई।।

लाख ग्रास नित उठ दूती, माया आदि तख्त की कुती।।

सवा लाखा घडिये नित भांडे, हंसा उतपति परलय डांडे।

ये तीनों चेला बटपारी, सिरजे पुरूषा सिरजी नारी।।

खोखापुर में जीव भुलाये, स्वपना बहिस्त बैकुंठ बनाये।

यो हरहट का कुआ लोई, या गल बंध्या है सब कोई।

कीडी कुजंर और अवतारा, हरहट डोरी बंधे कई बारा।

अरब अलील इन्द्र है भाई, हरहट डोरी बंधे सब आई।।

शेष महेश गणेश्वर ताहिं, हरहट डोरी बंधे सब आहिं।

शुक्रादिक ब्रह्मादिक देवा, हरहट डोरी बंधे सब खेवा।।

कोटिक कर्ता फिरता देख्या, हरहट डोरी कहूँ सुन लेखा।

चतुर्भुजी भगवान कहावै, हरहट डोरी बंधे सब आवै।।
यो है खोखापुर का कुआ, या में पडा सो निश्चय मुवा।

ज्योति निरञ्जन (कालबली) को वशमा परेर यी तीनै देवताले (रजगुण-ब्रह्मा जी, सतगुण-विष्णु जी र तमोगुण-शिव जी) आफ्नो महिमा देखाएर जीवहरूलाई स्वर्ग, नरक तथा भवसागर (चौरासी लाख योनीहरु) मा अल्मल्याइ रहन्छन् । ज्योति निरञ्जनले आफ्नो मायाले नागिनीले झैं जीवहरु पैदा गर्छन् र मार्छन् । नागिनीले अण्डाहरूको चारैतिर आफ्नो पुच्छरको कुण्डली बनाई ती अण्डाहरूमा आफ्नो फणाले हान्छे । जसले गर्दा अण्डा फुट्छन् र तिनीहरूबाट बच्चा निस्कन्छन् अनि तिनीहरूलाई खान्छे । नागिनीका थुप्रै अण्डा हुन्छन् र फणा हान्दा कतिपय अण्डा फुट्छन् । फुटेका अण्डाहरूबाट बच्चा निस्किन्छन् । कुनै बच्चा कुण्डली (सर्पनीको पुच्छरको घेरा) बाट बाहिर निस्के भने मात्र ती बाँच्छन् नत्र कुण्डलीभित्र नागिनीले छोड्दिन । कुण्डली भित्रका सबै बच्चाहरूलाई नागिनीले खान्छे ।

माया काली नागिनी, अपने जाये खात। कुण्डली में छोडै नहीं, सौ बातों कि बात।।

यो कालबलीको जाल हो । पूर्ण सन्तबाट नाम लिएर निरञ्जनसम्मको भक्ति गरेपनि निरञ्जनको कुण्डली (एक्काईस ब्रह्माण्डहरु) भन्दा बाहिर निस्कन सकिँदैन। स्वयं ब्रह्मा, विष्णु, महेश र आदि-माया शेराँवाली (दुर्गा) पनि निरञ्जनको कुण्डलीभित्रै छन्। यी विचराहरु अवतार धारण गरेर आउँछन् र जन्म मृत्युको चक्रमा घुमि रहन्छन्। ध्रुब, प्रह्लाद र शुकदेव ऋषिले सोहं जप जपेर पनि मुक्त भएनन्, काललोकमा नै रहे । ध्रुव पनि एक कल्प अर्थात् एक हजार चतुर्युगसम्म मात्र मुक्त छन् भनेर श्री विष्णु पुराणको प्रथम अंशको अध्याय १२ को श्लोक ९३ पृष्ठ ५१ मा लेखिएको छ। 'ॐ नमः भगवते वासुदेवाय' मन्त्र जप गर्ने भक्तहरु पनि कृष्णसम्मको भक्ति गरि रहेका हुन्छन् र तिनीहरु चौरासी लाख योनीको चक्रबाट उम्किन सक्दैनन् । परम पुज्य कबीर साहेब जी र आदरणीय गरीबदास साहेब जी महाराजका वाणीले यस तथ्यको प्रत्यक्ष प्रमाण दिन्छः

अनन्त कोटि अवतार है, माया के गोविन्द।
कर्ता हो हो अवतरे, बहुर पडे जग फंध।।



योह हरहट का कुवाँ लोई, या गल बंध्या है सब कोई ।
कीडी कुंजर और अवतारा, हरहट डोरी बंधे कई बारा ॥

कालको लोकमा जन्म - मरण रूपी हरहट (चक्र)

सत्यपुरूष कबीर साहेब जीको भक्तिले मात्र जीव मुक्त हुन सक्छ । जीव सत्यलोकमा फर्केर नआएसम्म काल लोकमा यसरी नै कर्म गरि रहन्छ । अनि गरिएको नाम र दान धर्मको कमाई स्वर्गरूपी होटलहरूमा सिध्याएर फेरि फर्की कर्मको आधारमा चौरासी लाख प्रकारका प्राणीको शरीरमा कष्ट भोगेर काल लोकमा घुमि रहन्छ । माया (दुर्गा) बाट उत्पन्न भएर करोडौ गोविन्द (ब्रह्मा, विष्णु र शिव) मरि सकेका छन् । उनीहरूले भगवानको अवतार लिएर आएका थिए र फेरि कर्म बन्धनमा बाँधिएर कर्म भोग गरी चौरासी लाख योनीमा गए । भगवान विष्णुलाई देवर्षि नारदले श्राप दिए र श्री रामचन्द्रका रूपमा अयोध्यामा आई बालीको बध गरे । त्यस कर्मको दण्ड भोग्न श्री कृष्ण जीको जन्म लिए । बालीको आत्माले शिकारी बनेर प्रतिशोध लिन श्री कृष्ण जीको गोडामा विषाक्त तीर हानेर बध गऱ्यो । गरीबदास जी आफ्नो वाणीमा भन्छन् :

ब्रह्मा विष्णु महेश्वर माया, और धर्मराय कहिये।
इन पाँचों मिल परपंच बनाया, बाणी हमरी लहिये।।
इन पाँचों मिल जीव अटकाये, जुगन-जुगन हम आन छुटाये।
बन्दी छोड हमारा नाम, अजर अमर है अस्थिर ठामं।।
पीर पैगम्बर कुतुब औलिया, सुर नर मुनिजन ज्ञानी।
येता को तौ राह न पाया, जमके बंधे प्राणी।।
धर्मरायकी धूमा-धामी, जमपर जंग चलाऊँ।
जोरा को तो जान न दूंगा, बांध अदल घर ल्याऊँ।।
काल अकाल दोहूँ को मोसूं, महाकाल सिर मूंडू।
मै तो तख्त हजुरी हुकमी, चोर खोज कूं ढूंढू।।
मूला माया मग में बैठी, हंसा चुन-चुन खाई।
ज्योति स्वरूपी भया निरंजन, मैं ही कर्ता भाई।।
सहंस अठासी दीप मुनीश्वर, बंधे मुला डोरी।
ऐत्यां में नम का तलबाना, चलिए पुरूष कीशोरी।।
मूला का तो माथा दागूं, सतकी मोहर करूंगा।
पुरूष दीप कूं हंस चलाऊँ, दरा न रोकन दूंगा।।
हम तो बन्दी छोड कहावां, धर्मराय है चकवै।
सतलोक की सकल सुनावां, वाणी हमरी अखवै।।
नौ लख पट्टन ऊपर खेलूं, साहदरे कूं रोकूं।
द्वादस कोटि कटक सब काटूं, हंस पठाऊँ मोखूं।।
चौदह भुवन गमन है मेरा, जल थल में सरबंगी।
खालिक खलक खलक में खालिक, अविगत अचल अभंगी।।
अगर अलील चक्र है मेरा, जित से हम चल आए।

पाँचों पर प्रवाना मेरा, बंधि छुटावन धाये॥
जहाँ ओंकार निरंजन नाही, ब्रह्मा विष्णु वेद नहीं जाही।
जहाँ करता नही जान भगवाना, काया माया पिण्ड न प्राणा॥
पाँच तत्त्व तीनों गुण नाहीं, जोराकाल दीप नहीं जाही।
अमर करुं संतलोक पठाऊँ, तातैं बन्दी छोड कहाऊँ॥

कबीर परमेश्वर (कविर्देव) को महिमा बताउँदै गरीबदास जी भन्छन्,– हाम्रो प्रभु कविर् (कविर्देव) बन्दी छोड हुनु हुन्छ । बन्दी छोडको अर्थ कालको कारागारबाट छुटाउने हो । काल ब्रह्मको एक्काईस ब्रह्माण्डहरूमा सम्पूर्ण प्राणी पापका कारण कालको बन्दी बनेका छन् । पूर्ण परमात्मा (कविर्देव) कबीर साहेब बाहेक पापको विनाश परब्रह्म, ब्रह्म, ब्रह्मा, विष्णु र शिव जी आदिले गर्न सक्दैनन् र कर्म अनुसारको फल मात्र दिन्छन् । यजुर्वेद अध्याय ५ को मन्त्र ३२ मा 'कविरंघारिरसि' वा कविर्देव (कबीर परमेश्वर) पापका शत्रु र 'बम्भारिरंसि' वा बन्धनको शत्रु अर्थात् बन्दी छोड हुनु हुन्छ भनिएको छ ।

यी पाँचजना (ब्रह्मा, विष्णु, शिव, माया र धर्मराय) भन्दा माथिका सत्यपुरूष परमात्मा (कविर्देव) सत्यलोकका मालिक हुनु हुन्छ । परब्रह्म, ब्रह्म, तथा ब्रह्मा, विष्णु, शिव र आदि-माया नाशवान परमात्मा हुन् र महाप्रलयमा यी तथा यिनका लोकहरु समाप्त हुन्छन् । यिनीहरूको आयु आम जीवको भन्दा कैयौं हजार गुणा ज्यादा लामो भए पनि निर्धारित समयमा एक दिन अवश्य पूरा हुन्छ । आदरणीय गरीबदास जी महाराज भन्छन्:

शिव ब्रह्मा का राज, इन्द्र गिनती कहां। चार मुक्ति वैकुण्ठ समझ, येता लह्या॥
संख जुगन की जुनी, उम्र बड धारिया। जा जननी कुर्बान, सु कागज पारिया॥
येती उम्र बुलंद मरैगा अंत रे। सतगुरू लगे न कान, न भैंट संत रे॥

शंख युग लामो आयु भए पनि एक दिन अवश्य पूरा हुन्छ । सत्यपुरूष परमात्मा (कविर्देव) कबीर साहेबका प्रतिनिधि र नाम दान गर्ने आदेश प्राप्त पूर्ण सन्त (गुरू) ले तीन नाम (ओ३म+तत्+सत् साङ्केतिक) को मन्त्र दिनु हुन्छ । वहाँबाट उपदेश लिएर नामको कमाइ गर्‍यौं भने हामी सत्यलोकको अधिकारी हंस हुन सक्छौं । सत्य साधना बिनाको लामो आयु कुनै कामको हुँदैन किनकि निरञ्जन लोकमा दुःख नै दुःख छ ।

कबीर, जीवना तो थोडा ही भला, जै सत सुमरन होय।
लाख वर्षका जीवना, लेखै धरै ना कोय॥

कबीर साहेबले आफ्नो (पूर्णबह्मको) जानकारी आफैं यसरी दिनु हुन्छ, 'यी परमात्माहरूभन्दा माथि असङ्ख्य भुजा वा हात भएका परमात्मा सत्य पुरूष हुन् हुन्छ,

वहाँ सत्यलोक (सचखण्ड वा सतधाम) मा बस्नु हुन्छ तथा वहाँ अन्तर्गत सम्पूर्ण लोकहरू [ब्रह्म (काल) का एक्काइस ब्रह्माण्ड र ब्रह्मा, विष्णु, शिव र शक्तिका लोकहरू तथा परब्रह्मको सात शंख ब्रह्माण्ड र अन्य सबै ब्रह्माण्ड] पर्दछन् । पूर्ण गुरुबाट प्राप्त हुने सत्यनाम-सारनामको जपले त्यहाँ जान सकिन्छ । सच्चखण्ड (सत्यलोक) मा जाने आत्माको पुनर्जन्म हुँदैन । सत्यपुरूष (पूर्णब्रह्म) कबीर साहेब (कविर्देव) आफू नै अन्य लोकमा पनि फरक फरक नामले वा अलख लोकमा अलख पुरुष, अगम लोकमा अगम पुरूष र अकहलोकमा अनामी पुरुषका रूपमा विराजमान हुनु हुन्छ । यी त उपमात्मक नाम हुन्, तर पूर्ण पुरूषको वास्तविक नाम कविर्देव (भाषा फरक भएर कबीर साहेब) हो ।

आदरणीय नानक साहेब जीको अमृतवाणीमा सृष्टि रचनाको सङ्केत

श्री नानक साहेब जीको अमृतवाणी, महला १, राग बिलावलु, अंश १ (गु.ग्र. पृष्ठ ८३९)

आपे सचु कीआ कर जोडि। अंडज फोडि जोडि विछोड॥
धरती आकाश कीए वैसण कउ थाउ। राति दिनंतु कीए भउ-भाउ॥
जिन कीए करि वेखणहारा। (३)
त्रितीआ ब्रह्मा-विसनु-महेसा। देवी देव उपाए वेसा॥ (४)
पउण पाणी अगनी बिसराउ। ताही निरंजन साचो नाउ।
तिसु महि मनुआ रहिआ लिव लाई। प्रणवति नानकु कालु न खाई॥ (१०)

भावार्थः- सच्चा परमात्मा (सत्यपुरूष) ले आफ्नै हातले सम्पूर्ण सृष्टिको रचना गर्नु भएको हो । वहाँले अण्डा बनाउनु भयो र फुटाउनु भयो, अनि त्यसबाट ज्योति निरञ्जन निस्किए । पूर्ण परमात्माले सम्पूर्ण प्राणीहरूलाई बस्नका लागि धर्ती, आकाश, हावा, पानी आदि पाँच तत्त्वको रचना गर्नु भयो । आफूले रचेको सृष्टिको साक्षी वहाँ आफू नै हुनु हुन्छ, अरू कसैले यसको सही जानकारी दिन सक्दैन । अण्डा फुटेर निस्केका निरञ्जन पछि श्री ब्रह्मा जी, श्री विष्णु जी र श्री शिव जी तथा अन्य देवी देवता र अनगिन्ती जीवहरू उत्पन्न भए । अनि अन्य देवताहरूको जीवन चरित्र र ऋषिहरूको अनुभवबाट ६ शास्त्र र १८ पुराण बने । पूर्ण परमात्माको सच्चा नाम (सत्यनाम) को साधना अनन्य मनले गर्दा तथा गुरू मर्यादामा रहने (प्रणवति) लाई कालले खाँदैन भनी नानक जी भन्नु हुन्छ ।

राग मारू (अंश) अमृतवाणी महला १ (गु.ग्र. पृष्ठ १०३७)

सुनहु ब्रह्मा, बिसनु, महेसु उपाए। सुने वरते जुग सबाए॥
इसु पद बिचारे सो जनु पुरा। तिस मिलिए भरमु चुकाइदा॥ (३)

साम वेदु, रूगु जुजरू अथरबणु। ब्रह्मै मुख माइआ है त्रैगुण।।
ता की कीमत कहि न सकै। को तिउ बोले जिउ बुलाईदा।। (९)

उपरोक्त अमृतवाणीको सारांश :- पूर्ण सृष्टि रचना बारे बताउँदै अण्डाको दुई भाग भएर को निस्किए, ब्रह्मलोकको शून्य वा गोप्य स्थानमा कसले ब्रह्मा, विष्णु र शिव जीको उत्पत्ति गरे, ब्रह्म (काल) को मुखबाट चारै वेदहरु (पवित्र ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद) को उच्चारण गराउने परमात्मा को हुनु हुन्छ तथा आफूले चाहे जसरी नै प्रत्येक प्राणीलाई बोल्न लगाउने पूर्ण परमात्मा को हुनु हुन्छ भनी बुझाउने सन्तको खोजी गर । यी सम्पूर्ण ज्ञान पूर्ण रूपमा बताउने सन्तको नजिक जाऊ । तिम्रा सबै शंकाहरूको पूर्ण निवारण गर्न सक्ने पूर्ण सन्त अर्थात् तत्त्वदर्शी सन्त हुनु हुन्छ ।

श्री गुरू ग्रन्थ साहेब पृष्ठ ९२९ श्री नानक साहेब जीको अमृतवाणी, राग रामकली, महला १ दखणी ओअंकार

ओअंकारि ब्रह्मा उतपति। ओअंकारू कीआ जिनी चित। ओअंकारि सैल जुग भए। ओअंकारि बेद निरमए। ओअंकारि सबदी उधरे। ओअंकारि गुरूमुखि तरे। ओनम अखर सुणहू बीचारू। ओनम अखरू त्रिभवण सारू।

उपरोक्त अमृतवाणीमा श्री नानक साहेब जी भन्छन् : ओंकार अर्थात् ज्योति निरञ्जन (काल) बाट ब्रह्मा उत्पत्ति भए । कैयौं युगसम्म मस्ती गरेर ओंकार (ब्रह्म) ले वेदहरूको उत्पत्ति गरे, जुन ब्रह्माले प्राप्त गरे । तीन लोकको भक्तिका लागि वास्तवमा एक ओ३म् मन्त्र मात्र जप गर्नु पर्छ । यो ओ३म् शब्द पूर्ण सन्तबाट उपदेश लिएर अर्थात् गुरू धारण गरेर जप गर्नाले उद्धार हुन्छ ।

विशेष :-श्री नानक साहेब जीले ठाउँ ठाउँमा तीन मन्त्र (ओ३म् + तत् + सत्) को रहस्यात्मक विवरण दिनु भएको छ । त्यसलाई पूर्ण सन्त (तत्त्वदर्शी सन्त) ले मात्र बुझ्न सक्नु हुन्छ र तीनवटै मन्त्र जपको बारेमा उपदेशीलाई बुझाउन सक्नु हुन्छ ।

(पृ. १०३८) उत्तम सतिगुरू पुरूष निराले, सबदि रते हरि रस मतवाले।
रिधि, बुधि, सिधि, गिआन गुरू ते पाइए, पूरे भाग मिलाईदा।।१५।।
सतिगुरू ते पाए बीचारा, सुन समाधि सचे घरबारा।
नानक निरमल नादु सबद धुनि, सचु रामै नामि समाइदा।।१७।।

भावार्थ :- वास्तविक ज्ञान दिने सत्गुरू अनुपम हुनु हुन्छ । वहाँले नामको जप मात्र जप्नु हुन्छ, अन्य हठयोग साधना बताउनु हुन्न । तपाईंलाई धन-सम्पत्ति, पद, बुद्धि वा भक्ति शक्ति नै चाहिए पनि त्यो भक्ति मार्गको ज्ञान पूर्ण सन्तले पूर्णरूपमा प्रदान गर्नु हुन्छ । यस्ता पूर्ण सन्त त ठूलो भाग्यले मात्र भेटिन्छ । आफ्नो वास्तविक घर (सत्यलोक) माथि शून्य (आकाश) मा परमेश्वरले रच्नु भएको विवरण पूर्ण सन्तले नै बताउछन् ।

त्यहाँ वास्तविक सार नामको धुन (आवाज) बजि रहन्छ । अविनाशी परमेश्वरको सार शब्दले मात्र त्यस आनन्दमा समेटिन सकिन्छ अर्थात् त्यो वास्तविक सुखदायक स्थानमा वास हुन सक्छ, अरू नामहरु र अपूर्ण ज्ञान भएका गुरुहरुबाट हुन सक्दैन ।

आंशिक अमृतवाणी, महला पहला (श्री गु.ग्र. पृष्ठ ३५९-३६०)

सिव नगरी महि आसणि बैसउ कलप त्यागी वादं। (१)
सिंडी सबद सदा धुनि सोहै अहिनिसि पूरै नादं। (२)
हरि कीरति रह रासि हमारी गुरू मुख पंथ अतीत। (३)
सगली जोती हमारी संमिआ नाना वरण अनेकं।
कह नानक सुणि भरथरी जोगी पारब्रह्म लिव एकं। (४)

भावार्थ :- श्री नानक साहेब जी भन्छन्,– हे भरथरी योगी जी । तपाईंको साधना शिवसम्म मात्र छ । उनबाट तपाईंले शिव नगरी (लोक) मा स्थान पाउनु भएको छ । तपाईंको शरीरमा आइ रहेका सिंगी आदि शब्द त यिनै कमलहरुका हुन् जुन टेलिभिजन झैं प्रत्येक देवको लोकबाट आएर शरीरमा सुन्ने गरिन्छ । म त एकमात्र परमात्मा पारब्रह्म अर्थात् सबैभन्दा माथि रहनु हुने पूर्ण परमात्माको नै अनन्य मनले भक्ति गर्छु । म बाहिरिया देखावटी (भस्म लगाउने, हातमा डण्डा लिने) गर्दिनँ । म त सबै प्राणीहरूलाई एकमात्र पूर्ण परमात्मा (सत्यपुरुष) कै सन्तान सम्झन्छु । त्यही शक्तिले सबै चलायमान छन् । मेरो मुद्रा त गुरुबाट साँच्चो नाम प्राप्त गरेर जप गर्नु हो तथा क्षमा गर्नु हाम्रो बाणी (भेषभुषा) हो । म त पूर्ण परमात्माको उपासक हूँ । पूर्ण सतगुरुको भक्ति मार्ग यसभन्दा भिन्न छ ।

अमृतवाणी, राग आसा, महला १ (श्री गु.ग्र. पृष्ठ ४२०)

।।आसा महला।।१।। जिनी नामु विसारिआ दुजे भरमि भुलाई। मूलु छोडि डाली लगे किआ पावाहि छाई।।२।। साहिबु मेरा एकु है अवरू नही भाई। किरपा ते सुखु पाइआ साचे परथाई।।३।। गुरू की सेवा सो करे जिसु आपि कराए। नानक सिरू दे छुटीऐ दरगह पति पाए।।८।।१८।।

भावार्थ:-श्री नानक साहेब भन्छन्,– पूर्ण परमात्माको नाम छोडेर अन्य भगवानहरुको नाम जपको भ्रममा अल्मलिइ रहेकाहरु मूल (पूर्ण परमात्मा) लाई छोडेर हाँगाहरु (तीन गुणरुपका रजगुण-ब्रह्मा, सतगुण-विष्णु र तमगुण-शिव) मा सिँचाई (पूजा) गरि रहेछन् । त्यो साधनाले कुनै सुख पाइँदैन अर्थात् रूख सुक्यो भने छाँयामा बस्न पाउँदैनौं अर्थात् शास्त्र विधि रहित साधना गर्ने काम व्यर्थ प्रयत्न हुनाले यसबाट कुनै लाभ हुँदैन । यसको प्रमाण पवित्र गीता अध्याय १६ श्लोक २३-२४ मा पूर्ण परमात्मा प्राप्त गर्न मनमुखी (मनोमानी) साधना त्यागेर पूर्ण गुरुदेव प्रति समर्पित हुनै पर्छ । साँच्चो नाम जप गर्नाले नै मोक्ष सम्भव छ, नत्र मृत्युपछि नरक जाने छ भनिएको छ।

श्री गुरू ग्रन्थ साहेब, पृष्ठ नं. ८४३ र ८४४

।। बिलावलु महला।।१।। मै मन चाहु घणा साचि विगासी राम। मोही प्रेम पिरे प्रभु अबिनासी राम।। अविगतो हरि नाथु नाथह तिसै भावै सो थीऐ। किरपालु सदा दइआलु दाता जीआ अंदरि तूं जीऐ।। मै आधारू तेरा तू खसमु मेरा मै ताणु तकिआ तेरओ। साचि सूचा सदा नानक गुरसबदि झगरू निबेरओ।।४।।२।।

उपरोक्त अमृतवाणीमा श्री नानक साहेब भन्छन्,– अविनाशी पूर्ण परमात्मा नाथहरूको पनि नाथ वा देवताहरूको पनि देवता (ब्रह्मा, विष्णु, शिव, ब्रह्म र परब्रह्म आदिका पनि नाथ वा स्वामी) हुनु हुन्छ । मैले साँच्चो नाम (सत्यनाम) लाई हृदयमा समेटेको छु । ए परमात्मा! सम्पूर्ण प्राणीको जीवन आधार हजुर नै हुनु हुन्छ । म हजुरमा आश्रित छु, हजुर मेरो मालिक हुनु हुन्छ । हजुरले नै गुरू रूपमा आएर सत्यभक्तिको निर्णायक ज्ञान दिई सबै विवाद अर्थात् सबै शंकाहरु समाधान गर्नु भयो ।

श्री गुरू ग्रन्थ साहेब, पृष्ठ नं. ७२१, राग तिलंग, महला १

यक अर्ज गुफतम् पेश तो दर कून करतार।
हक्का कबीर करीम तू बेअब परवरदिगार।
नानक बुगोयद जन तुरा तेरे चाकरां पाखाक।

उपरोक्त अमृतवाणीमा तपाई (हक्का कबीर) सत्‌कबीर, (कून करतार) शब्द शक्तिबाट रचना गर्ने शब्द स्वरूपी प्रभु अर्थात् सम्पूर्ण सृष्टिको रचनाकार हुनु हुन्छ, हजुर नै (बेअब) निर्दोष निर्विकार र (परवरदिगार) सम्पूर्ण प्राणीहरूको पालनकर्ता दयालु प्रभु हुनु हुन्छ । म हजुरको दासको पनि दास हुँ भन्ने तथ्य स्पष्ट गर्नु भएको छ ।

श्री गुरू ग्रन्थ साहेब, पृष्ठ नं. २४, राग सीरी, महला १

तेरा एक नाम तारे संसार, मैं ऐहा आस ऐहो आधार।
नानक नीच कहै बिचार, धाणक रूप रहा करतार।।

माथिको अमृतवाणीमा काशीका कपडा बुन्ने जुलाहा (धाणक) का रूपमा नै कुलका सृष्टिकर्ता (करतार) हुनु हुन्छ भन्ने कुराको प्रमाण दिनु भएको छ । अति आधीन भएर श्री गुरू नानक जी भन्छन्,– म साँच्चो भनि रहेछु कि यी धाणक अर्थात् कबीर जुलाहा नै पूर्ण ब्रह्म (सत्यपुरूष) हुनु हुन्छ ।

विशेषः- उपरोक्त प्रमाणहरूको साङ्केतिक ज्ञानबाट सृष्टि रचना कसरी भयो भन्ने कुरा प्रमाणित भयो । अब पूर्ण परमात्मा प्राप्त गर्नु पर्छ, जुन पूर्ण सन्तबाट नाम लिएर मात्र सम्भव छ ।

अन्य सन्तहरूले बताएका सृष्टि रचनाको दन्त्यकथा

अन्य सन्तहरूले बताएको सृष्टि रचनाको ज्ञान कस्तो छ ? सृष्टि रचनाको विषयमा राधास्वामी पन्थका सन्तहरु तथा धन-धन सतगुरू पन्थका सन्तको विचार सम्बन्धमा निम्न तथ्यहरु पढ्नु होस् :-

पवित्र पुस्तक जीवन चरित्र परम सन्त बाबा जयमल सिहं जी महाराज, 'सृष्टिको रचना' (सावन कृपाल पब्लिकेसन, दिल्ली) पृष्ठ नं. १०२-१०३ का अनुसार

सुरूमा सत्यपुरूष निराकार थिए, अनि इजहार (आकार) मा आएपछि माथिका तीनवटा निर्मल मण्डल (सतलोक, अलखलोक र अगमलोक) बने र प्रकाश र मण्डल (लोक) हरु का नाद (धुन) बने।

पवित्र पुस्तक सारवचन (नसर), प्रकाशक : राधास्वामी सत्संग सभा, दयाल बाग आगरा, 'सृष्टिको रचना' पृष्ठ ८ का अनुसार

पहिला धून्धूकार (अन्धकार) थियो। त्यहाँ पुरूष शून्य समाधिमा थिए । जब केही पनि रचना भएको थिएन। अनि मौज (इच्छा) भएपछि शब्द प्रकट भयो र त्यसबाट सबै रचना भयो– पहिला सत्यलोक र फेरि सत्यपुरूषको कलाले तीन लोक र अरू सबै विस्तार भयो।

यो ज्ञान कुनै युवक जागिर खान जाँदाको अन्तरवार्ता जस्तै छ । अन्तरवार्तामा अधिकारीले तपाईले महाभारत पढ्नु भएको छ भनी सोधे । केटोले महाभारत मुखाग्र पारेको छु भन्यो । अधिकारीले पाँच पाण्डवको नाम बताउन भन्दा केटोले भन्यो,– एउटा भीम थियो, उसको एउटा ठूलो दाजु, एउटा ऊभन्दा सानो, एउटा अर्को पनि थियो र एउटाको नाम चाहिँ मैले बिर्सें। माथि दिइएका सृष्टि रचनाको ज्ञान पनि यस्तै छ ।

सत्यपुरूष तथा सत्यलोकको महिमा बताउने वाला तथा पाँच नाम (ओंकार, ज्योति-निरञ्जन, ररंकार, सोहं र सत्यनाम) तथा तीन नाम (अकाल मूर्ति, सत्यपुरूष र शब्द स्वरूपी राम) दिने सन्तहरूले लेखेका पुस्तकहरूका केही निष्कर्ष यस प्रकार छन् :-

सन्तमत प्रकाश, भाग ३, पृष्ठ ७६ मा सच्चखण्ड वा सत्यनाम चौथो लोक हो भनी सत्यनामलाई स्थान बताइएको छ । अनि यस पवित्र पुस्तकको पृष्ठ ७९ मा एउटा राम दशरथको छोरा, दोस्रो राम 'मन' तेस्रो राम 'ब्रह्म' र चौथो राम 'सतनाम'- यो नै सही राम हो भनी लेखिएको छ। फेरि, पवित्र पुस्तक सन्तमत प्रकाश, पहिलो भाग, पृष्ठ १७ मा त्यो सत्यलोक हो, त्यसैलाई सत्यनाम भनिन्छ भनेर लेखिएको छ । पवित्र

पुस्तक 'सारवचन नसर यानि वार्तिक', पृष्ठ ३ मा 'अब राधास्वामी पद सबैभन्दा उच्च स्थान हो भनेर बुझ्नु पर्छ, जसलाई सन्तहरूले सत्यलोक, सच्चखण्ड, सारशब्द, सत्यशब्द, सत्यनाम र सत्यपुरूष भनेर वर्णन गरेका छन् भनी उल्लेखित छ। आगराबाट प्रकाशित पवित्र पुस्तक 'सार वचन (नसर)',पृष्ठ ४ मा पनि ठीक माथिको झै वर्णन गरिएको छ। पवित्र पुस्तक 'सच्चखण्ड को सडक' पृष्ठ २२६ मा सन्तहरूको देश सच्चखण्ड वा सत्यलोक हो, त्यसैलाई सत्यनाम, सत्यशब्द वा सारशब्द भनिन्छ भनिएको छ।

विशेषः उपरोक्त व्याख्या यस्तो लाग्यो जस्तो कसैले जीवनमा शहर, कार, पेट्रोल देखेको छैन, ड्राइभर (चालक) कसलाई भनिन्छ भन्ने ज्ञान पनि छैन र त्यो व्यक्तिले अन्य साथीहरूसँग भनोस्– म शहर जान्छु कारमा बसेर आनन्द मनाउँछु। अनि साथीहरुले सोधे कार कस्तो हुन्छ, पेट्रोल कस्तो हुन्छ, चालक कस्तो हुन्छ, शहर कस्तो छ ? ती गुरू जीले उत्तर दिए– शहर भन या कार एउटै कुरा हो। शहर पनि कार नै हो, पेट्रोल पनि कार नै हो, ड्राइभर पनि कारलाई नै भनिन्छ, सडक पनि कारलाई नै भनिन्छ।

विचार गरौं :- सतपुरूष त पूर्ण परमात्मा हुनु हुन्छ, सतनाम त्यो दुई मन्त्रको नाम हो जसमा एक ओ३म् + तत् साङ्केतिक छ र यसपछि सारनाम साधकलाई पूर्ण गुरूद्वारा दिइन्छ। सतनाम तथा सारनाम दुबै स्मरण गर्ने नाम हुन्। सतलोक सतपुरूष रहनु हुने स्थान हो। पुण्य आत्माहरू सत्य तथा असत्यको स्वयम् निर्णय गर्नु होस्।

"शास्त्रहरूमा परमात्मा"

प्रश्नः संसारका शास्त्रहरू तथा सन्तले परमात्माको विषयमा के कस्ता जानकारी दिन्छन् ?

उत्तरः– विश्वका मुख्य शास्त्रहरू तथा सद्ग्रन्थहरूमा परमात्मालाई बडो राम्रो तरिकाले परिभाषित गरिएको छ । पहिले विश्वका मुख्य शास्त्रहरू तथा सद्ग्रन्थहरू कुन-कुन हुन् हेरौं ।

१. वेदः– वेदका दुई प्रकार छन् (१) सूक्ष्म वेद (२) सामान्य वेद

१. सूक्ष्म वेदः– यो परमात्मा स्वयम् पृथ्वीमा प्रकट भएर आफ्नो मुख कमलबाट उच्चारण गरेर भन्नु भएको ज्ञान हो । यो सम्पूर्ण ज्ञानले युक्त छ ।

प्रमाणः– ऋग्वेद मण्डल ९ सूक्त ८६ मन्त्र २६-२७

ऋग्वेद मण्डल ९ सूक्त ८२ मन्त्र १, २, ३

ऋग्वेद मण्डल ९ सूक्त ९४ मन्त्र १

ऋग्वेद मण्डल ९ सूक्त ९५ मन्त्र २

ऋग्वेद मण्डल ९ सूक्त २० मन्त्र १

ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र १६-२०

ऋग्वेद मण्डल ९ सूक्त ५४ मन्त्र ३

यजुर्वेद अध्याय ९ मन्त्र १ तथा ३२

यजुर्वेद अध्याय २९ मन्त्र २५

अथर्व वेद काण्ड ४ अनुवाद १ मन्त्र ७

सामवेद मन्त्र सङ्ख्या ८२२

अन्य प्रमाणः– श्रीमद्भगवत गीता अध्याय ४ श्लोक ३२ मा छ । भनिएको छ– सच्चिदानन्द घन ब्रह्म यानी सत्य पुरुषले आफ्नो मुख कमलबाट वाणी बोलेर तत्वज्ञान विस्तारपूर्वक बताउँछन् । कारणः- परमात्माले सृष्टिका प्रारम्भमा सम्पूर्ण ज्ञान ब्रह्म (ज्योति निरञ्जन अर्थात् काल पुरुष) को अन्तकरणमा हालेका थिए । (Fax गरेका थिए ।) परमात्माद्वारा निर्धारित गरिएको समयमा यो ज्ञान कालपुरुष स्वयम्को नै स्वासद्वारा समुद्रमा प्रकट भयो । काल पुरुषले यसबाट महत्वपूर्ण जानकारी निकालेर दिए । बाँकी रहेको अधुरो ज्ञान संसारमा प्रवेश गराए । त्यसैलाई चार भागमा चार वेदको रूपमा हामी जान्दछौं ।

२. सामान्य वेदः– यो ब्रह्म (ज्योति निरञ्जन अर्थात् काल) ले आफ्नो जेठो पुत्र ब्रह्मा जीलाई दिएका आंशिक ज्ञान हो । यो अधुरो ज्ञान हो । यसबाट ब्रह्म अर्थात् कालद्वारा जाने-बुझेर नै मुख्य जानकारी निकालिएको हो । यसको कारण छ । कसैलाई पूर्ण परमात्माको ज्ञान नहोस् भन्ने भय "काल पुरुष" लाई भइ रहन्छ । यदि

प्राणीहरूलाई पूर्ण परमात्माको ज्ञान भयो भने सबैले कालको लोक त्यागेर पूर्ण परमात्माको लोक (सत्यलोक = शाश्वत स्थान) मा जाने छन् । जहाँ गए पश्चात् जन्म-मृत्यु समाप्त हुन्छ । त्यसैले ब्रह्म (काल पुरुष) ले पूर्ण परमात्माको परमपदको जानकारी दिएनन्, त्यो नष्ट गरि दिए । त्यसको पूर्ति गर्नका लागि पूर्ण परमात्मा स्वयम् सशरीर प्रकट भएर सम्पूर्ण ज्ञान बताउँछन् । आफ्नो प्राप्तिको वास्तविक मन्त्र पनि बताउँछन्, जुन काल भगवानले समाप्त गरेर बाँकी ज्ञान प्रदान गरेका थिए । त्यसैलाई ऋषिहरूले वेद भन्छन् । ऋषि ब्यास जीले यी वेदलाई लेखेका थिए तथा यसका चार भाग बनाए ।

१. ऋग्वेद २. यजुर्वेद ३. सामवेद ४. अथर्ववेद, यी वर्तमानमा प्रचलित छन् ।

यिनै चार वेदहरूका सारांश काल पुरुषले श्रीमद्भगवत गीताका रूपमा श्री कृष्ण जीको शरीरमा प्रवेश गरी महाभारतको युद्ध हुनु पूर्व भनेका थिए । त्यो पनि पछि महर्षि व्यास जीले कागजमा लेखे, जुन आज हामीबीच उपलब्ध छ ।

सद्ग्रन्थहरूमा बाईबलका नाम पनि छ । यो तीनवटा पुस्तकको सङ्ग्रह हो । १. तौरेत २. जबूर ३. इंजिल

बाईबलमा सर्वप्रथम सृष्टिको उत्पत्तिको जानकारी छ, जसमा लेखिएको छः—

परमात्माले सर्वप्रथम सृष्टिको रचना गरे । पृथ्वी, दिन-रात, पशुपंक्षी, मनुष्य (नर-नारी) को रचना परमात्माले ६ दिनमा गरे तथा सातौं दिन तख्तमा गएर बिराज गरे । सृष्टि रचना अध्याय १ को श्लोक २६, २७ र २८ मा परमात्माले मानवलाई आफ्नो जस्तै स्वरूपमा उत्पन्न गरे भन्ने स्पष्ट हुन्छ । यसबाट परमात्मा पनि मनुष्य जस्ता (नराकार) छन् भन्ने सिद्ध हुन्छ ।

"बाईबलमा मासु खान निषेध"

यसै उत्पत्ति ग्रन्थमा बाईबलमा लेखिएको छ (श्लोक २७-२८ मा) मनुष्यहरूलाई खानका लागि बिउ भएको विरूवा (गहूँ, चना, बाजरा आदि) तथा फलदार वृक्ष दिएका छन्, यो तिमीहरूको भोजन हो । पशुपंक्षीहरूलाई खानाका लागि घाँस,पात भएका झाडीहरू दिएका छन् । यस पश्चात् परमात्मा त आफ्नो निजधाम (सत्यलोक) मा तख्त (सिंहासन) मा गएर विराजमान भए । बाईबलमा भएका यसपछिको ज्ञान काल भगवान तथा उनका पुत्रहरूले दिएका हुन् । यदि बाईबल ग्रन्थमा यस पछि मासु खान भनेर लेखिएको छ भने त्यो पूर्ण परमात्माको आदेश होइन । त्यो कुनै अधुरो प्रभुको हो । पूर्ण परमात्मा (Complete God) को आदेश अवहेलना हुने हुनाले पापको भागिदार बन्दछ ।

कुरान शरीफ (मजीद):— बाईबल पछि सदग्रन्थहरूमा कुरान शरीफको नाम श्रद्धापूर्वक लिइन्छ । कुरानको ज्ञानदाता पनि उनै हुन्, जसले बाईबल, चारै वेदहरू र

श्रीमद्भगवत गीताको ज्ञान दिएका थिए । त्यसैले उनले ती पहलुहरू (गुण दोष आदिको विचारले कुनै विषयको कुनै अङ्ग वा पक्ष) बाईबल तथा कुरानमा दोहोऱ्याएनन्, जुन पहलुहरूको ज्ञान चारै वेद तथा श्रीमद्भगवत गीतामा दिइएको छ ।

उपनिषदः– उपनिषद् सङ्ख्यात्मक रूपमा ११ वटा मानिन्छ । उपनिषद्को ज्ञान कुनै ऋषिको आफ्नो ज्ञानको अनुभव हो । यदि अनुभव वेदहरू एवं गीतासँग मिल्दैन भने त्यो व्यर्थ छ । त्यसलाई ग्रहण गर्नु हुन्न । त्यसैले उपनिषदहरू छोडेर वेदहरू तथा गीताको ज्ञान ग्रहण गर्नु पर्छ किनकि उपनिषदहरूको अधिकतर ज्ञान वेदहरू तथा गीता ज्ञानको विपरीत छ । बाईबल तथा कुरानको ज्ञान पनि यसैगरी बुझ्नु पर्छ, जुन ज्ञान वेदहरू तथा गीतासँग मेल खादैन, त्यसलाई ग्रहण गर्नु हुन्न ।

पुराणः– यी सङ्ख्यात्मक रूपमा १८ मानिन्छन् । त्यसो त यी पुराणहरूको ज्ञान एकै बोध मानिएको छ । यो ज्ञान सर्वप्रथम ब्रह्मा जीले आफ्ना पुत्रहरू (दक्ष आदि ऋषिहरू) लाई दिए । राजा दक्ष जी, मनु जी तथा परासर आदि ऋषिहरूले यसको प्रचार गर्दा आफ्नो अनुभव पनि समाविष्ट गरि दिए । यसरी १८ भागमा पुराणका ज्ञान रहेको मानिन्छ । यदि १८ पुराणका ज्ञानका जुन अंशहरू वेदहरू तथा गीतासँग मेल खादैनन् भने त्यसलाई त्यागि दिनु पर्छ । यसैगरी अरू कुनै पुस्तक वेदहरू तथा गीताका ज्ञान विपरीत ज्ञानले युक्त छ भने त्यसलाई पनि त्याग्नु उचित हुन्छ ।

गीता अध्याय १८ श्लोक ६२ मा गीता ज्ञानदाता अर्जुनलाई भन्छन्– तिमी सम्पूर्ण भावले ती परमेश्वर (गीता ज्ञानदाताभन्दा भिन्न) को शरणमा जाऊ । उनै परमेश्वरको कृपाले नै तिमीलाई परम शान्ति तथा सनातन परमधाम (सत्यलोक) प्राप्त हुने छ । गीता अध्याय ४ श्लोक ३२ मा भनेका छन्– जुन ज्ञान (सूक्ष्म वेद) स्वयम् परमात्मा आफ्नो मुख कमलबाट बोलेर बताउँछन्, त्यसलाई सच्चिदानन्द घन ब्रह्मको वाणी भनिन्छ । त्यसैलाई तत्त्वज्ञान पनि भनिन्छ, जसमा परमात्माले पूर्ण मोक्ष मार्गको ज्ञान दिएका छन् । गीता अध्याय ४ श्लोक ३४ मा भनेका छन्– त्यो तत्त्वज्ञान तिमी तत्त्वदर्शी सन्त कहाँ गएर बुझ । उनलाई दण्डवत प्रणाम गरेर प्रश्न गर्नाले ती तत्त्वदर्शी सन्तले तिमीलाई तत्त्वज्ञानको उपदेश दिने छन् । गीता अध्याय १५ श्लोक १ मा तत्त्वदर्शी सन्तको पहिचान बताइएको छ– जुन सन्तले संसार रूपी वृक्षको सर्वाङ्ग जान्दछन् । उनले वेदवित अर्थात् वेदहरूका तात्पर्य जान्दछन्, उनी नै तत्त्वदर्शी सन्त हुन् । सूक्ष्म वेद अर्थात् सच्चिदानन्द घन ब्रह्मका वाणीमा भनिएको छः–

कबीर, अक्षर पुरूष एक पेड है, क्षर पुरूष वाकी डार ।
तीनों देवा शाखा है, पात रूप संसार ॥

सच्चिदानन्द घन ब्रह्मको यस वाणीलाई तत्त्वज्ञान भनिन्छ । गीता अध्याय १५ श्लोक ४ मा भनिएको छ– तत्त्वज्ञानको प्राप्ति प्रश्चात् परमेश्वरको त्यो परम पदको खोजी गर्नु पर्छ, जहाँ गएपछि साधक पुनः फर्केर कहिल्यै संसारमा आउँदैन, अर्थात् उसको पूर्ण मोक्ष हुन्छ । उनै परमात्माले संसार रूपी वृक्षको रचना गरेका हुन्, केवल उनैको भक्ति गर । गीता ज्ञानदाता आफ्नो साधनाभन्दा ती पूर्ण परमात्माको भक्तिलाई

श्रेष्ठ मान्दछन् । त्यसैबाट परमेश्वरको त्यो परमपद प्राप्त हुन्छ, जुन प्राप्त गरे पश्चात् जीवको जन्म-मृत्युको चक्र सदाका लागि समाप्त हुन्छ ।

श्री गुरू ग्रन्थ साहेब जीः– यसलाई शिख धर्मको ग्रन्थ मानिन्छ । वास्तवमा यो कैयौं महात्माहरूको अमृत वाणीको संग्रह हो । जसमा श्री नानक देव जीका वाणी अर्थात् महला-पहलाको वाणी तत्त्वज्ञान अर्थात् सूक्ष्म वेदसँग मेल खान्छ किनकि नानक देव जीलाई परमात्माले भेट्नु भएको थियो । त्यस बेला श्री नानक देव साहेब जी सुल्तानपुर शहरमा नवाब कहाँ मोदीखाना (भण्डार) मा जागिर खान्थे । सुल्तानपुर शहरबाट आधा कि. मी. पर बेई नदी बग्छ । श्री नानक जी प्रत्येक दिन त्यस नदीमा स्नान गर्न जान्थे । एक दिन परमात्मा जिन्दा बाबाको भेषभुषामा बेई नदीमा प्रकट हुनु भयो । त्यहाँ नानक देव जीसँग ज्ञानचर्चा भयो । त्यसपछि श्री नानक देव जीले नदीमा डुबुल्की लगाए तर बाहिर आएनन् । त्यहाँ उपस्थित मानिसहरूले नानक जी नदीमा डुबे भन्ने ठाने । शहरका मानिसहरूले नदीमा जाल हानेर पनि खोजे तर निराशा नै हात लाग्यो किनकि श्री नानक देव जी त जिन्दा बाबाका रूपमा प्रकट परमात्माका साथमा सच्चखण्ड (सतलोक) गएका थिए । तीन दिन पछि श्री नानक देव जी फर्केर पृथ्वीमा आए । त्यही बेई नदीको किनारमा खडा भए, जहाँबाट उनी अन्तर्ध्यान भएका थिए । श्री नानक देव जीलाई जीवित देखेर सुल्तानपुर निवासीहरूमा सान्है हर्ष छायो । खुशीको त ठेगाना नै रहेन । श्री नानक देव जीकी बहिनी नानकीको विवाह सुल्तान पुरमा नै भएको थियो । श्री नानक जी बहिनीकहाँ बस्थे । दाजुको मृत्युको वियोगमा दुःखी भएकी बहिनी नानकीलाई बडो आश्चर्य भयो । दुःख खुशीमा परिणत भयो । श्री नानक जीलाई परमात्मा प्राप्त भयो, सच्चा ज्ञान प्राप्त भयो, सच्चा नाम (सत्यनाम) प्राप्त भयो । यी सब प्राप्तिको प्रमाण पुस्तक भाईबाले वाली "जन्म साखी गुरू नानक देव जी" मा तथा प्राण संगली हिन्दी लिपि भएको पुस्तक (सम्पादक सन्त सम्पूर्ण सिंह) मा छ । यी दुई पुस्तकमा श्री गुरू नानक देव जी स्वयम्ले मर्दानालाई भनेका छन्– मैले जिन्दा बाबाका रूपमा परमात्मा बेई नदीमा पाएँ । त्यसबेला म स्नान गर्न गएको थिएँ । म तीन दिनसम्म उहाँसँगै रहें । ती जिन्दा मेरा सतगुरू पनि हुनु हुन्छ । वहाँ सम्पूर्ण सृष्टिको रचनहार पनि हुनु हुन्छ । त्यसैले वहाँ मात्र "बाबा" कहलाउने अधिकार भएका हुनु हुन्छ, अरूलाई "बाबा" भन्नु हुदैन । उहाँको नाम कबीर हो ।

कायम दायका कुदरती सब पीरन सिर पीर आलम बडा कबीर ॥

त्यसैले यो श्री नानक जीको वाणी (महला १) हो, यो सूक्ष्म वेदसँग मेल खान्छ, यो सत्य हो । अन्य सन्तहरूका वाणी यत्ति सटीक छैनन् । यसको कारण श्री नानक देव जीले परमात्मा कबीर जीलाई भेटेका थिए ।

प्रमाणः–श्री गुरू ग्रन्थ साहिब पृष्ठ २४ मा लेखिएको वाणीः

एक सुआन दुई सुआनी नाल भलके भौंकही सदा बियाल,
कुड छुरा मुठा मुरदार धाणक रूप रहा करतार ।

तेरा एक नाम तारे संसार मैं ऐहो आश ऐहो आधार,
धाणक रूप रहा करतार ।
फाही सूरत मलूकी वेश, एह ठगवाडा ठगी देश ।
खरा सिआणा बहुता भार, धाणक रूप रहा करतार ॥

श्री गुरु ग्रन्थ साबिह जीको पृष्ठ ७३१ मा:

नीच जाति परदेशी मेरा, क्षण आवै क्षण जावै ।
जाकि संगत नानक रहंदा, क्यूकर मुंडा पावै ॥

पृष्ठ ७२१ मा निम्न वाणी छन्:–

यक अर्ज गुफतम पेश तोदर, कून करतार ।
हक्का कबीर करीम तू, बेएब परवरदिगार ॥

यी उपरोक्त अमृत वाणीहरू श्री गुरु ग्रन्थ साहेब जीका हुन् । यसबाट श्री नानक देव जीलाई परमात्माले भेट्नु भएको थियो भन्ने सिद्ध हुन्छ । वहाँ "कबीर करतार" हुनु हुन्छ, जो काशीमा धाणक रूपमा लीला गर्न आउनु भएको थियो ।

सन्त गरीबदास जी (छुडानी गाउँ, झज्जर जिल्ला, हरियाणा) लाई पनि यसैगरी जिन्दा बाबाको रूपमा कबीर परमात्माले भेट्नु भएको थियो । त्यसैगरी सच्चखण्ड (सत्यलोक) लिएर जानु भयो, अनि पुनः फर्काउनु भयो । सन्त गरीबदास जीले भनेका छन्–

गरीब, हम सुल्तानी नानक तारे, दादू कूं उपदेश दिशा ।
जाति जुलाहा भेद नही पाया, काशी माहें कबीर हुवा ॥
अनन्त कोटी ब्रह्माण्डका, एक रति नहीं भार ।
सतगुरू पुरूष कबीर है, कुल के सिरजन हार ॥

सन्त दादू दास जी महाराजलाई पनि जिन्दा बाबाका रूपमा परमात्माले भेट्नु भयो । श्री दादू जी ७ वर्षका थिए । गाउँभन्दा पर बच्चाहरूसँग खेलि रहेका थिए । परमात्माले जिन्दा बाबाको रूपमा भेटेर सतलोक लैजानु भयो । दादू जी पनि तीन दिनसम्म अचेत रहे । अनि सचेत भएपछि परमात्मा कबीर जीको महिमा भन्न थाले ।

जिन मोकूं निज नाम (वास्तविक नाम) दिया सोई सतगुरू हमार ।
दादू दुसरा कोही नही, कबीर सिरजनहार ।
दादू नाम कबीर की, जै कोई लेवे ओट ।
उनको कबहु लागे नहीं, काल बज्र की चोट ॥

सन्त गरीबदास जीले भनेका छन्:–

दादू कूं सतगुरू मिले, देई पान की पीख ।
बुढा बाबा जिसे कहैं, यह दादू की नही सीख ।

पहली चोट दादू को, मिले पुरूष कबीर ।
टक्कर मारी जद मिले, फिर साम्भरके तीर ॥

सन्त धर्मदास जी (बाँधवगढका) लाई भेट्नु भयो:— धर्मदास तीर्थ यात्रामा भ्रमण गर्दै मथुरा पुगे । त्यहाँ परमात्माले जिन्दा महात्माको रूपमा धर्मदास जीलाई भेट्नु भयो । धर्मदास जीलाई पनि परमात्माले सतलोक लिएर जानु भयो । श्री नानक देव जीको जस्तै धर्मदास जी पनि तीनदिन रातसम्म परमात्मासँगै आकाशमण्डल (सत्यलोक) मा रहे । धर्मदास जीको शरीर अचेत रह्यो । तेस्रो दिन होस आएपछि आफू परमात्मासँगै सतलोक गएको कुरा र ती परमात्मा काशी शहरमा लीला गर्न आउनु भएको छ र म उहाँलाई भेट्न जान्छु भन्ने इच्छा व्यक्त गरे । धर्मदास जी बनारस (काशी) गए । त्यहाँ जुलाहाको रूपमा परमेश्वरले काम गर्नु भएको देखेर आश्चर्य चकित भए । चरणमा लम्पसार परे र यथार्थ भक्ति मार्ग प्राप्त गरेर आफ्नो कल्याण गराए । अधिक जानकारीका लागि यसै पुस्तकको पृष्ठ ५७ मा "क-कसलाई प्राप्त भयो परमात्मा" पढ्नु होस् ।

हजरत मुहम्मद जीलाई पनि परमात्माले मक्का (काबा) मा जिन्दा महात्माको रूपमा भेट्नु भयो । उनलाई एउटा ब्रह्माण्डमा राजदूत भवनको रूपमा बनेको आफ्नो लोकमा लैजानु भयो । परमात्माले हजरत मुहम्मद जीलाई सम्झाउनु भयो र आफ्नो ज्ञान सुनाउनु भयो तर हजरत मुहम्मदले परमात्माको ज्ञान स्वीकार गरेनन्, न त सत्यलोकमा रहने इच्छा नै व्यक्त गरे । त्यसैले हजरत मुहम्मदलाई पुनः शरीरमा पठाइ दिनु भयो । त्यसबेला हजरत मुहम्मद जीका कैयौं हजार मसुलमान अनुयायी बनि सकेका थिए । उनको महिमा सारा संसारमा द्रुत गतिले फैलि रहेको थियो तथा कुराणको ज्ञानलाई सर्वोत्तम मानि रहेका थिए ।

सन्त गरीबदास जीले भनेका छन्— कबीर परमेश्वर जीले मुहम्मद साहेब जीलाई माथि लोकमा लैजानु भयो, तर उनी त्यहाँ बसेनन् । गरीब दास जी कबीर परमेश्वरले भन्नु भएको कुरा भन्छन्:—

हम मुहम्मदको वहाँ ले गयो, इच्छा रूपी वहाँ नही रह्यो ।
उल्ट मुहम्मद महल पठाया, गुझ बिरज एक कलमा ल्याया ।
रोजा, बंग, निमाज दयी रे, बिस्मल की नहीं बात कही रे ।
मारी गऊ शब्द के तीरं, ऐसे होते मुहम्मद पीरं ।
शब्दै फेर जिवाई, जीव राख्या माँस नही भख्या, ऐसे पीर मुहम्मद भाई ।
मारी गऊ ले शब्द तलवार,
जीवत हुई नही अल्लाह से करी पुकार ।
तब हमों (मुझको) मुहम्मद ने याद किया रे ।
शब्द स्वरूप हम बेग गया रे ।
मुई गऊ हमने तुरन्त जीवाई । तब मुहम्मद कै निश्चय आई ॥

तुम कबीर अल्लाह दर्वेशा । मोमिन मुहम्मद का गाय अंदेशा ॥
कहाँ मुहम्मद सुन जिन्दा साहेब । तुम अल्लाह कबीर और सब नायब ॥

यसैको प्रमाण "कुरान शरीफ" को सूरत फुर्कानि २५ आयत ५२ देखि ५९ मा पनि छ । कुरान शरीफको ज्ञानदातालाई हजरत मुहम्मद तथा मुसलमान धर्मका श्रद्धालुहरू आफ्ना खुदा मान्दछन् । उनैलाई पूर्ण परमात्मा मान्दछन् । यी ५२ देखि ५९ आयातहरूमा कुरान ज्ञानदाताले भनेका छन्– हे पैगम्बर । हजरत मुहम्मद । मैले तिमीलाई कुरानका आयातहरूमा दिएको ज्ञानमा अडिग रहनु, अल्लाह कबीर हुन् र यी काफिरहरू (नास्तिक, दुष्ट) ती अल्लाह प्रति विश्वास गर्दैनन् । तिमी यिनीहरूको भनाइमा नलाग्नू, यिनीहरूसँग संघर्ष गर्नु, झगडा नगर्नू । हे पैगम्बर । यी कबीर नामक परमात्मा हुन्, जसले कसैलाई छोरा, बुहारी, सासु, ससुरा तथा नाती बनाएका छन् । तिमी ती जिन्दाप्रति भरोसा राख्नू । (जसलाई तिमीले काबामा भेटेका थियौ ।) ती वास्तबमा अविनाशी परमात्मा हुन्, तिनले आफ्ना बन्दाहरू (भक्तहरू) को अपराधहरू (पापहरू) क्षमा गरि दिन्छन्, ती कबीर अल्लाह हुन् । यी कबीर अल्लाह उनै हुन् जसको वर्णन बाईबल ग्रन्थको उत्पत्ति ग्रन्थमा छ । उनै परमात्माले ६ दिनमा आकाश र धरती तथा यी दुई बीचका सारा नक्षत्र बनाइएका हुन् अर्थात् सम्पूर्ण सृष्टिको रचना गरे र सातौं दिन तख्त (सिंहासन) मा गएर विराजमान भए । उनको बारेमा कुनै बाखबर अर्थात् तत्त्वदर्शी सन्तसँग सोध ।

"हजरत मुहम्मद जी मासु खाँदैनथे"

सन्त गरीबदास जी महाराज (छुडानी, झज्जर, हरियाणा) ले आफ्नो अमृत वाणीमा स्पष्ट पारेका छन्– हजरत मुहम्मद तथा एक लाख असी हजार अनुयायी मुसलमान थिए । उनीहरूले मासु खाएनन् तथा गाई बिस्मल (हत्या) गरेनन् ।

गरीब, नबी मुहम्मद नमस्कार है, राम रसूल कहाया ।
एक लाख असी कूँ सौगंध, जिन नहीं करद चलाया ॥
अर्स-कुर्स पर अल्लाह तख्त है, खालिक बिन नहीं खाली ।
वे पैगम्बर पाक पुरुष थे, साहेब के अबदाली ॥

भावार्थः– गरीबदास जी भन्छन्– नवी मुहम्मदलाई म नमस्कार गर्छु । उनी त परमात्माका रसुल (सन्देशवाहक) थिए । उनका एक लाख असी हजार मुसलमान अनुयायी थिए । म (गरीब दास जी) कसम खान्छु– उनीहरू (एक लाख असी हजार अनुयायी) ले तथा हजरत मुहम्मद जीले कहिल्यै कुनै जीवमाथि कर्द (छुरा) चलाएनन् अर्थात् कहिल्यै जीव हिंसा गरेनन् र मासु खाएनन् ।

परमात्मा आकाशको अन्तिम छेऊ (सम्पूर्ण ब्रहमाण्डको माथिल्लो स्थान) मा विराजमान हुनु हुन्छ, तर उहाँको नजरबाट कुनै पनि जीव ओझेलमा छैन, उहाँले सारा

जीवलाई हेर्नु हुन्छ । ती पैगम्बर (हजरत मुहम्मद तथा अन्य) पवित्र आत्मा थिए । ती परमात्माका कृपा पात्र थिए ।

सन्त जम्भेश्वर महाराज जीका विचार

यस कुराको गवाही सन्त जम्भेश्वर महाराज (विश्नोई धर्मका प्रर्वतक) ले दिएका छन् । शब्द सङ्ख्या १२ माः–

महम्मद-महम्मद न कर काजी, महम्मदका तो विषम विचारू ।
महमद हाथ करद न होती, लोहे घडी न सारू ।
महमद साथ पयबंर सीधा, एक लाख अस्सी हजारूं ।
महमद मरद हलाली होता, तुम ही भए मुरदारूं ।

भावार्थः– सन्त जम्भेश्वर जीले भनेका छन्– हे काजी ! तिमी ती पवित्र आत्मा मुहम्मद जीको नाम लिएर जुन गाई वा अन्य जीवहरू मार्छौ, यस्तो हिंसात्मक कार्य गरी ती महापुरूषको बदनाम गरि रहेका छौ । हजरत मुहम्मद जीको विचार साह्रै कठिन थिए । तिमी उहाँले बताउनु भएको मार्गबाट दिग्भ्रमित भएका छौ, मुहम्मद जीको हातमा फलामको लिहीमा राखेर घनले चोट दिई तयार पारिने कर्द (जीव काट्ने छुरा) थिएन, हजरत मुहम्मदका साथमा एक लाख असी हजार पवित्र आत्माहरू मुसलमान अनुयायी थिए । उनी सोझा साझा पैगम्बर थिए । हजरत मुहम्मद त शूरवीर हलालको कमाइ गरेर खाने व्यक्ति थिए । तिमीहरू मुरदारू (जीव हिंसा गर्ने) हौ । तिमीहरू पनि ती महापुरूषले जस्तै आफ्नो जीवन निष्पाप बनाऊ र जीव हिंसा नगर ।

जिन्दा महात्माको रूपमा परमात्माले सन्त जम्भेश्वरलाई समराथलमा भेट्नु भयोः–

जस्तो वेदमा प्रमाण छः– परमात्मा सतलोकमा रहनु हुन्छ, असल आत्माहरूलाई भेट्नु हुन्छ । तिनलाई यथार्थ ज्ञान दिनु हुन्छ, कविको जस्तो आचरण गर्दै पृथ्वीमा विचरण गर्नु हुन्छ । जस कारणले प्रसिद्ध कविहरूमध्ये बाट पनि एक कवि हुनु हुन्छ । वहाँले कविको उपाधी प्राप्त गर्नु हुन्छ । परमात्माले भक्तिको गुप्त मन्त्र उद्धृत गर्नु हुन्छ, जुन वेदहरू एवं कतेवहरू आदि ग्रन्थहरूमा हुँदैन । कृपया यी मन्त्रहरूको अनुवादको फोटोकपीहरू यसै पुस्तकको पृष्ठ १०४ मा हेर्नु होस् ।

प्रमाणः ऋग्वेद मण्डल ९ सूक्त २० मन्त्र १
ऋग्वेद मण्डल ९ सूक्त ८६ मन्त्र २६-२७
ऋग्वेद मण्डल ९ सूक्त ८२ मन्त्र १, २
ऋग्वेद मण्डल ९ सूक्त ५४ मन्त्र ३
ऋग्वेद मण्डल ९ सूक्त ९४ मन्त्र १

ऋग्वेद मण्डल ९ सूक्त ९५ मन्त्र २

ऋग्वेद मण्डल ९ सूक्त ९६ मन्त्र १६ देखि २०

जस्तो अगाडि लेखिएको छ– परमात्माले हजरत मुहम्मद तथा अन्य कैयौं महात्माहरूलाई जिन्दा महात्माको रूपमा भेट्नु भयो । त्यसैगरी महात्मा जम्भेश्वर जी महाराजलाई पनि जिन्दा सन्तका रूपमा परमात्माले भेट्नु भएको थियो ।

प्रमाणः–श्री जम्भेश्वर जीका वाणी शब्द सङ्ख्या = ५०, का केही अंश–

दिल-दिल आप खुदाय बंद जाग्यो, सब दिल जाग्यो सोई ।
जो जिन्दो हज काबै जाग्यो, थल सिर जाग्यो सोई ।।
नाम विष्णु कै मुसकल धातै, ते काफर सैतानी ।
हिन्दु होय का तीर्थ न्हावै, पिंड भरावै तेपण रहा इवांणी ।
तुरक होय हज कांबो धोके, भूला मुसलमाणी ।
के के पुरूष अवर जागैला, थल जाग्यो निजवाणी ।।

भावार्थः–श्री जम्भेश्वर जी महाराज भन्छन्– हजरत मुहम्मद जी हजका लागि काबा (मक्का) मा गएको बेलामा जिन्दा रूपमा परमात्माले भेट्नु भएको थियो र उनलाई मन्दिर-मक्का आदि तीर्थ स्थानहरूमा चक्कर काट्नाले परमात्मा प्राप्ति हुँदैन, परमात्मा प्राप्तिका लागि मन्त्र जापको आवश्यकता छ भनेर जगाउनु भयो । श्री जम्भेश्वर महाराज फेरि भन्छन्– उनै परमात्मा थल सिर (समराथल) स्थान, राजस्थान प्रान्तमा आउनु भयो र मलाई जगाउनु भयो । के थाहा अझै कति मानिसहरू जाग्ने छन् । जस्तो मेरो समराथल प्रसिद्ध छ । यो मेरो निज वाणी अर्थात् विशेष वचन हो । मैले आफ्नो अनुभवको खास यथार्थ वाणी भनेर समराथलका व्यक्तिहरूमा परमात्माको भक्तिको जागृति ल्याएको छु । सत्यबाट अलग भएर मुसलमान अहिले पनि काबामा हजगर्न जान्छन्, त्यहाँ धोक लगाउंछन्, पत्थरलाई सिजदा (मुसलमानको उपासनाको एक अंग जसमा निधार, नाक, कुहिना, घुंडा र पाउका औंलाहरू जमिनमा छुवाइन्छ) गर्दछन्, जुन व्यर्थ छ । यसैगरी हिन्दू पनि तीर्थ जान्छन्, भूतको पूजा गर्छन्, पिण्ड दान गर्छन्, यी सब व्यर्थ साधना हुन् ।

सन्त श्री जम्भेश्वर जी महाराजले २९ वटा नियम बनाएर स्वच्छ साधक समाज तयार गरेका थिए । २९ नियम पालना गर्ने, तथा श्री जम्भेश्वर जीद्वारा बताइएको नाम जाप गर्नेहरू बिश्नोइ (२९ नियमका पालक) कहलिन्थे ।

अहिले सायदै कोही "विश्नोई" होलान् किनकि समय तथा परिस्थिति परिवर्तन भइ रहन्छ । त्यसै अनुरूप मानवको व्यवहार, आचार-विचार परिवर्तन हुन्छ । यसको मुख्य कारण सन्तको अभाव हो । श्री जम्भेश्वर जी महाराज स्वर्गधाम गए पश्चात् तिनी जस्ता सिद्धि शक्ति तथा भक्ति भएका महापुरूष भएनन्, जसकारणले मर्यादा पालन भइ रहेको छैन । अहिले "बिश्नोई" धर्मका अनुयायी केवल तीर्थ भ्रमणमा मात्र अत्यधिक

महत्व दिन्छन् तथा ती तीर्थहरूमा हवन आदि गरेर आफूलाई धन्य ठान्छन् । तीर्थ त्यस स्थानलाई भनिन्छ, जहाँ कुनै सन्तले आफ्नो जीवनकालमा साधना गरेको हुन्छ र केही चमत्कार देखाएको हुन्छ । साधना स्थल, धाम यी यादगार (स्मारक) हुन् । यी यादगार हुनु पनि आवश्यक छ किनकि जसको घटना स्थल हो, उसको सम्झना रहि रहन्छ तर भक्ति-साधनाबिना जीवन सार्थक हुदैन पूर्ण गुरू खोजेर उनले भनेको मार्गमा हिँडेर जीवन सफल बनाऔं किनकि प्रत्येक महापुरूषले गुरू बनाएका छन्, गुरू पनि वक्त गुरू (सतगुरू) होस्, जसले आफ्नो मुख कमलबाट भक्ति विधि बताऊन् । केही समय बितेपछि प्रत्येक धर्ममा भक्ति विधि परिवर्तन गरिन्छ । त्यो हानीकारक हुन्छ । उदाहरणका लागिः–

सन्त श्री जम्भेश्वर महाराजका १२० शब्द छन्, जुन उनका मुख कमलबाट उच्चारित अमृतवाणी हुन् । वर्तमानमा प्रत्येक शब्दको प्रारम्भमा "ओम्" अक्षर जोडिएको छ, जुन गलत हो साथै सन्तको अपमान हो । यदि "ओम्" शब्द बिना यी शब्द वाणी सार्थक नहुने भए स्वयम् श्री जम्भेश्वर जी आफैले जोड्ने थिए । जस्तो कम्पनीले मोटर साइकलको पिस्टन बनाउँछ । त्यो पूर्ण रूपमा सही हुन्छ । यदि कुनै व्यक्तिले आफ्नो सोच-समझ अनुसार त्यस पिस्टनमा कुनै नट वेल्डिङ् गरेर चतुरता देखाउँछ भने त्यो कत्ति सही हो त ? व्यर्थ हो ।

यसैगरी श्री जम्भेश्वर जीको वाणीमा "ओम्" जोडेर पढ्नुले पनि लाभको सट्टा हानी नै गर्छ ।

यसैगरी एउटा गायत्री मन्त्र बनाइएको छ, जसलाई हिन्दू धर्मका मानिसहरू श्रद्धापूर्वक जाप गर्दछन् । मन्त्र यसरी बिगारिएको छः– 'ओम् भूर्भुव स्वः तत्सवितुर वरेणियम् भर्गोदेवस्य धीमहि धीयो यो न प्रचोदयात्' वास्तवमा यो यजुर्वेद अध्याय ३६ को मन्त्र ३ हो । यस मन्त्रका अगाडि "ओम्" छैन । वेदवाणी भगवानद्वारा दिइएको हो । यसका अगाडि "ओम्" राख्नु भगवान्को अपमान गर्नु हो, पिस्टनमा नट वेल्डिङ गर्नु मात्र हो, जुन व्यर्थ छ ।

सन्त श्री जम्भेश्वर जीले शब्द सङ्ख्या = ६९ मा भनेका छन्– वेद तथा पुराणहरूमा त्यो यथार्थ भक्ति मार्ग छैन । यसलाई राम्रोसँग नबुझेर भूतहरूको पूजा सुरू गरेका छन् । यी अपरम्पार परमात्मालाई किन जाप्दैनन्, जो संसार रूपी वृक्षको मूल (जरा) हुनु हुन्छ । मूलको पूजा नगरेर हाँगा वा पातको पूजा व्यर्थ छ, जसबाट जम एवं कालबाट बच्न सकिँदैन । (जम = जन्म, काल = मृत्यु) अर्थात् जन्म-मरण समाप्त हुन सक्दैन ।

कुनै असल पुरूषले नै तत अर्थात् तत्त्वज्ञानको बारेमा सोध्यो । उसैले जीवनको विधि जान्यो, जसकारणले जीवित रहँदा (लाहो) लाभ हुन्छ नै तथा मृत्यु पश्चात् पनि हानी हुँदैन, उसले मोक्ष प्राप्त गर्दछ ।

शब्द नं. ७२ का केही वाणीहरूः–

वेद कुराण कुमाया जालू भूला जीव कूजीव कुजाणी ।
केवल ज्ञानी थल सिर आयो परगट खेल पसारी ।
कोड तेतीसां पोह रचावण हारी ज्यूं छक आईसारी ।

शब्द ७२ मा श्री जम्भेश्वर जी भन्छन्– तत्त्वज्ञान बताउने वाला समराथलमा आउनु भयो । वहाँ केवल ज्ञानी अर्थात् पूर्ण ज्ञान जान्ने तथा सम्पूर्ण सृष्टि रच्ने हुनु हुन्छ । उहाँकै तत्त्वज्ञानद्वारा पूर्ण तृप्ति भएको छ, उहाँ पूर्ण गुरू हुनु हुन्छ ।

शब्द सङ्ख्या ६९ का केही वाणीहरूः

सो अपरंपार कांय न जंपो, तत खिण लहो इमाणो ।
भल भूल सींचो रे प्राणी, ज्यूं तरवर मेलत डालू ।
जइया मूल न सीच्चो तो जामण-मरण बिगोवो ।
अंहनिश करणी थीर न रहिबा न बंच्यो जम कालूं ।
कोई कोई भल मूल सिंचीलो, भल तंत बुझीलो जा जीवन ।
कि विधि जाणी, जीवतडा कछु लाहो होसी मूवा न आवत हांणी ।

श्री जम्भेश्वर जीका गुरू को थिए ?

जिन्दा महात्माका रूपमा पूर्ण परमात्माले श्री जम्भेश्वर जीलाई भेट्नु भएको थियो । उहांलाई नै श्री जम्भेश्वर जीले गुरू मानेका थिए । उहाँ नै सन्त श्री जम्भेश्वर जीका गुरू हुनु हुन्थ्योः

प्रमाणः शब्द नं. ९० को अन्तिमको वाणी

जां जां पवन आसण, पाणी आसण, चंद आसण ।
सूर (सूर्य) आसण गुरू आसण संमरा थले ।
कहे सतगुरू भूल मत जाइयो पडोला अभै दोजखे ।

शब्द नं. ९१ का केही वाणीहरूः

छंदे-मंदे बालक बुद्दे, कूडे कपटे ऋध न सिद्धे ।
मेरे गुरू जो दिन्ही शिक्षा, सर्व आलिगंण फोरी दीक्षा ।
सत-सत भाखत गुरू रायों, जरा मरण भो भागूं ।

शब्द नं. ९२ का केही वाणीः

पढ वेद कुराण कुमाया जालों दंत कथा जुग छायो।
सिद्द साधक को एक मतो, जिन जीवत मुक्त दृढायो ।
जुगां- जुगां का जोगी आयो, सतगुरू सिद्ध बताओ ।
सहज स्नानी केवल ज्ञानी ब्रह्म ज्ञानी सुकृत अहल्यो न जाई ।

उपरोक्त अमृतवाणीको भावार्थः– शब्द ९० को वाणीहरुमा श्री सन्त जम्भेश्वर जी महाराज भन्छन्– जस्तो पवनको आसण (स्थान = डेरा = आश्रम) छ, वायु केही

कि. मी. माथिसम्म छ, त्यसको पनि स्थान छ, भलै त्यो आफ्नो स्थान (आसण) म यता-उता हिडि रहन्छ । यसैगरी प्राणी = जलको पनि स्थान छ, चन्द्र, सूर्यको पनि स्थान छ । त्यसैगरी सतगुरू प्राप्त भए पश्चात् मैले समराथलमा आफ्नो आसन (स्थान स्थापित गरेको छु । मेरा गुरू जीले परमात्मालाई नभुल्नू अन्यथा दोजख अर्थात् नर्कमा पर्ने छौ भन्नु भएको छ । त्यसैले सन्त जम्भेश्वर जी मानवमात्रलाई गुरू बनाऊ परमात्माको भक्ति गर भनेर सचेत गराउँछन् ।

पुष्टिः— जसरी सन्त जम्भेश्वर जीलाई जिन्दा महात्माको रूपमा परमात्मा भेट्नु भएको थियो । त्यसैगरी सन्त गरीब दासजी महाराजलाई छुडानी गाउँ, झज्जर जिल्ला, हरियाणामा भेट्नु भएको थियो । उनले पनि आफ्नो वाणीमा भनेका छन्:—

गरीब, ऐसा सतगुरू हम मिल्या, है जिन्दा जगदीश ॥
सुन्न विदेशी मिल गया, छत्र मुकुट है शीश ॥
गरीब, जिन्दा जोगी जगतगुरू, मालिक मुरसिद पिर ।
दोहूं दीन झगडा मंड्या , पाया नही शरीर ॥
गुरू ज्ञान अमान अडोल अबोल है, सतगुरू शब्द सेरी पिछानी ।
दास गरीब कबीर सतगुरू, मिल्या, आन अस्थान रोप्या छुडानी ।

यसैगरी सन्त जम्भेश्वर जीले शब्द सङ्ख्या ९१ का अमृत वाणीहरूमा भनेका छन्:— मेरा गुरू जीको ज्ञान कुडे = झुठा, कपटे = कपटयुक्त र बालक बुद्धि अर्थात् अधुरो ज्ञान, मन्दा ज्ञान एवं ऋदि-सिद्धिको होइन । यो त पूर्ण मोक्ष मार्ग हो, मेरा गुरुजीले सारा सत्य ज्ञानको शिक्षा दिनु भएको छ । त्यही दीक्षा रूपमा मैले बताएँ जसबाट "जरा" वृद्ध अवस्थामा हुने कष्ट, मरण (मृत्यु) को भय समाप्त भयो ।

पुष्टिः— श्रीमद्भगवत गीता अध्याय ७ श्लोक २९ मा पनि प्रमाण छ— जुन साधकले तत्त्वदर्शी सन्तको खोज गर्दछ, उसले जरा-मरणबाट मुक्त हुने नै प्रयत्न गर्दछ, किनकि उनी तत् ब्रह्म तथा सम्पूर्ण कर्महरूसँग पनि परिचित हुन्छन् ।

शब्द नं. ९२ को अमृतवाणीहरूको भावार्थः— सन्त जम्भेश्वर जीले भनेका छन्— वेद तथा कुरान राम्रोसँग न बुझेर मानव समाजलाई आफ्नो दन्त्यकथा सुनाउँछन्, सिद्ध र साधकको एउटै मत हुन्छ । तिनीहरू संसारमा जिउँदै मरेर रहन्छन् । संसारलाई सारहीन ठान्दछन् । परमात्मा प्रत्येक युगमा प्रकट भएर यथार्थ भक्ति ज्ञान प्रदान गर्नु हुन्छ । वहाँ सतगुरू हुनु हुन्छ । वहाँ पूर्ण सिद्ध अर्थात् समर्थ हुनु हुन्छ । उनै सतगुरू एवं सन्त रूपमा प्रकट परमात्मानै केवल ज्ञानी अर्थात् एक मात्र सत्यज्ञान जान्ने हुनु हुन्छ । ती सतगुरूबाट जसले दीक्षा लिन्छ, त्यस ब्रह्मज्ञानी अर्थात् सत्य साधकको अहल्यो अर्थात् भक्ति व्यर्थ जादैन । उसले पूर्ण मोक्ष प्राप्त गर्दछ ।

विश्लेषण:— बिश्नोई धर्मका अनुवादकर्ताले शब्द नं. ५० को अमृतवाणीको भावार्थ कस्तो लेखेका छन्, हेरौं:

दिल दिल आप खुदाबंद जाग्यो, सब दिल जाग्यो सोई ।
जो जिन्दो हज़ काबे जाग्यो, थलसिर जाग्यो सोई ॥

गलत भावार्थ लगाउँछन् कि मुहम्मद जीलाई काबामा भेट्नु हुने परमात्मा श्री जम्भेश्वर जी नै समराथलमा आएका थिए । यदि यसको अर्थ यस्तो हुने भए त सन्त जम्भेश्वर जीको जन्म पवित्र गाउँ पिपासरमा भएको थियो, उनी त त्यहाँ पहिले नै आएका थिए, समराथलमा त पछि गएका हुन्, अनि लालासरमा निर्वाण भएको हो । वास्तविक अर्थ त पहिले लेखिएको नै हो, यो सही अर्थ हो । फेरि पनि परमात्माले भेट्नु भएका महान आत्माहरू पूर्ण सन्त हुन्छन् तर सत्य भक्तिको अधिकारी नपाएसम्म तथा समय नआएसम्म बताउँदैनन् । सन्त जम्भेश्वर जी स्वयम्ले जाप गर्ने नाम बिश्नोई धर्ममा गरिने आरती सङ्ख्या ८ को प्रथम पङ्तिमा लेखिएको छ, जुन यस प्रकार छः—

आरती - ८ : "ओम् शब्द सोहंग ध्यावे । प्रभु शब्द सोहंग ध्यावै ।"

तर मन्त्र जाप कसरी गर्ने भन्ने कुराको ज्ञान गुरू बिना सम्भव छैन । श्री सन्त जम्भेश्वर जी स्वयम् उपरोक्त मन्त्र जाप गर्थे र अरूलाई " विष्णु विष्णु भज रे प्राणी" अर्थात् विष्णु विष्णु जाप गर भन्थे । यसको कारण थियो— जबसम्म अधिकारी शिष्य हुँदैन, तबसम्म यो मन्त्र दिइदैन । दोस्रो विशेष कुराः कलियुग ५५०५ वर्ष नबितेसम्म परमात्माले भेट्नु भएका सारा महात्माहरूलाई यो मन्त्र गोप्य राख्न भन्नु भएको थियो । सन् १९९७ मा कलियुग ५५०५ वर्ष बिति सकेको छ । अब यो मन्त्र दिइनु पर्छ । यो मन्त्र दिन पनि पूर्ण सन्त चाहिन्छ । यसरी श्री नानक जी पनि बिश्नोई धर्मको आरती सङ्ख्या ८ को प्रथम पङ्तिमा भएको नाम जाप गर्थे, तर अन्य सिखहरूलाई वाहे गुरू-वाहे गुरू जप भन्थे । कारण यही हो की यो मन्त्र कलियुग ५५०५ वर्ष नबितेसम्म गोप्य रूपमा राख्नु थियो । अब यस मन्त्रको जाप घर-घरमा हुने छ, यस दुई अक्षरको मन्त्रलाई सतनाम पनि भनिन्छ ।

यी दुई अक्षरको नाम खेखडा गाउँ, बाघपत जिल्ला, उत्तर प्रदेश प्रान्तका सन्त घिसादास जीलाई जिन्दा रूपमा प्रकट भएर परमात्माले भन्नु भएको थियो । उहाँले आफ्नो वाणीमा भन्नु भएको छ :—

ओहंग सोहंग जपले भाई । राम नाम की यही कमाई ॥

सन्त गरीबदास जी (छुडानी, झज्जर, हरियाणा) लाई पनि परमात्माले जिन्दा महात्माको भेषमा जङ्गलमा भेट्नु भएको थियो । उनलाई पनि यही मन्त्र जाप गर्नका लागि दिनु भएको थियो, जुन कुरा गरीब दास जीको अमृत वाणीमा लेखिएको छ :।

